# आर्थिक पुनर्लाभका लागि न्यूनतम मापदण्डहरु

तेश्रो संस्करण



Humanitarian Standards Partnership

The SEEP Network

# आर्थिक पुनर्लाभका लागि न्यूनतम मापदण्डहरु

## तेश्रो संस्करण

**SEEP संजाल**

seep Powering connections

PRACTICAL ACTION Publishing

**प्रकाशक**

Practical Action Publishing Ltd

Schumacher Centre for Technology and Development

Bourton on Dunsmore, Rugby,

Warwickshire CV23 9QZ, UK

www.practicalactionpublishing.org

© The SEEP Network, 2017

प्राक्टिकल एक्सन प्रकाशनद्वारा दोश्रो संस्करण २०१३

प्राक्टिकल एक्सन प्रकाशनद्वारा तेश्रो संस्करण २०१७

ISBN 978-1-85339-957-2 Paperback

ISBN 978-1-78044-670-7 Library EBook

ISBN 978-1-78044-957-9 EBook

सर्वाधिकार सुरक्षित । यो प्रकाशनको कुनै पनि भाग पुनः मुद्रण वा पुनः उत्पादन वा उपयोग वा कुनै पनि रूप वा कुनै विद्युतीय, यान्त्रिक, वा अन्य माध्यमद्वारा अहिले थाहा भएको वा पछि बनाइएको, फोटोकपी र रेकर्डिङ सहित, वा कुनै सूचना भण्डारण वा पुनः प्राप्ति प्रणालीमा, प्रकाशकहरूको लिखित अनुमति बिना गर्न सकिने छैन ।

यस प्रकाशनका लागि क्याटलगको रेकर्ड ब्रिटिस लाईब्रेरीबाट उपलब्ध गराईएको छ ।

उद्धरण (Citation) : SEEP (2017) *Minimum Economic Recovery Standards, Third Edition*, Washington D.C., the SEEP Network and Rugby, UK, Practical Action Publishing <http://dx.doi.org/10.3362/9781780446707> Sections of this publication may be copied or adapted to meet local needs without permission from the SEEP Network, provided that the parts copied are distributed for free or at cost – not for profit. Please credit Minimum Economic Recovery Standards and the SEEP Network for those sections excerpted. To access this publication online, visit www.mershandbook.org

यो अध्ययन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, (युएसएआईडी) मार्फत अमेरिकी जनताको उदार सहयोगबाट सम्भव भएको हो। प्रस्तुत गरिएका सम्पूर्ण विषयवस्तुहरुको उत्तरदायित्व साना उद्यम सम्बन्धी शिक्षा तथा तिनको प्रवर्द्धन सम्बन्धी संजाल (Small Enterprises Education and Promotion–SEEP) को हो र यसले युएसएआईडी वा अमेरिकी सरकारको विचारलाई आवश्यक रुपमा प्रतिबिम्बित गर्दैन । यो पहल AED FIELD-सहयोग संयन्त्रको भागको रूपमा गरिएको हो । अधिक जानकारीको लागि कृपया www.microlinks.org/field मा जानु होला ।

सन् १९७४ देखि प्राक्टिकल एक्सन प्रकाशनले अन्तर्राष्ट्रिय विकास कार्यको सहयोगमा विश्वभर सूचना, पुस्तकहरू प्रकाशित र प्रसारित गर्दै आएको छ । प्राक्टिकल एक्सन पब्लिसिङ (बेलायतको कम्पनी दर्ता नम्बर ११५९०१८) प्राक्टिकल एक्सनको सम्पूर्ण रूपमा स्वामित्व भएको प्रकाशक कम्पनी हो र यसको मातृ सङ्गठनका दान-दातव्य सम्बन्धी उद्देश्यहरूमा सहयोग पुऱ्याउनका लागि मात्र यसले व्यापारिक कारोबार गर्दछ ।

(Charity Reg. No. 247257, Group VAT Registration No. 880 9924 76).

अनुवाद/प्रकाशन सहयोगः युएसएड,नेपाल

प्रकाशकः प्रकोप पूर्वतयारी सञ्जाल- नेपाल

ईमेलःdpnet@dpnet.org.npस वेबसाईटःwww.dpnet.org.np

नेपाली अनुवादः राम कुमार गुरुङ्ग

सम्पादनः डा.मीन बहादुर पौडेल क्षेत्री

# विषय सूची

**मापदण्डहरुको प्रयोग**

**मापदण्डहरु भित्रको एक झलक**

**१. मुलभुत मापदण्डहरु**

**२. लेखाजोखा र विश्लेषणका मापदण्डहरु**

**३. उद्यम र बजार प्रणाली विकासका मापदण्डहरु**

**४. पूंजी वितरणका मापदण्डहरु**

**५. वित्तीय सेवाका मापदण्डहरु**

**६. रोजगारीका मापदण्डहरु**

अनुसूची: बजार सम्बन्धित औजारहरु र लेखाजोखाहरुको ढांचा

शब्दावली

मापदण्डहरुको विकासमा सम्मिलित कार्यदल

# मापदण्डहरुको प्रयोग

यो मानवीय सन्दर्भमा आर्थिक कार्यक्रमहरु कार्यान्वयनका लागि 'कसरी गर्ने' भन्ने स्रोत होइन । पाठकलाई राम्रा कार्यक्रमहरु कस्ता देखिन्छन भन्ने बारेमा मार्गदर्शन प्रदान गर्नु र तपाईले आफ्नो क्रियाकलापहरुको योजना बनाउँदा ध्यान दिनु पर्ने कुराहरु बताउनु यसको उद्देश्य हो ।

तपाईंले यो श्रोतको प्रत्येक खण्डलाई छुट्टाछुट्टै वा क्रमानुसार पनि पढ्न सक्नु हुनेछ । प्रत्येक खण्डहरूमा अन्य अध्याय वा खण्डका लागि सान्दर्भिक हुन सक्ने छड्के-सन्दर्भहरू (Cross-references) पनि समावेश छन्, किनभने धेरै मापदण्डहरू वा क्रियाकलापहरु एक आपसमा जोडिएका छन् । तपाईंको मार्गदर्शनको निमित्त पृष्ठ १ मा भएको चित्र प्रयोग गर्नुहोस् ।

यो पुस्तक संकट पश्चात तुरुन्तै कार्यक्रमहरु कार्यान्वयन गरिरहेका स्थलगत अभ्यासकर्ताहरू र मानवतावादीहरु को लागि सबैभन्दा उपयोगी हुनेछ । दाता, सरकार, निजी क्षेत्रका क्रियाशील निकायहरू, प्रस्तावना लेखक, र कार्यरत कर्मचारीहरूले पनि परियोजना क्रियाकलापहरूको तर्जुमा वा पुनरावलोकन गर्दा यसलाई उपयोगी सन्दर्भ बिन्दु को रुपमा पाउन सक्नेछन् ।

विश्वव्यापी मापदण्डहरु र भनिएको समयमा यसलाई लागू गर्न सक्ने क्षमता बीच सधैं तनाव हुन्छ । प्रत्येक विषयवस्तु फरक हुन्छ, र स्थानीय अवस्थाले गर्दा यी मापदण्डहरु पुरा गर्न असम्भव हुन सक्छ । यो पुस्तकले पाठकलाई अन्तिम परिणामहरु प्राप्त गर्न त्यस तर्फ कार्य गरि रहनु पर्छ भन्ने बारे जानकारी प्रदान गर्दछ ।

# मापदण्डहरु भित्रको एक झलक

## मूलभूत मापदण्डहरु:

**मापदण्ड १ -** मानवीय कार्यक्रमहरु बजार प्रति सचेत छन् ।

**मापदण्ड २ -** प्रभावकारितालाई सुधार गर्न प्रयासहरुलाई संयोजन गरिएको छ ।

**मापदण्ड ३ -** कर्मचारीसंग उपयुक्त योग्यता छ ।

**मापदण्ड ४ -** हानि नगर्नुहोस ।

**मापदण्ड ५** - लक्षित जनसंख्याहरुका लागी कार्यर्कम तथा रणनीतिहरु पूर्णतः स्पष्ट छन् ।

### लेखाजोखा र विश्लेषणका मापदण्डहरु

**मापदण्ड १ -** लेखाजोखाको लागि पूर्वतयारी गर्नुहोस ।

**मापदण्ड २ -** लेखाजोखाको कार्यक्षेत्रको निर्धारण, तथ्यांकहरुलाई कसरि प्रयोग गरिन्छ भन्ने कुरा गरिन्छ ।

**मापदण्ड ३ -** स्थलगतकार्यका प्रक्रियाहरु समावेशी, नैतिक र उद्देश्यपूर्ण छन् ।

**मापदण्ड ४ -** विश्लेषण उपयोगी र उपयुक्त छ ।

**मापदण्ड ५ -** नतिजाहरुको तत्काल प्रयोग ।

**मापदण्ड ६ -**मूल्यांकन र अनुगमनको उपस्थिति कार्यक्रम चक्र भरी रहन्छ ।

### उद्यम र बजार प्रणाली विकासका मापदण्डहरु

**मापदण्ड १ -** बजार प्रणालीका कर्मचारीलाई संकट पश्चात तत्काल पठाउनुहोस ।

**मापदण्ड २-** बजार प्रणाली विश्लेषणलाई चाडै कार्यन्वयन गर्नुहोस र आएको नतिजालाई बारम्बार अनुकुलित गर्नुहोस।

**मापदण्ड ३ -** जोखिम बारे अनुकुलित र सचेत हुनुहोस ।

**मापदण्ड ४-** विद्यमान बजारका क्रियाशील निकायहरुसंग कार्य गर्नुहोस र त्यसको लागि सहजीकरण पद्धति अपनाउनु होस् ।

**मापदण्ड ५ -** उद्यमशीलता र बजार प्रणालीहरुको विकास र सम्भावनालाई सहयोग गर्नुहोस ।

**सम्पत्ति वितरण सम्बन्धी मापदण्डहरुः**

**मापदण्ड १ -** सम्पत्तिसंग सम्बंधित कार्यक्रमले पहिचान गरिएका आवश्यकताहरुलाई संबोधन गर्दछ ।

**मापदण्ड २ -** सम्पत्तिसंग सम्बंधित कार्यक्रमले स्थानीय बजारहरुलाई कमजोर नपारी पुनर्लाभलाई प्रोत्साहन गर्दछ ।

**मापदण्ड ३ -** उत्पादनशील सम्पत्तिहरूलाई संरक्षित गरिन्छ ।

**मापदण्ड ४ -** सम्पत्ति प्रतिस्थापन निष्पक्ष र पारदर्शी हुन्छ ।

**मापदण्ड ५ -** सम्पत्तिहरु विस्तार हुन्छन र जीविकोपर्जनलाई विविधिकरण गर्छन ।

**वित्तीय सेवा सम्बन्धी  मापदण्डहरुः**

**मापदण्ड १ -** वित्तिय सेवाहरुको मागलाई बुझिएको छ ।

**मापदण्ड २ -** वित्तीय सेवाहरुको लागि स्थानीय आपूर्तिलाई सहयोग गर्नुहोस ।

**मापदण्ड ३ -** नगद हस्तान्तरणको लागि विद्यमान औपचारिक वित्तीय सेवा प्रदायकको प्रयोग गर्नुहोस ।

**मापदण्ड ४ -** स्थानीय नियमहरु, मान्यताहरुलाई बुझ्नुहोस् र कार्य संचालनलाई सहयोग गर्नुहोस ।

**मापदण्ड ५ -** उपभोक्ता  संरक्षण नियमावलीहरुलाई पालना गर्नुहोस ।

**रोजगारी सम्बन्धी मापदण्डहरु**

**मापदण्ड १ -** मर्यादित रोजगारीलाई प्रर्वद्धन गरिन्छ ।

**मापदण्ड २ -** कार्यक्रमहरु श्रम बजारमा आधारित हुन्छन् ।

**मापदण्ड ३ -** रोजगारीको दिगोपनालाई सहयोग गरिन्छ ।

# आर्थिक पुनर्लाभका लागि न्युनतम मापदण्डहरु (MERS)को प्रयोग कसले गर्नु पर्छ ?

आर्थिक पुनर्लाभका लागि न्यूनतम मापदण्डहरु (MERS) मानवीय प्रसङ्गमा आर्थिक वा जीविकोपार्जनको योजना वा कार्यक्रमहरु कार्यान्वयन गर्ने जो कोहीले प्रयोग गर्नु पर्छ । यो दस्तावेज ठूलो मात्रामा निर्दिष्ट क्षेत्रको लागि वस्तुहरु ( जस्तै गैर-खाद्य वस्तु वितरण) उपलब्ध गराउने र/वा खरिद गर्ने क्रियाशील कर्मचारीहरुका लागि बजार माथि नकारात्मक प्रभाव पार्नबाट कसरी बच्ने भन्ने कुरा बुझ्न उपयोगी हुनेछ । यसलाई दाता, सरकार, निजी क्षेत्रका क्रियाशील निकायहरू, प्रस्तावना लेखकहरू, र मूल्याङ्कन गर्ने कर्मचारीले परियोजना क्रियाकलापहरूको समीक्षा गर्न वा तर्जुमा गर्नका लागि उपयोगी स्रोतको रुपमा पाउने छन् ।

## यी मापदण्डहरु कहिले लागु गर्ने ?

यी मापदण्डहरु जति सक्दो धेरै प्रयोग गर्नु पर्छ । यी मापदण्डहरु संकट पूर्वको अवस्थामा, प्रतिकार्यको सबैभन्दा पहिलेका दिनहरु देखि पुनर्लाभ हुदै दिर्घकालिन विकासको शुरुवात सम्म प्रयोग गर्नलाई तर्जुमा गरिएका छन् । यी मापदण्डहरु तपाईंले जुन सुकै बेलामा बजारसँग अन्तरक्रिया गर्नु हुँदा सहयोगी हुन्छन् चाहे प्रतिकार्य बजार तटस्थ, बजार-सचेतना प्रति लक्षित होस् वा बजार-एकीकृत । यी मापदण्डहरु कुनै पनि बजार र आर्थिक वा जीविकोपार्जनका प्रतिफलहरु क्रियाकलापहरूको मुख्य केन्द्र नभएको कार्यक्रमहरुका लागि प्रयोग गर्न सकिन्छ ।

## अन्तर-विषयक सवालहरु र विशिष्ट लक्षित समुहहरु

आर्थिक पुनर्लाभका लागि न्यूनतम मापदण्डहरु (MERS)लाई संशोधन गरिंदा मापदण्डहरूको लागि सान्दर्भिक भएका मुद्दाहरुलाई समाधानका लागि ध्यान दिइएको छ । अन्तरविषयक सवालहरु निम्नानुसार छन,

१) लिङ्ग,

२) अपाङ्गता,

३) पुर्वतयारी,

४) उत्थानशिलता

५) संरक्षण, र

६) वातावरण

तिनीहरुलाई समानान्तर रूपमा संबोधन गर्नु भन्दा प्रत्येक अध्यायको सम्बन्धित खण्डहरुमा समावेश गरिएको छ । यो पुस्तकले व्यापकरूपमा सबै अन्तर्विषयक सवालहरुलाई सम्बोधन गर्न सक्दैन तर यसले तिनीहरूको महत्वलाई पहिचान गर्दछ र अन्य साझेदार मापदण्डहरूका साथै धेरै जानकारी उपलब्ध भएको स्रोतहरूसंग सम्बन्ध स्थापित गर्दछ ।

आर्थिक कार्यक्रमहरुसंग कम परिचित व्यक्तिहरूको लागि एउटा टिपोट गर्नु पर्ने बुँदा लक्षित गरिंदा सामान्यतयाः 'संकटासन्न' नमानिने सम्भावित लाभग्राहीहरुलाई ध्यान दिनु महत्वपूर्ण हुन्छ । तिनीहरू संकटासन्न नहुने भएकोले तिनीहरू प्राय आफ्नो परिवारको लागि एक मात्र प्रदायकहरु हुन्छन वा अरूलाई काममा लगाउन सक्छन जो संकटासन्न छन् । तिनीहरू विद्यमान सामुदायिक संरचनाहरूलाई प्रयोग गर्दै धेरै आवश्यकतामा भएकाहरुसम्म पुग्दै समाधानको माध्यम हुन सक्छन् ।

## आर्थिक पुनर्लाभका लागि न्यूनतम मापदण्डहरु (MERS) लाई कसरी पढ्नेः मापदण्डहरु, सूचकहरु, मुख्य क्रियाकलापहरु र मार्गदर्शनका लागि टिपोटहरु बिचको भिन्नता

प्रत्येक अध्यायले प्रत्येक मापदण्डको लागि मुख्य सूचकहरु र मार्गदर्शनका लागि टिपोटहरुका साथमा मापदण्डहरूको एउटा संग्रहलाई प्रस्तुत गर्दछ ।

प्रस्तुत मापदण्डहरू गुणात्मक प्रकृतिका छन् । तिनीहरु सर्वव्यापी र कुनै पनि वातावरणमा लागू गर्नका निमित्त हुन्छन् । तिनीहरू क्रियाकलापहरुको संग्रहको गुणस्तरलाई जाँच गर्न सक्ने निर्दिष्ट चिन्ह हुन् । मुख्य क्रियाकलापहरू भनेको न्यूनतम मापदण्डहरु पूरा गर्नका लागि अभ्यासकर्ताहरूले गर्ने कार्यहरू हुन् । याद राख्नुहोस्, एउटा मुख्य क्रियाकलापलाई सम्पन्न गरियो भन्दैमा मापदण्डहरु स्वतः पुरा भयो भन्न मिल्दैन । मुख्य सूचकहरु 'संकेत' हुन् जसले एउटा न्यूनतम मापदण्ड पूरा भएको छ या छैन भनेर इंगित गर्दछ । तिनीहरूले मुख्य क्रियाकलापहरुको नतिजाहरुलाई मापन, सञ्चार प्रक्रिया गर्ने तरिका उपलब्ध गराउदछन जुन परिमाणात्मक वा गुणात्मक हुन सक्दछ । मार्गदर्शनका लागि टिपोटहरुले विभिन्न परिस्थितिहरूमा न्यूनतम मापदण्डहरु, मुख्य क्रियाकलापहरु, र मुख्य सूचकहरु लागू गर्दा ध्यान पर्ने निर्दिष्ट बूँदाहरू उपलब्ध गराउँदछ । तिनीहरूले व्यावहारिक कठिनाइहरूको सामना कसरी गर्ने भन्ने सन्दर्भमा निर्देशन वा प्राथमिकतामा परेका विषयहरूमा सल्लाह दिन्छन् ।

## आर्थिक पुनर्लाभका लागि न्यूनतम मापदण्डहरु (MERS), स्फियर, मानवीय मापदण्ड साझेदारीको संक्षिप्त इतिहास

स्फियर भनेको के हो? स्फियर परियोजना र यसको हातेपुस्तकहरु मानवीय प्रतिकार्यको क्षेत्रमा गुणस्तर र जवाफदेहितालाई प्रोत्साहन गर्नका लागि सुपरिचित छन् । यसलाई सन् १९९७ मा मानवीय गैरसरकारी सङ्गठनहरूको समूह (एनजीओहरू) र अन्तर्राष्ट्रिय रेडक्रस र रेड क्रिसेन्ट मुभमेन्टद्वारा विपद् प्रतिकार्यको दौरानमा तिनीहरूको कार्यको गुणस्तर र उक्त कार्य प्रति उनीहरुको जवाफदेहीतालाई सुधार गर्ने लक्ष्यका साथ सुरु गरिएको थियो । स्फियरको दर्शन दुई मुलभुत विश्वासहरूः पहिलो, विपद वा द्वन्द्वबाट प्रभावित व्यक्तिहरूलाई मर्यादित जीवनको अधिकार छ र, त्यसैले सहायता पाउनु पर्ने अधिकार पनि छ; र दोस्रो, विपद् वा द्वन्दबाट उत्पन्न मानवीय पीडा कम गर्न सबै सम्भावित कदमहरू चालिनु पर्छ भन्ने कुरामा आधारित छ । यी दुई मुलभूत विश्वासलाई सहायता गर्ने

प्रयास गर्दै, स्फियर परियोजनाले एउटा मानवीय बडापत्रको विकास गऱ्यो र प्रमुख जीवन रक्षाको क्षेत्रहरूमा न्यूनतम मापदण्डहरुको संग्रहको पहिचान गरियो जुन अहिले उक्त हातेपुस्तिकामा प्रतिविम्बित भएको छ ।

सन् २००७ मा अभ्यासकर्ताहरूको समूह, साना उद्यमसंग सम्बन्धि शिक्षा र तिनको प्रवर्द्धन सम्बन्धी संजाल (SEEP) का सदस्यहरूको सञ्जालले स्फियरको मार्गदर्शनलाई मानवीय सन्दर्भमा भइरहेका आर्थिक कार्यक्रमहरुमा विस्तार गर्नु पर्ने आवश्यकतालाई पहिचान गऱ्यो । प्रायः सुअवसरहरू गुम्थे वा कार्यक्रमहरू खराब तरिकाले कार्यान्वयन हुन्थे भन्ने कुराहरुलाई ध्यानमा राख्दै, यो समूहले प्रादुर्भाव भैरहेको असल अभ्यास र एकरूपताका लागि दिर्घकालिन सोचको रूपरेखा र प्राविधिक रूपमा राम्रो कार्यक्रमहरु पत्ता लगाउन खोजे । युएसएआइडीको सहयोगमा अमेरिकी विदेश विपद् सहायता कार्यालयको सहयोगबाट अभ्यासकर्ताहरूले सुधारिएको कार्यक्रमको लागी साझा दिर्घकालिन सोच निर्माण गर्ने सहकार्यात्मक स्थानबाट न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरुलाई सिर्जना गरियो ।

न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS) ले दुई वटा प्रमुख सहकार्यात्मक संशोधनहरुको काम गरेको छ । बितेको १० वर्षमा सयौं अभ्यासकर्ताहरू र विचारक अगुवाहरुको कामको प्रतिनिधित्व गर्दै निकालिएको यो तेस्रो संस्करण हो ।

स्फियरले हाल न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS) का अतिरिक्त थप चार साझेदार मापदण्डहरूको पहिचान गरेको छः

१. शिक्षाको लागि न्यूनतम मापदण्डहरु : पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभः आपतकालीन परिस्थितिमा शिक्षाका लागी अन्तरनिकाय संजाल;
२. पशुधनका बारेमा आपतकालीन परिस्थिति सम्बन्धी निर्देशिका तथा मापदण्डहरु;
३. मानवीय क्रियाकलापमा बाल संरक्षणका लागि न्यूनतम मापदण्डहरु र
४. बजार विश्लेषणका लागी न्यूनतम मापदण्ड

२०१५ मा सुरु भएको मानवीय मापदण्डहरुका लागि साझेदारी (Humanitarian Standards Partnership) स्फियरको सहचारिता नमूनाबाट हुर्कियो र यसले प्राविधिक मापदण्डहरु बीच पूरकता र तालमेललाई प्रवर्द्धन गर्दछ । मानवीय मापदण्डहरुका लागि साझेदारी (HSP) ले मानवीय कार्यको किन, कसरी, र के भन्ने कुरालाई एकै ठाउँमा ल्याउँछ र निम्न कुराहरुलाई समेटछः

मानवीय बडापत्रले मानवीय प्रतिकार्यलाई नैतिक र कानूनी पृष्ठभूमि प्रदान गर्छ; संरक्षण सिद्धान्तहरू, जसले मानिसहरूलाई हिंसाबाट कसरी जोगाउने, हानि पुऱ्याउनबाट कसरी जोगिने, निष्पक्ष सहायतामा पहूँच सुनिश्चित गर्ने, र दुर्व्यवहारबाट र पुनर्लाभ प्राप्तिमा सहयोग गर्ने; मूलभूत मानवीय मापदण्डले जवाफदेहीता, प्रभावकारीता र उच्च गुणस्तरको मानवीय कार्यको आवश्यक तत्वहरूको बारेमा वर्णन गर्दछ; र न्यूनतम मापदण्डहरूले आवास तथा वस्ती, खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धन; खाद्य सुरक्षा र पोषण; स्वास्थ्य; शिक्षा; बाल संरक्षण; पशुधन; र आर्थिक पुनर्लाभ र बजार विश्लेषणमा सहायताका लागि सर्वव्यापी निर्दिष्ट चिन्हहरु प्रदान गर्दछ ।

मापदण्डहरुका लागि साझेदारीले यसरी न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS) लाई पुरकता प्रदान गर्दछः

- **न्युनतम मापदण्डहरुले जीविकोपार्जनसँग सम्बन्धित शिक्षा र रोजगारी INEE** - लघु वित्तिय विकास, वित्तीय साक्षरता, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम - युवा पुरुष तथा स्त्रीहरू, विशेष गरी औपचारिक अध्ययन पूरा नगर्ने संकटासन्न समूहहरूलाई प्रदान गरिएको छ भन्ने कुराको सुनिश्चिताको महत्वलाई जोड दिन्छ । सिकेका व्यावसायिक सीपहरू उपयोगी र कार्यक्रमहरू भविष्यमा रोजगारीका लागि सान्दर्भिक छन कि छैनन् भनी निश्चित गर्न तिनीहरूले आर्थिक र प्रारम्भिक पुनर्लाभ क्षेत्रहरूसँग श्रम बजारहरु र सहकार्यको विश्लेषण गर्न प्रोत्साहन गर्छन ।
- **आपतकालीन परिस्थिति सम्बन्धी निर्देशिका तथा मापदण्डहरु**ले महत्वपूर्ण उत्पादनशील सम्पत्तिसँग सम्बन्धित निर्दिष्ट चिन्हहरू (पशुधन - धेरै समुदायहरू उनीहरूको सामाजिक र आर्थिक हितका लागि पशुधन माथी भर पर्दछन) उपलब्ध गराएर न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS) को प्रसङ्गलाई गहन बनाउँदछ । जलवायु परिवर्तनसँगै विविध प्रकारका विपद् बारम्बार आइरहेको अवस्थामा (LEGS) ले संवेदनशील सुक्खा र अर्ध सुक्खा वातावरणका संकटासन्न पशुधन माथी निर्भर समुदायहरूसंग काम गर्नका लागि पनि मार्गदर्शन प्रदान गर्दछ ।
- **मानवीय क्रियाकलापमा बाल संरक्षणका लागि न्यूनतम मापदण्डहरु (CPMS)** ले बालश्रमसँग सम्बन्धित विषयहरूमा मार्गदर्शन, कसरी बालसंरक्षण र आर्थिक पुनर्लाभको क्षेत्रहरू पूरा हुन्छन भन्ने कूरा लगायत मानवीय परिस्थितिमा बाल संरक्षण सम्बन्धी कार्य र सशस्त्र फौज वा समूहहरुबाट बाल बालिकाको रिहाइ र पुनर्मिलनका लागि सहमति गरिएको मान्यताहरुको संग्रहलाई पूरकता प्रदान गर्दछ ।
- **नगद सम्बन्धी सिकाईका लागि साझेदारी (Cash Learning Partnership - CaLP)** द्वारा विकास गरिएको *"बजारको विश्लेषणको लागि न्यूनतम मापदण्ड (MiSMA)"* ले विशेष गरी न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS) सँग कतिपय विषयहरुमा सहमति राख्दछ किनभने यी दुवै बजार विश्लेषणले प्रतिकार्यको गुणस्तर बढाउनु पर्छ र सम्भावित हानिलाई सीमित गर्नु पर्छ भन्ने सिद्धान्त माथि निर्माण गरिएका छन् । दुवै मापदण्डहरुको संग्रहको मुख्य सामाग्रीलाई प्रमुख भिन्नताहरु संग मेल खाने गरि राखिएको छ, बजार विश्लेषणको लागि न्युनतम मापदण्ड (MiSMA), मानवीय अभ्यासकर्ताहरुद्वारा आपात्कालिन अवस्थाको क्षेत्र भरि प्रयोग गर्नमा लक्षित छ जबकि MERS आर्थिक पुनःप्राप्ति क्रियाकलापहरू कार्यान्वयनको बारेमा बढि विस्तृत रुपमा जान्छ र यसले घरधुरीको अर्थव्यवस्था, बजार विश्लेषणमा भएको व्यापक आर्थिक अवरोधहरुलाई समावेश गर्दछ तथापि, यी दुवैलाई सबै चरणहरूमा संगसंगै प्रयोग गर्न भने सकिन्छ ।
- **न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS)** को तेस्रो संस्करणको संशोधन ९० भन्दा बढी संगठनहरू समावेश भएको बर्षौं लामो गहन सहकार्यात्मक प्रक्रिया थियो । दुईवटा लेखनशालाका कार्यक्रमहरु र जेनेभा, डकार, पनामा सिटी, नयाँ दिल्ली, बेरुत र लन्डनमा १७५ जनाभन्दा बढीको सहभागितामा मस्यौदा तयारी र पुनरावलोकन गर्ने प्रक्रियाका लागि परामर्शहरु भएका थिए । एउटा सञ्चालक समितिले बहुसरोकारवालाहरुको

दृष्टिकोणहरुलाई समावेश गरिएको र अन्तिम दस्तावेज व्यापक, तर पहुँच योग्य हुने सुनिश्चित गर्दै देखरेख र मार्गदर्शन प्रदान गरेको थियो ।

यो दस्तावेज र अन्य अरु श्रोतहरु तथा प्रकाशनहरुलाई अनलाइनमार्फत प्राप्त गर्न www.mershandbook.org मा जानुहोस ।

## मुलभूत मापदण्डहरु:

मापदण्ड १ - मानवीय कार्यक्रमहरु बजार प्रति सचेत छन् ।

मापदण्ड २ - प्रभावकारितालाई सुधार गर्न प्रयासहरुलाई संयोजन गरिएको छ ।

मापदण्ड ३ - कर्मचारीसंग उपयुक्त योग्यताहरु छ ।

मापदण्ड ४ - हानि नगर्नुहोस ।

मापदण्ड ५ - लक्षित जनसंख्याहरुका लागि कायर्क्रमका रणनीतिहरु पूर्णतः स्पष्ट छन् ।

# १.मुलभूत मापदण्डहरुः

मानिसहरू कसरी बाँच्दछन् भन्ने सन्दर्भमा बजारहरुले महत्वपूर्ण भूमिका खेल्छ । त्यसैले संकटको बेला तिनीहरूले कसरी काम गर्छन् र मानवीय प्रतिकार्यहरुको लागि तिनीहरूसंग काम गर्नलाई सबैभन्दा राम्रो तरिका बारे बुझ्नु महत्वपूर्ण हुन्छ । बजार एउटा भौतिक र/वा काल्पनिक स्थान हो जहाँ मानिस र व्यापार व्यबसायीहरु वस्तु र सेवाहरू खरीद र बिक्री गर्ने गर्छन; र प्रतिकार्यका प्रयासहरु देशको अर्थतन्त्रका साथै यसको भौगोलिक क्षेत्र भित्र पनि हुन्छन । कसरी बजार प्रणालीहरुले क्रियाशील निकायहरु, शासन प्रणाली र शक्तिको गतिशीलताहरू, व्यक्तिहरु, घरपरिवारहरू र सबै आकारका व्यवसायहरु एकसाथ जम्मा हुने औपचारिक र अनौपचारिक स्थानहरुलाई एकसाथ जोडेको छ भन्ने बजारको वास्तविकता प्रति कार्यक्रमहरु सजग हुनु आवश्यक हुन्छ ।

संकटले बजारलाई पक्कै पनि असर गर्छ, तर सधैं पूर्वानुमानित तरिकाले होइन । संकटले बजारभित्र हुने विशिष्ट क्रियाकलापहरु र सम्बन्धहरुमा बाधा पुर्याउन सक्छ वा बजारलाई पूर्णतया असफल पार्न सक्छ जसको फलस्वरुप, व्यक्ति विशेषहरु, घरपरिवारहरू र व्यापारीहरु कदम उठाउन बाध्य हुन सक्छन् जसले तिनीहरूको वर्तमान हित र सम्भावित भविष्यलाई कमजोर पार्न सक्छ । यसमा घरपरिवारहरुले खाना खान कम गर्ने, उपचार र अन्य आवश्यक कुराहरूमा खर्च कम गर्ने, बाल बालिकाहरुलाई विद्यालयबाट झिक्ने र उत्पादनमूलक सम्पत्ति, जस्तै पशुधन, बिक्री गर्ने पनि हुन सक्छ । व्यवसायीहरुले मर्मत सम्भार र लगानी गर्नमा ढिलाई गर्ने, उपकरणहरू बेच्ने र कामदारहरूलाई कामबाट निकाल्न बाध्य हुन सक्छन् । कतिपय बजारहरु संकटका बेलामा र संकट पश्चात बढछन् भने केहि यो परिस्थितिमा समृद्ध हुन्छ भन्ने पनि सम्झनु महत्वपूर्ण हुन्छ ।

न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS) स्फियर हातेपुस्तिकको साझेदार हो र यसले मानवीय मापदण्डहरुका लागि गुणस्तर र जवाफदेहिताको समान आधारशिलाहरुलाई साझा गर्दछ । विशेष गरी, न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS) को मुलभूत मापदण्डहरुलाई मानवीय मापदण्डहरू (CHS) सँग मिलाईएका छन् र यसले मुलभूत मापदण्डहरुलाई मानवीय मापदण्डहरूलाई अनुकरण (Emulate) गर्दछ र यसलाई विशेष गरी आर्थिक पुनर्लाभमा काम गर्नेहरुका लागी अनुकूलित गरिएको छ ।

न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS) र मुलभूत मापदण्डहरुलाई मानवीय मापदण्डहरू (CHS) लाई जोड्नुको लक्ष्य भनेको प्रभावित जनसंख्याहरु प्रति अझ बलियो जवाफदेहितालाई स्थापित गर्नु हो । कार्यक्रमहरूले आर्थिक पुनर्लाभका क्रियाकलापहरूको सबैभन्दा आधारभूत जिम्मेवारी पूरा भएको निश्चित गर्न न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS) को मुलभूत मापदण्डहरुले मद्दत गर्दछ, र त्यो कार्यक्रमहरुले मानिसहरूलाई आय (ज्याला रोजगार वा स्वरोजगार मार्फत) आर्जन गर्ने अवसरहरू र तिनीहरूको जीवन, आफ्नै शर्तअनुसार, मर्यादित ढङ्गले पुनर्निर्माणका लागि सहयोग गर्दछ ।



मूलभूत मानवीय मापदण्ड
मूलभूत मानवीय मापदण्ड
मूलभूत मानवीय मापदण्ड
मूलभूत मानवीय मापदण्ड
निष्पक्षता
मानवता
स्वतन्त्रता
तटस्थता
सङ्कटबाट प्रभावित समुदाय तथा मानिसहरू
१ मानवीय प्रतिकार्य उपयुक्त तथा सान्दर्भिक छ ।
२ मानवीय प्रतिकार्य प्रभावकारी छ र समयमा नै गरिएको छ ।
३ मानवीय प्रतिकार्यले स्थानीय क्षमतालाई सुदृढ पार्दछ र नकारात्मक असरहरूलाई हटाउँछ ।
४ मानवीय प्रतिकार्य सञ्चार, सहभागिता र पृष्ठपोषणमा आधारित छ ।
५ गुनासाहरूलाई स्वागत तथा सम्बोधन गरिन्छ ।
६ मानवीय प्रतिकार्यमा समन्वय गरिएको छ र यो एक-अर्काका लागि पूरक छ ।
७ मानवीय क्रियाशील निकायहरूले निरन्तर रूपमा सिक्दछन् र सुधार गर्दछन् ।
८ कर्मचारीहरूलाई आफ्नो काम प्रभावकारी ढङ्गले गर्न सहयोग गरिन्छ र तिनप्रति निष्पक्ष र न्यायोचित व्यवहार गरिन्छ ।
९ स्रोतहरूको व्यवस्थापन तथा प्रयोग अपेक्षित प्रयोजनका लागि जिम्मेवारीपूर्वक गरिन्छ ।

# मुलभूत मापदण्ड १
# मानवीय कार्यक्रमहरु बजार प्रति सचेत छन् ।

कार्यक्रम तर्जुमा र कार्यान्वयनका निर्णयहरुले परिस्थिती, बजार प्रणालीका गतिशीलता, र समुदायलाई ध्यान दिन्छन् । बजार प्रणालीहरुको कार्यक्रम लक्षित समूहहरुको आवश्यकताहरुसँग शुरु हुन्छ ।

## मुख्य क्रियाकलापहरु

- कार्यक्रम कर्मचारीका अतिरिक्त खरिद, बन्दोवस्ती र अन्य कार्यगत टोलीहरुसंग कुराकानी गरेर कार्यक्रमले कुन बजारसँग अन्तरक्रिया गर्न सक्छ भनेर बुझ्नुहोस् ।
- बजार लेखाजोखा वा विश्लेषण भएको छ कि छैन भनेर निर्धारण गर्नुहोस् । यदि छैन भने, जनसंख्याको आवश्यकताहरु र क्रियाकलापहरूको दिगोपनाको आधारमा कार्यक्रमहरुको विकास गर्न एउटा बजार लेखाजोखा वा विश्लेषण सञ्चालन गर्नुहोस् । एउटा लागत-लाभ विश्लेषण र/वा सम्भावना अध्ययन मार्फत आर्थिक सक्षमताको अवधारणालाई समावेश गर्नुहोस् (यो पनि हेर्नुहोस्: *मूल्याङ्कन र विश्लेषण मापदण्डहरु* )।
- तपाईंको कार्यक्रम क्रियाकलापहरू माथी निर्णय गर्न विश्लेषणहरूको प्रयोग गर्नुहोस् । बजारसंग सम्बन्धित कार्यक्रमको सहि स्तर र समुदाय लगायत विभिन्न सरोकारवालारूको दृष्टिकोणहरुलाई ध्यान दिनुहोस । यसो नगर्नु भन्ने कुनै बाध्यकारी कारण नभए सम्म विद्यमान बजार संयन्त्रहरुको उपयोग गर्नुहोस् ।
- साझेदारीमा काम गर्न उपयुक्त सार्वजनिक र निजीक्षेत्रका सरोकारवालाहरुसंग परामर्श गर्नुहोस ।
- कार्यक्रमको प्रभाव र बजारको बारेमा सूचना सङ्कलन तथा विश्लेषण गर्न अनुगमन प्रणाली स्थापना गर्नुहोस् । यो सूचनालाई (सामाजिक प्रभाव सहित) भैरहेको सुधारका लागि परियोजनाको सिकाइमा प्रविष्ट गर्नुहोस् ।
- कर्मचारी, साझेदार, र सामुदायका सदस्यहरूसंग आर्थिक गतिविधिको उद्देश्यबारे कुराकानी गर्नुहोस्, र तिनीहरूले कसलाई सेवा दिन सक्छन् भन्ने बारेमा स्पष्ट हुनुहोस् ।
- कार्यक्रमको चक्रभरी लक्षित जनसंख्यालाई संलग्न गर्नुहोस् ।

## मुख्य सूचकहरु

- आर्थिक रूपमा सक्षम क्रियाकलापहरूमा लगानी गर्ने कार्यक्रमहरूले स्थिर वा बढ्दो बजारहरुलाई लक्षित गर्नुपर्छ ।
- कार्यक्रमले बजारहरुलाई नकारात्मक रूपमा विकृत गर्दैन ।
- कसरी कार्यक्रमहरुले मानिसहरूको आवश्यकता र सहयोग गर्ने क्षमतालाई पूरा गर्छन भन्ने कुराका लागि कार्यक्रमहरु स्पष्ट तर्क सहित उपयुक्त र सान्दर्भिक हुनु पर्छ ।

- परिवर्तनहरू (जस्तैः बजार मूल्य, बजारका क्रियाशील निकायहरुलाई हुने जोखिम)को निरन्तर र नियमित अनुगमन गर्नलाई कार्यक्रमसंग अनुगमन प्रणाली स्थापित छ । बदलिँदो बजार र सामाजिक अवस्थाहरुको आधारमा कार्यक्रमहरु नियमित रुपमा समायोजन गरिन्छ ।

## मार्गदर्शनका लागी टिपोटहरु

## १.बजार प्रणालीहरु (Market Systems)

आर्थिक पुनर्लाभले लगानी गर्ने आपूर्तिकर्ता देखि उत्पादक, कारोबारको अन्त्य हुने अन्तिम बजार, र नीति निर्माताहरू सम्म बजार भरि धेरै स्थानहरुमा काम गर्ने कार्यक्रमहरुलाई ध्यान दिनुपर्छ । एउटा मात्र स्तरमा काम गर्ने कार्यक्रमहरूले सामाजिक परिणामसंगै बजारको विकृतिहरु सिर्जना गर्ने र जोखिम नभएका अवसरहरु बिचको अन्तरसम्बन्धहरूलाई चिन्दैन । अत्याधिक प्रभावको लागि कार्यक्रमहरुलाई विस्तृत दायरा भएको क्रियाकलापहरूको आवश्यकता पर्न सक्छ ।

### उदाहरण

उत्तरी युगाण्डामा आन्तरिक विस्थापित व्यक्तिहरुका लागि स्थापित शिविरका बासिन्दाहरुसंग कपास उत्पादनमा पुर्व-अनुभव छ, तर अब फेरि कपास उमार्न शुरु गर्न श्रोत भने छैन । दुनाभान्ट (Dunavant) नामक क्षेत्रीय कपास प्रशोधकलाई कच्चा कपासको आपूर्तिमा कमि छ र यसले आपूर्तिकर्ताहरूको खोजी गर्छ । यी विस्थापित मानिसहरूलाई सिधै कपासको बीउ वितरण गरेर सहयोग नगरी शिविरहरूमा कपासको उत्पादनमा उल्लेखनिय अवरोधहरूको सामना गरिरहेका, जस्तै शिविरको सुरक्षाभित्र कपास सङ्कलन गर्न र जमिन खाली गर्न तथा जोत्नको लागि उपकरणमा पहुँच जस्ता समस्यालाई समाधान गर्न पुनर्लाभ कार्यक्रम गर्ने संस्थाहरूले डुनाभान्टसँग काम गर्छन् । दुवै लाभग्राही र उनीहरुको उत्पादन खरिद गरी दिने निजी व्यापारिक कम्पनीसँग काम गरेर यी विस्थापित मानिसहरु मध्ये धेरैका लागि दीर्घकालीन जीविकोपार्जनका अवसर सिर्जना गर्नमा परियोजना सक्षम भएको छ जुन बीउ वितरणले मात्र प्राप्त गर्न सक्दैनथ्यो ।

### सचेतनात्मक कथा

गरिब घरघुरीहरुका लागि खानेपानीमा पहुँच आपूर्तिको मुद्दा भएको अनुमान गर्दै एउटा राहत दिने संस्थाले वर्षौं देखि नियमित रूपमा एउटा सुख्खाग्रस्त क्षेत्रमा पानी वितरण गर्दै आएको थियो । एउटा बजार लेखाजोखा संचालन गरिए पश्चात लेखाजोखा टोलीले पानीको बजारले समुदायको आवश्यकताहरु पुरा गर्न सक्छ भन्ने बुझे जबकि राहत दिने संस्थाले भने एउटा सामानान्तर प्रणाली चलाई रहेको थियो । वास्तविक समस्या भनेको त्यस समुदायको क्रय शक्ति थियो, किनकी खडेरी परेको बेला पानीको मूल्यमा वृद्धि हुन्थ्यो । त्यसका लागि स्थानीय खानेपानी कारोवारीबाट पानी खरिद गरि संकटासन्न समूह लक्षित वितरण सुनिश्चित गर्न भाउचर प्रणाली मार्फत वितरणको व्यवस्थापन गर्न

प्रतिकार्यलाई सामुदायिक स्तरको व्यापारिक संस्थालाई सहयोग गर्न तिर सारियो । लक्षित समूहहरू समेटिने कार्यमा उल्लेखनीय वृद्धि भयो र त्यो अवधारणालाई स्थानीय सरकारबाट रुचाइएको नमूनाको रूपमा अपनाइयो ।

## २.सक्षमता (Viability)

उद्यम र घरपरिवारहरु सञ्चालन हुने बजारको बुझाई माथि सही कार्यक्रमका क्रियाकलापहरूको छनौट निर्भर हुन्छन् । आर्थिक पुनर्लाभका कार्यक्रमहरूले उद्यमीहरू र घरधुरीहरुलाई बढ्दो, स्थिर वा रोजगारीको लागि र/वा जीविकोपार्जनलाई धान्न आय वृद्धि गर्ने अवसरहरू दिने बजारहरुबारे अभिमुखीकरण गर्नुपर्छ । खुम्चिएको वा गैर-प्रतिस्पर्धी बजारहरु अन्ततः धेरै दिगो हुँदैनन् । मानिसहरूलाई यी बजारहरूमा बस्न बाध्य बनाउने सहायताले लामो अन्तरालमा तिनीहरूको जीविकालाई कमजोर बनाउँछ । यसबाहेक, गैर-प्रतिस्पर्धी बजारहरुमा प्रोत्साहन कम हुन्छ जसले उद्यमीहरूलाई लगानी गर्न, नयाँ प्रविधिहरू अपनाउन वा कार्यक्रमका क्रियाकलापहरूबाट लाभ उठाउनलाई उत्साहित गरोस । यसले कार्यक्रमको प्रभावकारितालाई सीमित पार्दछ र सङ्कटको कारण प्रभावित समुदायहरुमा सक्षम जीविकोपार्जनको अवसरहरु प्रदान गर्ने अन्तिम लक्ष्यलाई घटाई दिन्छ । प्रभावित बजार प्रणालीहरु र बजारहरुलाई बुझ्नु एउटा महत्वपूर्ण कदम हो र यसलाई ***लेखाजोखा र विश्लेषण मापदण्डहरुका*** साथै ***बजार विश्लेषणको लागि न्युनतम मापदण्ड*** (MiSMA)मा पनि समेटिएको छ ।

अर्कोतर्फ, आर्थिक पुनर्लाभको क्रियाकलापहरूले समूह वा भविष्यमा तिनीहरुको आर्थिक गतिविधिलाई दिगो र विस्तार गर्न सक्ने सक्षम व्यक्तिहरूलाई लक्षित गर्नुपर्छ । संकटासन्न समूहहरूसंग क्रियाकलापलाई दिगो राख्न सक्ने क्षमता छैन भने तिनीहरुलाई जीविकोपार्जन सहयोगको अतिरिक्त, भविष्यको लागि क्षमता बढाउनलाई दक्षता अभिवृद्धि र अन्य सामाजिक सुरक्षा-जालका कार्यक्रमहरुका साथै नगद हस्तान्तरण पनि प्राप्त गर्ने गरि सहयोग गर्न सकिन्छ । त्यस्तो पूरक कार्यक्रमले समावेशीता, संरक्षण र प्रभावकारितालाई सुनिश्चित गर्न विशिष्ट आवश्यकता, क्षमता, र उपसमूहको जोखिमहरु (जस्तैः महिला, अपाङ्गता भएका व्यक्तिहरू, गैर-अनुकूल लैङ्गिक पहिचान र यौन अभिमुखीकरणलाई ध्यानमा राख्नु पर्छ ।

**सचेतनात्मक कथा**

एउटा संस्थाले जीविकोपार्जनको लेखाजोखा गर्छ र धेरै मानिसहरूले आर्थिक गतिविधिको रुपमा पशुपालन गर्न इच्छुक भएको कुरा पत्ता लगाउँछ । आम्दानी गर्ने बाटोको रूपमा तिनीहरूले पशुहरुको बच्चाहरुलाई बेच्न सक्ने योजनाकासाथ कार्यक्रमले घरपरिवारहरुलाई गोरु, भेडा र बाखा उपलब्ध गराउँदछ । तथापि, संस्थाले अधिकांश घरपरिवारहरुसंग पशुहरूको हेरचाह गर्नका लागी स्रोतहरू, भरपर्दो आहाराको स्रोतमा पहुँच र सस्तो पशु चिकित्सा सेवाहरू उपलब्ध छैन भन्ने कुरा बुझ्न समुदायसंग पर्याप्त गहिरो परामर्श गरेन । फलस्वरूप, ती वितरित पशुहरूबाट तिनीहरूलाई मोटो पारेर वा दूध सङ्कलन गरेर कुनै मूल्य प्राप्त नगरी थुप्रै घरपरिवारहरुलाई तुरून्तै पशुहरू बेच्न सजिलो भयो भने अन्य घरपरिवारहरुले चाहिं रोगको कारण आफ्ना पशुहरु गुमाए ।

## ३.बजार विकृति (Market distortion)

असल मनसायका बावजुद, धेरै आपतकालीन वा विकासका कार्यक्रमहरूले बजार विकृतिको अवस्था सिर्जना गर्न सक्छन । बजार विकृतिमा कुनै पनि बजार प्रणालीलाई नकारात्मक असर पार्ने, मूल्यमा हुने अत्यधिक उतार चढाव देखि बजारको भौतिक विनाश हुने जस्ता नसोचेको परिणामहरु समावेश हुन्छन । कार्यन्वयन गरिएको कार्यक्रमहरुले स्थानीय उत्पादनहरु र क्रियाशील निकायहरूको प्रतिस्थापन वा हानिकारक विकृतिहरू सिर्जना नहोस् भनेर सुनिश्चित गर्नु ती संकटकालिन परिस्थितिहरूमा कार्यक्रम गर्ने संस्थाहरूको जिम्मेवारी हुन्छ । कार्यक्रमहरुले आफूले सोचेको आर्थिक लक्ष्यहरु भन्दा पर गएर सकारात्मक प्रभावहरुलाई सिर्जना गर्नुपर्छ, उदाहरणका लागि महिलाहरूलाई सशक्त बनाउने खालका प्रतिफलहरु ।

क्रियाकलापहरुको प्रमुख उद्देश्य भनेको स्थानीय बजारहरुलाई पुनर्लाभ गर्नमा र प्रभावित समुदायको सेवा गर्नमा उनीहरूलाई सहयोग गर्नु हो तथापि, बजारलाई विकृत गर्न सक्ने क्षमता भएका वा समुदायलाई कुनै पनि तत्कालिन होस् वा दीर्घकालीन प्रतिकूल असर गर्ने क्रियाकलापहरुसँग सावधानी अपनाउनु पर्छ । स्थानीय स्तरमा खरिद र स्थानीय व्यवसायीलाई सहयोग गर्ने कार्यक्रमहरुलाई बजार विकृतिको जोखिम कम गर्नका साथै वस्तुहरु सांस्कृतिक रूपमा उपयुक्त र स्थानीय शैलिहरुसंग मेल खान्छन भन्ने कुरालाई सुनिश्चित हुनमा मद्दत गर्नका निमित्त तर्जुमा गर्न सकिन्छ (यो पनि हेर्नुहोस् ***सम्पत्ति वितरणका मापदण्डहरु***) । कार्यक्रमहरुको दौरानमा समयमै बजारको तथ्यांक सङ्कलन र विश्लेषण गर्नाले स्थानीय खरिद र अन्य क्रियाकलापहरूले बजार विकृतिहरुको सृजना गर्दैन भनेर सुनिश्चित गर्न सकिन्छ । एउटा बजार विकृतिलाई विशेष ध्यान दिएर त्यसलाई न्यायोचित ठहर्याउनु भनेको भ्रष्टाचार हुन्छ । जब, भ्रष्टाचार संकट पश्चातको बजारमा मात्र नभएर, धेरै बजारहरुमा विद्यमान हुन्छ त्यसबेला कार्यक्रमहरू यसको बारेमा सजग छन् भन्ने कुरा महत्वपूर्ण हुन्छ र बरु यसलाई सुदृढ वा फलिफाप हुन दिनको सट्टा यसको विरुद्ध समय अगावै उपायहरु कार्यन्वयन गर्नुपर्छ । यसले सम्भावित द्वन्द्वलाई कम गर्नमा पनि मदत गर्न सक्छ ।

**सचेतनात्मक कथा**

हिन्द महासागरको सुनामी पश्चात अर्थतन्त्रमा नगद भित्र्याउन र घरपरिवारहरुलाई आधारभूत जीविकोपार्जनको आवश्यकताहरु पूरा गराउनमा मद्दत गर्ने प्रयासमा धेरै संस्थाहरूले कामका लागि नगद (CfW) कार्यक्रमहरुको प्रवर्द्धन गरे । तथापि, यस्ता थुप्रै कार्यक्रमहरूले दिनहूँ उपलब्ध गराउने दैनिक ज्यालादारीको दर स्थानीय किसानहरूले सामान्य खेतीपातीका क्रियाकलापहरूबाट कमाएको ज्याला दर भन्दा धेरै थियो । थुप्रै घरपरिवारहरुले अल्पकालीन कामका लागि नगद कार्यक्रमहरुबाट लाभ लिनको लागि खेतीपाती वा अन्य सानातिना उत्पादन हुने कामहरु गर्न छोडे । यसले स्थानीय खाना र अन्य स्थानीय तवरमा उत्पादन गरिएका वस्तुहरूको उपलब्धतामा नकारात्मक प्रभाव पार्यो र कृषि उत्पादनमा सम्भवतः लामो समयसम्म हानिकारक असर पनि पार्यो । दैनिक श्रमको दरहरु सिफारिस गर्दै स्थानीय उत्पादन जारी राख्नका लागी निरुत्साहित नगराई एउटा गहिरिएर गरिएको बजार र सामाजिक विश्लेषणले सम्भावित कामदारहरूलाई राम्रोसंग लक्षित गर्न सकिन्थ्यो ।

## ४.बदलिँदो बजार अवस्थाहरुलाई संबोधन **(Responding to changing market conditions)**

बजारहरु विशेष गरी संकटग्रस्त वातावरणहरुमा गतिशील हुन्छन् । बजार प्रणालीको जारी अनुगमन र लक्षित उद्यमहरु वा घरपरिवारहरुले उदीयमान अवसर वा बाधाहरूलाई पहिचान गर्नमा मद्दत गर्दछ। बृहत्तम प्रभावको लागि परियोजना लगानी (जस्तै: समय र आर्थिक सहायता) कसरी राम्रो संग समायोजन गर्न सकिन्छ भन्ने कुरा निर्धारण गर्नमा नियमित अनुगमनले पनि कार्यक्रमलाई मद्दत गर्दछ । प्रभावकारी रणनीतिहरुको दायरा भित्र, साना किसानहरुका लागी महत्वपूर्ण सेवा र लगानीको उपलब्धतामा हुने परिवर्तनलाई पत्ता लगाउने देखि, स्थानीय मूल्य अनुगमन, क्षेत्रीय थोक बिक्रेताहरूसंगको बैठक, क्षेत्रीय र अन्तर्राष्ट्रिय वस्तुहरुको मूल्य र प्रवृत्तिहरुको जटिलरुपमा पत्ता लगाउने कुराहरु सम्म पर्दछ (हेर्नुहोस् ***लेखाजोखा र विश्लेषण मापदण्डहरु-१***) ।

# मुलभूत मापदण्डहरु २
# प्रभावकारितालाई सुधार गर्न प्रयासहरुलाई संयोजन गरिएको छ ।

अधिकतम दक्षता, क्षेत्र र प्रभावकारिताको लागि, सम्बन्धित अधिकारीहरु, मानवीय संस्थाहरू, नागरिक समाज संगठनहरू र निजी क्षेत्रका क्रियाशील निकायहरूसँग समन्वय गर्दै योजना तर्जुमा गरि कार्यक्रमहरू कार्यान्वयन गर्नु पर्छ । समन्वय आन्तरिक र बाह्य दुवै हुन्छ ।

## मुख्य क्रियाकलापहरु

- प्रभावित क्षेत्रमा सरोकारवाला परिवेशको विश्लेषण पहिले नै गरिएको छ भनेर निर्धारण गर्नुहोस् । विश्लेषणले यातायात, सरकारी क्रियाशील निकायहरु, उत्पादक सहकारी, मजदूर संघहरु, र सामूहिक गोदामहरु समावेश गर्न सक्छन् । होइन भने, उनीहरुको क्षमता, शक्तिको गतिशीलता, र कुन क्रियाशील निकायहरु सीमान्तकृत वा बहिष्कृत छन् भन्ने कुराहरुलाई हेर्दै, समन्वयको प्रयासमा को को समावेश हुनुपर्छ भनेर अझ राम्ररी बुझ्न अर्को विश्लेषण संचालन गर्नलाई विचार गर्नुहोस् ।
- यदि बजार नियमन कार्य ढाँचा उपलब्ध छ भने त्यसको समीक्षा गर्नुहोस् ।
- सरकारी अधिकारीहरु र अन्य सम्बन्धित समन्वय समूहहरुको जिम्मेवारी, उद्देश्य र समन्वयकर्ताको भूमिकाबारे सूचित हुनुहोस् ।
- शुरुदेखि नै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्रियाशील निकायहरूसंग विद्यमान समन्वय बैठकहरूमा सहभागी हुनुहोस् र जहाँसम्म सम्भव छ, नयाँ संरचनाहरू सिर्जना गर्नबाट बच्नुहोस् । संयुक्त रुपमा लेखाजोखाहरु गर्न, निष्कर्षहरु प्रसार गर्न र अन्य सम्बन्धित जानकारी र/वा कार्यक्रम रणनीतिहरु बनाउनमा यी समूहहरूलाई प्रयोग गर्नुहोस् ।
- सम्बन्धित समन्वयकर्ता निकायहरु र स्थानीय सरोकारवालाहरूलाई संस्थाहरुको जनादेश, उद्देश्य र आर्थिक पुनर्लाभिका कार्यक्रमहरुबारे जानकारी प्रदान गर्नुहोस ।
- कार्यक्रमका नतिजाहरु प्राप्त गर्नलाई पैरवी रणनीति आवश्यक छ कि छैन भनेर निर्धारण गर्न सहज वातावरण, सरकारी नीति र कार्यक्रमको उद्देश्यहरूलाई हेर्नुहोस् । महत्वपूर्ण विषयहरूमा पैरवीलाई सुदृढ पार्नका लागि कार्यक्रम कार्यान्वयन गरिरहेका अन्य निकायहरूसँग सहकार्य गर्नुहोस् ।
- प्रतिकार्यमा निजी क्षेत्र र अन्य क्रियाशील निकायहरुसंगको समन्वय र साझेदारीको सम्बन्धमा संस्थाको अभ्यासबारे स्पष्ट गर्नुहोस् ।

## मुख्य सूचकहरु

- एउटै भौगोलिक वा क्षेत्रगत ठाउँहरुमा संस्थाहरु बिच कार्यक्रमहरुमा दोहोरोपना छैन ।
- कार्यक्रमहरूले लेखाजोखाका प्रतिवेदनहरु जानकारीदाता, कार्यान्वयन गर्ने संस्थाहरु, सरकारी सरोकारवालाहरु, स्थानीय अगुवाहरु, अन्य मानवीय क्रियाशील निकायहरू र निजी क्षेत्रसंग नियमित रूपमा आदान प्रदान गर्दछन् ।
- समन्वय बैठकहरूमा गरिएका प्रतिबद्धताहरू कार्यन्वयन भएको छ र समयमै सूचना पठाईएको छ ।
- पहिचान गरिएका आवश्यकताहरू सम्बोधन गर्न नसक्ने वा न्यूनतम मापदण्डहरू पूरा गर्न असमर्थ संगठन, कार्यक्रम र परियोजनाहरूले त्यहाँ भएको अन्तरलाई उजागर गरि दिन्छ जसले गर्दा अरुले सहयोग गर्न सक्नेछन् ।
- एउटा संगठनको प्रतिकार्य रणनीतिले अन्य मानवीय निकायहरू, नागरिक समाज संगठनहरू र सम्बन्धित अधिकारीहरुको क्षमता र योजनालाई प्रतिबिम्बित गर्दछ ।
- सम्पत्ति हस्तान्तरण र वितरणहरूले एक अर्कालाई कमजोर पार्ने कार्यहरूबाट बच्न स्थानीय अर्थतन्त्रसँग समन्वयित, मेलखाने र क्रमबद्ध छन् ।
- सरोकारवालाहरू बीच सूचना-साझेदारी गर्ने संयन्त्र स्थापित गरिएको छ ।

## मार्गदर्शनका लागी टिपोटहरु

### १.समन्वय संयन्त्रहरु (Coordination mechanisms)

असमन्वित प्रतिकार्यहरूले दोहोरोपन, अक्षमता, र परियोजना रणनीति र कार्यक्रममा सम्भावित द्वन्द्व निम्त्याउँछ । विशेष गरी आर्थिक पुनर्लाभको कार्यक्रममा यो महत्वपूर्ण हुन्छ जहाँ तिनीहरूले एक आपसमा समन्वय गरेनन् भने विभिन्न संस्थाका कार्यक्रमहरुले एक अर्कालाई कमजोर पार्न सक्छन । यसको एउटा उदाहरणस्वरुप, एउटै भौगोलिक क्षेत्र वा स्थानमा संस्थाहरूले एउटै उद्देश्यका लागि एउटै लक्षित समूहलाई फरक दरहरू तर भिन्न सर्तहरुसंग अनुदान र ऋण प्रदान गर्दछन् । समन्वयको अभावले पनि विपद् प्रभावित व्यक्तिहरुलाई भार हुन सक्छ यदि धेरै टोलीहरुले बजार लेखाजोखाका लागि एउटै खाले जानकारीको माग गर्छन जबकी यसरी सोधपुछ गर्नको साटो यो जानकारी विभिन्न संस्थाहरुको बीच साझा गर्न सकिन्थ्यो । सहकार्यले श्रोतहरुलाई उपयुक्त बनाउछः समुदाय, आतिथ्य प्रदान गर्ने सरकार, दाता, र मानवीय संस्थाहरूद्वारा गरिएको एउटा समन्वित् प्रयास संगै विभिन्न जनादेशहरु र विशेषज्ञताले समेटिने क्षेत्र (Coverage) र गुणस्तरलाई अधिकतम सीमासम्म पुर्याउछ ।

### २.समन्वय सम्बन्धी भूमिकाहरू (Coordination roles)

सहयोगी संस्थाहरुबाट प्राप्त हुने मानवीय प्रतिकार्यहरुलाई समन्वय र सम्बोधन गर्नु प्रभावित मुलुकको सरकारको प्रमुख भूमिका र उत्तरदायित्व हुन्छ । मानवीय संस्थाहरूले सहयोग गर्ने सरकारहरु र तिनीहरूको समन्वय कार्यको सम्मान गरेर अत्यावश्यक भूमिका खेल्छन् । तथापि, केही सन्दर्भहरुमा सरकारी अधिकारीहरु, (र केही नागरिक समाज

समूहहरू) आफै दुर्व्यवहार र उल्लङ्घन, वा तिनीहरूको सहयोग निष्पक्ष हुंदैन भन्ने कुराका लागि जिम्मेवार हुन सक्छन । यस सन्दर्भमा, द्वन्द्वमा संलग्न टोलीहरुसँग तालमेल गरिएको प्रतिकार्य अनुचित हुन सक्छ । जहाँ राज्य इच्छुक छ, तर उनीहरुमा क्षमताको अभाव छ भने, त्यसबेला मानवीय संस्थाहरूले तिनीहरूको जिम्मेवारी पूरा गर्न राज्यलाई सहयोग गर्नुपर्छ । यी प्रसङ्गमा, सकेसम्म छिटो सबै क्षेत्रहरूमा जानकारी प्रवाह गर्दा, यसले संस्थाहरूलाई प्रभावित जनसंख्याको आवश्यकताहरु छिटो र प्रभावकारी ढंगले सम्बोधन गर्न सहज बनाउँदछ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको साझा मंचले आदान प्रदान गर्ने यस्ता सूचनाले संयुक्त राष्ट्र संघ नेतृत्वको समूहहरु जस्तै मानवीय मामिला सम्बन्धी समन्वय गर्ने कार्यालय (OCHA), मानवीय सूचना केन्द्र, र संयुक्त राष्ट्रसंघबाट घोषित आपतकालीन अवस्थाका लागि विषयगत समूहहरुको बैठकहरुलाई समावेश गर्दछ । समन्वय सम्बन्धी संयन्त्रहरुमा मासिक वा त्रैमासिक बैठकहरु, विद्युतीय इमेल सूची, 4Ws (को, किन, कहिले, कहाँ) वा गैर सरकारी संस्थाको मंच (NGO Forum) हुन सक्छ ।

## ३.लक्षित गर्ने कार्यमा पारदर्शिता (Transparency on Targeting)

संकट र संकटपछिको परिस्थितिमा तनाव धेरै हुन सक्छ । त्यसैले सबै सरोकारवालाहरूसँग प्रभावकारी र खुलेआम कुराकानी गर्ने प्रयास हुनुपर्छ । यसलाई सामुदायिक बैठकहरु वा स्थानीय समितिहरू जस्ता पारदर्शी संयन्त्रहरु मार्फत गर्न सकिन्छ । कार्यक्रम, निर्णय र सहभागिताको अवसरहरु र मापदण्ड सम्बन्धी जानकारी संकटबाट प्रभावित सबैसँग साझा गर्नु पर्छ । जानकारी साझा गर्नाले गलत समझदारीहरु कम गर्नमा मद्दत हुन्छ विशेष गरी त्यस बेला जब कार्यक्रमले केही मानिसहरूलाई मात्र श्रोत उपलब्ध गराउँदछ वा समुदायको लागि एकदमै नयाँ सेवा उपलब्ध गराउँदछ ।

## ४.अवधारणामा पारदर्शिता (Transparency on approach)

निजी क्षेत्रसँग काम गर्ने संस्थाहरुले तिनीहरुको आफ्नो नीतिहरूलाई समुदाय र अन्य सरोकारवालाहरूसंग स्पष्ट रूपमा राख्नु पर्छ । संकटबाट प्रभावितहरुको आवश्यकताहरु महत्वपूर्ण हुन्छन्, र निजी क्षेत्रसँगको साझेदारीले संकटबाट सबैभन्दा प्रभावित व्यक्तिहरूको जीविकोपार्जन सम्बन्धी आवश्यकताहरुलाई कसरी सम्बोधन गर्न सक्छ भन्ने कुरा सरोकारवालाहरूले नबुझ्न वा अर्थ नलगाउन सक्छन् । किन निजी क्षेत्र र अन्य स्थानीय क्रियाशील निकायहरूसँग संस्थाहरूले प्रतिबद्धता र सम्भावित लाभहरु सहित साझेदारी गर्छन् भने पारदर्शिता र प्रकटीकरणले कार्यक्रममा विभिन्न साझेदारहरूको भूमिकाबारेको गलत धारणा कम हुन्छ । निजी क्षेत्रका क्रियाशील निकायहरूसँग काम गर्ने मानवीय संस्थाहरू यौन शोषण तथा दूर्व्यवहार बाट संरक्षण (PSEA) मा काम गर्ने कार्यदलको काम माथि विकसित हुनु पर्छ र त्यसले कार्यक्रमको सहभागीहरूको सुरक्षा गर्न तथ्यांक सुरक्षालाई लागू गर्नु पर्छ । सुरक्षात्मक उपायहरूलाई कार्यसञ्चालन सम्बन्धि कार्यविधि (standard operating procedures) र सम्झौताहरु भित्र औपचारिकता दिनुपर्छ र नियमित रूपमा अनुगमन गर्नु पर्छ ।

**उदाहरण**

कुनै एउटा संकटग्रस्त क्षेत्रमा एउटा मानवीय संस्थाद्वारा कार्यान्वयन भइरहेको बजार प्रणाली सहजीकरणको अवधारणा प्रति स्थानीय सरकार निकै प्रतिरोधी थियो । तिनीहरू घरपरिवारलाई सहायता सीधै वितरण गर्न चाहन्थे किनभने यो कुरा तिनीहरूको लागि परिचित थियो (र तिनीहरूलाई नियन्त्रण गर्न पनि सजिलो), यसले त्यस क्षेत्रमा खाद्य असुरक्षा उत्पन्न गरेको तथ्य अगाडी आए तापनि, थोरै व्यवसायीहरूले थोक खाद्य उत्पादनहरुको बिक्रीलाई कायम राख्न सके । सरकारी अधिकारीहरुलाई सघन पैरवी र कनिष्ठ सरकारी कर्मचारीलाई न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु (MERS) मा तालिम दिईए पश्चात, स्थानीय तहका कर्मचारीले उक्त अवधारणाको सम्भावित लाभहरूको बारेमा विस्तृत रुपमा बुझे र तिनीहरूले आफ्नो प्रतिरोधलाई फिर्ता लिए ।

## ५.कमि/अन्तरहरुबारे थाहा दिने (Making gaps known)

जब कार्यक्रममा भएको कमी/अन्तरहरुको पहिचान गरिन्छ र अन्य प्रतिकार्य गरिरहेका संस्थाहरुसँग साझा गरिन्छ, तब उपयुक्त प्राविधिक विशेषज्ञता र/वा अतिरिक्त क्षमताले ती कमी/अन्तरहरुलाई धेरै सजिलो संग पुरा गर्न सक्दछ । परियोजना स्थलहरू र स्थानीय साझेदारहरूको सहभागिताको बारेमा यथासमयमा जानकारी गराउँदै उदीयमान आवश्यकताहरु बारे उपयुक्त समन्वयकारी निकायहरुमा तुरुन्त सम्प्रेषण गरिनु पर्छ । प्रतिकार्य समन्वयलाई विद्यमान संयन्त्रहरु (जस्तैः विषयगत समूह वा अंतरनिकाय) मार्फत गर्न सकिन्छ र यो कमी/अन्तरहरु पहिचान गर्न, श्रोतहरु, र नयाँ साझेदारहरु स्थापना गर्नमा लक्षित हुनु पर्छ ।

**उदाहरण**

कुनै एउटा मानवीय राहत संस्थालको ध्यान यसको लक्षित जनसंख्याहरुमा ऋण र बचतको माग अत्यधिक भएको कुरामा जान्छ, तर उक्त संस्थासँग त्यस्ता सेवाहरू प्रदान गर्न सक्ने प्राविधिक क्षमता छैन । बरु, यसले स्थानीय लघुवित्त संस्थाको कर्मचारीलाई लक्षित क्षेत्रका सामुदायिक अगुवाहरुसंग परिचित गराउनमा मद्दत गर्छ, र अन्य संस्थाहरुलाई तिनीहरुको वित्तीय सेवा सम्बन्धी मागको बारेमा थाहा दिन्छ ताकि तिनीहरूले यी आवश्यकताहरू पूरा गर्न सबैभन्दा राम्रो तरिका पत्ता लगाउन शुरु गर्न सकुन ।

## ६.मूल्य, ज्याला निर्धारण, र हस्तान्तरणहरुको मुल्यांकन (Pricing, wage setting, and valuation of transfers)

व्यक्तिगत र लक्षित समूहलाई पूँजी दिने कार्यक्रमहरुका लागि (जस्तैः नगद हस्तान्तरण कार्यक्रम, कामका लागि नगद, उपकरण वितरण, र भाउचरहरु), वितरणको मूल्य स्फियर मापदण्डहरुको अनुसार हुनु पर्दछ र वर्तमान बजार मूल्य र घरधुरीको आवश्यकताहरुको विश्लेषणमा आधारित हुनु पर्छ । यी मूल्यहरुबारे दाताहरु र कार्यान्वयन गर्ने निकायहरू बीच खुल्ला रुपमा समन्वय गरिनु पर्दछ र आवश्यक पर्ने ठाउँमा सरकारी नीति अनुरूप पनि हुनु पर्दछ, ताकि मूल्यको

सम्बन्धमा कुनै विकृति वा विद्यमान निजी-क्षेत्र प्रदायकहरूको भीड नहोस् । श्रम दरको निर्धारणमा समतामूलक सिद्धान्तहरू पनि पालना गर्नुपर्छ । कामका लागि नगदको ज्याला निर्धारण गर्दा बढ्दो आर्थिक असमानता, र तिनीहरूको सामाजिक परिणामबाट बच्न र 'अनअधिकृत शिकार' (poaching) हुनबाट वा कामदारहरूलाई लोभ्याउने वा थोरै भुक्तानी दिएर लामो समयसम्म काममा लगाउने कार्य रोक्नका लागि स्थानीय श्रम बजारलाई अनिवार्य रुपमा ध्यान दिनुपर्छ. *(सम्पत्ति वितरण मापदण्डहरु* र *रोजगारीको मापदण्डहरु* हेर्नुहोस्)।

## उदाहरण

भूंइचालो पश्चात हाइटीमा धेरै संस्थाहरुले कामको लागि नगद कार्यक्रमहरुको तर्जुमा गरे । प्रत्येकले स्वतन्त्र रूपमा श्रम दर निर्धारण गर्नुको सट्टा संस्थाहरूले संगै एक आपसमा र सरकारसंग संकटबाट सबैभन्दा बढी प्रभावितहरुको आधारभूत जीविकोपार्जनका आवश्यकताहरू र तत्काल नगद सहायताको आवश्यकतालाई पूरा गर्दै कामदारहरूलाई तिनीहरूको नियमित जागिरबाट (तलबी वा स्वरोजगार गतिविधि) अलग्याउनको लागि नलोभ्याउने खालको स्थानीय दैनिक श्रम दर निर्धारण गर्ने काम गरे । तत् पश्चात विद्यमान विभिन्न श्रमिक दरसंगै भौगोलिक तथा क्षेत्रगत स्थानहरुका (Sectoral areas) लागि आवश्यकता अनुसार त्यसलाई समायोजन गरियो ।

# मूलभूत मापदण्डहरु ३
# कर्मचारीहरुसंग उपयुक्त क्षमताहरु छन् ।

आर्थिक पुनर्लाभको सिद्धान्तहरूलाई बुझ्ने र/वा प्राविधिक सहायतामा पहूँच भएका व्यक्तिहरु सम्बन्धित कार्यक्रमका कर्मचारी हुनेछन । कर्मचारीको उपयुक्त आर्थिक सीपलाई बढाउन कार्यक्रममा क्षमता अभिवृद्धिका अवयवहरु समावेश छन ।

## मूख्य क्रियाकलापहरु

- संस्थालाई आर्थिक पुनर्लाभ प्रतिकार्यहरुका लागि सम्बन्धित अनुभव भएका सक्षम प्रतिभावानसम्म पहूँच पुऱ्याउन दिने खालको मानव श्रोत प्रणालीहरुको विकास गर्नुहोस् । उपयुक्त कर्मचारी नपाउँदासम्म कार्यक्रम सिधै कार्यान्वयन गर्नुको सट्टा आवश्यक सीप भएको संस्थासँग साझेदारी गर्न तिर ध्यान दिनुहोस् ।
- प्रत्येक संकटको वातावरणबाट प्राप्त पाठहरूलाई अन्य संस्थाले पनि सिक्न सकुन् भन्नका लागि संजालीकरण र ज्ञान साझा गर्नका लागि संयन्त्रहरूको उपलब्धतालाई सुनिश्चित गर्नुहोस् ।
- कर्मचारीहरुका लागि तालिम तथा पेशागत विकासका लागि समय र स्रोत निर्धारण गर्नुहोस् । कर्मचारीले सुरक्षा र बाल संरक्षण, लैंगिकता, समावेशीता, उपयुक्त आचार संहिता र अन्य सम्बन्धित विषयहरुमा तालिम प्राप्त गर्ने कुराको सुनिश्चितता गर्नुहोस ।
- कर्मचारीहरुका बीच नतिजाहरुलाई जवाफदेहिताको प्रवर्द्धन गर्ने कर्मचारी मूल्याङ्कन र व्यवस्थापन प्रणालीको विकास गर्नुहोस ।
- व्यवस्थापकहरूलाई आफ्नो टोलीहरु अनुकूल तरिकाले नेतृत्व गर्न प्रोत्साहित गर्नुहोस्, र बदलिंदो मानवीय प्रसङ्गलाई सम्बोधन गर्न सिर्जनशीलताको प्रयोग गर्नुहोस् ।
- सरकार, द्विपक्षीय र बहुपक्षीय आर्थिक सहायता गर्ने संस्थाहरू भित्र आर्थिक पुनर्लाभका न्यूनम मापदण्डहरु( MERS) लाई प्रवर्द्धन गर्न पैरवी गर्नुहोस । संकटकालिन अवस्थामा आर्थिक पुनर्लाभका कार्यक्रमहरूलाई आर्थिक सहायता दिन दाताहरूले ठूलो भूमिका खेल्छन; आर्थिक पुनर्लाभका न्यूनम मापदण्डहरु (MERS) प्रति तिनीहरूको संवेदनशीलता अत्यन्तै महत्वपूर्ण हुन्छ ।

## मुख्य सूचकहरु

- आर्थिक पुनर्लाभ कार्यक्रममा कार्यरत कर्मचारीहरुसंग उपयुक्त प्राविधिक योग्यता; स्थानीय आर्थिक गतिविधिहरु, संस्कृति र रीतिको ज्ञान, र द्वन्द्व गतिशीलता; र/वा अघिल्लो आर्थिक पुनर्लाभको अनुभव छ । मूल्य थप्नलाई यी सीपहरुले टोलीमा रहेका अन्यलाई परिपूरक दिनुपर्छ ।

- आफ्नो जिम्मेवारी पूरा गर्नका लागि प्राविधिक तथा व्यवस्थापकीय कर्मचारीलाई आवश्यक तालिम प्रदान गर्ने स्रोतहरू, र बन्दोवस्ती सम्बन्धी सहायता उपलब्ध गराईएको छ ।
- कार्यक्रमका उद्देश्यहरू प्राप्त गर्न र स्फियर हातेपुस्तिका निर्देशिका, सम्बन्धित सह-मापदण्डहरू, मर्स र तिनीहरूको संस्थाको आर्थिक पुनर्लाभ सम्बन्धी निर्देशनहरू पालन गर्न व्यवस्थापकहरू जवाफदेही छन् ।
- असल आचरण र अभ्यासको कर्मचारी संहिता (बाल सुरक्षा र यौन शोषण र दुर्व्यवहार नीतिहरु सहित)लाई कर्मचारी, साझेदार र प्रभावित समुदायले बुझ्ने गरि राम्रोसँग प्रचार गरिएको छ । सुरक्षित, पारदर्शी, र गोप्य सूचना दिने प्रक्रियाहरू बनेका छन् र गुनासोहरूलाई अनुगमन र यथासमयमा सम्बोधन गरिएका छन् ।

## मार्गदर्शनका लागि टिपोटहरु

### १.मूलभूत मानवीय मापदण्ड प्रतिवद्धता ८ (Core Humanitarian Standard Commitment 8)

यस मापदण्डले *"सङ्कटबाट प्रभावित समुदाय र मानिसहरूले योग्य तथा राम्रोसँग व्यवस्थापन गरिएका कर्मचारी तथा स्वयंसेवकहरूबाट सहयोग प्राप्त गर्दछन्"* । भन्छ, त्यसैले, प्रतिबद्धताको लागि संस्थाहरूले कर्मचारीलाई आफ्नो काम प्रभावकारी ढंगले गर्नमा सहयोग र कर्मचारीलाई निष्पक्ष र न्यायोचित व्यवहार गर्न आवश्यक छ ।

### २.उपयुक्त प्राविधिक सिप/कौसलहरु (Relevant technical skills)

आर्थिक पुनर्लाभ कार्यक्रमका व्यवस्थापकहरूसँग ग्रामीण वा शहरी वातावारणमा बजार-संचालित आर्थिक पुनर्लाभका कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने अनुभव हुनुपर्छ, र बजारको गतिशीलता, मूल्य श्रृंखलाहरु, आपूर्ति र माग आदिहरुको बारेमा पनि ज्ञान हुनु पर्दछ । स्थानीय रूपमा विशेषज्ञ फेला पार्न नसक्दा प्राविधिक विशेषज्ञतालाई उचित अल्पकालीन सहयोग दिएर अगाडि बढाइनु पर्दछ । द्वन्द्वको अवस्थामा, कर्मचारी सदस्यहरुसंग द्वन्द्व कम र व्यवस्था गर्न खोज्ने प्रयासको व्यवस्थापन र विश्लेषण गरेको अनुभव हुनुपर्छ । यदि उपलव्ध कर्मचारीसंग यो अनुभव छैन भने कार्यक्रमको महत्वपूर्ण बिन्दूहरुमा विशेष गरी लेखाजोखा र कार्यक्रम तर्जूमाको दौरानमा, र आवधिक अनुगमनको लागि द्वन्द्व विशेषज्ञलाई ल्याउनु पर्दछ । जहाँ स्थानीय क्षमताहरु विद्यमान छन् त्यहाँ राष्ट्रिय स्तरको कर्मचारीलाई भर्ना गर्नु पर्दछ । मानवीय संगठनहरुका लागि यस्ता विविध खालका कुशल समूहलाई आन्तरिक रुपमा समेट्नका लागि सम्भव नहुन सक्छ तसर्थ यो प्रयोजनका लागि ज्ञान भएका संस्थाहरुसँग रणनीतिक सहकार्य, अल्पकालीन परामर्शका अवसरहरु वा सल्लाहकार समूहहरूको समेत खोजी गर्न सकिन्छ ।

## उदाहरण

युगाण्डाको RAIN कार्यक्रममा, वास्तविक समयमा (Real–time) उम्मेदवारहरूले सन्दर्भ विश्लेषण कसरी गरे भनी हेर्न, भर्ना अन्तरवार्ताले समस्या-समाधान, परिदृश्यहरू वा बजारको यात्राहरूलाई समावेश गरयो । यी टोलीका सदस्यहरुको सन्दर्भको ज्ञान र विश्लेषणात्मक सीपहरु थुप्रै नमूना कार्यक्रमहरुको लागि अमूल्य साबित भयो ।

## ३.कर्मचारीका लागि तालिम र क्षमता अभिबृद्धि (Staff training and capacity building)

कर्मचारीहरुले आर्थिक पुनर्लाभ कार्यक्रमद्वारा प्रयोगमा ल्याउने विधिहरुमा आधारभूत तालिमका साथै लक्षित क्षेत्रहरुमा पनि सामान्य परिचयात्मक प्रशिक्षण लिनु पर्दछ । कर्मचारीहरुलाई तिनीहरुको कार्यक्रम विकास र कौशलको संग्रह व्यवस्थापन निर्माण गर्नलाई सेवाकालिन प्रशिक्षण, ई-कोर्स, सल्लाहकार, र उच्च स्तरको बृत्ति विकास कार्यशालामा उपस्थित हुने अवसरहरु उपलब्ध गराइनु पर्दछ । वितरण वा उद्धार परियोजनाबाट परिवर्तन हुन् सक्ने कर्मचारीहरु, यदि तिनीहरुको सिपहरु सान्दर्भिक छन् भने, विशेष प्रशिक्षणले दिगोपनाको महत्व, उपयुक्त बर्हिगमन रणनीतिको विकास, र अन्य राम्रो आर्थिक पुनर्लाभको अभ्यासहरुलाई सुदृढ गर्नुपर्छ ।

# मूलभूत मापदण्डहरु ४
# हानि नगर्नुहोस

आर्थिक पुनर्लाभ कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, प्रतिफल र वातावरणीय प्रभावले सम्भावित हानिलाई सम्बोधन वा कम गर्छ, र आर्थिक असमानता, द्वन्द्व, वा सुरक्षा जोखिम वा अधिकारहरुलाई कमजोर पार्ने कार्यलाई चर्काउँदैन ।

## मुख्य क्रियाकलापहरु

- कार्यक्रमबाट सहभागीहरूलाई बढ्दो खतरा वा दुर्व्यवहारको जोखिम बढाउन सक्ने कुनै पनि तरिकाहरु, र यी जोखिमहरूलाई कसरी समाधान गर्ने र/वा कम गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिंदै, जोखिम पहिचान गर्न विश्लेषण गर्नुहोस् । जहाँ सम्भव र उपयुक्त हुन्छ, वातावरणीय मुद्दाहरूलाई समावेश गर्नुहोस् ।
- कुनै पनि अनपेक्षित वा नयाँ जोखिमलाई चाँडै समाधान गर्न सकियोस भनेर परियोजनाका क्रियाकलापहरुको निरन्तर अनुगमन गर्नुहोस् (उदाहरणः जोखिम म्याट्रिक्सको प्रयोग) । मूलभूत मानवीय प्रतिवद्धता ५ अनुसार, *"गुनासोहरूलाई कारवाही गर्ने सुरक्षित एवं उत्तरदायी संयन्त्रहरुमा संकटबाट प्रभावित समुदाय र मानिसहरुको पहुँच छ"* । प्रभावित समुदायहरुलाई गुनासाहरु कारवाही गर्ने प्रक्रियाको तर्जुमा, कार्यान्वयन, र अनुगमन गर्ने कार्यमा संलग्न गराउनुहोस ।
- कर्मचारीहरूबाट हुने सम्भावित भ्रष्टाचारलाई कम गर्न प्रणाली, उपयुक्त आन्तरिक नियन्त्रण, र आचार संहिताहरु र साझेदार निकाय र सरकारसँग हुने भ्रष्टाचारको सम्भावना कम गर्नलाई पारदर्शी प्रणालीको स्थापना गर्नुहोस ।
- मानवीय कार्यक्रमहरु स्थानीय परम्परा वा परिवेशहरुसँग, विशेष गरी जनसंख्यालाई उत्पादन वा सेवाहरु प्रदान गर्दा, बाझिँदैन भन्ने सुनिश्चित गर्नुहोस् ।
- सम्भव भएसम्म कार्यान्वयन क्षेत्रहरूमा जनसंख्या समूहहरूबीच शान्तिपूर्ण सहअस्तित्व प्रवर्द्धन गर्ने संयन्त्रहरू बनाउनुहोस् ।
- आर्थिक पुनर्लाभसँग सम्बन्धित संवादहरू वा स्रोत प्रयोगलाई गहन कुराकानीका लागि मंचको रूपमा प्रयोग गर्नुहोस ।

## मुख्य सूचकहरु

- जोखिम विश्लेषणलाई जनसंख्याको समूहको आधारमा खण्डीकृत गरिएको छ र यसले लैगिकता, उमेर, अपाङ्गता, विस्थापन, र सामाजिक सीमान्तिकरणसँग सम्बन्धित विशिष्ट संकटासन्नताहरूलाई ध्यान दिन्छ ।

- कार्यक्रमहरुको व्यापक सामाजिक र वातावरणीय प्रभाव निर्धारण गर्न र पहिचान गरिएका प्रभावहरूलाई सक्रियताकासाथ कम गर्ने प्रयास गर्नलाई कार्यक्रमले छनौट गरिएको बजार श्रृंखला र उद्यमहरूमा *"हानि नगर्नुहोस् दृष्टि"* लागू गर्दछ ।
- जोखिम म्याट्रिक्स वा आकस्मिक योजनालाई आपात्कलिन कार्यक्रमहरुबारे जानकारी दिन नियमित रूपमा प्रयोग गरिन्छ ।
- कार्यक्रमहरुले लक्षित समुदायहरु भित्रको विभाजनलाई बढावा दिंदैन तर मानिसहरूलाई एक साथ ल्याउन र तनावलाई कम गर्नमा योगदान गर्दछन ।
- कार्यक्रमका सहभागीहरु तिनीहरुको सहभागिताको परिणाम स्वरूप उत्पीडनको शिकार, अशोभनिय कार्य अवस्था, वा वृद्धि भएको सुरक्षा जोखिममा पर्नु हुन्न । सहभागीहरूको सहभागिताको फलस्वरूप तिनीहरूको हिफाजत र सुरक्षालाई बढाउनुपर्छ ।
- कर्मचारी, छनोट भएका साझेदारहरु, र लक्षित उद्यमहरूले शोषणयुक्त गतिविधिहरु (जस्तै भ्रष्टाचार) नगरोस भनेर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमहरूको अनुगमन गरिएको छ । प्रभावित समुदायहरुको सबै उप-जनसंख्याको परामर्शमा मजबूत गुनासो संयन्त्रहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन गरिएका छन् र तिनीहरुले कार्यक्रम, यौन शोषण, दुर्व्यवहार, र शक्तिको अन्य दुरुपयोगलाई समेट्नु पर्छ ।
- कार्यक्रमले मानिसहरूलाई भावी संकटहरूमा कम संकटासन्न हुनमा मदत गर्ने खालका समाधानहरू पहिचान गर्छन ।

## मार्गदर्शनका लागि टिपोटहरु

## १.हानि नगर्नुहोस दृष्टि (Do no harm lens)

आर्थिक पुनर्लाभ र बजारमा आधारित कार्यक्रमहरुले सामाजिक शक्ति गतिशीलतालाई असर गर्नुका साथै पुरुष र महिला, विस्थापित र अन्य स्वपहिचान भएका समूहहरु, आतिथ्य प्रदान गर्ने जनसंख्या, वा समूहहरु बीचको संवेदनशील सम्बन्धहरुलाई सम्भावित रुपमा क्षति पुऱ्याउन सक्छ । कार्यक्रमका क्रियाकलापह्रुले यी जोखिमहरुलाई कसरी कम गर्छन भन्ने कुरालाई निर्धारण गर्दा जोखिम विश्लेषण र बजार लेखाजोखाले विशेष गरी यो गतिशीलतालाई पनि ध्यान दिनुपर्छ । बजार नक्साङ्कनका सम्बन्धहरु र शक्तिको गतिशीलतामा, सबै क्रियाशील निकायहरुलाई (लगानी आपूर्तिकर्ताहरु, उत्पादकहरु, प्रशोधकहरु, व्यापारीहरु, थोक व्यापारीहरु, र खुद्रा विक्रेताहरु) समावेश गरिनु पर्छ । सामाजिक सञ्जालहरु जहाँ तिनीहरू काम गर्दछन र तिनीहरुको परम्परागत भूमिकाको बारेमा जानकारी संकलन गर्नुपर्छ । प्रश्नावालीहरुमा यी जातीय/जनजाति, लैंगिक, वा परम्परागत भूमिकाहरूको पहिचान गर्न सक्ने प्रश्नहरू समावेश गरिनु पर्छ । समझदारी बढ्दै जाँदा, शक्तिको गतिशीलताका साथै कुन समूहहरु (पुरुष, महिला, बालबालिका;

जातीय, धार्मिक, जाति, वा आदिवासी समूहहरू) परम्परागत वा मुख्य रूपले बजार प्रणालीमा विशिष्ट भूमिकाहरूलाई पुरा गर्दछन् भन्ने कुरा पनि खुल्छ ।

कतिपय अवस्थाहरुमा यदि समुदायको लागत बिना सामाजिक व्यवस्थामा बाधा अड्चन पुगेको छ भने सिमान्तकृत जनसंख्यालाई सहयोग गर्न चाहने कार्यक्रमले बजारका क्रियाशील निकायहरूलाई जोखिममा पार्न सक्छ । संजाल विश्लेषण जस्ता औजारहरूले कुन सामाजिक सञ्जालहरु विद्यमान छन, कसलाई बहिष्कार वा समावेश गरिएको छ र किन भनेर देखाउन सक्छ, जसले गर्दा अधिक समतामूलक र पारदर्शी सम्बन्धलाई सक्षम बनाउन र विद्यमान सम्बन्ध र कडीहरूबाट लाभ उठाउने खालको कार्यक्रमहरु तर्जुमा गर्न सकिन्छ ।

यी गतिशिलताहरु कार्यक्रम जीवनको क्रममा निरन्तर विकास हुन्छ, त्यसैले बजार लेखाजोखा, लैंगिकता र जोखिम विश्लेषणहरु आवृतिको आधारमा गर्नुपर्छ र कार्यक्रमको जीवन चक्र भित्र एकीकृत गर्नुपर्छ । गुनासो र गुनासो सम्बोधन गर्ने संयन्त्रले प्रभावित समुदाय र व्यक्तिहरूलाई सुरक्षा जोखिम हुने कार्यक्रम चक्रको कार्यक्षेत्र भन्दा बाहिर गर्न सकिन्छ भन्ने पृष्ठपोषणको थप तह प्रदान गर्दछ ।

## उदाहरण

देशव्यापी पहलको क्रममा RAIN को टोलीले एउटा आन्तरिक लैङ्गिकता विश्लेषण गर्यो । तिनीहरूले लैगिक-खण्डीकृत भर्ना मापनहरूलाई लक्ष्य, सक्रियतापूर्वक भर्ना र महिलाहरुलाई प्रवर्द्धधनको विरुद्धमा पत्ता लगाउन थाले । जब टोलीमा भर्खरै भर्ना भएका केही महिलाहरूले आफ्नो आवाज माथि सम्म पुऱ्याउनका लागि निकै सङ्घर्ष गरे, तब लैङ्गिक सल्लाहकार, मानव श्रोत विभाग र RAIN का कार्यक्रम निर्देशकले समस्या समाधान गर्ने तरिकाहरू पहिचान गर्न एउटा बैठक बोलाए । कार्यक्रम निर्देशक महिलाहरूलाई टोलीमा आकर्षित गर्नमा केन्द्रित भए तथा महिला एकिकरणमा सहयोग गर्न टोली भित्र पुरुष लैगिकता विजेताहरूलाई  बोलाए । एक वर्षपछि, कार्यक्रमको सुरुवातमा भएको २२ प्रतिशतबाट वृद्धि भएर महिलाहरू समाविष्ट कार्यक्रमका कर्मचारीको प्रतिसत ४८ प्रतिशत पुग्यो । जानीबुझी महिलाको आवाज र अवधारणालाई समर्थन गर्ने प्रयास बिना कार्यक्रम रणनीतिमा महत्वपूर्ण लैगिकता-केन्द्रित परिवर्तनहरू हुने थिएन होला । त्यसपछि, दुई कटनी ऋतुहरुमा शुन्य देखि २० सम्म महिला विस्तार प्रतिनिधिहरुको भर्ना बढाउन एउटा महत्वपूर्ण स्थानीय थोक बिक्रेतालाई मद्दत गरेर परियोजनाले यो लैङ्गिक समावेशीताको कार्यलाई आफ्नो निजी क्षेत्रको साझेदारहरुसम्म विस्तार गरेको थियो । यी प्रयासहरूले थोक बिक्रेतालाई यसले दर्ता गरेको महिला ठेक्का कृषकहरूको संख्या बढाउनमा मदत गऱ्यो, सोही अवधिमा २६ प्रतिशतबाट ४८ प्रतिशतसम्म तिनीहरुलाई तालिम दिईएको थियो । यो परिवर्तनको लागि समर्पित स्रोतहरूको आवश्यकता थियो: देशीय कार्यालयको लैङ्गिक सल्लाहकारबाट भएको सहयोगको अतिरिक्त, टोलीले भएका परिवर्तनहरुलाई अगाडि बढाउदै लैङ्गिकतामा केन्द्रित अनुदान रकमको लाभ पनि लिए ।

## २.वातावरण माथिको नकारात्मक प्रभावहरुलाई न्यून गर्ने (Minimize negative impacts on the environment)

आर्थिक क्रियाकलापको संकट पश्चात सहयोग र बजारको विकासले वातावरणमा धेरै मागहरु बढने र भविष्यमा खाद्य असुरक्षा र अन्य विपद जोखिमहरुलाई कम गर्न योगदान दिने हुन सक्छ । परम्परागत जीविकोपार्जन र आयआर्जनका क्रियाकलापहरूलाई प्राय लागतको रूपमा प्राकृतिक स्रोतहरुको (उदाहरणका लागि, खेतीको लागि पानी, कोइला बनाउन काठ, वा टोकरीको लागि बेत अथवा निगालो) आवश्यकता पर्दछ । उत्पादनहरुको प्रशोधनका चरणहरूको संभावित नकारात्मक प्रभावहरूलाई (उदाहरणका लागि, रसायनहरूको सुरक्षित प्रयोग र तह लगाउने) विश्लेषण गर्नु आवश्यक छ । साथै, शान्ति-निर्माण वा, त्यसको विपरित, तनाव र द्वन्दलाई बढाउनमा योगदान दिने प्राकृतिक स्रोत व्यवस्थापनको भूमिकालाई निर्णयकर्ताहरू र कार्यक्रम तर्जुमाकर्ताहरूले होसियारी पूर्वक ध्यान दिनुपर्छ । अर्थतन्त्रका केही खण्डहरू अरूको तुलनामा धेरै संवेदनशील हुन सक्छन् । कार्यक्रमको छनौट सम्भावित नकारात्मक वातावरणीय प्रभाव विश्लेषणको नतिजामा आधारित हुनुपर्छ, र कार्यक्रमहरूले नकारात्मक प्रभावहरूलाई उन्मुलन र/वा कम गर्ने तरिकाहरू समावेश गर्नुपर्छ । यी प्रभावहरूलाई मापन गर्ने औजारहरूमा CARE, UNHCR, र अन्यद्वारा प्रयोगमा ल्याइएका द्रुत वातावरण प्रभाव मूल्यांकन, समावेश छन् ।

### उदाहरण

कोइलाको उत्पादन, जुन धेरै ठाउँहरुमा एउटा महत्पूर्ण पतन हुने जीविकोपार्जनको रणनीति हो, ले गर्दा वन फँडानी र प्रदूषण हुन्छ । यो क्रियाकलापलाई केवल वातावरणीय आधारमा निरुत्साहित गर्नाले यसले दिने आयको लागि परिवारहरुको वास्तविक आर्थिक आवश्यकतालाई सम्बोधन गर्दैन । सम्भव भएसम्म वैकल्पिक समाधानहरूको विकास संगै आर्थिक लाभ र वातावरणीय क्षति दुवैलाई तौलिनु र सन्तुलित गर्नु आवश्यक छ ।

### उदाहरण

नेपालमा भिरालो जमिनको भूक्षय कम गर्न र त्यस क्षेत्रको दुग्ध उत्पादनमा सुधार ल्याउन एउटा बजार कार्यक्रमले सीमान्त भूमिमा चारो प्रजातिको रोपाइँलाई प्रोत्साहित गर्यो । घाँसले माटोलाई च्याप्दै पहिरोजन्य भीरहरूलाई स्थिर राख्यो र त्यो अवधिमा बढ्दो दुग्ध बजारमा लागत वृद्धि गर्दै एउटा स्पष्ट विपद जोखिम न्यूनीकरणको क्रियाकलाप पनि गरियो ।

## ३.द्वन्द्वको संवेदनशीलता (Conflict sensitivity)

निर्णयहरू सही र अद्यावधिक द्वन्दको विश्लेषणमा आधारित हुनुपर्छ जसले द्वन्दको मूल कारण, द्वन्द प्रभावित समूहहरूको पार्श्वचित्र, र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा द्वन्दमा संलग्न सरोकारवालाहरू बीचको गतिशीलतालाई व्यापक रूपमा ध्यान दिन्छ । द्वन्दका वातावरणहरु अस्थिर छन् भन्ने कुरालाई ध्यानमा राख्दै, परिस्थिति र यसको प्रवृत्तिलाई

नियमित रुपमा अनुगमन गरिनु पर्छ । क्रियाकलापहरूको परिणामले तनाव र विभाजनलाई बढावा दिनु हुँदैन; बरु, तिनीहरूले समाजका 'योजनाकारहरु' लाई कमजोर हुनबाट जोगाउनु र विकास गर्नुपर्छ । समूहहरू बिचमा तनाव बढाउने वा कम गर्ने क्रियाकलाप र कार्यान्वयन प्रक्रियाको प्रभावबारे सजग हुनु पर्ने कुरामा द्वन्द्व संवेदनशिलताले जोड दिन्छ । कार्यक्रमहरूलाई सम्भव भए सम्म सहभागितामूलक, समावेशी र पारदर्शी रूपमा तर्जुमा गर्ने; क्रमिक रूपमा सम्पूर्ण समुदायलाई सहयोग गर्दा कुनै निश्चित समूहलाई बढी ध्यान दिनदेखि जोगिने; मेलमिलापलाई सहज बनाउन र आक्रोश हटाउनका लागि मनोवैज्ञानिक आघातलाई सम्बोधन गर्दै; जग्गा तथा अन्य सम्पत्तिमा यथासमय र न्यायोचित पहुँचका लागि संस्थागत संयन्त्रलाई सकेसम्म चाँडै स्थापना गर्दै; र कार्यक्रमहरुको प्रभावलाई प्रादेशिक तथा उपक्षेत्रीय स्तरमा ध्यान दिदैं यसमा सबैभन्दा संकटासन्न र सीमान्तकृतको आवाज सुन्नु पर्ने कुरा संलग्न छ ।

**उदाहरण**

म्यानमारमा, परियोजनाको लक्ष्य हासिल गर्नका लागि द्वन्दको विभिन्न पक्षहरुबाट सरोकारवालाहरुले सहकार्य गर्न आवश्यक थियो । सहकार्य बढाउनका लागि विभिन्न क्रियाशील निकायहरूको चिन्ता र उत्प्रेरणालाई व्यवस्थापन तथा उत्पादनशील सहभागिताहरुलाई सहजीकरण गर्दै परियोजना टोलीले आधारभूत स्वास्थ्य आवश्यकताहरु पुरा गर्ने अति महत्वपूर्ण र साझा अभिलाषा राख्ने विभिन्न पक्षहरुलाई केन्द्रित गरे । संयुक्त तालिम जस्ता क्रियाकलापहरुले विश्वास र व्यक्तिगत सम्पर्कहरू निर्माण गर्नमा मद्दत गर्यो ।

## ४.व्यक्तिहरुको काम लिने क्षमताको लेखाजोखा (Assess the exploitative potential of individuals)

प्राकृतिक होस वा मानव-निर्मित, संकटपछि समाजमा सुव्यवस्था प्रदान गर्ने सुशासनमा प्राय कमि कमजोरीहरु हुन्छ । अवैध क्रियाकलापहरु रोक्न स्थानीय समुदायहरु र गैर-आर्थिक कार्यक्रमसँग साझेदारी, स्थानीय सरकारी निकायहरू र बहुपक्षीय दात्री निकायहरूसँग संलग्नता आवश्यक छ । (हेर्नुहोस: *रोजगारीसँग सम्बन्धित मापदण्डहरु*)।

**उदाहरण**

एउटा संस्थाले संकट पश्चातको क्षेत्रमा हातैले बुनेको गलैंचा बजारको अवसर भएको पत्ता लगाएको छ । परियोजनालाई प्राकृतिक रङ, धागो, बुनाई, लेनदेन, र निर्यातको स्रोतहरु आवश्यक पर्दछ । गलैंचा उत्पादन गर्ने घरपरिवारहरुले आम्दानीको एउटा सम्भावना देख्छन् र गलैंचा उत्पादन गर्नका लागि आफ्ना छोराछोरीलाई स्कूलबाट हटाउँछन् । संस्थाले सुरुमै समस्याको पहिचान गर्दछ र स्थानीय सरकार, स्थानीय विद्यालय र, विद्यालयमा पढ्ने बालबालिकाका लागि खाद्य भाउचर उपलब्ध गराउने केही अन्तर्राष्ट्रिय दाताहरूसँग साझेदारी गर्छन । यसले परिवारहरुलाई आफ्ना छोराछोरीलाई विद्यालयमा राख्न प्रोत्साहन दिन्छ । खाद्य भाउचरले तिनीहरूको घर खर्चलाई कम गर्छ, जसबाट परिवारलाई गलैंचा उत्पादनमा सहयोग गर्न बाह्य मजदुरहरुलाई काममा लिन सक्ने तुल्याउँछ ।

## ५.राजनैतिक अर्थशास्त्र (Political economy)

कुनै पनि बजारमा स्वार्थ, प्रोत्साहन, सम्बन्ध र गतिशिलताहरु जरा गाडेर बसेका हुन्छन् । विद्यमान प्रोत्साहनहरूलाई ध्यान नदिने कुनै पनि कार्यक्रमले बजारका क्रियाशील निकायहरूको व्यवहारलाई सबैभन्दा उत्तम तरिकाले उपेक्षा गराउने जोखिमलाई प्रेरित गर्दछ र सक्रियताकासाथ सबैभन्दा नराम्रोसंग विध्वंस गर्दछ । तसर्थ, यी स्वार्थ, प्रोत्साहन, सम्बन्ध, र बजार गतिशीलतालाई राम्ररी बुझिएको छ र कुनै पनि कार्यक्रम तर्जुमाको चरणमा यसलाई ध्यानमा राखिएको छ भन्ने कुराको लागि अत्यावश्यक छ । उदाहरणका लागि, "मोबाइल पैसा" (वित्तीय सेवाको लागी मोबाइलको प्रयोग)बारे उच्चस्तरीय सुरुवात गर्ने कार्यमा सरकारले पूर्ण रुपमा सहयोग नगरेको वातावरण छ, वा उसको विकासको प्राथमिकतामा पनि छैन भने उसले गम्भीर चुनौतीहरूको सामना गर्नु पर्ने हुन्छ । प्रोत्साहनहरू समयको अन्तरालमा सावधानीपूर्वक र जानाजान बजार सहजीकरण मार्फत परिवर्तन गर्न सकिने भए तापनि, कार्यान्वयनकर्ताहरू सुरुआती बिन्दूको बारेमा सचेत हुनु पर्छ र उनीहरुसंग पहिले देखि विद्यमान प्रोत्साहन र गतिशीलतालाई कसरी परिवर्तन गर्न सकिन्छ भन्ने कुरालाई सम्बोधन गर्ने रणनीति पनि हुनु पर्छ ।

## ६.विपद जोखिम् न्यूनीकरण (Disaster risk reduction)

बारम्बार वा नियमित संकट आइरहने क्षेत्रहरूमा, उत्थानशील जीविकोपार्जन रणनीतिको विकास भविष्यको आघातहरुबाट हुने क्षति कम गर्न महत्वपूर्ण हुन्छ । परिस्थिति अनुसार अवधारणाहरु फरक हुन सक्ने भए तापनि यसमा यी कुराहरुलाई समावेश सक्छ :

- संकट सम्भावित क्षेत्रमा मुख्य वस्तुहरु, प्राकृतिक पूँजी र सेवाहरूको बजार लेखाजोखा, पूर्व-संकट बजार विश्लेषण (PCMA) जस्ता औजारहरूलाई प्रयोग गर्नुहोस (अनुसूची र *लेखाजोखा र विश्लेषण मापदण्डहरु* पनि हेर्नुहोस) ।
- औपचारिक र अनौपचारिक सुरक्षा संजालहरूलाई स्थापना र/वा सुदृढ पार्नुहोस ।
- संवेदनशील पारिस्थितिक प्रणाली सूचीका (Sensitive Ecosystems Inventories (SEI) पहलहरूलाई कार्यान्वयन गर्नुहोस जसले पारिस्थितिक प्रणालीहरुको सुरक्षा गर्दछन् ।
- सामुदायिक सम्पत्तिको सुरक्षा वा पुन:निर्माण गर्न "कामको लागि नगद" जस्ता परियोजनाहरू संचालन गर्नुहोस ।
- प्रदान गरिएको सम्पत्ति र कार्यक्रमहरुले भविष्यमा आउन सक्ने आघातको (उत्थानशील बजार प्रणालीको विकास गर्न) सामना गर्न सक्छ भन्ने कुरा सुनिश्चित गर्नुहोस ।
- आय विविधिकरण तथा वैकल्पिक सीप विकास सम्बन्धी तालिम प्रदान गर्नुहोस जसले यदि भविष्यमा आउन सक्ने संकटले एउटा स्रोतलाई हानि पुऱ्यायो भने (तिनीहरूको सामना गर्ने क्षमता बढाउन) घरपरिवारहरूले आयको अन्य स्रोतहरूमा भर पर्न सकुन ।

धेरैजसो अवस्थामा, विपदको मूल कारण भनेको खस्किएको वातावरण हुन्छ । जलवायु र वातावरण स्वच्छ अभ्यासहरूलाई प्रवर्द्धन गर्ने नीति र कार्यक्रमहरू प्राय कम खर्चिलो, बढी प्रभावकारी र सामाजिक रूपमा पूर्वाधारहरु

भन्दा दिगो हुने खालका हुन्छन् । पूर्वाधारमा आधारित विपद जोखिम पुनर्लाभ, क्रियाकलापहरूको प्रयोग गर्दा वातावरणीय स्थायित्वलाई संबोधन गर्नु एकदमै महत्वपूर्ण हुन्छ किनभने त्यसले भविष्यमा जोखिम बढ्दैन र नजिकका समुदायहरू प्रतिकूल रुपमा प्रभावित हुँदैनन् । आर्थिक पुनर्लाभ कार्यक्रमहरु गर्दा मानिसहरूको भावी आघातसँग सामना गर्ने सबै भन्दा बढी प्रयोग हुन सक्ने विधिहरूलाई ध्यान दिनु अत्यन्तै महत्वपूर्ण हुन्छ, तर यी सामना गर्ने संयन्त्रहरूलाई कार्यक्रमको तर्जुमा गर्दा आर्थिक सक्षमता भन्दा बढी महत्वपूर्ण ठान्नु हुँदैन ।

## उदाहरण

सन् २००९ मा उत्तर पश्चिमी पाकिस्तानमा गएको भूकम्प पछि डेबिट कार्डको माध्यमबाट सुरक्षित रुपमा नगद अनुदान प्रदान गर्न एउटा प्रणालीको स्थापना गरियो । पछि पाकिस्तानमा सन् २०१० को बाढीको बेला, संस्थाहरूले समय र मेहनतको बचत गर्दै त्यही प्रणालीको प्रयोग र विस्तार गर्न सके ।

## उदाहरण

टिमोर-लेस्तेमा एउटा परियोजनाले जोखिम न्यूनीकरणमा बढी दिगो प्रभाव देखाउन एकीकृत विपद जोखिम न्यूनीकरण र आर्थिक विकास नमूनाको प्रयोग गऱ्यो । संकटासन्न समुदायमा माटोको उर्वरता सुधार्न गेडागुडी वा केरालाई पर्ति वा सीमान्त भूमिमा रोपियो जसले भू-भागको आवरणको रूपमा भूक्षयबाट जोगाउनका साथै घरधुरीको खाद्य सुरक्षामा सुधार र बिक्रीको माध्यमबाट आयआर्जन पनि गर्न सकियो । जुन किसान समूहहरुले ठिक्क मात्रामा गेडागुडी र केराको उत्पादन गरे, तिनीहरूले त्यसलाई घरायसी उपभोगको लागि प्रयोग गर्न र उब्रेकोलाई घरको स-सानो खर्च टार्न छिमेकीहरुलाई बेच्न रुचाए । गाउँका लागि खाद्य सुरक्षा एउटा एकरूप समस्या भएकोले, लक्षित किसानहरूले आफ्ना उत्पादनलाई ठूला बजारमा बिक्री गरेर धेरै पैसा कमाउनुको सट्टा तिनीहरुको छिमेकी र स्थानीय विद्यालयमा खुवाउने कार्यक्रमलाई बेच्नमा प्राथमिकता दिए ।

# मूलभूत मापदण्डहरु ५
# लक्षित जनसंख्याहरुका लागि कार्यक्रम रणनीतिहरु राम्रोसँग परिभाषित गरिएको छ ।

कार्यक्रम रणनीति ठोस घरधुरी र बजार विश्लेषणमा आधारित छ, र सम्भव भएसम्म लक्षित घरपरिवारहरु वा उद्यमहरूलाई कल्पना गरिएको आर्थिक प्रतिफलहरु प्राप्त गर्नमा मद्दत गर्न स्थानीय स्रोत र संरचनाको प्रयोगलाई प्रवर्द्धन गर्छ ।

लक्षित समूहहरूका लागि प्रतिफलहरु विभिन्न रणनीतिहरु तथा, प्रत्यक्ष र अप्रत्यक्ष कार्यक्रमहरुलाई समावेश गराएर, साझेदारीद्वारा प्राप्त गर्न सकिन्छ । अप्रत्यक्ष कार्यक्रमहरू (उदाहरणका लागि, विद्यमान निजी-क्षेत्रका क्रियाशील निकायहरू मार्फत काम गर्दै) धेरै घरधुरीमा पुग्ने र धेरै दिगो हुने सम्भावना हुन्छ किनभने उनीहरुले पहिले नै भैरहेको संरचना र सञ्जाललाई प्रयोग गर्छन । कुनै समयमा प्रत्यक्ष कार्यक्रम क्षमता, भूगोल, स्थानीय राजनीति आदिसँग सम्बन्धित कारणहरूका लागि उत्कृष्ट हुन सक्छ । तैपनि, कम्तिमा स्थानीय क्रियाशील निकायहरूलाई भविष्यमा क्रियाकलापहरु कार्यान्वयन गर्नका निम्ति क्षमता अभिवृद्धि गर्न वा जहिले सम्भव हुन्छ, सहजिकरण पद्धतिको माध्यमबाट कार्यान्वयन र स्थानीय संरचनाहरूलाई प्रयोग गर्नु नै बेस हुन्छ ।

## मुख्य क्रियाकलापहरु

- सामाजिक-आर्थिक स्थितिको लेखाजोखा भएको छ कि छैन निर्धारण गर्नुहोस् । यदि छैन भने, लक्षित जनसंख्या र यसका विभिन्न उप-समूहहरुको (जस्तै महिला, बालिका, केटा, पुरुष, अपाङ्गता भएका व्यक्ति, गैर-अनुकूल यौनिक अभिमुखीकरण र लैङ्गिक पहिचान, र जातीय र अल्पसंख्यक धार्मिक) क्षमता र संकटासन्नताहरूलाई राम्रोसँग बुझ्न एउटा अर्को लेखाजोखा कार्यान्वयन गर्नुहोस् । घरपरिवारबाट आएको जानकारीद्वारा प्रस्तावित सहायताको प्याकेजको बारेमा सूचित गर्नु पर्दछ र समुदायद्वारा हाल प्रयोग भैरहेका न्युनिकरणका रणनीतिहरुलाई सुदृढ बनाउन सकिन्छ (यो पनि हेर्नुहोस् *लेखाजोखा र विश्लेषण मापदण्डहरू*) ।
- बजार प्रणालीमा सबै भन्दा धेरै सहयोगको आवश्यकता भएका ठाउँहरु, पहिले देखि नै विद्यमान सञ्जाल र श्रोतहरु, लक्षित जनसंख्या र अपेक्षित प्रतिफलमा सबैभन्दा ठूलो प्रभाव पार्ने के सम्भावना छ भन्ने कुरा बुझ्न बजार लेखाजोखा गर्नुहोस (यो पनि हेर्नुहोस् *लेखाजोखा र विश्लेषण मापदण्डहरू*) ।
- सबैभन्दा प्रभावकारी पद्धति निर्धारण गर्ने र विभिन्न कार्यक्रम रणनीतिहरुको जोखिम मूल्यांकन गर्ने समयमा प्रत्यक्ष र अप्रत्यक्ष कार्यक्रम रणनीतिहरु दुवैलाई ध्यान दिनुहोस् । स्थानीय श्रोतहरु, संरचनाहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कार्यान्वयन गर्ने कि नगर्ने भनेर तिनीहरुको प्रयोग गर्ने तरिकाहरूको पहिचान गर्नुहोस् । अप्रत्यक्ष (सहजीकरण) पद्धतिलाई प्रयोग गर्न सके क्रियाकलापहरुको दिगोपनामा वृद्धि हुने सम्भावना हुन्छ ।

- यदि अप्रत्यक्ष पद्धतिहरुलाई प्रयोग गर्न सोच राख्नु भएको छ भने कसले पहिले देखि नै वस्तु वा सेवाहरु (कुनै प्रकारको) प्रदान गरिरहेको छ भनेर पहिचान गर्नको लागी लक्षित जनसंख्याहरुको विगत तिर हेरेर काम गर्नुहोस् । ती संस्थाहरू प्रतिकार्य हस्तान्तरणमा आफुलाई अनुकूलन गर्न र साझेदार बन्न सक्छन कि सक्दैनन भन्ने पत्ता लगाउनुहोस् ।
- पद्धतिलाई स्पष्टसंग वर्णन गर्न, तार्किक ढाँचा, नतिजा श्रृङ्खला, वा अन्य औजारहरुलाई प्रयोग गर्नुहोस् । कार्यान्वयनको दौरानमा क्रियाकलापहरुको विकास हुँदै जाँदा, यो पद्धति केही हदसम्म परिवर्तन हुने सम्भावना हुन्छ त्यसैले पद्धतिको विवरणलाई अद्यावधिक गरिनु पर्छ ।
- प्रभावित समुदायले पहिले नै सूचित गरि सकिएको सम्बन्धित मानवीय वस्तु तथा सेवाहरु छनोट गर्न सक्ने सुनिश्चितता गर्नुहोस ।

## मुख्य सूचकहरु

- कार्यक्रमहरुले परम्परागत रूपमा बहिष्कृत समूहहरूका लागि सहयोगको प्याकेजहरू तर्जुमा गर्नका लागि लक्षित जनसंख्या र बजार बारे जानकारी, सामाजिक-आर्थिक लेखाजोखाहरु, संकटासन्नताको विश्लेषणको प्रयोग गर्दछन।
- एउटा निश्चित प्रसङ्गमा अपेक्षित प्रतिफलहरु प्राप्त गर्न प्रयोग गरिएका कार्यक्रम पद्धतिहरू उपयुक्त छन् ।
- बजार लेखाजोखा र विश्लेषणले सम्भावित प्रभावहरू र विशिष्ट लक्षित समूहका लागि विभिन्न कार्यक्रमहरूसँग सम्बन्धित जोखिमलाई पहिचान गरेको छ र यी जोखिमहरुका लागि कार्यक्रम तर्जुमा, कार्यान्वयन, र अनुगमन गरिएको छ र त्यसमा न्यूनीकरण संयन्त्रहरु समावेश गरिएका छन् ।
- कार्यक्रमले लक्षित गर्ने र छनौट रणनीतिहरुमा सामाजिक-सांस्कृतिक र सूक्ष्म राजनीतिक कारकहरुको सावधानीपूर्वक ध्यान दिनुका साथै पर्याप्त जोखिम न्यूनीकरणका उपायहरु समाविस्ट छन् ।
- सबै कार्यक्रमहरूले प्रस्तावित कार्यक्रम र लक्षित जनसंख्याको लागि अपेक्षित लाभहरु बीचको सम्बन्धहरुलाई स्पष्ट रूपमा व्यक्त गर्नुका साथै औचित्य प्रदान गर्दछन् ।
- छनोट भएका जनसंख्यामा पर्ने प्रभाव पत्ता लगाउनलाई अनुगमन गर्ने औजारहरुको विकास गरिएको छ ।

## मार्गदर्शनका लागि टिपोटहरु

## १.मर्यादाको संरक्षण (Protection of dignity)

संकटको असर घरपरिवार भित्रै पनि फरक व्यक्तिहरुले भिन्दै तरिकाले अनुभव गर्छन् । एउटा असल लेखाजोखाले लक्षित व्यक्तिहरुमा अपेक्षित प्रभावलाई प्राप्त गर्ने सबैभन्दा उपयुक्त माध्यमको पहिचानका लागि प्रसङ्गलाई निर्धारण गर्दछ । कुनै पनि लक्षित जनसंख्या भित्र क्षमता र संकटासन्नताको विस्तृत दायरा हुने सम्भावना हुन्छ । कार्यक्रम

रणनीतिहरुले अनिवार्य रुपमा उमेर, लैंगिकता र अशक्तताले गर्दा हुने जोखिमलाई पहिचान गर्न तथा छुट्याउनु पर्छ र लक्षित व्यक्तिहरुको गरिमाका सबै पक्षलाई सघाउनका लागि त्यसको समाधान पनि खोज्नु पर्छ ।

## २.पूर्ण प्रसंगको बुझाई (Understanding the full context)

कार्यक्रम कहाँ गर्ने भन्ने कुरा जान्न भावी लाभग्राहिहरुको आवश्यकताहरुलाई पहिचान गर्नु भन्दा बाहिर जानु पर्छ । लेखाजोखाको औजारहरुले घरपरिवारहरु सञ्चालित हुने आर्थिक प्रसंगहरु, र तिनीहरूले काम गर्ने ठाउँमा मूल्य शृंखलाहरुलाई असर पार्ने विभिन्न बजार गतिशीलताहरुलाई हेर्नुपर्छ । यस्ता लेखाजोखाहरुले कुनै पनि निर्दिष्ट कार्यक्रमहरुबाट सम्भव हुन् सक्ने प्रभावको प्रकारलाई पहिचान गर्नमा मद्दत गर्दछ, साथै कार्यक्रमको परिणामस्वरूप हुन सक्ने सम्भावित जोखिमहरूलाई स्पष्ट पार्न पनि मद्दत गर्छ । आर्थिक क्रियाकलापले वातावरणीय परिणामहरुको सिर्जना गर्छ जुन सम्भव भएसम्म बुझ्नुका साथै त्यसको न्यूनीकरण पनि गरिनु पर्छ (यो पनि हेर्नुहोस् ***लेखाजोखा र विश्लेषण मापदण्डहरू***)।

### उदाहरण

शरणार्थी किसानहरूको उत्थानशिलता बढाउन र जलवायु परिवर्तनको प्रभावसंग सामना गर्न र अनुकुलित हुन, एउटा संस्थाले अर्ध-सुक्खा क्षेत्रमा सिँचाइको पानीमा पहुँच बढाउने योजना बनायो । यसले वरिपरिका बजारहरूमा अन्यथा उपलब्ध नभएको खण्डमा उच्च मूल्य भएको बाली उत्पादन गर्ने थियो । संस्थाले स्थानीय बजार तहमा उपलब्ध हुने र उच्च मर्मत लागत वा व्यवस्थापन विशेषज्ञता आवश्यक नपर्ने प्रभावकारी सिँचाइ व्यवस्था शुरु गर्नका लागि सम्भाव्यता लेखाजोखा गर्न बजार विश्लेषण सञ्चालन गर्‍यो । यसले शरणार्थीहरूसित परामर्श गर्‍यो र व्यवस्थापनलाई निरीक्षण गर्न पानी प्रयोगकर्ता संघहरुलाई समावेश गर्‍यो । यसले नयाँ प्रविधिको शुरुवातलाई सहजता प्रदान गर्‍यो र यस क्षेत्रमा सरकार र दाताको लगानीको लागि यो क्रियाकलाप एउटा नमूना हुन आयो । प्रशोधन र प्याकेजिङको साथ साथै मूल्य श्रृंखलाका नया“ अवसरहरु सिर्जना भएर आयो जसलाई पहिले पहिचान गरिएको थिएन ।

## ३.प्रत्यक्ष र अप्रत्यक्ष रणनीतिहरु (Direct and indirect strategies)

धेरै जसो अवस्थामा, लाभग्राहीहरुले व्यक्तिगत घरपरिवारको प्रत्यक्ष सहभागिताबाट भन्दा बजार प्रणाली स्तरमा अप्रत्यक्ष कार्यक्रमहरुबाट बढी लाभ उठाउन सक्छन । संस्थाहरुले सन्दर्भ विश्लेषण, स्थानीय क्षमता र सञ्जालको समीक्षा गर्नु पर्छ, र अपेक्षित प्रतिफलको आधारमा प्रत्येक परिस्थितिलाई तय गर्नुपर्छ । निर्णयहरु लक्षित समूह वा क्षेत्रहरूमा परेको अपेक्षित प्रभावमा आधारित हुनुपर्छ, र स्तर तथा दिगोपनाको सम्भाव्यतालाई ध्यान दिनुपर्छ । यदि पहिचान गरिएका बाधाहरू व्यापक वित्त वा बजार मुद्दाहरूको पहुँचसँग सम्बन्धित नभई, स्पष्ट रूपमा घरेलु स्तरमा छन् भने प्रत्यक्ष सहयोग सर्वोत्तम रणनीति हुन सक्छ ।

यदि आवश्यक सहायताहरू दीर्घकालीन हुन्छन र तिनलाई एक पटक मात्र गरिने क्रियाकलापद्वारा सम्बोधन गर्न सकिँदैन भने त्यसबेला अप्रत्यक्ष कार्यक्रमहरु बढी प्रभावकारी हुन सक्दछन । अवधारणाहरूको संयोजन पनि आवश्यक हुन सक्दछ । धेरै परिस्थितिमा, लक्षित समूह वा साझेदारहरुलाई गर्ने सहयोग अपेक्षित प्रभावहरु प्राप्त गर्नमा अपर्याप्त हुन सक्छ । यसरी सहयोग गरिरहेको कार्यक्रमहरुलाई प्रत्यक्ष सहयोगले पुरकता दिंदा अपेक्षित प्रतिफल अझ बढी आउन सक्दछ ।

## उदाहरण

बाढी प्रभावित क्षेत्रका माछा मार्ने उद्योगमा महिलाहरु तिनीहरूको माछा सुकाउने व्यापार स्थानीय र क्षेत्रीय खपतको लागि पुनःस्थापना गर्न खोज्दै थिए । विपद भन्दा अघि, तिनीहरूले जमिनमा त्रिपाल ओछ्याएर माछा सुकाउने गर्थे, जसको कारण प्रदूषण र उच्च आद्रता भएको वस्तुहरु निस्किए पश्चात तिनीहरूले आफ्नो सुकेको माछालाई कम मूल्यको बजारमा बेच्न सीमित भए । एउटा स्थानीय माछा प्रशोधन गर्ने कम्पनीले स्थानीय रुपमा सुकेको माछा प्राप्त गर्नमा चासो राख्यो र उक्त कम्पनीसंग माछाको मूल्य बढाउन सक्ने उपायको लागि कम लागत, प्रभावकारी प्रविधिमा अनुभव भएका कर्मचारीहरू थिए । तर, कम्पनीले महिलाहरूलाई एउटा अहम व्यापारिक साझेदारहरुको रूपमा देखेन । व्यापारीक योजना र समूह गठनमा भएका महिलाहरूलाई सिधा सहयोग प्रदान गरियो, जसले तिनीहरूलाई कम्पनीसँग जोडिनमा र यसको प्रविधिमा पहुँच प्राप्त गर्न सक्षम बनायो । त्यसै समयमा, साना स्तरको माछापालन सञ्चालनका (पुरुष र महिला) लागि ऋण उत्पादनको विकास गर्न स्थानीय बैंकलाई सहयोग प्रदान गरियो, जसले तिनीहरूको व्यापार बढाउनलाई कार्यशिल पूँजीमा पहुँच प्रदान गर्यो ।

## ४.जोखिम विश्लेषणले सरोकारवालाहरुलाई ध्यान दिन्छ (Risk analysis considers stakeholders)

स्थानीय सन्दर्भ र संस्कृतिले कसरी विभिन्न मानिसहरूले बजारमा आफ्नो लिङ्ग, धर्म, जात, उमेर, सामाजिक स्थिति, अपाङ्गता स्थिति, र अन्य परिभाषित विशेषताहरूको आधारमा अन्तरक्रिया गर्छन भनि परिभाषित गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । परिवार र समाज भित्रको शक्ति संरचनाले विभिन्न अवशरहरु र बजारभित्र व्यक्तिको पहुँच र अवसरहरूमा छेकबार लगाउने कुरालाई सिर्जना गर्दछ । यी संरचनाहरुको प्रभावलाई अनिवार्य रुपले रुपले बुझ्नु पर्छ र परियोजनाले त्यसै अनुरूप तोकिएको भूमिकाहरूलाई ध्यानमा राख्दै जवाफ दिनु पर्छ र उन्नत परिवर्तनलाई पत्ता लगााएर वा सुदृढ गरेर सबैका लागि पहुँच र अवसरहरूलाई प्रवर्द्धन गर्नुपर्छ जसले सबै सहभागीहरूको संरक्षणलाई सुनिश्चित गर्दछ (*मुलभूत मापदण्डहरु ४* पनि हेर्नुहोस) ।

## उदाहरण

थुप्रै देशहरुमा महिलाहरूले समाजको सबैभन्दा गरिब हिस्साको रुपमा प्रतिनिधित्व गर्छन । जस्तै, थुप्रै संस्थाहरूले महिलाहरू समक्ष सीधै पुग्ने रणनीतिक कार्यक्रमहरु बनाएका छन् । तथापि, कुनै-कुनै संस्कृतिहरुमा महिलाहरूको

भूमिकालाई स्पष्ट रूपमा परिभाषित गरिएको छ र तिनीहरूको भूमिका परिवर्तनलाई समाजको लागि खतरा ठानिन्छ। उदाहरणका लागि, आफ्नो व्यवसाय विस्तार गर्न महिलालाई प्रदान गरिने ऋणमा हुने पहुँचलाई पतिहरूले एउटा खतराको रूपमा लिन्छन किनकि यसले घरको शक्तिको गतिशिलतालाई परिवर्तन गर्न सक्छ। यस्तो परिस्थितिमा, ती संस्थाहरुले सहमति (buy–in) लिन र स्वीकृति सुरक्षित गर्नका लागि समग्र समाज र घरायसी लाभहरु देखाउन अधिकार गुम्ने जोखिममा भएका ग्रामिण प्रौढहरू, पति, वा पिताहरुसँग काम गर्न सक्छन्। महिला र पुरुष ग्राहक दुवैको सेवा गर्ने निर्णय यस सम्भावित जोखिमलाई सम्बोधन गर्ने अर्को माध्यम हुन सक्छ।

## ५.प्रभावलाई दर्शाउनु (Demonstration of impact)

सबै प्रत्यक्ष वा अप्रत्यक्ष कार्यक्रमहरूले कसरी लक्षित जनसंख्या प्रभावित हुनेछ भन्ने स्पष्ट पार्नुपर्छ र मुख्य अनुमानहरूलाई टिपोट गर्नु पर्छ। सहायताले लक्षित समूह र व्यक्तिहरूलाई लाभ दिन्छ (*लेखाजोखा र विश्लेषण मापदण्डहरु* पनि हेर्नुहोस) भन्ने सुनिश्चित गर्न अप्रत्यक्ष कार्यक्रम रणनीतिहरूसँग यो विशेष गरी महत्वपूर्ण हुन सक्छ। परिवर्तनका सिद्धान्तहरु र परिणाम श्रृंखला जस्ता औजारहरुले अनुमान र परियोजनामा भएको अपेक्षित परिवर्तन बारे जानकारी दिनमा मद्दत गर्न सक्छन्। यदि यी परियोजनाका औजारहरू कर्मचारीहरुले देख्ने खालको छ र अनुमानहरू परिवर्तन हुँदै जाँदा नियमित रूपमा अद्यावधिक गरिंदा, कार्यक्रमहरू परियोजनाको समग्र लक्ष्यसित संगसगै रहने सम्भावना बढी हुन्छ।

## लेखाजोखा र विश्लेषण सम्बन्धी मापदण्डहरु

**मापदण्ड  १**

लेखाजोखाको लागि पूर्वतयारी गर्नुहोस ।

**मापदण्ड २**

तथ्यांकहरुलाई कसरि प्रयोग गरिन्छ भन्ने कुराले लेखाजोखाको कार्यक्षेत्रलाई निर्धारण गर्दछ ।

**मापदण्ड  ३**

क्षेत्रगतकार्यका प्रक्रियाहरु समावेशी, नैतिक र उद्देश्यपूर्ण छन् ।

**मापदण्ड  ४**

विश्लेषण उपयोगी र उपयुक्त छ ।

**मापदण्ड  ५**

नतिजाहरुको तत्काल प्रयोग गर्न सकिन्छ  ।

**मापदण्ड ६**

मूल्यांकन र अनुगमन कार्यक्रम चक्र भरी हुन्छ ।

# २.लेखाजोखा र विश्लेषण सम्बन्धी मापदण्डहरु

आर्थिक पुनर्लाभ कार्यक्रमको राम्रो तर्जुमा र कार्यान्वयन गर्न लेखाजोखा र विश्लेषण अत्यावश्यक हुन्छ । क्रियाकलापहरूले अपेक्षित प्रतिफलहरु पाइरहेका छन् र बढोत्तरीको अवसरहरू पहिचान गर्नका साथै दिगोपनालाई हुने सम्भावित खतराहरु बारे सुनिश्चित गर्न कार्यक्रमको अवधि भरि बजार गतिशीलताको विश्लेषण गर्नु आवश्यक हुन्छ । यो अध्यायले चालू कार्यक्रमको अनुगमन तथा मूल्यांकन (M&E), प्रसार, नतिजाहरुको प्रयोग र कार्यक्रमहरुको अनुकूलन र निष्कर्षमा आधारित रणनीतिहरूको महत्वलाई जोड दिन्छ । MERS मा भएको मापदण्डहरूको प्रत्येक समूहले (Set) यस अध्यायको प्रयोग र बुझाईलाई अपनाउँदछ ।

यस अध्यायमा सामान्यतया 'लेखाजोखा' भन्नाले छानविन, र अध्ययन (प्राथमिक र माध्यमिक तथ्यांक प्रयोग गरेर) अघि सञ्चालन गरिएको (र कहिलेकाहीं दौरानमा) आर्थिक पुनर्लाभ कार्यक्रमलाई जनाउँछ । 'मूल्याङ्कन' भन्नाले साधारणतया अन्तमा गरिएको कार्यक्रमको समीक्षालाई जनाउँछ र त्यसले कार्यक्रमको कार्यसम्पादन प्रभावलाई निर्धारण गर्छ ।

कार्यान्वयनकर्ताहरूले कुनै पनि लेखाजोखाको उद्देश्य वा लक्ष्यलाई ध्यान दिनु पर्छ साथै परियोजना तर्जुमा र कार्यान्वयन प्रक्रियाको दौरानमा लेखाजोखाको आवश्यकतालाई प्रस्तुत गर्नुपर्छ । तथ्यांक संकलन सहभागितामूलक, समावेशी, लागत प्रभावि र पारदर्शी हुनु पर्छ । सूचनालाई अद्यावधिक र उपयुक्त राख्नु पर्दछ, र तथ्यांक र प्रतिवेदनहरूलाई सार्वजनिक क्षेत्रमा उपलब्ध गराउनु पर्दछ । अनुसूचीमा भएका बजार लेखाजोखाका लागि (र विकसित भईरहेको पनि) उपलब्ध औजारहरूका दायरालाई पनि ध्यान दिनुहोस जसले तपाईंको लेखाजोखाको विकल्पहरुलाई मार्गदर्शन गर्नमा मद्दत गर्दछ, र *बजार विश्लेषणको लागि न्यूनतम मापदण्ड* (MiSMA), स्फियरको एउटा सहयोगी मापदण्डहरु (Sphere Companion Standard) पनि हो भनेर विशेष गरी ध्यान दिनुहोस ।

# लेखाजोखा र विश्लेषण सम्बन्धी मापदण्डहरु
मापदण्ड १

# लेखाजोखाहरुको लागि पूर्वतयारी गर्नुहोस ।

लेखाजोखाका लागि आवश्यक सबै मुख्य तत्वहरू उपलब्ध छन् । आपतकालिन अवस्थामा पहिले नै बनाइएको योजना र विद्यमान स्रोतहरूले लेखाजोखाका लागि तयारी छिटो गर्न सकिन्छ ।

## मुख्य क्रियाकलापहरु

- संकटको जोखिम संभावना बढी भएका देश वा क्षेत्रहरूको पहिचान गर्नुहोस् । मानवीय परिस्थितिका लागि तयार हुनुहोस, विद्यमान लेखाजोखा र निर्णय गर्दा तिनीहरुको प्रयोगको बारेमा सूचित हुनुहोस ।
- तपाईंले थाहा पाउनु पर्ने मुख्य जानकारी र आवश्यक तथ्यांकका प्रकारहरूको सूची बनाउनुहोस् ।
- सार्वजनिक क्षेत्र वा अन्य भरपर्दो स्रोतहरुबाट प्राप्त विद्यमान सूचनाका आधारहरूको पहिचान गर्नुहोस् ।
- विद्यमान डाटाबेसलाई जाँच गरि सकेपछि, यदि तपाईंले सान्दर्भिक सूचना फेला पार्न सक्नु भएन भने तपाईंलाई सिद्धान्ततः विस्तारित अवधि (जस्तै, समय-श्रृङ्खलाको तथ्यांक)लाई समेटिएको नयाँ डाटाबेस सिर्जना गर्न आवश्यक हुन सक्छ ।
- तथ्यांकमा भएको महत्वपूर्ण कमी कमजोरीहरुलाई पत्ता लगाएर आफ्नो संस्थागत तत्परता निर्धारण तथा नियमित रूपमा कुनै पनि हराएको तथ्यांकको संकलन र विश्लेषण गर्नलाई संयन्त्रहरुको डिजाईन गर्नुहोस् ।
- अद्यावधिक गरिएको आधार रेखा एवं जानकारीलाई संकलन गर्नुहोस् र सम्बन्धित सरोकारवालाहरू, संकटासन्नता, र सम्भावित आघातहरूलाई पत्ता लगाउनु होस् ।
- लेखाजोखालाई चाडै सक्रिय गर्नका लागि कार्यविधि, औजार, र व्यावसायिक व्यक्तित्वहरुको एउटा तालिका/सूची बनाउनु होस् ।
- संकटको सम्भावना भएका देशहरूमा, विभिन्न सरोकारवालाहरूलाई सहभागि गराएर स्थानीय लेखाजोखा टोलीको क्षमतालाई सुदृढ़ बनाउनुहोस् ।

## मुख्य सूचकहरु

- कार्यक्रमहरु कार्यन्वयन गर्नु अघि लेखाजोखा गरिन्छ र नियमित रूपमा निर्णयकर्तालाई जानकारी दिईन्छ ।
- लेखाजोखाहरू विद्यमान तथ्यांक स्रोतहरूमा निर्माण भएको हुन्छ र आवश्यकता अनुसार अद्यावधिक गरिन्छ । लेखाजोखाका तथ्यांकलाई उमेर, लिंग र अपाङ्गता अनुसार छुट्याउनु पर्छ र त्यसैअनुसार विश्लेषण गर्नुपर्छ ।
- सम्बन्धित आधार रेखा जानकारीहरु अद्यावधिक गरिएको छ र सजिलैसंग पहुँच योग्य छन् ।

- माध्यमिक तथ्यांकका स्रोतहरूको पहिचान गरिएको छ ।
- तथ्यांक सङ्कलनको औजारहरु र आवश्यक जानकारीहरु संकलन गर्न तथा तथ्यांकीय अन्तर पूरा गर्नलाई तर्जूमा गरिएको छ ।
- सम्बन्धित सरोकारवाला, संकटासन्नता, र सम्भावित आघातहरूको बारेमा जानकारी उपलब्ध छन् ।
- आवश्यक स्रोतहरु (क्षमता, आर्थिक व्यवस्थापन, उपकरण) परिचालनका लागि तयार छन् ।
- लेखाजोखा टोलीहरूको क्षमता राम्रो गुणस्तरको प्रतिफल सुनिश्चित गर्न पर्याप्त छ ।
- पूर्वतयारी क्रियाकलापको दौरान संकलन गरिएको जानकारीले लेखाजोखाको तयारी र विश्लेषण गर्नमा लाग्ने समयलाई घटाउँछ ।

# मार्गदर्शनका लागि टिपोटहरु

## १.लेखाजोखाहरुका लागि बजार सम्बन्धित औजार र कार्यढाँचाहरु (Market–linked tools and frameworks for assessments)

विविध प्रकारका स्रोतहरू अनुसूचीमा उपलब्ध छन् । विशिष्ट प्रकारको लेखाजोखा र मूल्यांकन गर्नका लागि अनुकूलित गर्न सकिने औजारहरु टोलिहरुसंग तयारी अवस्थामा हुनु पर्छ । सम्पन्न भएका उदाहरणहरु सहित संस्थाहरुको पहुँच भएको केन्द्रीकृत स्थलमा यी औजारहरु राख्न सकिएमा त्यसले औजारहरूको सहज प्रयोग एवं सहि प्रकारको औजारको उपयोग र लेखाजोखा गरी कर्मचारीहरु छनौट गर्नमा फिल्डको टोलीलाई मद्दत गर्न सक्छ ।

## २.सन्दर्भ विश्लेषण (Context analysis)

माध्यमिक तथ्यांक विद्यमान प्रतिवेदन र लेखाजोखाहरुबाट (संभवतः अन्य संस्थाहरुले गरेको) प्राप्त जानकारी हो । प्राथमिक तथ्यांक टोलीद्वारा प्रत्यक्षरुपमा संकलन गरिने जानकारी हो । पहिले देखि नै विद्यमान सूचनाको समीक्षा र संदर्भ विश्लेषण पश्चात, कुन प्राथमिक तथ्यांकले विद्यमान माध्यमिक तथ्यांकको विश्लेषणलाई सुदृढ र अद्यावधिक गर्न सक्ने जस्तो कुरालाई निर्धारण गर्दछ । ध्यान केन्द्रित गरिएको क्षेत्रमा के परिवर्तन हुन सक्छ भन्ने बारेमा ( उदाहरणका लागि, कस्तो प्रकारको संकटको सम्भावना धेरै हुन्छ र जोखिमहरु के हुन्) ध्यान दिनु पर्छ । संकटको सन्दर्भमा, प्रायः छिटो परिवर्तन भइरहेको सन्दर्भ तथ्यांकमा ध्यान दिन बढी उपयोगी हुन्छ, त्यसैले संकट आउँदा आधाररेखा (Baseline)को रूपमा प्रयोग गर्नलाई संकटको लागि तयार हुँदा बिस्तारै परिवर्तन हुने तथ्यांकहरू संकलन गर्ने जस्ता कुरा सम्मिलित हुन सक्छ । निर्णय गर्नको लागि आवश्यक जानकारी माथि थप तथ्यांक एकत्रित गर्नमा ध्यान दिनुहोस ।

## उदाहरण

दक्षिण र मध्य सिरिया कार्यक्रमको मानवीय पहुँच दल (HAT) पाँच जना विश्लेषकहरू मिलेर बनेको छ जसले, द्वन्द विश्लेषणको आपूर्ति र प्रतिकार्य क्षेत्र भरि पूर्वानुमान गर्नलाई कार्यक्रम साझेदारहरु मार्फत आफनो सञ्जालको लाभ उठाउँछन । विश्लेषणात्मक टोलीको चाडै विभाजन र कार्यक्रम टोलीले विश्लेषणात्मक क्षमतालाई बिस्तारै हुर्काउनको लागि अनुमति दियो, यद्यपि यसले सुरुवाती क्षणहरुमा विश्लेषणको उपयोगितालाई घटायो । अब दुई टोलीहरु नजिकबाट थप सहकार्य गर्दछन, र मानवीय पहुँच दल (HAT) राजनीतिक अर्थव्यवस्था विश्लेषण, र अन्य क्षेत्रहरुमा विस्तार भएको छ ।

## ३.सरोकारवाला विश्लेषण (Stakeholder analysis)

सम्भावित सरोकारवालाहरूको सूची तयारी गर्दा संकट आउँदा समयको बचत गर्न सकिन्छ । संकट पश्चात भएको परिवर्तनको आधारमा यो सूचीलाई अद्यावधिक गरिनु पर्ने हुन सक्छ । स्मरण रहोस्, बजार र जीविकोपार्जनको पहुँच उमेर, लिङ्ग, र अपाङ्गता अनुसार फरक हुन सक्छ, त्यसैले यी सबै समूहसँग परामर्श गरिएको छ भन्ने सुनिश्चित गर्नुपर्छ (यो पनि हेर्नुहोसः *लेखाजोखा र विश्लेषण मापदण्डहरु २*) ।

## ४.लेखाजोखाको ढाँचा (Assessment formats)

लेखाजोखाको ढाँचा प्रकोप र भौगोलिक सन्दर्भ दुवैको लागि लचिलो र निर्दिष्ट हुनुपर्छ । लेखाजोखा गर्ने टोलीले कति गुणात्मक तथ्यांक आवश्यक छ (परिमाणात्मकको तुलनामा), र कुन लेखाजोखाको ढाँचाले सही सन्तुलन कायम गर्ने सम्भावना छ भनेर सोच्नुपर्छ । तथ्यांक संकलन गर्नलाई उपयुक्त वा उपयोगी प्रविधि (जस्तैः ट्याब्लेट, स्मार्ट फोन) लाई ध्यान दिनु पर्छ । बजेट र सर्वेक्षण क्षेत्रहरूमा सम्पर्क जस्ता मुद्दाहरुले अन्तिम निर्णयलाई असर पार्न सक्छ तर यदि लेखाजोखा गर्ने कर्मचारीलाई उचित तरिकाले प्रशिक्षित गरिएको छ भने प्रविधिले समय बचत गर्नका साथै त्रुटिहरूबाट बच्नमा पनि मद्दत गर्न सक्छ । आपत्कालिन अवस्था भन्दा पहिले नै प्रणालीहरू खरिद गरेर त्यसलाई स्थापित गर्नु प्राय राम्रो हुन्छ । यदि कर्मचारीहरू तिनीहरूको प्रयोग बारे परिचित छन् भने, संकटको सन्दर्भमा कागज विहिन प्रणाली धेरै प्रभावकारी हुन सक्दछ ।

## ५.कर्मचारीलाई तालिम (Staff training)

कर्मचारीलाई लेखाजोखाको ढाँचाहरुमा र प्रयोग गरिएका औजारहरूले आवश्यक सूचनाहरू संकलन गरिरहेका छन् कि छैनन् भनेर परीक्षण गर्नलाई तालिम दिन पर्याप्त समय दिनु होस । कुनै पनि गणकहरुले प्रश्नहरूका साथै ती प्रश्नहरुको वरिपरि हुन सक्ने संवेदनशीलता बारे बुझेको निश्चित गर्नुहोस् । मानिसहरूको लागि आय वा बजार सफलता/असफलताको चर्चा गर्दा संकोच मान्नु सामान्य कुरा हुन्छ । सामान्य समयहरुमा सिमान्तकृत हुने समूहहरु (

लिङ्ग, उमेर र/वा अपाङ्गताका कारण) अरुभन्दा पनि बढी संकोच मान्ने हुन सक्छन् (यो पनि हेर्नुहोस: *लेखाजोखा र विश्लेषण मापदण्डहरु ३*) ।

## उदाहरण

भियतनाममा आपतकालीन अवस्थामा बजार नक्शांकन र विश्लेषण (EMMA) तालिम अभ्यासको क्रममा, प्रशिक्षार्थीहरूले स्थानीय बजारमा सर्वेक्षण गरे र मच्छरजालीको लागि बजार नक्सा बनाए । त्यसक्रममा स्थानीय कम्पनीहरूले भण्डारण र आपतकालीन प्रतिकार्यका लागि आवश्यक परिमाणहरु सजिलै उत्पादन गर्न सक्थे भन्ने कुरा प्रशिक्षणबाट अप्रत्याशित रूपमा आएको सिकाईको प्रतिफल थियो । थुप्रै प्रशिक्षार्थीहरूले तुरुन्तै तिनीहरूको खरिद प्रक्रियालाई परिवर्तन गर्ने प्रतिबद्धता व्यक्त गरे जसको फलस्वरूप अर्को मौसममा, दुई वटा संगठनहरूले स्थानीय उत्पादकहरूबाट मच्छरजालीहरु खरिद गरे ।

## ६.बन्दोवस्ती (Logistics)

बजार प्रणालीले कहिलेकाहीं तत्कालिक विपद् भैरहेको क्षेत्र भन्दा बाहिरको व्यापक भूगोललाई समेट्दछ, र यातायातको उपलब्धताले लेखाजोखाको दायरालाई कसरी प्रभावित गर्छ भन्ने कुरालाई ध्यान दिन आवश्यक छ । टोलीहरूको बनावट वा प्रकृति (Make–up) लाई हेर्नुहोस र महिलाहरूलाई उचित तरिकाले संलग्न गराईएको सुनिश्चित गर्नुहोस जसले गर्दा पुरुषहरुसंग कुरा गर्न सहज नमान्ने सरोकारवालाहरुलाई पनि समावेश गर्न सकियोस ।

## ७.लेखाजोखा, अनुगमन तथा मूल्याङ्कनको लागि आर्थिक व्यवस्थापन (Funding for assessments and monitoring and evaluation (M&E)

चालू लेखाजोखाहरुका लागि थप बजेटको आवश्यकताबारे अझ राम्रोसंग बुझिंदैछ । आर्थिक व्यवस्थापन आतिथ्य प्रदान गर्ने देशको (Host–country) सरकार, बहुपक्षीय र द्विपक्षीय दाताहरू, र केही गैर सरकारी संस्थाहरूबाट प्राप्त हुन सक्छ । संकटको अवस्था द्रूत गतिमा विकास हुन्छ, त्यसैले, सम्भव भएसम्म, धेरै भन्दा धेरै अनुकुलित प्रतिकार्य कार्यक्रमका लागि चालू लेखाजोखाहरुको बारेमा प्रस्तावमा उल्लेख गर्नुहोस । आतिथ्य प्रदान गर्ने देशको (Host–country) सरकार र दाताहरू पनि जानकारीको राम्रो स्रोत हुन सक्छन; धेरै देश र स्थानीय समुदायमा पूर्व-चेतावनी प्रणालीहरू स्थापित छन् जो लेखाजोखाहरुको तयारी गर्दा महत्वपूर्ण सूचनाको स्रोत हुन सक्छन् ।

# लेखाजोखा र विश्लेषण मापदण्ड २

## तथ्यांकहरुलाई कसरि प्रयोग गरिन्छ भन्ने कुराले लेखाजोखाको कार्यक्षेत्र निर्धारण गर्दछ ।

तथ्यांकहरुलाई कसरी प्रयोग गर्ने भन्ने निर्णयहरु विशिष्ट परिस्थिति र मुख्य सरोकारवालाहरूबाट आउने महत्वपूर्ण जानकारीको आधारमा गरिन्छ ।

## मुख्य क्रियाकलापहरु

- लेखाजोखाको समग्र कार्यक्षेत्र र समयरेखालाई स्पष्ट गर्नुहोस । सूचनाको आवश्यकताको बारेमा स्पष्ट हुनुहोस र मुख्य लेखाजोखाका प्रश्नहरू र लेखाजोखा एउटा निर्णय गर्ने साधन हो भन्ने सोचको आधारमा निर्धारित गर्नुहोस ।
- लेखाजोखामा उपयुक्त सरोकारवालाहरू र तिनीहरूको सहभागिताको स्तर पहिचान गर्न प्रक्रियाको प्रारम्भमा नै सरोकारवाला विश्लेषण सञ्चालन गर्नुहोस । लेखाजोखा प्रक्रिया अवधि भर आवश्यकता अनुसार यसलाई दोहोऱ्याउनुका साथै अद्यावधिक गर्नुहोस ।
- लेखाजोखाहरु गर्ने योजना, तथ्यांकको विश्लेषण र व्याख्या बारे जानकारी गराउन प्रमाणमा आधारित अवधारणात्मक कार्यढाँचाहरूको (जस्तैःदिगो जीविकोपार्जन) प्रयोग गर्नुहोस । विश्लेषणका योजना अनुसार प्रश्न र विधिहरूलाई मिलाउनु होस ।
- प्राथमिक तथ्यांक सङ्कलनको क्रियाकलापहरू गर्नु भन्दा पहिले विद्यमान लेखाजोखाहरु र अन्य द्वितिय तथ्यांक स्रोतको प्रयोग गर्नुहोस । यदि यसो गरिएको छैन भने, समय र स्रोतहरू खेर जान सक्छन् । तथ्यांक र डेस्क अध्ययन, दोहोरोपनबाट बच्न, र तथ्यांकमा भएको कमि कमजोरीहरुको निर्धारण वा प्राथमिक तथ्यांक सङ्कलन मार्फत अद्यावधिक गर्नु पर्ने आवश्यकता र संकट पूर्वको मौजूदा सूचनाको पुनरावलोकन गर्नुहोस ।
- लेखाजोखा शुरु गर्नु भन्दा पहिले, पहिचान गरिएको कमि कमजोरी र प्रभावकारी निर्णय गर्नका लागि आवश्यक ज्ञान र श्रोत बाँडफाँडमा आधारित लेखाजोखा योजनाको विकास गर्नुहोस । तथापि, एक पटक प्रसङ्गको बुझाईलाई प्रयोग गर्न र स्पष्ट हुन धेरै लचिलो हुन दिनुहोस ।
- विशेषज्ञताका क्षेत्रहरू र श्रोतसाधनको अधिकतम सदुपयोग गने विशिष्ट क्षेत्रहरु, प्राविधिक क्षेत्र, र समुदायमा लेखाजोखा गर्ने निकाय र संस्थाहरुलाई समन्वय गर्नुहोस ।

## मुख्य सूचकहरु

- सम्बन्धित कियाशिल निकायहरुबाट जानकारी गराइएको कामको स्पष्ट लेखाजोखा सम्बन्धी कार्यक्षेत्रलाई पहिले विकास गरिन्छ र त्यसपछि लेखाजोखाको योजना तयार गरिन्छ । प्रमुख सरोकारवालारूबाट आलोचनात्मक

जानकारी एकत्रित र संश्लेषण गर्दा प्रभावित घरपरिवारको जीविकोपार्जन, बजार प्रणाली, सामाजिक र द्वन्द गतिशीलता, र लिङ्ग, युवा, र वातावरण जस्ता कुराहरु सम्बन्धी सूचना समावेश गर्नु पर्छ ।

- सरोकारवालाको विश्लेषण गर्नाले मुख्य सरोकारवालाहरू र लेखाजोखामा तिनीहरूको सहभागिताको स्तरलाई पहिचान गर्दछ ।
- लेखाजोखालाई मार्गदर्शन गर्न उपयुक्त प्रमाणमा आधारित अवधारणात्मक ढाँचा प्रयोग गरिन्छ ।
- अपेक्षित सूचनाको उपलब्धतालाई लेखाजोखा गर्न विद्यमान तथ्यांकका स्रोतहरूसंग परामर्श गरिन्छ ।
- लेखाजोखाले सुव्यवस्थित तरिकाको प्रयोग गर्दछ जसले आर्थिक पुनर्लाभका रणनीतिहरुलाई व्यापक प्रसङ्ग भित्रका बजार प्रणाली, रणनीतिहरु, आर्थिक प्रवृत्ति, र राजनैतिक र सामाजिक-आर्थिक संस्थाहरूमा स्थान दिन्छ ।
- लेखाजोखा जातीय, वर्ण, लैंगिकता र जनसङ्ख्याहरु भित्र सम्पत्तिमा हुने भिन्नता प्रति संवेदनशील हुन्छन् । तिनीहरूले यी समूहहरु बीच आर्थिक अवसरहरुमा भएको भिन्नताहरूलाई मापन गर्नछन् र महत्वपूर्ण हुने विद्यमान वा द्वन्द वा सीमान्तकरणका सम्भावित कारणहरूलाई पहिचान गर्दछन ।
- लेखाजोखा मौसमी पात्रो, सुरक्षा, बजार र श्रम प्रवृत्ति, र अन्य सम्बन्धित सामाजिक तथा आर्थिक कारकहरु, विद्यमान अवस्था र प्रवृत्तिहरुलाई समावेश गर्दै सहभागितामूलक तरिकाले उपयुक्त समयमा गरिन्छ ।
- लेखाजोखाले महिला लगायत व्यापक दायराका आर्थिक क्रियाशील निकायहरू, पुरुष, युवा, अपांगता भएका मानिसहरू अनि ज्येष्ट नागरिक, उत्पादक, व्यापारी, यातायात व्यवसायी, र उपभोक्ता; स्थानीय, क्षेत्रीय र राष्ट्रिय बजारहरु; र निजी र सार्वजनिक बजारलाई सहायता गर्ने कार्यहरू समावेश गर्दछ ।

# मार्गदर्शनका लागि टिपोटहरु

## १.लेखाजोखा योजना (Assessment plan)

लेखाजोखा योजनामा निम्न कुराहरु समावेश हुनुपर्छः १) लेखाजोखाको उद्देश्य, २) तथ्यांक र निष्कर्षहरुको प्रयोग योजना, ३) प्रयोग गरिने अवधारणात्मक ढाँचाहरू, ४) उपलब्ध समय र स्रोत, ५) अध्ययनका प्रश्नहरू र संकलन गरिने तथ्यांक वा जानकारीका प्रकारहरु, ६) तथ्यांक सङ्कलन विधिहरू, र ७) तथ्यांक संकलनमा आवश्यक जनशक्ति र तथ्यांक संकलन गरिने स्थान ।

## २.सरोकारवाला विश्लेषण (Stakeholder analysis)

सरोकारवाला विश्लेषण कार्य सञ्चालन गर्दा लेखाजोखामा रुचि वा प्रभाव पार्न सक्ने सम्भावित सरोकारवालाहरूको सूची बनाउनु पर्छ । उनीहरुलाई सोध्नु पर्ने कुराहरु : १) लेखाजोखामा उनीहरुहरूको चासो के हो २) लेखाजोखामा उनीहरूको सम्भावित प्रभाव के हो, ३) उनीहरूको अन्य सरोकारवालाहरूसँग सम्बन्ध के हो र ४) लेखाजोखाको परिणामस्वरूप तर्जुमा गर्न सकिने क्रियाकलापहरूमा सहभागिता जनाउनका लागि उनीहरूको क्षमता वा उत्प्रेरणा के हो । त्यसपछि सोध्नुस : १) कसलाई जानकारी दिनु पर्ने हो, कोसँग २) परामर्श लिनु पर्ने हो र ३) लेखाजोखा

प्रक्रियाको प्रत्येक चरणमा कस्लाई सक्रिय रूपमा संलग्न गराउनु पर्ने हो । सरोकारवाला विश्लेषणले प्रभावित समुदाय, सार्वजनिक र निजी संस्थाहरू, संयुक्त राष्ट्र संघीय निकायहरू, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सहभागितामा ध्यान दिनु पर्छ ।

## ३.अवधारणात्मक ढाँचाहरू (Conceptual frameworks)

एक पटक उपयुक्त प्रमाणमा आधारित अवधारणात्मक ढाँचाको छनौट गरि सके पछि त्यसलाई लेखाजोखाको लागि प्रश्नहरूको तयारीमा प्रयोग गर्नुपर्छ र त्यसबाट विश्लेषण गर्नका लागि पर्याप्त जानकारी संकलन भएको छ कि छैन सुनिस्चित गर्नुपर्छ । अवधारणात्मक ढाँचाहरूले सङ्कलन र विश्लेषण गर्न आवश्यक मुख्य तथ्यांकलाई पहिचान गर्न, तथ्यांकलाई व्यवस्थित गर्न, र विभिन्न प्रकारका तथ्यांकहरु बिचको सम्बन्धहरुलाई बुझ्नमा मद्दत गर्दछ । (*औजार र ढाँचाहरुका केही उदाहरणहरूका* लागि अनुसूची हेर्नुहोस् )

### उदाहरण

नक्शांकनका औजारहरुले प्रयोगकर्तालाई प्रणालीका तत्व, र सम्बन्ध दृष्टिगत गर्न दिन्छन र उत्कृष्ट प्रश्नहरूले प्रणालीका विभिन्न भागहरुबीचका कडिहरुलाई अझ धेरै सजिलै संग बुझ्न सकिने गरी संसारको वास्तविक परिस्थितिलाई सरल बनाउनमा मद्दत गर्दछ । तिनीहरूले प्रयोगकर्तालाई अहिलेको अवस्था कहाँ छ देखि लिएर कहाँ हुन सक्छन् भन्ने कुराको लागि एउटा “मार्गचित्र”उपलब्ध गराउनमा मद्दत गर्न सक्छन । औजारहरूको सूचीको लागि अनुसूची हेर्नुहोस् ।

## ४.लेखाजोखाहरुमा समन्वय (Coordination in assessments)

एक भन्दा बढी निकायहरूले प्राय जसो एउटै जानकारी प्रयोग गर्न सक्दछन् । सार्वजनिक क्षेत्र, संयुक्त राष्ट्र प्रणाली र अन्तर-निकाय समूहहरुसँगको समन्वयले संस्थाहरूलाई या त आपसी हितका क्षेत्रहरूमा सँगै काम गर्न सक्दछन् वा तिनीहरुले लेखाजोखाका प्रयासहरूलाई अन्य संस्थाहरुले नसमेटेको क्षेत्र वा भौगोलिक क्षेत्रहरू माथि ध्यान केन्द्रित गर्नमा मद्दत गर्न सक्दछन् । मानकीकृत अन्तरवार्ता फाराम वा प्रतिवेदन ढाँचा जस्ता औजारहरूको प्रयोगले संस्थाहरू बिच सर्वत्र वा विषयगत क्षेत्र भित्र संयुक्त विश्लेषण गर्नमा सहजीकरण गर्न सक्दछन् । विशेष गरी लेखाजोखाले संस्थाको अधिकार क्षेत्र भन्दा बाहिरको आवश्यकतालाई पहिचान गर्दा यो कुरा महत्वपूर्ण हुन्छ (*मूलभूत मापदण्डहरु २* पनि हेर्नुहोस)।

## ५.कार्यक्षेत्र (scope of work )

लेखाजोखाको कार्यक्षेत्रले निम्न कुराहरुमा ध्यान दिनु पर्दछः १) लेखाजोखा गरिरहेको परियोजना वा संगठनको प्राविधिक र भौगोलिक कार्यादेश, २) विद्यमान प्राविधिक तथा भौगोलिक दायराको ज्ञान वा लेखाजोखाहरु वा ती अन्य निकाय वा संस्थाहरुले तय गरेका योजनाहरु, ३) निर्णयकर्ताहरुको सूचनामूलक आवश्यकताहरुको बुझाइ, र ४) उपलव्ध स्रोत ।

लेखाजोखाले संकटबाट प्रभाव पर्न सक्ने सबै समूहहरूलाई ध्यान दिनु पर्छ । अपेक्षाहरू सिर्जना हुनबाट बच्नका लागि समुदायका सदस्यहरूसंग कार्यक्षेत्रबारे स्पष्ट रूपमा संवाद गर्नुपर्छ ।

## ६.प्रभावित घरपरिवार, उद्यम र बजार प्रणालीहरुको नक्शांकन (Mapping affected households, enterprises, and market systems)

संकट भन्दा पहिले प्रभावित बजार, घरपरिवार र उद्यमहरू कसरी संचालन भए; तिनीहरू कसरी संकटबाट प्रभावित भए; तिनीहरूले अहिले कसरी संकटको सामना गर्दछन; र भविष्यका लागि तिनीहरूसंग कस्ता सम्भाव्यता छन् भन्ने कुराहरुमा ध्यान दिंदै गतिशील अवधारणा अनुरुप लेखाजोखा कार्यक्षेत्रको निर्माण गरिनु पर्छ । घरपरिवार तहमा जीविकोपार्जनको रणनीति सम्पत्ति र सीप, सामाजिक तथा आर्थिक सम्बन्धलाई प्रभावकारी रुपमा एकीकृत गर्ने, र उपभोग र उत्पादन बजार दुबैमा पहूँच बढाउने कुरा माथि  निर्भर हुन्छ । घरपरिवारहरुसंग अनेकौ विविध आयका स्रोतहरू र घरायसी आयमा विभिन्न योगदान गर्नेहरु धेरै हुन सक्दछन  । द्वन्द, वातावरण र लैङ्गिक क्रियाकलापहरुसँग सम्बन्धित आय स्रोतहरु बीचको सन्तुलन र विनिमयहरुको बारेमा बुझ्न महत्वपूर्ण हुन्छ ।

त्यस्तै, संकटकालको सामना गर्नमा उद्यमहरूको सफलता मानव तथा प्राविधिक क्षमता र पूँजी जस्ता आन्तरिक कारकहरुको एक समूह, र ग्राहक, आर्थिक तथा गैर आर्थिक सेवा, लागत, वस्तु, पूर्वाधार, र नियामक ढाँचाहरू लगायत अन्य उद्यमहरू सहित ठूलो बजार प्रणाली भित्र तिनीहरूको अन्तरक्रिया माथि निर्भर गर्दछ । लेखाजोखाले यस्ता जटिलताहरु पत्ता लगाउनु पर्दछ र यसमा संलग्न अन्तरनिर्भरताहरूलाई पहिचान र विश्लेषण गर्नुपर्दछ ।

घरधुरी र उद्यमहरुका लागि आर्थिक रणनीतिहरु सधैं व्यापक आर्थिक, राजनीतिक र संस्थागत सन्दर्भ भित्र आवद्ध हुनुपर्छ । लेखाजोखा टोलीले यी प्रसङ्गहरूलाई उनीहरुको लेखाजोखामा समावेश गर्ने प्रयास गर्नुपर्छ वा राजनीतिक र सांस्कृतिक सन्दर्भमा बाहिरी विशेषज्ञता ल्याउनु पर्छ । द्वन्द्वको वातावरणमा यो विशेष गरी महत्वपूर्ण हुन्छ, जहाँ कार्यक्रमहरुले विभिन्न क्रियाशील निकायहरूको भूमिका र तिनीहरू कसरी लक्षित बजारसँग सम्बन्धित छन् भन्ने लगायत द्वन्दको गतिशीलताबारे सजग हुनु आवश्यक हुन्छ ।

कार्यक्षेत्रका लागि अन्य ध्यान दिनु पर्ने कुराहरुमा:

- बजारका संस्थाहरूको सम्पत्ति, सीप र क्षमता र सहायक संरचनाहरू
- लैंगिकता लगायत मुख्य सामाजिक तथा आर्थिक सम्बन्ध र शक्ति गतिशिलता
- लक्षित उद्यमहरू भित्र सुशाासन
- सरकारी योजना तथा कार्यक्रममा सम्पर्क र पहूँच
- प्रमुख उद्योगहरूका लागि सम्बन्धित नीतिहरू र नियामक कार्यढाँचाहरू तथा उपयुक्त वित्तीय सेवा, आन्तरिक रुपमा विस्थापितहरु तथा शरणार्थी, श्रमिक, उपभोक्ता संरक्षण, मोहियानी र सम्पत्ति अधिकार लगायतका आर्थिक क्रियाकलापहरु

- औपचारिक र अनौपचारिक वित्तीय सेवाहरू र प्रमुख बजार पूर्वाधारको उपलब्धता, पहूँच र अवस्थिति
- प्राकृतिक स्रोत व्यवस्थापन र संरक्षणसंग सम्बन्धित मुद्दाहरू
- तिनीहरू संकट अघि कसरी सञ्चालन हुन्थे र संकटपछि तिनीहरूले कसरी सम्बोधन गरिरहेका छन् लगायत बजार, घरजग्गा र उद्यममा पर्ने संकटको असर । (*बजार विश्लेषणको लागी न्युनतम मापदण्ड (MiSMA)* पनि हेर्नुहोस)

## ७.प्रारम्भिक र द्रूत लेखाजोखाहरु (Initial and rapid assessments)

विपदले बजारको गतिशीलतालाई कसरी असर गरेको छ भनेर आधारभूत तथ्यहरू संकलन गर्ने छिटो विधी भनेको प्रारम्भिक लेखाजोखा र/वा द्रूत लेखाजोखाहरू हुन् । प्रारम्भिक लेखाजोखा र/वा द्रूत लेखाजोखाहरूले तत्काल गर्नु पर्ने प्रतिकार्यको प्राथमिकताहरू बारे र थप जाँचका लागि क्षेत्रहरू (औजारहरुका केही उदाहरणहरूका लागि अनुसूची र कार्यढाँचाहरू हेर्नुहोस) माथि प्रकाश पार्दै सूचित गर्नुपर्छ । यी द्रूत लेखाजोखाहरुमा समय सीमा हुन सक्छ भन्ने कुरालाई ध्यानमा राख्नु जरुरी छ । बिपद्को बेलामा बजारको अवस्था र परिस्थिति चाँडै परिवर्तन हुन सक्दछ । लेखाजोखाको समयलाई निर्धारण गर्दा आर्थिक र वातावरणीय कारकहरूलाई ध्यान दिनु पर्छ र बितेको समय वा पुनर्लाभ अवधिमा प्राप्त गरेको कुनै कोसेढुंगाको आधारमा कुन बेला लेखाजोखालाई अद्यावधिक गर्न आवश्यक हुन सक्छ भन्ने निर्धारण गर्नुहोस ।

**उदाहरण**

नाइजरमा सामुदायिक सम्पर्क व्यक्तिहरुले प्रतिकार्य टोलीलाई चाड नामक ताल तिर गई रहेका मानिसहरूको संख्यामा वृद्धि भईरहेको खबर गर्यो । टोलीले द्रूत लेखाजोखा गर्यो र टापुमै बसिरहेका र तालमा भर्खरै आइपुगेका १०,००० भन्दा बढी मानिसहरूलाई स्वास्थ्य सेवा र स्वच्छ पानीको व्यापक आवश्यकता पुरा नभएको कुरा पत्ता लगायो ।

## ८.सूचनाको श्रोतहरु (Sources of information)

लेखाजोखाले सब भन्दा पहिले द्वन्द हुनु अघिको जीविकोपार्जन र आर्थिक क्रियाकलापहरु माथि भएको विद्यमान अनुसन्धान र जानकारीको समीक्षा गर्नुपर्छ । तिनीहरूले स्थानीय स्रोत र स्थानीय क्रियाशील निकायहरू, जस्तै घरका प्रमुख, स्टोरकिपर, र व्यापारीहरुका साथै बृहत सूक्ष्म अर्थशास्त्रीय, राजनीतिक र अन्तर्राष्ट्रिय स्रोतहरूमा भर पर्नुपर्छ । सूचना विधिहरू लुकेका सूचनाको स्रोतहरु, जस्तै सीमान्तकृत समूह र अनौपचारिक वा कालोबजारीसंग सम्बन्धित आर्थिक कियाकलापहरु पहिचान गर्नका लागि अत्यन्तै सम्वेदनशील हुनुपर्दछ । लेखाजोखाहरूले अन्य संस्थाहरुबाट भएका लेखाजोखा सहित विभिन्न स्रोतहरु मार्फत तथ्यांकलाई जाँच्नु पर्दछ, र, सम्भव भएसम्म, प्राथमिक र माध्यमिक दुबै तथ्यांकका स्रोतहरूलाई प्रयोग गर्नुपर्दछ । उच्च जोखिमको परिस्थिति वा अचानक सुरु हुने खालका प्रकोपहरूमा,

कार्यक्रमहरू एउटा पूर्ण सहकार्यात्मक प्रक्रिया वा प्राथमिक तथ्यांक संकलनको व्यवस्था गर्ने कार्यमा संलग्नताका लागि सक्षम नहुन सक्छन् ।

## ९.अनावश्यक तथ्यांक (Unnecessary data)

अनावश्यक तथ्यांकहरु सङ्कलन नगर्नु होस । धेरै जसो अवस्थामा एउटै प्रकारका तथ्यांक पहिल्यै नै अरूद्वारा सङ्कलित गरिएको हुन्छ । प्राथमिक तथ्यांक सङ्कलनको सम्भावित प्रयोग तपाइको बुझाई स्पष्ट भएको बेला गर्नुपर्छ । प्राथमिक तथ्यांक सङ्कलनले समस्याबाट प्रभावित प्रमुख सरोकारहरूलाई आवाज पनि दिन सक्छ ।

### उदाहरण

विश्व खाद्य कार्यक्रमको संकटासन्नता लेखाजोखा र नक्शांकन ईकाइले खाद्य सुरक्षा विश्लेषणलाई सुदृढ पार्न सामान्यतःया सबैभन्दा बढी सेवन गरिने मुख्य खाद्य वस्तुहरुको बजार मूल्यको जानकारी संकलन गर्दै आई रहेको छ । यो तथ्यांक अहिले एकीकृत गरिएको छ र संकटासन्नता लेखाजोखा र नक्शांकन खाद्य तथा वस्तुको मूल्य तथ्यांक भण्डारको रुपमा अनलाइनमा उपलब्ध छ । विश्व खाद्य कार्यक्रमका देशीय कार्यालयहरूद्वारा संकलित वा राष्ट्रिय सरकारी निकायहरू र साझेदार संस्थाहरुबाट एकत्रित गरिएको मूल्य सम्बन्धी तथ्यांक सङ्कलनको लामो इतिहासबाट WFP को डेटाबेसलाई फाईदा भएको छ । यसले सहायताकर्मी, शिक्षाविद्, विद्यार्थी, तथा खाद्य सुरक्षामा विशेष गरी मुख्य खाद्य वस्तुहरुको मूल्य गतिशीलतामा चासो राख्ने व्यक्तिहरुलाई जानकारी र विश्लेषणको स्रोत उपलब्ध गराउँदछ । प्रायः मूल्य तथ्यांकलाईसङ्कलन गर्न आवश्यक हुँदैन किनभने यसले लामो समयावधीमा हुने मूल्यको प्रवृत्तिको बारेमा राम्रो जानकारी उपलब्ध गराउँदछ ।

# लेखाजोखा र विश्लेषण सम्बन्धी मापदण्ड ३ क्षेत्रगतकार्यका प्रक्रियाहरु समावेशी, नैतिक र उद्देश्यपूर्ण छन्

लेखाजोखाहरुले संकटासन्नता र सामना गर्ने संयन्त्रलाई विशेष ध्यान दिदै नैतिक, उद्देश्यपूर्ण, पारदर्शी र समावेशी विधिहरू प्रयोग गरेर व्यापक दायरा भित्रका सरोकारवालाहरुबाट तथ्यांक संकलन गर्दछ । सम्भव भएसम्म सहभागितामूलक विधिहरूलाई प्राथमिकता दिइन्छ ।

## मुख्य क्रियाकलापहरु

- तथ्यांकको गुणस्तर सुधार गर्नलाई गणकहरूलाई ठिक सँग प्रशिक्षण दिनुहोस । समय वा मौसम, सुरक्षा, पारदर्शिता र सम्भावित पूर्वाग्रहलाई प्रशिक्षणको एउटा भागको रूपमा सम्बोधन गर्नुपर्छ ।
- तथ्यांकको गुणस्तरलाई सुनिश्चित गर्न उद्देश्यपूर्ण विधिहरू प्रयोग गरी लेखाजोखा तथ्यांकलाई संकलन गर्नुपर्छ ।
  - भौतिक पहूँच अनुसार विधिहरू तयार पार्नुहोस (जस्तैः मोबाइलबाट तथ्यांक संकलन)
  - तथ्यांक सङ्कलनका औजारहरुलाई नमूना परिक्षण गरि आवश्यकता अनुसार समायोजन गर्नुहोस ।
  - फिल्डमा हुदै छड्के जांच र तथ्यांकलाई साफी गर्नुहोस ।
  - वास्तविक समय अनुगमनको लागि सूचना-प्रविधिको प्रयोगमा ध्यान दिनुहोस । यसले तथ्यांकमा केही गडबडी छ कि छैन भनेर हेर्न र तुरुन्तै तथ्यांकलाई जाँच गर्नमा मद्दत गर्दछ ।
- सहभागीहरूको सुरक्षा र मानसिक सुस्वास्थ्यमा सम्झौता नगर्ने गरि नैतिक, उद्देश्यपूर्ण, पारदर्शी र समावेशी विधिहरू प्रयोग गरेर लेखाजोखाको तथ्यांक संकलन गर्नुहोस । (याद गर्नु पर्ने कुरा, समावेशी र सहभागितामूलक विधिहरू कहिलेकाहीं सुरक्षासँग बाझिन सक्छन्, त्यसैले टोलीहरूले राम्रो निर्णय लिन सक्नु पर्ने हुन्छ ) ।
  - लेखाजोखा र तथ्यांकको प्रयोगका लागि सहभागीहरूलाई कारण सहित सूचित गर्नुहोस (सूचित सहमति)।
  - सहभागीहरूलाई नचिनिने गरी राख्नुहोस (अन्यथा सल्लाह नदिएसम्म)।
  - तथ्यांक सङ्कलन प्रक्रियाले सहभागीहरूलाई हानि गरेको वा तिनीहरुको समय व्यर्थ नगएको भन्ने यकीन गर्नुहोस ।
- फिल्डमा तथ्यांकको गुणस्तर सुधार गर्न प्रणालीहरू स्थापित गर्नुहोस ।
- लेखाजोखा टोलीको संरचनाले लिङ्ग, उमेर, अपाङ्गता, र लेखाजोखामा सहभागी समुदायको सांस्कृतिक विविधताहरु प्रतिबिम्बित गरेको सुनिश्चित गर्नुहोस ।
- आर्थिक गतिविधिमा आवद्ध हुन सक्ने क्रियाशील निकायहरुको पूर्ण दायरालाई संलग्न गराउने लक्ष्य राख्नुहोस ( जस्तै, थोक व्यापारी, खुद्रा विक्रेता, प्रशोधनकर्ता, खरिदकर्ता, र मूल्य श्रृङ्खला संगै अन्यहरु)।
- सहभागीहरु परिचित भएको भाषा र शैलीमा अन्तरवार्ताहरू सञ्चालन गर्नुहोस ।

- तत्काल अन्तरवार्ताको प्रक्रिया अगाडि नै अपेक्षाहरुबारे स्पष्ट पार्नुहोस (कुनै पनि वाचा गर्नबाट बच्नुहोस )।
- अन्तरवार्ताको दौरान स्थानीय चलन र रीतिहरूको आदर गर्नुहोस ।
- सबै दैनिक आर्थिक क्रियाकलाप वा सम्भावित लुकेका जनसंख्याहरु लेखाजोखाको दौरान समेटिएको छ भन्ने सुनिश्चित गर्न अन्तरवार्ता, अवलोकन वा स्थलगत भ्रमणलाई दिनको विभिन्न समयमा राखेर सूची बनाउनुहोस ।
  - साप्ताहिक वा मुख्य बजारका घटनाहरुलाई अनुगमन गर्न अन्तर्वार्ता/अवलोकनको सूची तयार पार्नुहोस ।
  - बारम्बार गरिने लेखाजोखाबाट घरधुरीहरुमा पर्न सक्ने सम्भावित लेखाजोखा थकान (Assessment fatigue) र आघातित (Traumatized) हुन् सक्ने कुरालाई ध्यानमा राखी त्यसलाई न्यून गर्ने प्रयास गर्नुहोस (हेर्नुहोस् *स्फियर हातेपुस्तिका संरक्षण सिद्धान्त ४: मानव मर्यादाको रक्षा*) ।

## मुख्य सूचकहरू

- तथ्यांकको स्रोतहरु विविध प्रकारका, सही, र उच्च गुणस्तर, र सम्भव भए सम्म सूचना संकलन प्रक्रिया सहकार्यात्मक र सहभागितामूलक हुन्छ ।
- तथ्यांक सङ्कलन गर्न प्रयोग गरिने विधिहरू सूचनाकर्ता र स्वार्थ समूहहरूको पूर्वाग्रह प्रति संवेदनशील हुन्छन्, जो द्वन्दलाई तीव्र पार्नमा सम्भावित कारक तत्व हुन सक्छन् ।
- तथ्यांकलाई धेरै स्रोतहरू र विधिहरू अपनाई छड्के-जाँच गरिन्छ ।
- प्रयोग गरिने विधिहरूले सर्वेक्षण सञ्चालन गर्नेहरूको वा सर्वेक्षण गरिएकाहरूको सुरक्षालाई जोखिममा पार्दैन ।

## मार्गदर्शनका लागि टिपोटहरु

### १.लेखाजोखाकर्ता र सूचनादाताहरुको सुरक्षा (Security of assessors and informants)

लेखाजोखा अन्तरवार्ताको स्थान वा समय लेखाजोखा टोली वा सर्वेक्षण गरिएका व्यक्तिहरूका लागि जोखिमयुक्त हुन सक्छ । अन्तरवार्ता सञ्चालन गर्न उपयुक्त स्थान र समयको निर्धारणमा लेखाजोखा टोलीले अन्तरवार्ताका लागि छनौट गरिएका स्थानहरूको सुरक्षामा ध्यान दिनु पर्छ । कुनै पनि हालतमा लेखाजोखा अन्तरवार्ताले या त अन्तरवार्ता लिने वा अन्तरवार्ता दिनेलाई अनावश्यक शारीरिक वा मनोबैज्ञानिक हानि हुन सक्ने जोखिममा (जस्तैः आघातलाई पुनः जीवित गर्ने) राख्न हुदैन । सम्भव भएसम्म सूचित सहमति प्राप्त गर्नु पर्दछ ।

### २.पूर्वाग्रह र स्वार्थ समूहहरू (Biases and interest groups)

लेखाजोखा विभिन्न स्वार्थ समूहहरु र सूचनादाताहरूका बीच हुन सक्ने सम्भावित पूर्वाग्रह प्रति संवेदनशील हुनु पर्दछ । अनुसन्धानकर्ताहरूले गैर-अगुवा प्रश्नहरुको प्रयोग गर्नुपर्छ र तथ्यांक सही छ कि छैन भनेर निर्धारण गर्न विभिन्न

स्रोतहरूसंग भिडाएर प्रमाणित पनि गर्नुपर्छ । छड्के जांच, नतिजाहरु दाँज्ने र बहुविधिलाई प्रयोग गर्न प्रोत्साहन गर्नुपर्छ ।

**उदाहरण**

कार्यक्रमका कर्मचारीहरु उचित पुनर्लाभका प्याकेजहरू प्रदान गर्नको लागि खेती प्रथाको बारेमा बुझ्न चाहन्थे । गणकहरुले रोपाईको निर्णय कसले गर्छ भनेर सोध्दा लगभग सबै उत्तरदाताहरुले घरमा त श्रीमानले नै निर्णय गर्छन भनेर जवाफ दिए । अन्ततः एक जना महिला गणकले यदि रोपाईको निर्णय महिलाहरुले लिन्छन भनेर स्वीकार्यो भने श्रीमानको इज्जत जान्छ भनेर आफ्नो टोली नेतालाई भनिन् । कसले कुन बाली माथी काम गर्छन भनेर सोध्न र महिला र पुरुष बिचमा कृषि कार्यको प्राथमिकताको भिन्नतालाई राम्रोसंग समेट्नका लागि प्रश्नहरुको शब्दावलीहरु हेरफेर गरियो ।

## ३.पारदर्शिता (Transparency)

अपेक्षाहरूको स्पष्टीकरण महत्वपूर्ण हुन्छः तथ्यांकहरु कसरी प्रयोग हुनेछन्, र लेखाजोखामा सहभागिता जनाए वापत सट्टामा के दिइनेछ वा छैन भन्ने बारेमा स्पष्ट हुनुहोस ।

## ४.विधिहरुको छनौट (Choice of methods)

सरल, संक्षिप्त र लिङ्ग र उमेर-निर्दिष्ट जानकारी, र, सम्भव छ भने, सम्पत्ति र जीविकोपार्जनसंग सम्बधित छुट्टा छुट्टा छुट्टै जानकारी दिने खालको प्रभावकारी विधिहरू छनौट गर्नुहोस । सांस्कृतिक रूपमा संवेदनशील भए पनि सीमान्तकृत समूहहरु (महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत) र सार्वजनिक रूपमा बोल्ने अधिकार नभएकाहरु समेतको सहभागितालाई प्रोत्साहन र सहजीकरण गर्न आवश्यक विधिहरू प्रयोग गर्नुहोस । (सामान्य र सीमान्तकृत समूहहरू लगायतको विधि माथि थप विवरणका लागि अनुसूचीमा भएका औजारहरू विशेष गरी, CLARA औजारलाई हेर्नुहोस्) ।

## ५.समय (Timing)

मौसमी भिन्नताहरू सहित आपूर्ति/माग, मूल्य, र खाद्यान्न कम उत्पादन हुने मौसममा बढ्दो संकटासन्नताको अवधिबारे सजग हुनुहोस ।

**उदाहरण**

एउटा परियोजनाको आधाररेखा विशेष गरी राम्रो कटनी भएको वर्षको दौरान गरिएको थियो । अर्को वर्ष खडेरी लागेको बेला उचित स्तरको सहायता प्रदान गर्नको लागि कसलाई एउटा 'सामान्य' वा औसत वर्ष मान्न सकिन्छ भनेर बुझ्न प्रतिकार्य गर्ने संस्थालाई अतिरिक्त तथ्यांक स्रोतहरू प्रयोग गर्न आवश्यक भयो ।

# लेखाजोखा र विश्लेषण सम्बन्धी मापदण्डहरु ४
# विश्लेषण उपयोगी र उपयुक्त छ

तथ्यांक र सूचनाको विश्लेषण समसामयिक, पारदर्शी, समावेशी, सहभागितामूलक, उद्देश्यमूलक र कार्यक्रम निर्णयका लागि सान्दर्भिक छ ।

## मुख्य क्रियाकलापहरु

- विश्लेषण गर्नु भन्दा पहिले तथ्यांकलाई पूर्णतया सफा र व्यवस्थित गर्नुहोस ।
- स्थानीय मानवीय क्रियाशील निकायहरू (सार्वजनिक र निजी) सँग विश्लेषणको लागि समन्वय गर्नुहोस ।
- प्राथमिक तथ्यांक आउँदा आफूले गरेको अनुमानलाई चुनौती दिनुहोस र आवश्यकता अनुसार अन्य नातिजाहरुसंग दाँज्नु होस ।
- कार्यक्रमगत सम्बोधनको लागि निर्णय गर्न गहन विश्लेषण र छिटो परिणाम साझा गर्नु पर्ने आवश्यकता बिच हेरफेर गर्ने बारेमा ध्यान दिनुहोस ।
- विश्लेषणको योजना पूर्वतयारी, योजना, र क्षेत्रगत कार्य चरणहरू ( *लेखाजोखा र विश्लेषण मापदण्ड १, २ र* ३ हेर्नुहोस् ) र लेखाजोखा योजनामा पर्याप्त मात्रामा समेटिएको सुनिश्चित गर्नुहोस ।
- विश्लेषण र नतिजाको प्रस्तुतिको ढाँचालाई विभिन्न प्रयोगकर्ताहरूले बुझ्न सक्छन् (अर्थात् विशेषज्ञहरू मात्र होइनन) भनेर सुनिश्चित गर्न त्यसको समीक्षा गर्नुहोस ।
- विश्लेषणको नतिजालाई समुदायको विविध समूह सदस्य र अन्य सरोकारवालाहरूसँग प्रमाणित गर्नुहोस् ।

## मुख्य सूचकहरु

- विश्लेषणात्मक प्रतिफलले अत्याधुनिक विधि र औजारहरुको प्रयोग गर्दछ (जस्तै दूर संवेदन प्रणाली (Remote Sensing), विशाल तथ्यांक, मोबाइल तथ्यांक सङ्कलन, र क्राउडसोर्सिङ (Crowdsourcing), अर्थमिति (Econometrics) र तथ्याङ्कहरु), तर जटिल विश्लेषणहरूले स्पष्ट र सरल निष्कर्ष प्राप्त गर्छ भन्ने कुरालाई सुनिश्चित गर्नुहोस ।
- विश्लेषणात्मक परिणामहरु यथा समयमा तयार गरिन्छ र यसले कार्यक्रम तर्जुमाको लागि उपयोगी र विस्तृत जानकारीहरु (जस्तैः लक्षित समूह, स्थान र क्रियाकलापको प्रकार) उपलब्ध गराउँछ ।
- कार्यक्रमको नमूना र रुपरेखा वा खाका ठोस विश्लेषणात्मक निष्कर्षमा आधारित हुन्छन ।
- विश्लेषणलाई प्रमाणित गर्ने कार्यमा सबै स्तरमा सरोकारवालाहरु संलग्न हुन्छन् ।

- तथ्यांकलाई जनहितको लागि प्रयोग गरिन्छ र सम्भव भएसम्म जवाफदेहीता, सुरक्षा र संरक्षणका पक्षहरूलाई ध्यान दिंदै साझा गरिन्छ ।
- अनुगमनका तत्वहरुलाई विश्लेषणबाट अलग गरिन्छ ।

## मार्गदर्शनका लागि टिपोटहरु

### १.गति विरुद्ध गहिराई (Speed vs depth)

गहन विश्लेषण र छिटो परिणाम साझा गर्नु पर्ने आवश्यकता बिचको हेरफेर विशेष गरी तत्काल प्रतिकार्य चरणको दौरानमा महत्वपूर्ण हुन्छ, तर यो लगभग सबै लेखाजोखाहरुमा समेटिएको हुन्छ । सही सन्तुलन प्राप्त गर्न एउटा मुख्य कुरा भनेको जानकारी कसले प्रयोग गर्छ, कुन स्तरको विवरण निर्णय गर्नका लागि आवश्यक छ, र यी प्रश्नहरू लेखाजोखाको समग्र कार्यक्षेत्रसँग कसरी सम्बन्धित छन् भनेर थाहा पाउनु हो । यदि केही विश्लेषण गर्न धेरै समय लाग्ने सम्भावना छ भने, टोलीले उपलब्ध विभिन्न प्रतिवेदनहरू माथि पनि ध्यान दिन सक्छ; सम्भव भए सम्म चाडै नै सरल तथ्यांकहरु बाहिर ल्याउनु होस र धेरै समय आवश्यक पर्ने विश्लेषणका प्रतिवेदनहरू पछि जारी गर्नुहोस ।

### २. कार्यक्षेत्रको समिक्षा गर्दै श्रोताको ख्याल गर्नुहोस (Review scope and consider the audience)

विश्लेषणको सुरुवातमा, कार्यक्षेत्र बारे स्पष्ट बुझाईबाट सुरु गर्नुहोस । सम्पूर्ण अभ्यासको मुख्य उद्देश्य के हो? पहिले नै बनाइएको योजनाको आधारमा कुन मुख्य प्रश्नको जवाफ तपाईं दिन चाहनुहुन्छ ? साथै विश्लेषणको अन्तिम प्रयोगकर्ताहरूको बारेमा पनि सोच्नुहोस । राम्रा कार्यक्रमहरु छनौट गर्न तिनीहरूलाई कस्तो जानकारी आवश्यक छ ? तिनीहरूले तथ्यांकको गुणात्मक प्रतिनिधित्वलाई वा संख्यालाई राम्रोसंग प्रतिकार्य गर्नेछन ? पूरा गरिएको विश्लेषणको प्रयोगहरू र प्राथमिकताको बुझाइले टोलीलाई सबैभन्दा महत्वपूर्ण विश्लेषणको तत्वहरूमा ध्यान केन्द्रित गर्न दिन्छ र त्यस्ता गणनाहरु गर्नमा समय खेर फाल्ने दिदैन जसको प्रयोग हुने सम्भावना कम हुन्छ ।

### ३.प्रमाणीकरण (Validation)

विश्लेषण लगभग समाप्त भएपछि तिनीहरूको प्रसङ्गमा विश्लेषण सान्दर्भिक र उपयोगी छ कि छैन भनेर सुनिश्चित गर्न यसलाई सबै स्तरमा विभिन्न सरोकारवालाहरुसँग प्रमाणित गर्नुपर्छ । प्रमाणीकरण गर्ने कार्य प्राय:जसो बैठक वा कार्यशालाको रुपमा हुन्छ जहाँ प्राप्त गरिएका नतिजाहरुलाई प्रस्तुत गरिन्छ, र स्थिति बारे ज्ञान भएकाहरुले निष्कर्षहरु व्यावहारिक वा सत्य तथा विश्वसनीय (Ring–True) छन् कि छैनन् भन्ने जानकारी दिन्छन् । संकटासन्न समूहहरु (जस्तै महिला, वृद्ध, अपाङ्गता भएका व्यक्तिहरू)को आवाज प्रमाणीकरण प्रक्रियाको अवधिमा सुनिएको छ भन्ने सुनिश्चित गर्नुहोस ।

## ४.पूर्वाग्रहको व्यवस्थापन (Managing bias)

विश्लेषण र यसको प्रस्तुतिमा निहित कुनै पनि सम्भावित पूर्वाग्रहको बारेमा निष्पक्ष रहनु होस । पूर्वाग्रहको सम्भाव्य स्रोतहरूबारे सजग र केन्द्रित भएर कर्मचारीहरूले सबैभन्दा वास्तविक उत्तरदाताको दृष्टिकोणलाई बाहिर निकाल्न सक्छन् । प्रविधिको प्रयोगले कहिलेकाहीं असावधानीवश (inadvertently) नयाँ पूर्वाग्रहहरू ल्याउन सक्छ, यदि यसले पारदर्शीतालाई कम गर्छ भने त्यसबेला निश्चित स्तरको शिक्षाको आवश्यकता पर्दछ, वा तोकेको लैंगिकताको भूमिकामा उपयुक्त हुनुपर्छ । व्यापक प्रकारका सरोकारवालाहरूलाई विभिन्न तरिकाबाट जानकारी उपलब्ध गराउन प्रस्तुतिकरण पद्धतिको प्रयोग गर्न प्रयास गर्नुहोस ।

## ५.लचिलो रहनुहोस् (Stay flexible)

आइपर्ने अप्रत्याशित कुराहरुको लागि तयार हुनुहोस र तपाईले आशा गरे भन्दा फरक दिशातर्फ अघि बढ्न तयार हुनुहोस । हामी जे सोच्छौं त्यो हामीलाई थाहा हुन्छ भन्ने कुरालाई लेखाजोखाहरुले सधैं पुष्टि गर्दैनन (र गर्नु हुँदैन !) ।

# लेखाजोखा र विश्लेषण सम्बन्धी मापदण्डहरु ५
# नतिजाहरुको तत्काल प्रयोग

लेखाजोखाका नतिजाहरु साझा गरिएको र कार्यक्रम, नीति, वकालत, र संचार निर्णयहरूमा प्रयोग गरिएको सुनिश्चित गर्न तत्काल कदम चालिएको छ ।

## मुख्य क्रियाकलापहरु

- लेखाजोखा तथ्यांक र विश्लेषणहरुलाई प्रतिवेदन, सारांश र प्रस्तुतिहरूमा तुरन्तै संग्रहित गरिएको सुनिश्चित गर्नुहोस ।
- लेखाजोखाको निष्कर्षमा आधारित उपयुक्त प्रतिकार्यका विकल्पहरू निर्धारण गर्न प्रतिकार्य विश्लेषण गर्नुहोस ।
- कार्यक्रम तर्जुमा गर्न वा विद्यमान कार्यक्रमहरुलाई परिमार्जन गर्न लेखाजोखाको नतिजाहरुलाई प्रयोग गर्नुहोस ।
- नतिजाहरुलाई सार्वजनिक क्षेत्रमा व्यापक रूपमा उपलब्ध गराउन सम्बन्धित आन्तरिक तथा बाह्य दर्शकहरुमाझ नतिजाहरुलाई प्रसारित गर्नुहोस ।
- सबैभन्दा उपयुक्त र श्रोताहरुको पहूँचमा भएको निष्कर्ष वा नतिजाहरु प्रस्तुत गर्ने ढाँचाको विकास गर्नुहोस ।
- तिनीहरुको श्रोता, उपलब्धता र बुझाईको विस्तार गर्नको लागि लेखाजोखाको नतिजाहरु सम्बन्धित भाषा(हरू)मा अनुवाद गर्नुहोस । लेखाजोखाको नतिजालाई परामर्श गरिएका समुदायहरुसँग साझा गर्नुहोस ।
- लेखाजोखाको नतिजालाई उपयुक्त ठाउँहरुमा नीति निर्णयहरुलाई प्रभाव पार्न पैरवी गर्ने औजारको रूपमा प्रयोग गर्नुहोस ।

## मुख्य सूचकहरु

- सबै आर्थिक पुनर्लाभका परियोजनाहरू लेखाजोखाद्धारा सूचित गरिन्छ ।
- लेखाजोखाका तथ्यांक र विश्लेषणले कार्यक्रमको नमूना र रुपरेखाको बारेमा जानकारी दिन्छ ।
- लेखाजोखाका नतिजाहरु निर्णयकर्ताहरु (*स्फियर हातेपुस्तिका मुलभुत मापदण्ड २: समन्वय र सहकार्य* पनि हेर्नुहोस) लाई उपयुक्त मार्गदर्शन प्रदान गर्नका निमित्त परिचालित गरिन्छ ।
- लेखाजोखाको नतिजाहरुलाई प्रकाशित गरिन्छ र संभावित संवेदनशीलतालाई ध्यानमा राख्दै, निर्णय प्रक्रियामा आफ्नो प्रभाव बढाउनका लागि सम्बन्धित सरोकारवालाहरूलाई तुरुन्तै उपलब्ध गराईन्छ ।
- लेखाजोखाको नतिजाहरु विशेष श्रोताहरुको लागि स्पष्ट र उपयुक्त हुने भाषामा र ढाँचामा सम्प्रेषित गरिन्छ ।

# मार्ग-दर्शनका लागि टिपोटहरु

## १.प्रतिकार्य विश्लेषण (Response analysis)

प्रतिकार्य विश्लेषणले सम्भावित प्रतिकार्य विकल्पहरुको (नगदमा आधारित, जिन्सी वस्तुहरुको खरिदका विकल्पहरू, वा बजार सहयोगको विकल्पहरू लगायत ); दायरालाई सूचीबद्ध गर्ने; सम्भाव्यता, अन्तर र प्राथमिकताको विश्लेषण गर्ने; बजार जोखिम र अवसरहरूको खोजी गर्ने; र, अन्तमा, सबैभन्दा उपयुक्त प्रतिकार्यहरूलाई प्राथमिकता दिने जस्ता कार्यलाई समाविष्ट गर्दछ । सहमति बनाउनका लागि र सरोकारवालाहरूसँग संवाद गर्न दिन विश्लेषण यथाशक्य सहभागितामूलक हुनु पर्दछ । प्रतिकार्यहरूलाई प्राथमिकीकरण गरिंदा, केही मापदण्डहरूले लागत दक्षता र प्रभावकारिता, बजार प्रभाव, संस्थागत क्षमता, व्यक्तिगत रुचि, र राजनीतिक स्वीकार्यतालाई समावेश गर्ने बारे ध्यान दिनु पर्छ ।

## २.प्रचार-प्रसार (Dissemination)

लेखाजोखाको नतिजाहरुको वितरणले आर्थिक पुनर्लाभ कार्यक्रममा सहयोग र सहकार्य गर्न प्रोत्साहन गर्दछ । निर्णयकर्ताहरूलाई सम्मिलित गराउने तथा साझेदारहरु र स्थानीय अधिकारीहरूसँग लेखाजोखाको प्रक्रिया अवधिभरी गरिएको कामले लेखाजोखाको नतिजालाई तयार हुने बित्तिकै सबैको ध्यानमा ल्याउँदछ, र त्यसले विश्वास र सहयोगलाई प्रोत्साहित गर्दछ । लेखाजोखाले कार्यक्रम गर्न आवश्यक छ भनेर संकेत गरे पश्चात त्यसबेला मुख्य निर्णयकर्ताहरू(दाता, गैरसरकारी संस्था, सरकार) समक्ष दिईने संयुक्त प्रस्तुतिकरणले एउटा गति र संयुक्त जिम्मेवारी तथा स्वामित्वको अनुभूति (*मुलभूत मापदण्ड २* पनि हेर्नुहोस) निर्माण गर्न सक्दछ । लेखाजोखाका नतिजाहरु र लिईएका निर्णयहरु स्पष्ट रुपमा प्रभावित समुदाय र बजारका क्रियाशील निकायहरूलाई सम्प्रेषण गर्नु पर्दछ ।

### उदाहरण

नाइजरको अन्तर्राष्ट्रिय उद्धार समिति (आइआरसी)को नेतृत्व टोलीले संयुक्त राष्ट्र संघीय निकायहरू, दाताहरू र स्थानीय अधिकारीहरूसँग औपचारिक तथा अनौपचारिक माध्यमहरू मार्फत नियमित संवाद कायम गरेको छ । नियमित सूचना अद्यावधिक गराउनाले विकसित स्थितिको जानकारी दाताहरूलाई हुन्थ्यो, जसले आईआरसीलाई परियोजना र सम्झौताहरू बारे पुनःकुरा गर्नको साथसाथै उदियमान आवश्यकताहरुलाई पुरा गर्न नयाँ परियोजनाहरूको लागि लगानी सुरक्षित गर्न पनि सजिलो बनाउँदछ । केही दृष्टान्तहरूमा, आइआरसीद्वारा उपलब्ध गराइएको सूचनाले एउटा अर्को अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्रतिक्रिया आएको छ । तथापि, OCHA द्वारा आईआरसीले गरेको बहुक्षेत्र लेखाजोखाको वितरण पश्चात क्रियाकलापहरू शुरु गर्न गरिएका प्रतिबद्धताहरू पुरा गर्न चुनौतीहरू पनि आएका छन् । एउटा क्रियाशील आधिकारिक समन्वय प्रणाली केही समयको लागि लुप्त भएको थियो, जसले गर्दा क्रियाशील निकायहरूलाई जवाफदेही बनाइ यसलाई राख्न गाह्रो भयो ।

## ३.उपयुक्त ढाँचाहरु (Appropriate formats)

लेखाजोखाको नतिजाले विशिष्ट आवश्यकताहरू र विभिन्न श्रोताहरूको बुझाईको स्तरलाई पूरा गर्नु पर्दछ । संकटको समयमा निर्णयकर्ताहरुको समय तालिकाहरू प्राय व्यस्त हुन्छन् र समयको उच्च दवाब हुन्छ । जानकारीमूलक उत्पादनको लम्बाई र प्रकार तथा प्राविधिक विवरणको स्तरले प्रयोगकर्ताहरुको आवश्यकतालाई पुरा गर्नु पर्दछ । उदाहरणका लागि, वरिष्ठ कार्यक्रम व्यवस्थापकलाई एक वा दुई पृष्ठको छोटो संक्षिप्त जानकारी आवश्यक हुन सक्छ, सहयोगी साझेदारहरुले प्रस्तुतिकरण चाहन सक्दछन, र अनुगमन तथा मूल्याङ्कन बिशेषज्ञहरुका लागि लामो प्राविधिक प्रतिवेदन उपयुक्त हुन सक्दछ । सूचना दिने र प्रभावित मानिसहरूसंग लेखाजोखाको नतिजा साझा गर्न सामुदायिक सदस्यहरु वा उत्पादक संघसंग बैठक बस्नु उपयुक्त हुन्छ । विशेष गरी ठूलो वा व्यापक लेखाजोखा र निष्कर्षहरुलाई एक भन्दा बढी ढाँचाहरुमा प्रचार-प्रसार गर्न सकिन्छ । सूचना वा जानकारीलाई प्रतिनिधित्व गराउन नक्सा र खाकाहरु धेरै प्रभावकारी हुन सक्छन् जस्तै भौतिक सम्पत्ति, प्राकृतिक स्रोत, मानिसहरुको अवस्थिति र गतिविधिहरुको वितरण, र अन्य प्रकारका घटनाहरू (उदाहरणका लागि इलाका भरि विपदको प्रभाव)।

# लेखाजोखा र विश्लेषण सम्बन्धी मापदण्डहरु ६ कार्यक्रम चक्र भरी मूल्यांकन र अनुगमनको उपस्थिति रहन्छ

कार्यक्रम चक्रको अवधि भर  कार्यक्रमको कार्यसम्पादन र प्रभाव नीरन्तर र पुनरावृत्तिय तरिकाबाट लेखाजोखा गरिन्छ ।

## मुख्य क्रियाकलापहरु

- कार्यक्रम तर्जुमाको दौरान, परिवर्तनको सिद्धान्त (Theory of Change), तार्किक ढाँचा वा कुनै पनि निश्चित कार्यक्रमबाट अपेक्षित नतिजाहरूको श्रृंखलाको विकास गर्नुहोस र कार्यक्रमको शुरु देखि अन्त सम्म सावधानीपूर्वक र स्पष्ट रूपमा अनुमान तथा जोखिमहरूका बारेमा बताउनु होस ।
- कुनै पनि कार्यक्रमको अवधि भरि प्रत्येक अपेक्षित नतिजाहरु मापन गर्न सबै तहमा तार्किक ढाँचाको उपयुक्त सूचकहरूलाई परिभाषित गर्नुहोस ।
- सम्भाव्यता, अपेक्षित नतिजाहरुका लागि समयसीमा र तथ्यांकको प्रयोग हुने आधारमा प्रत्येक सूचकका लागि उपयुक्त तथ्यांक सङ्कलनका विधिहरू र आवृत्तिहरू निर्धारण गर्नुहोस ।
- सबै सरोकारवालाहरूबाट आदानप्रदान भएका प्रतिक्रिया सहित कार्यक्रमहरू संशोधन र सुधार गर्न तथ्यांकको प्रयोग गर्दै अनुगमनका तथ्यांक विश्लेषण गर्न, नतिजाहरू प्रचार-प्रसार गर्न रणनीति तर्जुमा गर्नुहोस ।
- मुख्य सूचकहरुमा तथ्यांकको नियमित सङ्कलन र विश्लेषण मार्फत कार्यक्रमहरुको अनुगमन गर्नुहोस ।
- कार्यक्रम कार्यान्वयनको दौरानमा हुने व्यापक बजार परिवर्तनहरूको अनुगमन गर्नुहोस ।
- कार्यक्रमसंग सम्बद्ध लागतहरू सावधानीपूर्वक पत्ता लगाउनु होस ।
- लेखाजोखामा पहिचान गरिएका आवश्यकताहरु कार्यक्रमले सम्बोधन गरिरहेको सुनिश्चितताको लागि अनुगमनको तथ्यांकलाई समीक्षा गर्न नियमित, रणनीतिक अनुसरण बैठकहरू गर्नुहोस ।
- बाह्य प्रभाव मूल्याङ्कन गर्न आवश्यक वा उपयोगी छ भने कहिले गर्ने भन्ने बारे रणनीतिक निर्णय गर्नुहोस ।
- कार्यक्रमको निर्णयहरुलाई सही तरिकाले मार्गदर्शन गरिरहेको छ कि छैन भनेर प्रारम्भिक मूल्याङ्कन र विश्लेषणको सान्दर्भिकताको लेखाजोखा गर्नुहोस ।
- बजारको अवस्था परिवर्तन भएमा, प्रारम्भिक लेखाजोखालाई पुनरावलोकन र अद्यावधिक गर्नुहोस र आर्थिक वा जीविकोपार्जनका अवस्थाहरूको अतिरिक्त तथ्यांक वा जानकारीको विश्लेषण गर्नुहोस, र कार्यक्रमगत परिवर्तन गर्न दिनुहोस ।

## मुख्य सूचकहरु

- कार्यक्रम तर्जुमाको दौरान परिवर्तनको सिद्धान्त, तार्किक ढाँचा, र/वा परिणाम श्रृंखलाहरुलाई वर्णन गरिएको छ ।
- नियमित रुपमा अनुगमनका तथ्यांक संकलन गरी विश्लेषण गरिएको छ ।
- कार्यक्रमहरुले अनुगमन र मूल्याङ्कनका तथ्यांक प्रक्रिया र मुख्य अनुमान, अपेक्षित प्रभावहरूलाई जाँच्न प्रयोग गर्दछन र आएको नतिजा अनुसार आवश्यक संशोधन गर्दछन् ।
- लेखाजोखा र विश्लेषण चलायमान प्रकृतिका हुन्छन र यसलाई राजनैतिक वातावरण र बजार विकास हुँदा अनुगमन गर्न कार्यक्रम संचालनमा एकीकृत गरिन्छ ।
- कार्यक्रमले सफलतापूर्वक अपेक्षित नतिजाहरु प्राप्त (प्रदर्शन र प्रभाव) गर्यो कि गरेन र प्रारम्भिक लेखाजोखाहरु कार्यक्रम तर्जुमा र कार्यान्वयनको लागि उपयुक्त र उपयोगी थियो कि थिएन भनेर निर्धारण गर्न अनुगमनको तथ्यांकलाई मूल्यांकनमा थप विश्लेषण गरिन्छ ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

### १.तार्किक ढाँचाहरु वा नतिजा शृंखलाहरु (Logical frameworks or results chains)

कार्यक्रम अनुगमन तथा मूल्याङ्कनले परियोजनाका कियाकलापहरु र प्रतिफलहरुलाई पछ्याउनु पर्छ, र कार्यक्रमका कियाकलापहरु र अपेक्षित प्रभाव बिच स्पष्ट, अभिलेखिकरण गरिएको कडी राख्दै कार्यक्रमका क्रियाकलापहरू र कल्पना गरिएका प्रभावहरू आधारित रहेको अनुमानहरूलाई निरन्तर रूपमा जाँच गर्नुपर्छ। कार्यक्रम तर्जुमा चरणको दौरानमा परिवर्तनको सिद्धान्त, तार्किक ढाँचा, र/वा परिणाम श्रृंखलाको स्पष्ट वर्णनले यसो गर्न दिन्छ । उपयुक्त तथ्यांक सङ्कलन र विश्लेषण (अनुसूचीमा नतिजा मापनको लागि DCED मापदण्डहरू हेर्नुहोस) सुनिश्चित गर्नका लागि सूचकहरु सबै तहमा नतिजाहरु वा परिवर्तनको अपेक्षित कमसँग प्रत्यक्षरुपमा सम्बन्धित हुनु पर्दछ । तार्किक ढाँचामा नभएका अनपेक्षित नतिजाहरुलाई स्विकार्नु पर्दछ ।

### २.नियमित अनुगमन (Regular monitoring)

जारी अनुगमन, मूल्याङ्कन, जवाफदेहिता र सिकाइले कहिलेकाँही दूतरूपले हुने परिवर्तन, आपतकालीन अवस्थामा बजारको प्रसङ्गहरुमा कार्यक्रमहरूलाई स्थिरतासंग अनुकूल हुनमा सक्षम बनाउँछ । कार्यक्रमको लक्षित गर्ने कार्य, तर्जुमा, स्थानमा परिवर्तनले कार्यकमको गुणस्तर बढाउन सक्छ र कहिलेकाहीं यसलाई चरणबद्ध अवधारणाद्वारा ( उदाहरणका लागि, पुनर्लाभको दौरान भन्दा तत्काल प्रतिकार्यमा फरक लक्षित), कार्यक्रम गुणस्तर र पारदर्शितालाई सहयोग गर्ने दातासँग नियमित कुराकानी गर्दै कार्यान्वयन गरिन्छ । निर्णय गर्न र कार्यक्रम सुधारका लागि समयमै जानकारी उपलब्ध गराउन वार्षिक वा अर्धवार्षिक मूल्याङ्कनमा भर पर्नुको साटो कार्यक्रमहरूले नियमित रुपमा

अनुगमनको तथ्यांक सङ्कलन र विश्लेषण गर्नुपर्छ । नियमित र व्यवस्थित अनुगमनबाट यसलाई राम्रोसंग प्राप्त गर्न सकिन्छ जसले बाह्य वातावरणमा कार्यक्रमको प्रतिफल, नतिजा र महत्वपूर्ण कारकहरुलाई पछ्याउँछ । यसलाई सफल नतिजा र अपेक्षित प्रभावहरूसँग पनि जोडनु पर्छ । यसले कार्यक्रमलाई बदलिँदो अवस्था प्रति संवेदनशील बनाइ राख्दछ, त्यसैले, यदि आवश्यक भएमा, कार्यक्रम वा सम्बन्धित सूचकहरूलाई आवश्यकता अनुसार समायोजन गर्न सकिन्छ । उपयुक्त भएसम्म सम्बन्धित प्रविधिको फाइदा उठाउँदै तुलनात्मक रूपमा बारम्बार सानो मात्रामा सूचना सङ्कलन गर्न लिन डेटा (lean data)लाई प्रयोग गर्न सकिन्छ ।

## उदाहरण

पश्चिम अफ्रिकी इबोला संकटको बेला एउटा प्रविधि मञ्चले राष्ट्रिय तथ्यांकलाई संकलन गऱ्यो र एउटा अनलाइन ड्यासबोर्ड मार्फत सबै साझेदारहरूलाई पूर्ण अनुगमनको तथ्यांकहरु उपलब्ध गरायो । यसमा पहूँचहुनेहरु वा कार्यशालाहरुमा विश्लेषण बारे अन्तरक्रिया गर्नेहरूले यो धेरै उपयोगी भएको पाए । उदाहरणका लागि, केही साझेदारहरूले भौगोलिक क्षेत्र र परिचालन विधिहरुमा क्रियाकलाप-तहका तथ्यांकको जवाफमा तिनीहरूको परिचालकहरुको क्रियाकलापहरुलाई पुनर्निर्देशित गरे ।

## ३.चालू लेखाजोखाको अध्यावधिक विवरण (Ongoing assessment updates)

द्वन्द र संकटको वातावरणहरु गतिशील हुन्छन् । तीव्र गतिमा परिवर्तन भइरहेको वातावरण प्रति संवेदनशील हुन तथ्यांक सङ्कलन र विश्लेषण निरन्तर हुनु आवश्यक हुन्छ । लेखाजोखाको पुनर्विचारले कार्यक्रमले नचिताएको परिणाम पत्ता लगाउन सक्छ र संस्थाहरूलाई घरधुरीहरुमा पर्ने नकारात्मक प्रभावलाई कम गर्नलाई समायोजन गर्न वा क्रियाकलापको कुनै अप्रत्याशित सकारात्मक लाभहरुलाई उच्चतम सीमासम्म पुऱ्याउनमा मद्दत गर्न सक्दछ (*मिस्मा मापदण्ड ५* पनि हेर्नुहोस).

# उध्यम र बजार प्रणाली विकास मापदण्डहरु

## मापदण्ड १

बजार प्रणालीहरुका कर्मचारीलाई संकट पश्चात तत्काल पठाउनुहोस ।

## मापदण्ड २

बजार प्रणाली विश्लेषणलाई चाँडै कार्यन्वयन गर्नुहोस र लगातार अनुकुलित गर्नुहोस ।

## मापदण्ड ३

अनुकुलित र जोखिम सचेत हुनुहोस ।

## मापदण्ड ४

विद्यमान बजारका क्रियाशील निकायहरुसंग कार्य गर्नुहोस र सहजीकरण पद्धति अपनाउनु होस् ।

## मापदण्ड ५

उद्यमशीलता र बजार प्रणालीहरुको विकास र सम्भावनालाई सहयोग गर्नुहोस ।

# ३. उद्यम र बजार प्रणाली विकास मापदण्डहरु

उद्यम र बजार प्रणाली विकासको अर्थ व्यक्ति र व्यवसायहरुको आर्थिक तथा जिविकोपार्जनका गतिविधिहरुलाई सहायता गर्नु हुन्छ । यसमा स्वरोजगार देखि औपचारिक वा अनौपचारिक ठूलो व्यापारिक कार्य संचालन जस्ता सबै कुराहरु समावेश हुन्छन् । जीविकोपार्जन भनेको आर्थिक रणनीतिहरु हुन् जसलाई जनताले राख्न, उपयोग गर्न, र आय आर्जन गर्नलाई सम्पत्ति हस्तान्तरण गर्न प्रयोग गर्दछन । उद्यमी र किसानहरु लगायत उद्यमहरू बजार प्रणालीलाई बुझ्नको लागि प्रवेश बिन्दू हो । जीविकोपार्जन र बजार प्रणाली कार्यक्रमहरु दुवैले घरपरिवारहरु वा व्यवसायलाई प्रत्यक्ष रूपमा सहयोग गर्न सक्दछन् वा सम्पूर्ण बजार प्रणालीलाई मद्दत गर्न वा मुल्य श्रृङ्खला पुनर्लाभ हासिल गर्न वा अधिक प्रभावकारी रूपमा क्रियाशील हुनमा अप्रत्यक्ष अवधारणाहरू प्रयोग गर्दछन् । महत्वपूर्ण वस्तु र सेवामा मानिसहरूको पहूँच बढाउनमा सहायता गर्नका लागि यी मापदण्डहरूले जीविकोपार्जन र बजार प्रणालीलाई संकट भन्दा पहिले, दौरानमा र/वा पछि सहायता गर्न र लक्षित घरपरिवारहरुलाई स्थिर बनाउन वा तिनीहरुको आय (*मुलभूत मापदण्ड १* पनि हेर्नुहोस) वृद्धिका लागि मद्दत गर्न प्रोत्साहन दिन्छन् ।

बहुसरोकारवाला समन्वय (सरकार, निजी क्षेत्र, नागरिक समाज) र अन्तरक्षेत्रीय समन्वय प्रायः आवश्यक हुन्छ (*मुलभूत मापदण्ड २* पनि हेर्नुहोस) । लक्षित जनसंख्याको आयलाई स्थिर वा वृद्धि गर्न खोज्ने कार्यक्रमलाई मार्गदर्शन गर्न यी मापदण्डहरू लक्षित हुन्छन र यी मापदण्डहरुको प्रयोगले बजारको विकृति कम हुन्छ । धेरै व्यवसायहरुका लागि, यो अवधारणालाई बढेको बिक्री, वृद्धि र प्रतिस्पर्धाको सन्दर्भमा वर्णन गर्न सकिन्छ; तथापि, अन्तिम परिणाम भने अझै पनि बढेको वा बढी स्थिर राजस्व नै हुन्छ । उद्यम र बजार प्रणाली विकासका उदाहरणहरु यी हुन् :

- संकट पछि एउटा सम्भावित बजारमा व्यापार शुरु वा पुनःशुरु (जस्तैः आन्तरिक विस्थापितहरुले द्वन्द पछि व्यवसाय पुनः शुरु गर्ने) गर्नका लागि व्यक्तिहरूलाई प्राविधिक सहायता वा पूँजी सहयोग गर्ने ।
- सूचनालाई विभिन्न व्यवसायीको पहूँचमा पुऱ्याउन (जस्तैः उत्पादनको गुणस्तरमा प्राथमिकता, मूल्यको स्तर, विशिष्ट गुणहरु, वा इच्छित वस्तुहरुको प्रकार) बजार प्रणालीमा व्यावसायिक सूचना प्रवाहलाई सहजीकरण गर्ने ।
- बजारमा विभिन्न तहमा क्रियाशील निकायहरू (उदाहरणका लागि उत्पादकहरू देखि खरिदकर्ता, थोक बिक्रेताहरु देखि ढुवानीकर्ता सम्म) बिचको सम्बन्धलाई शुरुवात गर्ने वा बलियो बनाउने ।
- दक्षता वा गुणस्तरमा सुधार (जस्तैः कुनै निश्चित बजारमा थोक विक्रेता वा आयातकर्ताको लागि सम्मेलन आयोजना गर्ने) गर्नको लागि बजार प्रणालीको एउटै तहमा क्रियाशील निकायहरू बिचको सम्बन्धलाई सुदृढ पार्ने ।
- अरूलाई सहजीकरण गर्न प्रोत्साहन गर्ने वा समय समयमा व्यवसायहरूलाई आवश्यक सेवाहरू प्रत्यक्ष रुपमा प्रदान गर्ने (जस्तैः विशेष लगानी, पशुपालकहरुका लागि पशु चिकित्सा सेवाहरू) ।

# उध्यम र बजार प्रणालीहरु विकास मापदण्ड १ बजार प्रणालीहरुका कर्मचारीलाई संकट पश्चात तत्काल पठाउनुहोस

राहतका क्रियाकलापहरू बजार र जीविकोपार्जनमा पर्ने नकारात्मक प्रभावलाई सीमित गर्ने तरिकामा तर्जुमा गरिएको सुनिश्चित गर्न बजार प्रणालीका प्राविधिक कर्मचारीहरुलाई सर्वप्रथम प्रतिकार्य गर्ने निकायहरुसंग तैनाथ गरिन्छ । जुनसुकै पद्धति अपनाए तापनि (बजारसंग मेलखाने राहत, बजार-संवेदनशील राहत आदि), कार्यक्रमको योजना र तर्जुमाले बजारका क्रियाशील निकायहरु र विद्यमान सञ्जालहरूलाई सबैभन्दा ठूलो मात्रामा प्रयोग गरिएको सुनिश्चित गर्नुपर्छ, । दीर्घकालीन नकारात्मक प्रभावहरू सीमित छन् र स्थिति परिवर्तन हुँदा तिनीहरूले अधिकतम लचिलो तरिकाले प्रतिकार्य गर्न सकुन भनेर कार्यक्रमहरू तर्जुमा गरिएका छन् ।

## मुख्य क्रियाकलापहरु

- बजार प्रणालीको अवस्था, प्रतिकार्यहरुले निजीक्षेत्रका क्रियाशील निकायहरूलाई कसरी असर गर्न सक्छ, र दीर्घकालीन पुनर्लाभका विषयहरू माथि सुझावहरु संकलन भएको सुनिश्चित गर्न बजार प्रणालीका प्राविधिक कर्मचारी अन्य क्षेत्रहरूका लागि लेखाजोखाको विकास गर्नमा सहभागी हुन्छन ।
- सबै किसिमको राहतले बजारलाई असर गर्छ भन्ने कुरा थाहा पाउनु होस र केही हदसम्म बजारका क्रियाशील निकायहरू मार्फत काम गर्न राहतका लागि अवसरहरूको पहिचान गर्नुहोस ।
- विद्यमान स्थानीय निजी क्षेत्रका आपूर्तिकर्ता र उद्यमहरूलाई राहत परिचालनमा सहायता र प्रयोग गर्न सहमति समता र शक्ति गतिशीलतालाई ध्यान दिदै अवसरहरुको खोजी गर्नुहोस ।
- लेखाजोखा र कार्यक्रम कार्यान्वयनमा स्थानीय निजी क्षेत्रका दुवै औपचारिक र अनौपचारिक क्रियाशील निकायहरूसँग सहकार्य गर्दै उनीहरुलाई संलग्न गर्नुहोस । यसमा चेम्बर अफ कमर्स, सहकारी सञ्जाल, व्यापारीक संघसंस्थाहरु, र साना किसान समूह/संघसंस्थाहरु समावेश हुन सक्छन् ।
- समूहगत तहमा, अन्य संस्थाहरु र सरकारी संस्थाहरूसंग समन्वय भएको सुनिश्चित गर्नुहोस, र संयुक्त प्रस्तावहरूमा विद्यमान बजारको गतिशिलतालाई ध्यानमा राख्न पर्याप्त लचकतालाई (*मूलभुत मापदण्ड २ पनि हेर्नुहोस*) समावेश वा प्रोत्साहित गर्नु पर्छ भन्ने थाहा पाउनु होस ।
- वस्तु तथा सेवा प्रवाहको लागि समानान्तर प्रणाली बसाल्न नदिन बजार कर्मचारीले खरिद कर्मचारीसँग काम गर्छन ।

## मुख्य सूचकहरु

- बजारमा विशेषज्ञता भएका कर्मचारीहरूलाई देशभित्र खटाइन्छ वा पहिचान गरिन्छ ।
- टोलीले बजार अवधारणालाई क्रियाकलापहरुमा एकीकृत गर्ने अवसरहरूको खोजी गर्दछ ।
- सम्भव भएसम्म वा अन्य अवस्थामा हालको स्थानीय बजारका क्रियाशील निकायहरू मार्फत प्रवाहलाई प्राप्त गरिन्छ र  त्यो सम्भव हुने समयलाई पहिचान गरिन्छ ।
- दीर्घकालीन लक्ष्यलाई सहजीकरण गर्नका लागि अल्पकालीन समाधानहरूको तर्जुमा गरिन्छ ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

### १.दिर्घकालिन प्रभाव (Longer term impact)

संकट पश्चातका धेरै जसो क्रियाकलापहरू तत्कालिक आवश्यकताहरु पूरा गर्न मै केन्द्रित हुन्छन् । तैपनि, आपतकालीन अवस्थाले पनि बजारको कार्य र व्यापारिक सञ्जाललाई क्षति पुऱ्याउँछ । मानवीय कार्यक्रमहरुले पुनर्लाभमा सहभागी हुन स्थानीय निजी क्षेत्रको सम्भाव्यताका साथै तिनीहरूको पुनर्लाभको आवश्यकताहरुलाई ध्यान दिएन भने अतिरिक्त हानि हुन सक्दछ । व्यापक बजार प्रणालीलाई ध्यान नदिने अल्पकालीन क्रियाकलापहरूले भविष्यमा पुनर्लाभ हुने पक्षहरुलाई कमजोर बनाउने र जीविकोपार्जनलाई सम्भवतः नष्ट गरि दिने सम्भावना हुन्छ । सबै परियोजनाका योजना र तर्जुमाले क्रियाकलापको दीर्घकालीन प्रभावलाई अनिवार्य रुपले ध्यान दिनु पर्दछ ।

### २.खरिद कार्य (Working with procurement)

हामीले कोबाट खरिद गर्छौ त्यसको छनौट गर्नु एकदमै महत्वपूर्ण हुन्छ । स्थानीय बजार र जीविकोपार्जन (यदि जिन्सी वस्तुहरु उपयुक्त प्रतिकार्य हो भने जहाँ सम्भव हुन्छ, लागत बढी भए पनि स्थानीय निजीक्षेत्रका क्रियाशील निकायहरुबाट खरीद गर्नमा ध्यान दिनुहोस) पुनर्निर्माण गर्न वस्तु तथा सेवाहरूको रणनीतिक प्राप्तिका लागि सम्भाव्यताको खोजि गर्नुहोस । युएसएआईडी र संयुक अधिराज्य अन्तर्राष्ट्रिय विकास बिभाग (डीएफआइडी) लगायतका दाताहरुले प्राय यस्ता कुराहरुलाई स्पष्टसित प्रोत्साहन दिन्छन । खरिद प्रक्रियाहरुले विद्यमान शक्ति असन्तुलनलाई झनै बिगार्दैन भनेर सुनिश्चित गर्नुहोस ।

# उद्यम र बजार प्रणालीहरु विकास मापदण्डहरु २ बजार प्रणाली विश्लेषणलाई चाँडै कार्यन्वयन गर्नुहोस र नीरन्तर अनुकूलन गर्नुहोस

आपतकालीन अवस्थाको लगत्तै पछि अन्य आवश्यकताहरूको लेखाजोखा सँगसँगै बजार विश्लेषण हुन्छ। चाडै बदली रहने प्रसङ्गमा यी विश्लेषणहरूको अनुगमन र अद्यावधिक गर्नका लागि समय बनाइएको छ।

## मुख्य क्रियाकलापहरु

- भविष्यमा संकटको सामना गर्न सक्ने क्षेत्रहरूमा काम गर्दा, पूर्व-योजनाले महत्वपूर्ण बजार प्रणालीहरुका लागि संकटासन्नताको लेखाजोखा समावेश गरेको सुनिश्चित गर्नुहोस (*लेखाजोखा र विश्लेषण मापदण्ड १* पनि हेर्नुहोस)।
- जीविकोपार्जन र बजारका लागि जोखिम, संकटासन्नता, र अवसरको चेतनासंगै आपतकालीन प्रतिकार्यका क्रियाकलापहरु शुरु देखि नै तर्जुमा गर्नुहोस (मिस्मा पनि हेर्नुहोस)।
- कार्यक्रमको योजना बनाउँदा हुने आर्थिक प्रभावहरुको अतिरिक्त विशिष्ट समूहको (महिला, युवा, अपाङ्गता भएका मानिस, वृद्ध, र विपन्न जातजाति) आवश्यकतालाई ध्यान दिनुहोस। सबैभन्दा बढी सीमान्तकृतहरु तथ्यांकमा समेटिने सम्भावना अति कम हुन्छ भन्ने कुरालाई पहिचान गर्नुहोस।
- स्थानीय बजार प्रणालीका क्रियाशील निकायहरुको विद्यमान सम्बन्ध र ज्ञान तथा लक्षित बजार प्रणालीमा काम गर्ने विद्यमान विकास कार्यक्रमका क्रियाशील निकायहरूलाई ध्यान दिनुहोस।
- मानवीय प्रसङ्गहरूको बदलिंदो प्रकृतिको पहिचान गर्दै लेखाजोखाहरुलाई बारम्बार अद्यावधिक गर्नुहोस, र अघिल्लो लेखाजोखाका आधारमा तयार गरिएको चालू लेखाजोखाले नयाँ र/वा राम्रो सूचना ल्याउँछ भन्ने सुनिश्चित गर्नु होस र यसले बदलिंदो बजार प्रणालीको गतिशीलतालाई झल्काउँछ।
- माग/आपूर्तिको अन्तर सम्बन्धी सूचना संकलन गर्दा औपचारिक र अनौपचारिक बजारबाट प्राप्त जानकारी समावेश गर्नुहोस।
- विश्लेषणको निष्कर्ष साझा गर्नका लागि सर्वोत्तम तरिकाहरू खोज्न र कसरी विशिष्ट जनसंख्याहरु (जस्तै महिला, कृषक, संकटासन्न समूह, अपाङ्गता भएका व्यक्तिहरु) र क्रियाशील निकायहरूहरू (जस्तै, व्यापारी, खुद्रा व्यापारीहरू) प्रभावित हुन सक्छन भन्ने कुरा प्रति सजग रहदै प्रभावित समुदाय र बजारका क्रियाशील निकायहरूसँग परामर्श गर्नुहोस।

- अन्य क्षेत्रहरुमा राहत तथा आर्थिक पुनर्लाभ कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्दा प्रयोग गरिने बजार प्रणाली लेखाजोखालाई प्रोत्साहित गर्नुहोस; बजार कर्मचारीहरूले तिनीहरूलाई व्यापक रूपमा साझा गर्नुपर्दछ र आवश्यकता अनुसार सहकर्मीहरूलाई सहायता गर्नुपर्दछ (*लेखाजोखा र विश्लेषण मापदण्ड ५* पनि हेर्नुहोस)।

## मुख्य सूचकहरु

- बजार संकटासन्नता लेखाजोखाहरु बजार प्रणालीको उत्थानशीलतालाई बलियो पार्ने क्रियाकलापहरु तर्जुमा गर्न प्रयोग गरिन्छ, र भविष्यमा, विशेष गरी, संकटग्रस्त क्षेत्रहरुमा राहत कार्यलाई मार्गदर्शनका लागि मद्दत गर्न बजार प्रणालीको 'आधार रेखा'को रूपमा प्रयोग गरिन्छ ।
- बजार लेखाजोखाको कार्यक्षेत्रमा अप्रभावित क्षेत्र समावेश हुन्छन - सबैभन्दा बढी संकटबाट प्रभावित क्षेत्रहरु भन्दा बाहिर भए पनि आवश्यक भएको स्थानमा आपूर्ति श्रृंखला विस्तार हुन्छ ।
- बजार प्रणाली विश्लेषणमा सहायता सेवाहरू, सरकारी पहलहरु, निजी क्षेत्रका समूह, औपचारिक नीति वातावरण, र अनौपचारिक सामाजिक र सांस्कृतिक मापदण्डबाट प्रभावित बजार प्रणाली सम्बन्धी जानकारी समाविष्ट हुन्छन् ।
- कार्यक्रम वा क्रियाकलापहरूमा परिवर्तन गर्न आवश्यक छ वा कुनै परिवर्तन गर्न आवश्यक छैन भनेर रुजु गर्न तथा क्रियाकलापहरु चालू हालतमा छन् भनेर निश्चित गर्न लेखाजोखा र विश्लेषणलाई नियमित रूपमा अद्यावधिक गरिन्छ ।
- विशिष्ट लक्षित समूह (महिला, युवा, किसान, अपाङ्गता भएका मानिसहरु)बाट प्राप्त सुझावहरु बुझिएको छ र प्रतिकार्य सम्बन्धी क्रियाकलापहरुमा उपयोग गरिन्छ ।
- वित्तीय र बजार विश्लेषणहरूमा तिनीहरूले प्रभावित पार्ने समुदाय र उद्यमहरू समावेश हुन्छन्, र ती सम्बन्धितहरूलाई सम्भाव्य जोखिम, प्रतिफल र न्यूनिकरणका रणनीतिहरूबारे मापन गर्न दिईन्छ ।
- कार्यक्रमहरुमा उद्यमहरूको आधारभूत वित्तीय र बजार लेखाजोखाहरू समावेश हुन्छन्, र क्रियाकलापहरूका लागि छानिएका उद्यमहरू आय र जोखिम दुबैको सन्दर्भमा, नाफामुलक र लाभप्रद हुन्छ भनेर देखाउँछन् ।
- उद्यमहरूलाई आफ्नो व्यापार कमजोर पार्न सक्ने आघातहरूको लागि तयार पार्नमा मद्दत गर्न जोखिम न्यूनीकरण रणनीतिलाई कार्यक्रममा समावेश गरिएको छ ।
- संकटासन्न घरधुरीहरु आफ्नो व्यापारिक क्रियाकलापहरुको विशिष्टीकरण वा विविधीकरण सम्बन्धी जानकारीमूलक निर्णय गर्न सक्षम छन् ।
- सम्भव र उपयुक्त भएसम्म निजीक्षेत्रका साझेदारहरूसँग पूर्व-विद्यमान साझेदारीको लाभ उठाउँदै स्थानीय बजारका क्रियाशील निकायहरू मार्फत घरधुरीहरुलाई राहत वितरण गरिन्छ ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

### १.पूर्वतयारी र पूर्व-संकट योजना (Preparedness and pre–crisis planning)

संकटग्रस्त क्षेत्र वा दीर्घकालिन संकट प्रभावित क्षेत्रहरुमा काम गर्ने संगठनहरुले संकटासन्नता लेखाजोखालाई तिनीहरूको बजार प्रणाली विश्लेषणमा समावेश गर्नुपर्छ । संकट आउनु पूर्व संकटासन्नता लेखाजोखा र सम्भावित आर्थिक आघातको कार्यक्षेत्रले पूर्वतयारीमा सुधार ल्याउन र आपतकालीन योजना बनाउने प्रयास बारे जानकारी दिन सक्छन्, जसले भविष्यमा आपतकालिन प्रतिकार्यको गति बढाउन, संकटासन्नताहरू घटाउन, र बजार प्रणाली भित्र उत्थानशिलता बढाउन मद्दत गर्छ । आपतकालीन अवस्था आउनु अघि बजार प्रणालीलाई लक्षित र सुदृढीकरण गरिएमा जीवन र जीविकोपार्जनमा विपद्को नकारात्मक असरलाई कम गर्न सकिन्छ ।

#### सचेतनात्मक कथा

भारतको उडिसामा सन् २०१३ र २०१५ मा दुईवटा चक्रवातले मकैबाली सखाप पारेको थियो । त्यसपछि ऋण तिर्न नसक्ने किसानहरूबाट पीडित थोक मकै खरिदकर्ताहरूले नोक्सानीको कारण अग्रिम ऋण दिन बन्द गरे । जब बीउ र अन्य लगानीहरुका लागि ऋण दिन बन्द गरियो, किसानहरुले मकै खेती गर्न छाडे, जसले त्यस क्षेत्रमा खाद्य असुरक्षा बढाउन सक्ने सम्भावना देखियो ।

### २.बजार प्रणाली विश्लेषण (Market systems analysis)

बजार प्रणालीहरु प्राय भौगोलिक रूपमा देशभरि फैलिन्छन् (वा यसको सिमाना भन्दा बाहिर) । कसरी संकटद्वारा प्रभावित नभएको क्षेत्रहरू पनि बजारको एउटा महत्वपूर्ण भाग हुन सक्छ, ताकि तिनीहरूले प्रतिकार्यबाट लाभ उठाउन सकुन भन्ने कुरा बुझ्नु महत्वपूर्ण हुन्छ । यसले यी बजार प्रणालीहरू प्रतिकार्यको क्रियाकलापहरूबाट विकृत नभएको सुनिश्चित गर्न पनि मद्दत गर्छ । व्यापक बजार प्रणालीमा क्रियाशील निकायहरूले प्रतिकार्यमा योगदान गर्न सक्षम हुन्छन र/वा यदि तिनीहरुलाई बजार विश्लेषणमा समावेश गरिएन भने आपतकालीन प्रतिकार्यबाट नकारात्मक रुपमा प्रभावित हुन सक्छन ।

#### सचेतनात्मक कथा

भूकम्प पछि मानवीय निकायहरूले भूकम्प प्रभावित क्षेत्रभित्र निःशुल्क सहयोगको रुपमा कृषि सामाग्रीहरुलाई वितरण गरे । प्रभावित क्षेत्रहरू बाहिरका किसान र व्यापारीको व्यवसायलाई कमजोर बनाएर यो वितरणले सामाग्री आपूर्ति बजार प्रणालीलाई कमजोर पाऱ्यो, किनभने तिनीहरूका ग्राहकहरूले यी सामाग्रीहरु निःशुल्क प्राप्त गरिरहेका थिए र त्यसलाई खरिद गर्न पनि आवश्यक थिएन । त्यसै बेला भूकम्प प्रभावित क्षेत्रमा सिधा रुपमा बजार विश्लेषण संचालन

भएको थियो, जसले प्रत्यक्ष प्रभावित व्यक्तिहरूका लागि जीविकोपार्जनलाई पुनर्स्थापना गर्न सहायताको आवश्यकताहरुलाई पहिचान गऱ्यो, बजार विश्लेषणलाई बजार श्रृङ्खलामा आपूर्तिकर्ताहरूसम्म यसको विस्तार गरिएको थिएन र त्यसकारण यी निःशुल्क वितरणले व्यापक बजार प्रणालीमा गरेको प्रभावलाई ध्यान दिईएन ।

## ३.लेखाजोखाको लागि न्यूनतम मापदण्डहरु (Minimum requirements for assessments)

प्रतिकार्यको प्रारम्भमा, लेखाजोखाहरु चाँडो हुने तर  सहि नहुन सक्छ, तर पनि यसलाई स्वीकार्न सकिन्छ किनभने 'अवरुद्ध विश्लेषण' भन्दा 'राम्रो' विश्लेषण उत्तम हुन्छ । तथापि, प्रत्येक लेखाजोखाले बजार र जीविकोपार्जनको बुझाइमा केहि थप्नुका साथै अझ गहिरो बनाउनुपर्छ । विद्यमान बजारका क्रियाशिल निकायहरू (जस्तैः व्यापारी/बिक्रेताहरू) मार्फत काम गरेर लक्षित घरधुरीहरुमा राम्रोसंग पुग्न सकिन्छ । सम्पत्ति हस्तान्तरणका क्रियाकलापहरू (जस्तैः नगद र भाउचर) स्थानीय बजार मार्फत गर्नुपर्छ र सम्भव भएसम्म स्थानीय बजार प्रणालीहरुलाई सहायता गर्नुपर्छ (लेखाजोखा र विश्लेषण मापदंड र MiSMA पनि हेर्नुहोस).

## ४.राहत वृद्धिको प्रभाव (Effect of relief boom)

सम्भावित मुनाफाको पूर्वानुमानले एउटा व्यवसाय 'राहत वृद्धि' प्रति असुरक्षित हुने सम्भाव्यतालाई ध्यानमा राख्नुपर्छ । राहत कोष र कामदारहरू अर्थतन्त्रको हिस्सा भईरहेको बेलामा मात्र उद्यम र उद्योगहरू (जस्तैः रेस्टुरेन्ट वा निर्माण र यातायात कम्पनी) सुचारु हुन्छन् । बृद्धि पश्चात यस्ता प्रकारका उद्यमलाई सहायता गर्दा र व्यवसायहरुलाई सहयोग दिंदा सावधानी अपनाउनु पर्छ । विशेष गरी बदलिँदो वातावरणहरुमा विभिन्न सम्भाव्य नतिजाहरूको आधारमा वैकल्पिक रणनीतिहरूलाई हेर्नु लाभदायक हुन सक्छ ।

## ५.विश्लेषणमा सरोकारवालाहरूको संलग्नता (Involving stakeholders in analyses)

विश्लेषण गर्दा उद्यम, समुदाय र सहायताको लागि लक्षित व्यक्तिहरूको दृष्टिकोण र विचारलाई समावेश गर्नु पर्दछ, र त्यसलाई समन्वय गर्ने समूहहरुसंग साझा गर्नुपर्छ । विश्लेषणमा धेरै सरोकारवालाहरूलाई समावेश गर्नाले तिनीहरूलाई सम्भावित जोखिम र प्रतिफललाई अल्पकालीन र दीर्घकालीन रुपमा बुझ्नमा मद्दत गर्छ, र तिनीहरूलाई सुसूचित निर्णय गर्नमा सहयोग गर्छ । यसले विश्लेषणमा प्रयोग गरिएका जानकारी र अनुमानहरू भरपर्दो छन् भनेर सुनिश्चित गर्न मद्दत गर्छ । कार्यक्रम सन्चालन गर्दा सरोकारवालाहरूको उपलब्ध स्रोतहरू, हालसम्मको व्यवसायको कार्यसम्पादन र व्यवसाय तथा घरधुरीहरुले सहजै लिन सक्ने जोखिमको स्तर बुझ्नु आवश्यक हुन्छ । जब सबै सरोकारवालाहरूले विश्लेषणलाई बुझ्छन्, तिनीहरू कुनै खास दृष्टिकोणको सम्बन्धमा सुसूचित निर्णय गर्न सक्ने राम्रो

अवस्थामा हुन्छन् । यसले घरधुरिहरुलाई अझ दरिद्र बनाउन सक्ने सहायक क्रियाकलापहरूको जोखिमलाई कम गर्छ ( मुलभूत मापदण्ड २ र ५ पनि हेर्नुहोस)।

## उदाहरण

सन् २०1० को हाइटी भूकम्प पछि पोर्ट-अउ-प्रिन्समा एम्मा (EMMA) बजार लेखाजोखाले छाना बनाउने सामग्रीको बजार प्रणालीलाई हेऱ्यो । सरोकारवालाहरुसंग (साना निर्माण-सामाग्री आपूर्तिकर्ता, ठूलो निर्माण-सामाग्री आयातकर्ता, सरकार र मानवीय निकायहरु) कुरा गरेर विश्लेषकहरुले छानाका सामाग्रीहरूको आवश्यकता र भावी मार्गको पूर्ण चित्र पाउन सके । विश्लेषकहरूसँग कुरा गरेर र बजार नक्सा वा अवस्थाको समीक्षा गरेर, छत सामाग्रीको व्यवसायमा काम गर्ने मानिसहरूले कसरी बजार प्रणालीमा अन्यहरुको भूमिकाले तिनीहरूको प्रतिस्पर्धात्मकतालाई असर गर्न सक्छ भन्ने कुरा राम्रोसंग बुझ्न सक्षम भए । यसले तिनीहरूलाई आफ्नो व्यवसायको बारेमा धेरै सहि निर्णयहरू गर्नमा मद्दत गऱ्यो ।

## ६.अनौपचारिक सामाजिक र सांस्कृतिक मान्यताहरु (Informal social and cultural norms)

प्रोत्साहन, सम्बन्ध र बजार प्रणालीमा क्रियाशील निकायहरूको व्यवहारलाई परिभाषित गर्न सामाजिक र साँस्कृतिक मान्यताहरुले महत्वपूर्ण भूमिका खेल्दछन । लैङ्गिकता, जाति, र जनजातिको मुद्दाहरूमा सामाजिक र सांस्कृतिक मान्यताहरुको प्रभावलाई बुझ्न, र यिनीहरुले यी समूहहरू भित्र र बीचको सम्बन्धमा विशेष गरी द्वन्द र द्वन्द पश्चातका परिस्थितिहरूमा कसरी असर गर्छ भन्ने कुरा,महत्वपूर्ण हुन्छ जहाँ परिचयको मुद्दाहरू प्राय द्वन्द र सामाजिक सञ्जालहरुका संचालक हुन्छन र विश्वास अस्तव्यस्त र कमजोर भएका हुन्छन् ।

## उदाहरण

अफगानिस्तानमा थुप्रै किसानहरूले उद्यम विकास कार्यक्रमहरूलाई प्रतिकार गरे जसले बजार श्रृङ्खलाबाट बिचौलिया हटाउने वा उत्पादन बिक्रीको स्थानलाई परिवर्तन गर्ने प्रयास गरेको थियो । किसान र बिक्रेता बिचमा खरिद र बिक्रिको सम्बन्ध पुस्तौं देखि चलिरहेको थियो र यसलाई परिवर्तन गर्नु भनेको सामाजिक मान्यतालाई बिगार्नुका साथै समुदायभित्रको विश्वासलाई कमजोर पार्नु पनि थियो ।

# उध्यम र बजार प्रणाली विकास मापदण्डहरु ३ अनुकूलित र जोखिम प्रति सचेत हुनुहोस

कार्यक्रमले बजारको बदलँदो अवस्थालाई सम्बोधन गरिएको सुनिश्चित गर्न अनुकूलित र लचीलो व्यवस्थापन प्रविधिलाई सबै स्तरमा प्रयोग गरिन्छ ।

## मुख्य क्रियाकलापहरु

- बारम्बार आइरहने वा चालू संकटहरूको क्षेत्रहरूमा काम गर्ने पूर्व-संकटका कार्यक्रमहरूका लागि पूर्वतयारीका क्रियाकलापहरुको निर्माण गर्नुहोस, र अनपेक्षित संकटहरूलाई 'संकट परिमार्जक' जस्ता संयन्त्रहरू मार्फत सम्बोधन गर्न लचिलो बनाउनुहोस ।
- कार्यक्रमहरुलाई अधिकतम लचकताका साथ तर्जुमा गर्नुहोस जसले गर्दा क्रियाकलापहरुले घरपरिवारहरुमा परिवर्तन र सन्दर्भहरु विकास हुँदै जाँदा बजारको आवश्यकताहरुलाई अनुकूलन गर्न सक्छन् । यसमा प्रारम्भिक रुपरेखा, बजेट, व्यवस्थापन प्रणाली र अनुगमन र मूल्यांकन समावेश हुन्छ ।
- नियमहरुको पालना, अर्थ, खरिद, ठेक्का, र अन्य कार्य सञ्चालन टोलीहरू अनुदानमा भएको लचकताबारे सचेत छन् भन्ने सुनिश्चित गर्नुहोस, र आवश्यक कार्यक्रमगत परिवर्तनको लागि उपयुक्त समाधानहरु खोज्न कार्यक्रमका कर्मचारीहरुलाई मद्दत गर्नुहोस ।
- बदलिँदो बजारको गतिशिलता सम्बन्धी, विशेष गरी, प्रमुख वस्तुहरुको उपलब्धता, मूल्य तथा सेवाहरूको तथ्यांक समेट्न सक्ने अनुगमन प्रणाली स्थापना गर्नुहोस ।
- नियमित रूपमा अनुगमन तथ्यांकको समीक्षा गर्नुका साथै बदलिंदो बजार गतिशीलता प्रति कार्यक्रममा परिवर्तन गर्न यसलाई प्रयोग गर्नुहोस ।
- सहकार्यमूलक र लचिलो मानसिकता भएको कर्मचारीलाई नियुक्त गर्नु पर्छ, र अनुकूल व्यवस्थापन गर्न दिने प्रणाली स्थापना गर्नुहोस ।
- क्रियाकलाप र कार्यक्रम समीक्षाहरू बारम्बार सञ्चालन गर्नुहोस र कार्यक्रमका क्रियाकलापहरुलाई निष्कर्ष अनुसार समायोजन गर्नुहोस ।
- सरोकारवालाका सुझाव तथा प्रतिक्रियाका लागि प्रणालीहरु सिर्जना गर्नुहोस र तथ्यांकलाई कार्यक्रम समीक्षामा समाविष्ट गर्नुहोस ।

## मुख्य सूचकहरु

- आपतकालीन तथा प्रारम्भिक पुनर्लाभ कार्यक्रमहरू लचिलो र बजार प्रणालीमा भएको परिवर्तन वा सक्षम वातावरणलाई सम्बोधन गर्ने गरी तर्जुमा गरिएका छन् । कार्यक्रमहरूले अनुकूलित व्यवस्थापन प्रविधिहरुको प्रयोग गर्दछन् ।
- संकट हुने सम्भावना भएको अवस्थामा विकासका कार्यक्रमहरू लचिलो हुने गरी तर्जुमा गरिएका छन्, र द्रूत प्रतिकार्य गर्नमा सहजीकरण गर्न संकट परिमार्जक वा अन्य संयन्त्रहरूलाई समावेश गर्दछ ।
- अनुगमन प्रणालीहरु पर्याप्त रुपमा स्रोतयुक्त र समयावधिक रुपमा बजारको गतिशिलता सम्बन्धी तथ्यांक संकलन गर्न सक्षम छन् ।
- कार्यक्रमलाई आवश्यकता अनुसार समायोजन गर्न कर्मचारीहरुसँग बजार अनुगमनका तथ्यांक नियमित रुपमा उल्लेख गर्ने र प्रयोग गर्ने समय तथा क्षमता हुन्छ ।
- कार्यक्रमका क्रियाकलापहरुलाई ताजा रुपमा अध्यावधिक गरिएको लेखाजोखा र विश्लेषणको आधारमा समायोजिन गरिन्छ ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

### १. कार्यक्रमको लचिलोपना (Program flexibility)

दाता तथा कार्यान्वयनकर्ताहरूलाई बजारको वास्तविकता प्रति उत्तरदायी हुने संयुक्त जिम्मेवारी हुन्छ, र कार्यक्रमहरू बजारको बदलिंदो अवस्थाको आधारमा दृष्टिकोण परिवर्तन गर्न सक्ने क्षमता सहित तर्जुमा गर्न आवश्यक हुन्छ । विकास कार्यक्रमहरुमा यसलाई आपतकालीन प्रतिकार्यमा परिर्वतनको लागि संकट परिमार्जक जस्ता प्रणालीहरूको प्रयोग मार्फत गर्न सकिन्छ भने राहत र आर्थिक पुनर्लाभ कार्यक्रमहरुमा यो बदलिंदो बजार सन्दर्भको आधारमा जिन्सी-वस्तुको वितरणबाट नगदमा आधारित कार्यक्रमको परिवर्तनसँग सम्बन्धित हुन सक्छ ।

#### उदाहरण

बजार विस्तार मार्फत पास्टरवादी क्षेत्रको उत्थानशिलता सुधार (प्राइम) परियोजना सन् २०१०-११ को खडेरीको केही वर्ष पछि इथियोपियामा सुरु भएको थियो । फलस्वरूप, 'विकास लाभको सुरक्षा' लाई मद्दत गर्न प्रारम्भिक प्रतिकार्य र आपतकालीन क्रियाकलापहरूका लागि कोष प्रयोग गर्न अनुमति दिन विकास कार्यक्रमले संकट परिमार्जकको रुपमा यसमा लचकता अपनाएको थियो । दोस्रो पटक पानी नपरे पछि, पुनर्निर्देशित रकमहरु घा"सको व्यवस्थापन र पशुहरू खरिद गर्नमा (Livestock offtake) प्रयोग गरियो ।

## उदाहरण

अन्तर्राष्ट्रिय उद्धार समिति (आइआरसी)ले सन् २०१३ देखि दक्षिणपूर्वी नाइजरमा मानवीय आवश्यकतालाई प्रतिकार्य गर्दै आइरहेको छ । बदलिंदो सन्दर्भ र चुनौतीपूर्ण कार्य संचालनगत वातावरणको सामना गर्दै, बहुविध दाताहरूद्वारा प्राप्त आर्थिक सहयोगबाट टोलीले 'द्रूत प्रतिकार्य' संयन्त्रको विकास गर्‍यो । यस संयन्त्रसंग भएको समर्पित कोष र कर्मचारीले समितिहरुको संजाल र सम्पर्क व्यक्तिहरुबाट प्राप्त गरेको सूचनाले घरधुरी सर्वेक्षण, मुख्य सूचक अन्तर्वार्ता, र लक्षित समूह छलफललाई प्रयोग गरेर बहुक्षेत्रीय लेखाजोखा शुरु गर्न सक्दछन । अङ्कन प्रणालीले पुग्न गाह्रो र अत्यधिक संकटासन्न क्षेत्रहरूलाई प्राथमिकता दिनुका साथै महत्वपूर्ण मुद्दाहरूलाई ध्यानाकर्षण गराउँछ । यी लेखाजोखाहरूले आवश्यकताअनुसार द्रूत खाद्यान्न, गैर खाद्य वस्तु, खानेपानी, सरसफाई, र स्वच्छता सम्बन्धी क्रियाकलापहरूको आपूर्तिमा नेतृत्वदायी भूमिका खेलेको छ ।

## २.अनुगमन प्रणालीहरुलाई श्रोत (Resourcing monitoring systems)

बदलिंदो परिस्थिति अनुसार प्रभावकारी ढंगले अनुकूलित हुन सक्ने क्षमता, कार्यक्रमसँग आबद्ध कर्मचारी र व्यवस्थापनलाई समयमा नै उपलब्ध गराईएको सूचनाको गुणस्तरमा निर्भर हुन्छ । लेखाजोखा गर्न ढिलाई भएका थुप्रै घटना छन् र ढिलो गरि आएका नतिजाहरु निर्णय गर्नको लागि उपयोगी तथा पर्याप्त रुपमा विस्तृत हुँदैनन । जहाँ सम्भव हुन्छ, कार्यक्रमहरूले विद्यमान प्रणालीहरूको लाभ उठाउनुपर्छ, जस्तै, अनिकाल प्रारम्भिक चेतावनी प्रणाली संजाल (FEWSNET), विश्व खाद्य कार्यक्रम (WFP), र अन्यहरुले मूल्य र अन्य प्रासंगिक जानकारीहरुलाई संकलन गर्दछ जसले बदलिँदो बजारको गतिशीलता बारे आफ्ना बिचारहरु दिन सक्दछ । त्यसकारण अनुगमन प्रणालीले तथ्यांकलाई समयमा नै संकलन र विश्लेषणमा ध्यान दिनु आवश्यक छ, र यो महत्वपूर्ण कार्य गर्न पर्याप्त रुपमा श्रोत उपलब्ध हुनु आवश्यक हुन्छ (*लेखाजोखा र विश्लेषण मापदण्डहरु ४ र ५* पनि हेर्नुहोस)।

## ३.अनुकूलित व्यवस्थापन (Adaptive management)

खासगरी अति अस्थिर सन्दर्भमा, कार्यक्रम व्यवस्थापक र टोली नेताहरुले तथ्यांक-चालित कार्यक्रमहरु समायोजन गर्नु आवश्यक हुन्छ भन्ने अनुमान गर्नु पर्दछ । कार्यक्रमहरू बारम्बार गरिएको लेखाजोखाहरुको आधारमा तर्जुमा गर्नुपर्छ, बजार परिवर्तनका लागि पहिचान गरिएका अवसर र अवरोधहरू अनुसार श्रोतलाई स्थानान्तरण गर्न दिने सूचकहरू प्रयोग गर्नु पर्दछ, र क्रियाकलापमा हुने परिवर्तनलाई पत्ता लगाउन प्रणाली स्थापना गर्नु पर्दछ । परियोजनाका कर्मचारीसँग बहुविध पूरक दक्षता (जस्तै, नगद, बजारहरु) र विशेष गरी तिनीहरूलाई रचनात्मक सोच र सहकार्यात्मक समस्या समाधान गर्ने सीपको लागि भर्ना लिनुपर्छ । नेतृत्वले नयाँ समाधान वा काम गर्ने तरिकाहरु खोज्नेहरूलाई छलफल र सहायताको लागि अवसरको सिर्जना गर्नुपर्छ ।

## उदाहरण

परियोजनाको सबैभन्दा महत्वपूर्ण प्रभाव र नतिजाबारे शुरुमै कार्यक्रम नेतृत्व र दाताको संयुक्त सहमती हुन्छ । नयाँ क्रियाकलापहरुले मूल प्रभावका प्राथमिकताहरूमा योगदान गरिरहेसम्म क्रियाकलाप, र केही सूचकहरु, परिवर्तन हुन सक्छन् । यी परिवर्तनहरू सामान्यतयाः क्षेत्रगत लेखाजोखाहरु र अन्य बजारका तथ्यांकमा आधारित हुनेछन् र यसलाई परियोजना प्रतिवेदनमा दस्तावेजीकरण गरिनेछ । क्रियाकलाप तहको परिवर्तन गर्न दिने लचकताको मात्रा अनुसार बजेट तर्जुमा गरिन्छ ।

# उद्यम र बजार प्रणाली विकास मापदण्डहरु ४
# विद्यमान बजारका क्रियाशील निकायहरुसंग कार्य गर्नुहोस र सहजीकरण पद्धति अपनाउनु होस्

**कार्यक्रमहरु विद्यमान संरचनाहरू मार्फत काम गर्न तर्जुमा गरिएको छ र दीर्घकालीन दिगोपना र उत्थानशिलतालाई ध्यानमा राखेर कार्यान्वयन गरिएको छ ।**

## मुख्य क्रियाकलापहरु

- सम्भव भएसम्म, बजार प्रणालीमा पहिले देखि नै सक्रिय रहेका साझेदारहरू मार्फत कार्यान्वयन गरेर क्रियाकलापहरूको स्थानीय स्वामित्व सुनिश्चित हुने गरी दिगोपना र उत्थानशिलता बढाउनु होस ।
- क्रियाकलापहरू तर्जुमा गर्दा बजारका अनौपचारिक क्रियाशील निकायहरूसंग औपचारिक र पारदर्शी संचार स्थापना गर्नुहोस ।
- कार्यान्वयनका लागि सहजीकरण पद्धति अपनाउनु पर्छ र परियोजना क्रियाकलाप र बजार प्रणाली क्रियाकलापहरू बीच पृथकता कायम राख्नु पर्छ । कार्यान्वयनकर्ताहरुले बजारको काम सम्बन्धी जिम्मेवारी लिनु हुँदैन ।
- अवरोध र संकटासन्नताहरुको मूल कारणलाई सम्बोधन गर्न बजार प्रणालीमा धेरै स्थानमा काम गर्नुहोस ।
- बहिर्गमन रणनीति स्वाभाविक र स्पष्ट परिवर्तन हुने गरी क्रियाकलापहरू तर्जुमा गर्नुहोस ।
- संकटग्रस्त क्षेत्रहरूमा, सबै मानवीय र पुनर्लाभ कार्यक्रममा बजार प्रणाली संकटासन्नतालाई सम्बोधन गर्ने क्रियाकलापहरू गर्नुहोस । समूहगत वा समन्वय समूहहरू यी संकटासन्नताहरु बारेमा सचेत छन् र तिनीहरूलाई सम्बोधन गर्न कदम चालिएको छ भन्ने सुनिश्चित गर्नुहोस ।

## मुख्य सूचकहरु

- सार्वजनिक तथा निजीक्षेत्रलाई साझेदारको रुपमा संलग्न गराउने कार्यक्रमहरु सिधै बजारमा प्रवेश गर्नबाट बच्ने गर्छन । त्यसो गर्नै पर्ने अवस्थामा, तिनीहरूले एउटा बहिर्गमन रणनीति शुरुदेखि नै आफुसंग उपलब्ध छन भनेर सुनिश्चित गर्दछन ।
- उद्यमहरूसँग काम गर्नुको कारणका बारेमा कार्यक्रमहरू शुरुदेखि नै स्पष्ट छन् र कसरी उद्यमहरूसँग काम गर्दा उपभोक्ता, आपूर्तिकर्ता, वा कर्मचारी (कर्मचारीहरूका लागि, *रोजगार मापदण्ड १* पनि हेर्नुहोस) को रूपमा लक्षित जनसंख्याालाई लाभ पुग्छ भन्ने बारे स्पष्ट रूपमा उल्लेख गर्दछन् ।
- अनुदान समयबद्ध, विश्लेषणद्वारा सूचित हुन्छन र बजार प्रतिकार्यलाई प्रोत्साहित गर्न चयनात्मक रूपमा प्रयोग गरिन्छ ।

- दीर्घकालीन लक्ष्यलाई सहज बनाउनको लागि अल्पकालीन समाधानहरू तर्जुमा गरिएका छन् ।

# मार्ग-दर्शनका लागि टिपोटहरु

## १.प्रणाली तहको समर्थन (Systems–level support)

कार्यक्रमको प्रभावकारितामा सुधार गर्न कार्यक्रमहरूले बजार प्रणाली वा मूल्य श्रृंखलाको विभिन्न स्थानहरुमा काम गर्न ध्यान दिनु पर्छ । प्रशोधक, थोक विक्रेता, वा सरकार (अप्रत्यक्ष वा प्रणाली-तहको सहयोग) संगको क्रियाकलाप कार्यन्वयनले व्यक्ति वा घरपरिवारलाई लक्षित गरीएको प्रत्यक्ष कार्यक्रम बराबर कै लाभ लक्षित जनसंख्यालाई दिन सक्दछ (*मुलभूत मापदण्ड ५* पनि हेर्नुहोस) । अप्रत्यक्ष र प्रत्यक्ष विधिहरूको सम्भावित परिणामहरू विश्लेषण गर्न प्रतिकार्य विश्लेषण औजारको प्रयोग गर्नुहोस्, र अपेक्षित नतिजाहरुमा (मात्रा, व्यवहार परिवर्तन, विशिष्ट लक्षित समूहहरुमा प्रभाव इत्यादि ) आधारित क्रियाकलापहरू छनौट गर्नुहोस । प्रत्यक्ष वा अप्रत्यक्ष विधिहरु प्रयोग गर्ने बारे निर्धारण गर्न नतिजा श्रृंखलाहरू पनि उपयोगी हुन सक्छ । कार्यक्रमका कर्मचारी कहिलेकाहि मध्यस्थकर्ताहरुले (जस्तै: थोक विक्रेता र बिचौलिया) बजारमा महत्वपूर्ण भूमिका खेल्न सक्छन भन्ने कुरा बुझ्न असफल हुन्छन । कुनै पनि लेखाजोखाको अंशको रूपमा, बजार प्रणालीमा मध्यस्थकर्ताद्वारा खेलिएको भूमिकालाई र तिनीहरू कसरी सहजीकरण क्रियाकलापहरूका लागि लाभ उठाउने स्थानहरु हुन सक्छन् भन्ने निर्धारण गर्नुहोस ।

### उदाहरण

अजरबैजानका गरिब किसानलाई सहयोग गर्न आइआरसीले दूरीलाई निकै कम गर्दै (र यातायात खर्च पनि) किसानहरूको लागि आफ्नो गहूँ पिसानी गर्न आवश्यक हुने नजिकैको अन्न मिल सम्म विद्युत लाइनलाई मर्मत गर्‍यो । फलस्वरूप, तिनीहरूको नाफा बढयो । पिसानीबाट निस्किएको उप-उत्पादनलाई पशु आहारा बनाईयो । यसरी, अहिले सस्तो आहारा उपलब्ध भएकोले स्थानीय पशुधनको पोषणको अवस्थामा सुधार हुँदैछ ।

### उदाहरण

हाइटीमा, स-साना थोक बिक्रेताहरूसंग ठूलो परिमाणमा सामान भण्डारण गर्ने ठाउँ नभएको स्थानहरुमा आधारभूत खाद्य सामग्रीहरूको मूल्य बढ्यो । साना भण्डारण गर्ने गोदामहरुको मर्मतमा सहयोग गरेर संगठनहरूले गरिब उपभोक्ताहरूको लागि मुख्य खाद्य पदार्थको मूल्य कम गर्नमा मदत गरे । यसरी त्यस क्षेत्रमा खाद्य सुरक्षामा सुधार गर्दै (धेरै मानिसहरूले आफ्नो खाद्य वस्तुहरु बेहोर्न सके) थोक बिक्रेताहरूले फेरि थोकमा किनेर राम्रो दाममा बेच्न सके । धेरै बिक्री गर्न सकेको फलस्वरूप थोक बिक्रेताहरूको नाफा बढ्यो ।

## २.निजिक्षेत्रका साझेदारहरुको छनौट (Selecting private–sector partners)

बजार सहजीकरणको पद्धतिलाई प्रयोग गर्दा, उपयुक्त निजीक्षेत्रका साझेदारहरूको छनौट महत्वपूर्ण हुन्छ र यसले नतिजालाई असर गर्ने सम्भावना रहन्छ । साझेदारहरूको छनौट गर्दा विचार गर्नुपर्ने कुराहरु :

- लाभः
- परियोजनाले हेर्न चाहेको परिवर्तनलाई मद्दत गर्न के बजार श्रृंखलामा साझेदार उपयुक्त स्थानमा छन् ?
- परियोजनाले हेर्न चाहेको परिवर्तन गर्न मद्दत गर्न के साझेदारको साथी र ग्राहकहरु माथि पर्याप्त प्रभाव छ ?
- के साझेदारको सरकारसंग सम्बन्ध छ जसले परियोजनाको नतिजाहरुमा सकारात्मक वा नकारात्मक असर पार्न सक्छ ?
- अभिप्रायः
- साझेदार सहभागी हुन स्वतन्त्र रुपमा छनौट गरिएको हो ?
- के यथार्थमा साझेदारसंग व्यवसायको आवश्यकता, परिवारको आवश्यकताहरु र पुनर्लाभका क्रियाकलापहरुमा सहभागी हुन समय छ ?
- साझेदारले क्रियाकलापहरुमा प्रत्यक्ष रुपमा कति लगानी गर्न सक्छन? (यो एउटा सट्टामा गरिने प्रतिबद्धता हो)।
- सीप/क्षमताः
- साझेदारसँग क्रियाकलापमा संलग्न हुन प्राविधिक सीपहरु छ कि छैन ? छैन भने, के तपाईंसित यी सीपहरू आर्जन गर्ने समय छ ?
- साझेदारसँग क्रियाकलापमा संलग्न हुन व्यावसायिक सीपहरु छ कि छैन? छैन भने, के तपाईंसित यी सीपहरू आर्जन गर्ने समय छ ?
- के साझेदारसँग अपेक्षित परिणामहरु प्राप्त गर्ने वित्तीय क्षमता छ ?
- के साझेदारसँग स्वतन्त्र रूपमा क्रियाकलाप संचालन गर्न सक्ने नेतृत्व कौशल भएका कर्मचारीहरू छन् ? के तिनीहरू परियोजनामा पूर्ण अवधि भर उपलब्ध हुनेछन् ?
- के साझेदारले परियोजना सकिए पछि कामलाई निरन्तरता दिन सक्छ ?

व्यापारिक समुदाय र लक्षित उद्यमहरू भित्र स्वामित्वको भावना निर्माण गर्न क्रियाकलापहरू तर्जुमाको दौरान सहभागितात्मक रुपमा निजी क्षेत्रसँग संलग्नता महत्वपूर्ण हुन्छ । यसले अतिरिक्त विशेषज्ञता र स्रोतहरू ल्याउनमा अवसर प्रदान गर्दछ । विद्यमान उद्यमहरूले (खरिदकर्ता, प्रशोधक, वा उत्पादक (किसानहरु) नयाँ प्रविधिलाई अगाडी बढाउन आवश्यक दिगो नेतृत्व प्रदान गर्न सक्छ ।

साधारणतःया, बजारका अवसर र अवरोधहरूको लागि उद्योग वा उपक्षेत्रमा भएका उद्यमहरू द्वारा समन्वय गरिएको प्रतिकिया आवश्यक हुन्छ, र यसले विश्वास र सहकार्य गर्ने इच्छालाई ग्रहण गर्दछ । विद्यमान उद्योग संरचना जस्तै वाणिज्य वा व्यापार संघहरूसँग सहकार्य गर्न ध्यान दिनुहोस किनभने मानवीय प्रतिकार्यका लागि समेत तिनीहरूसंग

प्रायः राम्रोसंग गठित सञ्जालहरु हुन्छन् । कार्यक्रमसंग बजारका क्रियाशील निकायहरू र लक्षित उद्यमहरू माझ र व्यक्ति (*मुलभूत मापदण्ड २ र ५* पनि हेर्नुहोस) बीच सम्बन्ध र सहयोग सुदृढ गर्ने साधन हुनुपर्छ ।

## ३.सार्वजनिक क्षेत्रसंग साझेदारी (Partnering with the public sector)

उद्यम र बजार प्रणाली विकासले निजी र सार्वजनिक क्षेत्र दुवैको भूमिकालाई स्वीकार गर्नु आवश्यक हुन्छ । सार्वजनिक क्षेत्रले व्यापारिक क्रियाकलापहरुमा नेतृत्व लिनका लागि यो विरलै राम्रो उपाय हो; तथापि, भिन्न परिस्थितिमा स्थानीय तहका विभिन्न सरकारी निकायले, चाहे त्यो औपचारिक होस् वा अनौपचारिक, उद्यमहरूका लागि सेवा प्रस्ताव गर्न सक्छन् । उपयुक्त भएमा. कार्यक्रमहरूले समानान्तर सेवा वितरण प्रणाली स्थापना गर्नुको सट्टा यिनै निकायहरूसँग संलग्न हुनुपर्छ, र क्रियाकलापहरुलाई सरकारी रणनैतिक प्राथमिकताहरुसँग मेल खाने बनाउन प्रयास गर्नुपर्छ ।

## ४.आर्थिक अनुदान (Subsidies)

संकटको दौरान नष्ट भएका सम्पत्ति (जस्तै उपकरण) प्रतिस्थापनका लागि मद्दत गर्न आर्थिक अनुदानहरु प्राय अनुदान (grants) वा समानान्तर अनुदानको रूपमा प्रभावकारी हुन सक्छ *(सम्पत्ति वितरण मापदण्डहरू* पनि हेर्नुहोस) । आर्थिक अनुदानलाई नयाँ बजार विस्तार र खोज गर्न तथा नवप्रवर्तन जस्तैः उन्नत प्रविधिको सम्भाव्यता प्रदर्शनका लागि, पनि प्रयोग गर्न सकिन्छ । तथापि, आर्थिक अनुदानहरु दिगो हुँदैनन् त्यसैले यो समयबद्ध हुनुका साथै छनौट गरेर प्रयोग गर्नुपर्छ । लामो अन्तरालमा, आर्थिक अनुदानले बजारलाई विकृत गर्न सक्छ र सम्भव भएसम्म यसबाट जोगिनुपर्छ । यदि वास्तवमै यस्को आवश्यकता छ भने, संस्थाहरूले शुरु देखि नै आर्थिक अनुदान कति लामो समयसम्म रहन्छ भन्ने योजना बनाउनु पर्छ र यसबारे स्पष्ट रूपमा प्रापकहरू र अन्य सरोकारवालाहरुहरूलाई जानकारी दिनु पर्छ ।

### उदाहरण

इथिओपियामा किसानलाई व्यापार मेलामा खरिद गरिएका सौर्यपम्पहरुका लागि ३० प्रतिशत छूटको प्रस्ताव गरियो । यो छूटले किसानहरूलाई नयाँ प्रविधि अपनाउन प्रोत्साहित गऱ्यो तर तिनीहरूले यो छूट सीमित समयको लागि मात्र भएको भन्ने बुझे । तिनीहरूलाई व्यापार मेलामार्फत नयाँ प्रविधि र वितरकले दिन सक्ने उसको अन्य उत्पादनहरु, जस्तै सौर्य लालटेन, र पसल भएको स्थानको जानकारी, (भविष्यमा खरीद गर्न परे) बारे थाहा भयो । परियोजनाले छूटको लागतलाई मात्र समेट्यो ताकि वितरकले आफ्नो नाफालाई कायम राख्दै वितरणको माध्यमहरूलाई नयाँ प्रविधि उपलब्ध गराउन शहरको केन्द्रबाट टाढा रहेका क्षेत्रहरूमा विस्तार गर्न जारी राख्न सकोस् ।

## ५.पारदर्शिता (Transparency)

आफ्नो क्रियाकलापको शुरुवात देखि नै बजारका क्रियाशील निकायहरूसँग पारदर्शी ढंगबाट संलग्न हुन राहत, पुनर्लाभ र विकास कार्यक्रमको लागि महत्वपूर्ण हुन्छ । बजारका क्रियाशील निकायहरूसँग परामर्श गर्नुपर्छ र

उद्यमहरूसँग काम गर्नका लागि कार्यक्रमको अवधारणा र उद्देश्यहरू, मुख्य क्रियाकलापहरु के के हुन्, र उद्यमहरू कसरी संलग्न हुनेछन् भन्ने बारेमा उनीहरुलाई थाहा दिनुपर्छ । राहत, पुनर्लाभ र विकासका क्रियाकलापहरु तर्जुमा गर्दा बजारका क्रियाशील निकायहरूलाई संलग्न गराउन चुकेमा क्रियाकलापहरूमा बजारका क्रियाशील निकायहरूबाट सहमति प्राप्त गर्न गाह्रो हुन सक्छ ।

**सचेतनात्मक कथा**

फिलिपिन्समा प्रारम्भिक प्रतिकार्यको तर्जुमा गर्दा वाणिज्य संघसंग सल्लाह/परामर्श गरिएन । त्यस पछिका पुनर्लाभका क्रियाकलापहरूमा, संघका सदस्यहरू प्रारम्भिक प्रतिकार्यले आफ्नो व्यवसायलाई अस्तव्यस्त बनाएको अनुभवका कारण गैरसरकारी संस्थाहरुको निजीक्षेत्रसंग काम गर्ने प्रतिबद्धता प्रति सशंकित भए ।

# उद्यम र बजार प्रणाली विकासका मापदण्डहरु ५ उद्यमशीलता र बजार प्रणालीहरुको सक्षमता र वृद्धिलाई सहयोग गर्नुहोस

आपतकालीन प्रतिकार्य लगायतका क्रियाकलापहरू उत्थानशीलता र दिगोपना तथा स्थिरतामा केन्द्रित गर्दै, र/वा सबै आकारका उद्यमहरु र जीविकोपार्जनको वृद्धिलाई ध्यानमा राखेर तर्जुमा गरिएका छन् ।

## मुख्य क्रियाकलापहरु

- प्रत्येक सरोकारवालाहरुलाई उपयुक्त भूमिका दिने क्रियाकलापहरू तर्जुमा गर्न उपलब्ध औजारहरू प्रयोग गर्नुहोस, र क्रियाकलापको दीर्घकालीन स्वामि वा बजार कार्यले सकेसम्म चाँडै यस भूमिकाको जिम्मेवारी लिएको सुनिश्चित गर्नुहोस । (श्रोत र ढाँचाको लागि अनुसूची हेर्नुहोस् ) ।
- सम्पूर्ण बजार प्रणाली भित्र सम्भावित आघातहरूको तयारी र उत्थानशीलतालाई सुदृढ़ बनाउनमा उद्यमहरूलाई सहायता गर्न कार्यक्रमहरुमा जोखिम न्यूनीकरण गर्ने रणनीतिहरू समावेश गर्नुहोस ।
- उद्यम र खेती योग्य जमीनको मूल्याङ्कन गर्दा श्रमका मुद्दाहरू र विशेष गरी लक्षित समूहहरूका लागि, सीप स्तरोन्नतिका लागि सम्भावित आवश्यकता *(रोजगार मापदण्ड २* पनि हेर्नुहोस) लाई ध्यान दिनुहोस ।
- बजार प्रणालीको लेखाजोखा गर्दा सहायक कार्यहरु र आर्थिक संरचना (जस्तैः वित्तीय सेवा, यातायात, गोदाम) समावेश गर्नुहोस र आपतकालीन प्रतिकार्यले कसरी ती कार्यहरूलाई योगदान (अवरोध सिर्जना गर्नबाट बच्नु पर्छ) गर्न सक्छ भन्ने निर्धारण गर्नुहोस ।
- उद्यम र किसानहरुको भरपर्दो बजारको जानकारीमा पहूँच सुनिश्चित गर्नुहोस यसबाट तिनीहरूले मूल्य परिवर्तन गर्न, के उत्पादन गर्ने, र उत्पादनहरू कहाँ बेच्न सकिन्छ भन्ने कुरा थाहा हुन्छ ।
- उद्यमहरू बीच पारस्परिक लाभदायक सम्बन्धहरु सुदृढ बनाउनुहोस । उद्यमहरू बीचको तेर्सो (एउटै तहमा एउटा व्यवसाय देखि अर्को व्यवसायहरु र ठाडो (बजार श्रृंखलामा माथि वा तल गरिने एउटा देखि अर्को व्यवसायको ) सम्बन्धलाई जाँच्नुहोस र सुदृढ पार्नुहोस ।
- उद्यमहरूलाई विशेष गरी बजार प्रणाली विश्लेषणको दौरान, पत्ता लागेका सम्बन्धित कानूनी र नियामक मुद्दाहरू बारेमा सचेत हुनमा मद्दत गर्नुहोस ।

## मुख्य सूचकहरु

- जोखिम न्यूनीकरणको रणनीतिलाई कार्यक्रम र योजनामा समावेश गरिएको छ ।
- कार्यक्रमका क्रियाकलापहरुले लक्षित उद्यम र घरधुरीहरूको आयलाई स्थिर वा वृद्धि गर्छ ।

- उद्यमहरूसंग सहयोगी सेवाहरूलाई व्यहोर्न सक्ने पहूँच छ ।
- कार्यक्रमहरु बजार प्रणालीमा विभिन्न तहमा काम गर्दछन् ।
- उद्यम र खेती योग्य जमीनको विश्‍वसनीय बजारको जानकारीमा पहूँच छ ।
- उद्यमहरू सम्बन्धित नियमहरूको बारेमा सचेत छन् र तिनीहरूलाई सम्भावित उच्चतम हद सम्म पालना गर्न सक्छन् । कार्यक्रमहरूले पनि औपचारिक तथा अनौपचारिक नियम, ऐन, र नियमहरूसंग सम्बन्धित अवरोधहरुलाई सहज पार्ने काम गर्दछ ।
- सामाजिक र वातावरणीय रूपमा उत्तरदायी ढंगले संचालित हुन उद्यमहरूलाई प्रोत्साहित गरिन्छ (आवश्यक परेमा प्रशिक्षण दिईन्छ) ।

# मार्ग-दर्शनका लागि टिपोटहरु

## १.उद्यमहरुका लागि जोखिम न्यूनीकरण रणनीतिहरु (Risk mitigation strategies for enterprises)

बजारका क्रियाशील निकायहरुको सन्दर्भमा जोखिमको सबैभन्दा सामान्य वा सबैभन्दा ठूलो स्रोतको लागि विपद आपात्कालिन योजना लगायत आघातहरुको योजना बनाउनमा तिनीहरूलाई सहयोग गर्नुहोस । यसमा आर्थिक तथा संगठनात्मक योजना पनि समावेश हुन सक्छ । जोखिमको पूर्वानुमान गर्न बजारका क्रियाशील निकायहरूको क्षमता बढाउ"दै तिनीहरूको सम्मुखता र जोखिम सहनशीलताको स्तर, लगानी निर्णयमा सुधार, लागत-लाभ विश्लेषण, पूर्वतयारी, र तिनीहरुको आफ्नो बजार प्रणालीको उत्थानशीलतालाई निर्धारण गर्नुहोस ।

**सचेतनात्मक कथा**

एउटा कृषि व्यवसाय कार्यक्रमले साना किसानहरूलाई आलु-चिप प्रशोधकसंग जोड्दछ । साना किसानहरूले प्रशोधकद्वारा अनुरोध गरिएको आलुको विविधतामा विशेषज्ञता प्राप्त गर्न र त्यस वापत तिनीहरुले बालीको उत्तम प्रतिफल पाउने बाचासंगै बाली परिक्रमणबाट टाढा जानलाई छनौट गर्दछन् । दुई वर्षपछि ढुसी वा ब्याक्टेरियाबाट हुने "ब्लाइट" (Blight) रोगले तिनीहरुको आलुबाली र त्यस वर्षको नाफा लाई पूर्णरुपले नष्ट गरि दिन्छ, अब, तिनीहरुसंग आयका लागि भर पर्ने कुनै बाली अथवा आफ्नो परिवारलाई खुवाउने माध्यमहरुको कुनै विकल्प रहेन । कार्यान्वयन गर्ने निकायले किसानहरूलाई आलुको विविधतामा विशेषज्ञता, यसको जोखिम र त्यस्ता जोखिमको न्यूनीकरणबारे राम्रो जानकारी उपलब्ध गराउनु पर्थ्यो । उदाहरणका लागि, तिनीहरूले एउटा मात्र उच्च-मूल्यको बालीमा ध्यान केन्द्रित गर्नुको सट्टा आलुका साथै अर्को एक वा दुई उच्च-मूल्य दिने बालीहरू लगाउन सक्थे ।

## २.आयवृद्धि (Increasing income)

सबै आर्थिक पुनर्लाभका कार्यक्रमहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आयमा वृद्धि गर्दछ वा कम्तीमा पनि तिनीहरूलाई धेरै स्थिर बनाउँदछ । कुनै पनि कार्यक्रमले यसो गर्दैन भने त्यो उद्यम विकास वा जीविकोपार्जन सुदृढीकरणको लागि नभई शुद्ध सहायताको रूपमा तर्जुमा गरिएको हुन्छ । धेरै जसो व्यापारहरुका लागि, विशेष गरी साना र सूक्ष्म उद्यमहरू, यो अवधारणा वृद्धि र प्रतिस्पर्धाको सम्बन्धमा व्याख्या गरिएको हुन सक्छ । तथापि, परिणाम अझै पनि सुधारिएको तथा राजस्व धेरै स्थिर हुनेछ । उद्यम र समुदायहरूको सफलता विश्वसनीय र विविध आयको स्रोतहरुमा निर्भर गर्दछ (*मुलभूत मापदण्ड १* पनि हेर्नु होस) ।

## ३.उद्यमहरूलाई व्यवसाय सेवा प्रदायकसँग जोड्दै (Linking enterprises to business service providers)

उद्यमहरू ठूलो बजार प्रणालीका अंश हुन् र सफल हुनको लागि उत्पादन र सेवाहरूको दायरामा पहूँच जरुरी हुन्छ । यातायात, वित्त, भण्डारण र मर्मत सेवाहरू व्यवसाय सेवाहरूको उदाहरण हुन् जुन उद्यमको सफलतालाई आवश्यक हुन सक्छ । लेखाजोखामा सेवाहरूको विद्यमान जानकारी र त्यसलाई कसरी प्रयोग गरिन्छ भन्ने कुरा समावेश गर्नुपर्छ र; यसो गर्नका लागि सञ्जाल विश्लेषण उपयोगी औजार हुन सक्छ । यदि आवश्यक सेवाहरु उपलब्ध छैन र/वा पहुँच योग्य र व्यहोर्ने खालको छैन भने, यस्ता उद्यमलाई सहयोग गर्न संभव नहुन सक्छ । उद्यमहरूलाई वित्तीय सेवासँग जोड्ने कुरामा विशेष ध्यान दिनुपर्छ (*वित्तीय सेवा मापदण्डहरू* पनि हेर्नुहोस)।

## ४.तालिम/प्रशिक्षण (Training)

प्रशिक्षण वा कार्यशालाहरूमा भाग लिँदा प्रशिक्षार्थीहरूलाई (कहिलेकाहीं 'बैठक शुल्क' भनिन्छ) कार्यक्रमले दिने भुक्तानीबाट बच्नु पर्छ किनभने यसले सहभागिताको लागि दिईने प्रोत्साहनलाई विकृत गर्दछ । प्रशिक्षणले फलदायी क्रियाकलापहरु र घरायसी जिम्मेवारीहरुको समय लिन्छ भनेर बुझिएको छ, सामान्यतःया एउटा मान्यता के छ भने यदि प्रशिक्षणलाई सहभागीहरूले महत्वपूर्ण वा अहम ठान्छन् भने तिनीहरूको सहभागिताको समय नै यसको मूल्य हुन्छ । यदि यसलाई महत्वपूर्ण वा अहम ठानिन्न भने (मानिसहरू भुक्तानी बिना उपस्थित हुन चाहँदैनन), त्यसपछि परियोजनाले प्रशिक्षणका विषयहरू सहभागीहरूका लागि साँच्चै सान्दर्भिक रहेको र तिनीहरूको सान्दर्भिकताको बारेमा राम्ररी कुराकानी गरिएको छ कि छैन भनेर ध्यान दिनुपर्छ । सहभागिहरुका लागि गरिएको अन्य खर्चहरु (जस्तै यातायात, दिउँसोको खाना, बास) बैठक शुल्क भन्दा फरक हुन्छ र त्यसलाई छुट्टै शोधभर्ना वा व्यवस्था गर्न सकिन्छ । प्रशिक्षार्थीहरूबाट सहभागिता वापत शुल्क माग गर्न कुनै रोकटोक हुँदैन किनभने शुल्क तिर्न इच्छुक हुनुले पनि प्रस्तुत विषयहरुलाई तिनीहरूले महत्व दिएको देखाउँदछ ।

## ५.उद्यम र खेती योग्य जमीनका लागि बजार सूचना (Market information for enterprises and farms)

कार्यक्रमहरुले लक्षित उद्यम र व्यक्तिहरूको नियमित र विश्वसनीय बजारको सूचनामा पहूँच भएको सुनिश्चित गर्नुपर्छ । यसमा कसले वस्तु वा सेवाहरू कुन परिमाणमा खरिद गरिरहेको छ, र तिनीहरूले रुचाएका गुणस्तरको विवरणहरू, विभिन्न खरीदकर्ताहरूले कुन मूल्य तिर्न इच्छुक छन्, आवश्यक आपूर्ति वा सेवाको लागि कहाँ जाने, मौसमी रूपमा मूल्य कसरी परिवर्तन हुन्छ, कुन प्रशासनिक र वित्तीय नियमहरू पालन गर्नुपर्छ, र अन्य जानकारीहरु थाहा पाउनु पनि समावेश भएको हुन्छ । जति वास्तविक घरेलु व्यापार र खेती योग्य जमीनका लागि बजारको जानकारीको आवश्यकता हुन्छ त्यतिनै ठूला कम्पनीहरूका लागि पनि हुन्छ । तथापि, थुप्रै कारणहरुले गर्दा (दुर्गम क्षेत्र, सञ्चार प्रविधिको पहुँचको अभाव, गलतसमझदारी वा पुरानो जानकारी, वा प्रतिस्पर्धा), यो बजार सूचना बजार प्रणाली मार्फत प्रवाह हुँदैन । यो बिना एउटा उद्यमले जानकारी बेगरको सम्भावित रुपमा रकम गुमाउँदै व्यापारिक निर्णयहरु गर्ने जोखिम लिन्छन । वास्तवमा, धेरै सफलताका साथ उद्यम विकास कार्यक्रमहरूले कहिलेकाँहि, विशेष गरी, बजार जानकारीको प्रवाह सुधार गर्नमा ध्यान केन्द्रित गर्छन ।

### उदाहरण

उत्तरी युगान्डामा गाउँ स्तरीय कृषि-लगानी पसलहरू राजधानीका प्रमाणित बीउ आपूर्तिकर्तासंग सीधै जोडिएका थिए । (धेरै वर्षदेखि किसानहरूले तिनीहरूको बीउ आपूर्ति सरकारी वितरणको माध्यमद्वारा पाएका थिए।) यसले गर्दा पसलहरूसँग उच्च गुणस्तरको बीउ सहि समय मै उपलब्ध भयो, तर आपूर्तिकर्ताहरूले तिनीहरूको प्याकिङलाई सानोमा १ र २ किलोमा परिवर्तन गर्दा किसानहरूको लागि यो अझ बढी सस्तो हुन्थ्यो भन्ने कुरा कुरा बुझे । यसले गर्दा राम्रो गुणस्तरीय बीउको लागि तिनीहरूको बिक्रीका साथै प्रतिष्ठा पनि बढ्यो किनभने थोरै परिमाणमा बिउ बेच्नको लागि ठूला झोलाहरु खोल्न आवश्यक थिएन (खोल्दा र साटफेर गर्दा ती बिउहरु दूषित हुने जोखिम हुन सक्थ्यो) ।

## ६.उद्यमहरुको लागि नियामक कार्यढाँचा (Regulatory framework for enterprises)

उद्यमहरूको विकास गर्न प्रतिबद्ध संस्थाहरूलाई बजार(हरू)को नियामक ढाँचाको बारेमा ज्ञान हुनुपर्छ जहाँ तिनीहरुले उद्यम संचालन गरेका हुन्छन र तिनीहरू अधिकतम हदसम्म कानुन र नियम पालन गर्ने खालका छन् भन्ने सुनिश्चित गर्नुपर्छ । (एउटा उद्यम कानुनी तर अनौपचारिक हुन सक्छ भन्ने कुरा याद राख्नुहोस् ) यसमा आवश्यक अनुमतिपत्र, कर र अन्य नियमहरू पालना गर्नु पर्ने कुरा समावेश हुन्छ । यदि सहज वातावरणले व्यापक अनौपचारिकतालाई सहन्छ भने कार्यक्रमहरूले अनौपचारिक उद्यमहरूसँग काम गर्न सक्छन् तर सम्भव भएसम्म, धेरै औपचारिक पूर्वाधारलाई अगाडी बढाउने पैरवी र नीतिगत एजेण्डालाई सहयोग गर्नुपर्छ ।

**सचेतनात्मक कथा**

सन् २००४ मा हिन्द महासागरमा आएको सुनामी पछि, केही मानवीय संगठनहरूले माछा मार्ने समुदायलाई सुनामीको दौरान हराएका माछा मार्ने परम्परागत सानो जहाजहरूलाई (Catamarans) प्रतिस्थापन गर्नको सट्टा यान्त्रिकृत माछा मार्ने डुङ्गाहरू उपलब्ध गराउन सुरु गरे। समुदायको परम्परागत माछा मार्ने प्रणालीको कुनै विश्लेषण भएन। समुद्री मत्स्य पालन नियमन ऐन, १९९४ मा यान्त्रिकृत डुंगाहरूबाट समुद्री तटबाट आठ समुद्री माइलभित्र माछा मार्न बन्देज थियो, तैपनि यी यान्त्रिकृत डुंगाहरूलाई परम्परागत डुंगाहरू र पर्यावरणलाई ध्वस्त पार्दै तोकिएको परिधि भित्र माछा मार्न प्रयोग गरियो। उनीहरुको ध्यान यस विषयमा ल्याइए पश्चात, मानवीय संगठनहरूले परम्परागत साना जहाजहरू उपलब्ध गराउन थाले। केही संगठनहरूले साझेदारी प्रणाली मार्फत यस्ता डुङ्गाहरू प्रदान गरे जसको फलस्वरूप, सीमित स्रोतहरू उपलब्ध भएका लक्षित जनसंख्याका धेरै सदस्यहरूसम्म पुग्न मद्दत भयो।

अनौपचारिक बजारहरूमा सञ्चालनका लागि प्रायः अनौपचारिक आवश्यकताहरू हुन्छन् जुन सामाजिक सञ्जालहरु मार्फत नियन्त्रित र लागू हुन्छन र बजारमा शक्ति भएकाहरुलाई जोडछन्। तिनीहरूले लक्षित गरिएको व्यवसाय र जीविकोपार्जनको सक्षमतालाई कसरी असर गर्छन् भन्ने बुझ्न र कार्यक्रममा त्यसको लेखाजोखा गर्न आवश्यक हुन्छ। व्यवसायसँग सम्बन्धित नियम र कार्यविधिहरुले नकारात्मक प्रोत्साहन र व्यवसायको सृजनाशिलता र सञ्चालनलाई निरुत्साहित गर्न सक्दछ। द्वन्दपछिको परिस्थितिमा संस्थागत कमजोरी र कानुन लागू गर्ने क्षमता कमजोर भएको कारण, नियम लागू गर्न अझ चुनौतीपूर्ण, अस्तव्यस्त, तथा पारदर्शिता खराब भएर आउन सक्छ। यी अवस्थाहरूले व्यापारको पुनर्लाभ गर्नमा अवरोधको उत्पत्ति गर्छ र यसलाई उपयुक्त प्रोत्साहन र पर्याप्त संस्थागत क्षमताहरु सिर्जना गर्दै बिस्तारै हटाउँदै जानु पर्छ। यस्ता मुद्दाहरु केन्द्रीय सरकारी स्तरमा समाधान गरिनु पर्ने हो, खास उपायहरुलाई लागू गर्न स्थानीय सक्षमताहरू छन् भने त्यसलाई विकेन्द्रीकृत गर्न सकिन्छ।

## ७.भ्रष्टाचार (Corruption)

संकट पश्चातको परिस्थितीमा भ्रष्टाचार एउटा साझा विशेषता हो किनकि विद्यमान अवस्थाहरुले यसलाई फैलिन दिन्छ। फलस्वरूप, भ्रष्टाचारले सरकारको विश्वसनीयता र लोकप्रिय सहायतालाई कम गर्दछ, र, बदलामा, राजनीतिक अस्थिरता र द्वन्दलाई उक्साउने काम गर्दछ। जब भ्रष्टाचार र जनशक्तिको दुरुपयोग (जस्तैः अवैध कर) लाई जनसंख्याद्वारा सशक्त र नकारात्मक रूपमा हेर्न थालिन्छ पछि वैध व्यापारहरु शुरु हुन र बृद्धि हुन संघर्ष गर्छन्। अर्थव्यवस्थाको विकासलाई सहयोग र दीर्घकालीन स्थिरतामा योगदान पुऱ्याउन भ्रष्टाचार र अधिकारको दुरुपयोलाई समाधान गर्नुपर्छ। द्वन्द पछिको परिस्थितिमा सहायता प्रवाहलाई गलत ठाउँमा खर्च गरेमा वा खेर फालेमा यसलाई थप अवैध व्यवसायहरूको अवसरका रुपमा लिन सकिन्छ। सहि जवाफदेहीता र जोखिम न्यूनीकरण गर्ने प्रणालीलाई स्थापित गर्नु पर्छ।

## ८.उत्तरदायी उद्यमहरु (Responsible enterprises)

'जिम्मेवार' व्यवसायहरुमा लगानीले शान्ति र स्थायित्वमा टेवा पुऱ्याउँछ। यस्ता लगानीहरु पारदर्शी हुनुपर्छ, स्थानीय मूल्य, मान्यता र विकासको आवश्यकतासँग मेल खानुपर्छ, र द्वन्द-संवेदनशील हुनुपर्छ । यसबाहेक, जिम्मेवार उद्यमहरूले प्राकृतिक स्रोतहरूको दोहन गर्दैनन् बरु तिनीहरूको सुरक्षा र नवीकरणको लागि सक्रियता पूर्वक योगदान गर्छन् । आर्थिक वृद्धि, मानव अधिकार, वातावरण संरक्षण र सामाजिक विकासलाई प्रवर्द्धन गर्न उद्यमहरूको लागि थुप्रै संख्याहरुमा आचार संहिताहरूको विकास गरिएको छ । ती मध्ये केही क्षेत्र-विशेष छन (जस्तैः तेल, ग्यास, खनिज, धातुहरु आदि) र अन्य श्रम मापदण्डहरुसंग सम्बन्धित छन् *(रोजगार मापदण्ड १* पनि हेर्नुहोस) ।

## सम्पत्ति वितरण मापदण्डहरु:

### मापदण्ड १

सम्पत्ति कार्यक्रमले पहिचान गरिएका आवश्यकताहरुलाई सम्बोधन गर्छ

### मापदण्ड २

सम्पत्ति कार्यक्रमले स्थानीय बजारहरुलाई कमजोर नपारी पुनर्लाभलाई प्रोत्साहन गर्दछ

### मापदण्ड ३

उत्पादनशील सम्पत्तिहरूलाई संरक्षित गरिन्छ

### मापदण्ड ४

सम्पत्ति प्रतिस्थापन निष्पक्ष र पारदर्शी हुन्छ

### मापदण्ड ५

सम्पत्तिहरु विस्तार हुन्छन र जिविकोपर्जनलाई विविधिकरण गर्छन

# ४.सम्पत्ति वितरणका मापदण्डहरु (Asset Distribution Standards)

यस मापदण्डको उद्देश्यहरुका लागि, 'सम्पत्तिहरु' विशेष रुपमा उत्पादनशील सम्पत्ति हो: आय, नाफा र/वा मूल्य उत्पन्न गर्न वा सहजीकरण गर्न प्रयोग गरिने स्रोत । यस अध्यायमा 'सम्पत्ति' र 'उत्पादनशील सम्पत्ति' भन्ने शब्दावली पारस्परिक रूपमा प्रयोग गरिएको छ । अन्य जीविकोपार्जन सम्पत्ति, जस्तै सामाजिक पूँजी, मानव पूँजी, आर्थिक पूँजी, र प्राकृतिक स्रोत आर्थिक बृद्धिका लागि पनि महत्वपूर्ण हुन्छन, तर तिनीहरुलाई यहाँ पूर्णरुपले व्यक्त गरिएको छैनन् । मानिसहरूले भौतिक सम्पत्तिको प्रयोग दुई तरिकाले गर्दछन: १) तिनीहरूले आफ्नो बनाउन वा प्रत्यक्ष रूपमा तिनीहरूलाई नियन्त्रण गर्न सक्छन् वा २) तिनीहरूले आफ्नो नभएको स्रोतहरूमा पहुँच प्राप्त गर्न सक्छन् ।

संकट पश्चात, सम्पत्ति कार्यक्रमहरू व्यक्तिगत र घरपरिवारहरुको आवश्यकताहरु स्थानीय बजारलाई कमजोर नबनाई सम्बोधन गर्नुपर्छ र पारदर्शिता, समता, र दीर्घकालीन प्रभावका मुद्दाहरू समाधान गर्नुपर्छ । सम्पत्ति वितरण कार्यक्रमले सम्पत्तिलाई तिन वटा पद्धति मार्फत संरक्षण र/वा पुनर्स्थापित गर्छ जुन उत्पादनशील जीविकोपार्जनका लागि आवश्यक हुन्छ :

१.तात्कालिक आधारभूत आवश्यकताहरू पूरा गर्न विद्यमान सम्पत्तिहरुलाई उपभोग, हराउन वा बेचिनबाट जोगाउने ।

२.संकटका कारण गुमेको सम्पत्तिको मूल्यलाई मूल्याङ्कन गरेर तिनीहरुलाई त्यहि अनुसार प्रतिस्थापित गर्ने, वा सबै लक्षित घरधुरीहरुलाई एकै प्रकारको सम्पत्ति, जस्तै उपकरणहरु, दिएर । पहिलेको जीविकोपार्जन अहिले सम्भव नभएको खण्डमा नयाँ वा अनुकूलित सम्पत्तिहरु प्रदान गरेर ।

३.सिर्जना, विस्तार, अनुकूलनका लागि सम्पतिमा पहूँचको लागि सहजीकरण गर्ने, वा संकट पश्चात आय बढाऊन वा नयाँ जीविकोपार्जनका अवसरहरूमा पहुँच प्राप्त गर्नका लागि जीविकोपार्जनको विविधता गर्ने ।

सम्पत्ति कार्यक्रमको पहिलो दुई पद्धतिहरुले भौतिक सम्पत्तिको पहूँच र नियन्त्रणमा ध्यान केन्द्रित गर्दछ, तेस्रो पद्धतिलाई अन्य प्रकारहरुका पूँजीलाई सुधार गर्ने प्रयासहरूसँग (जस्तैः मानव, सामाजिक र प्राकृतिक पूंजी) जोड्न सकिन्छ ।

यी उद्देश्यहरू हासिल गर्ने थुप्रै तरिकाहरू छन् । सबैभन्दा उपयुक्त पद्धति कार्यक्रमको सन्दर्भ, लक्ष्य, र लक्षित समूहमा निर्भर गर्दछ । केहि सामान्य विधिहरू यसप्रकार छन:

१. *नगद हस्तान्तरण :* व्यक्तिलाई आवश्यक सम्पत्ति खरीद गर्न वा विद्यमान सम्पत्ति बिक्री हुनबाट बच्नलाई र तिनीहरूलाई सक्षम बनाउन पैसाको प्रत्यक्ष भुक्तानी गरिन्छ । दक्षता र गतिको कारणले यी कार्यक्रमहरु कार्यान्वयन गर्न सकिन्छ, उनीहरुले स्थानीय बजार र व्यवसायलाई दिने सहयोग, र कहाँ, के, र कहिले, किन्ने भन्ने छनौट गर्ने प्राप्त कर्ताको निर्णय क्षमता आदिले गर्दा, नगद हस्तान्तरणलाई प्रायः विशेष रूपमा कार्यक्रम

उद्देश्यहरूलाई सहयोग गर्ने एउटा प्रभावकारी र दक्ष तरिका मानिन्छ । उदाहरणका लागिः बजार विक्रेताहरुलाई बजारमा आगलागी हुँदा हराएको उपकरणको मूल्य बराबर नगद दिइन्छ । लाभग्राहीहरु आगलागी भन्दा अघि उनीहरुसंग भएको भन्दा फरक उद्यम शुरु गर्ने लगायत कुनै पनि व्यापारिक उद्देश्यका लागि दिईएको नगद प्रयोग गर्न स्वतन्त्र छन् ।

२. *भाउचरः* एउटा कुपन, कागजको टुक्रा, वा वस्तु वा सेवाहरुसंग साट्न सकिने विधुतीय समतुल्य । तिनीहरूले नगद हस्तान्तरणसंग मिल्दो जुल्दो प्रकारले कार्य गर्दछन् तर यसमा संस्थाहरुले खरिद गरिने वस्तुहरूमा नियन्त्रण लगाउन सक्छन । भाउचरको प्रयोग एउटा मध्यम विकल्प हो जसले पैसालाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरालाई सीमित गरि दिन्छ तर प्राप्तकर्ताहरुलाई केही स्रोतहरू वा उत्पादनहरू बीच छनौट गर्न स्वतन्त्रता भने दिन्छ । यसको एउटा उदाहरणः शरणार्थीहरूलाई संकटको बेला पछाडि छोडिएका वस्तुहरूलाई प्रतिस्थापन गर्न ४०० अमेरिकी डलर बराबरको भाउचर-पुस्तिका घरायसी वस्तुहरु (कम्बल, पर्दा, भाँडा र तावाहरू) खरिद गर्न दिइन्छ । तिनीहरूले शिविर नजिकैको शहरमा ३० वटा विभिन्न पसलहरू मध्ये कुनैमा पनि ती भौचरहरु प्रयोग गर्न सक्छन् । तिनीहरूले आफूलाई चाहिएको कुरा रोज्न सक्छन् र भाउचर प्रयोग गर्न छ महिना सम्म समय दिईएको छ । मासिक रुपमा प्राप्त गरेको भाउचरहरुको भुक्तानीका लागि पसल मालिकहरु र संस्था बीच सम्झौता भएको छ ।

३. *प्रत्यक्ष हस्तान्तरण :* यसबाट सम्पत्तिहरु पनि खरिद गर्न सकिने र, विशेष गरी स्थानीय बजारहरु संचालन नभएको अवस्थामा लाभग्राहीहरुलाई सिधै हस्तान्तरण गर्न सकिन्छ । केही दाताहरुको नियमले अझै पनि यसलाई सम्पत्ति वितरणको (प्रशासनिक रूपमा) सबैभन्दा सजिलो रूप बनाएका छन्, यद्यपि यो प्रायः अन्य विधिहरूको तुलनामा कम प्रभावकारी हुन्छ । उदाहरणका लागि, पहिले कुखुरा पालन गरेका घरपरिवारहरूलाई बाढीपछि आफ्नो जीविका पुनः सुरु गर्न चल्ला दिइन्छ ।

४. *अन्यः* यसबाहेक, सम्पत्ति पुनर्लाभ र सुरक्षाको लागि अन्य कार्यक्रम पद्धतिहरू प्रयोग गर्न सकिन्छ । उदाहरणका लागि, आर्थिक पहूँच कार्यक्रमले संकटमा हराएको सम्पत्तिलाई प्रतिस्थापन गर्न साना उद्यमहरूलाई कर्जामा पहूँचका लागि मद्दत गर्न तिनीहरूलाई ऋणको प्रत्याभूति दिन सक्छ, वा नयाँ प्रविधिको प्रयोग गरी जीविकोपार्जनको विस्तारका लागि प्रोत्साहन गर्न जोडा अनुदानहरु (matching grants) प्रदान गर्न सकिन्छ । मौज्दात घटाउने कार्य (destocking) अर्को प्रकारको सम्पत्ति सुरक्षाको क्रियाकलाप हो जसलाई आर्थिक आघातको असर कम गर्नमा प्रयोग गर्न सकिन्छ ।

धेरैजसो प्रारम्भिक पुनर्लाभका कार्यक्रमको ध्यान पशुपालन वा कृषि-पशुपालन जीविकोपार्जनमा केन्द्रित हुन्छ र त्यसैले पशुधन कार्यक्रम प्रायः सम्पत्ति वितरण कार्यक्रमको केन्द्रिय भाग हुन्छ । संकट प्रभावित समुदायहरूको पशुधन सम्पत्तिको संरक्षण र बहालीको लागि लेग्स (LEGS)ले तोकेरै विस्तृत निर्देशन दिएको छ ।

यी विधिहरूको गहिरो व्याख्या र विश्लेषण उपलव्ध गराउन वेबसाइट र स्रोतहरू उपलब्ध छन् । धेरै श्रोतहरू अनुसूचीमा सूचीबद्ध गरिएका छन् ।

सम्पत्ति संरक्षण, सम्पत्ति प्रतिस्थापन, र जीविकोपार्जन विस्तार, विविधीकरण र अनुकूलनमा सम्पत्ति कार्यक्रमका लागि सम्पत्ति वितरण मापदण्ड १ र २ लागू हुन्छ । यिनीहरु अन्तर-विषयक (cross–cutting) हुन्छन र सबै सम्पत्ति कार्यक्रमको लागि न्यूनतम आधारको रूपमा काम गर्दछन । सम्पत्ति वितरण मापदण्ड ३, ४ र ५ ले विशेष गरी तीन वटा पद्धतिहरुमा पहिले वर्णन गरिएका क्रियाकलापहरूलाई समेट्छः मौजुदा सम्पत्ति सुरक्षा, पहिलेको जीविकोपार्जनलाई पुनर्जीवित गर्ने, र नयाँ र विविध जीविकोपार्जनको विकास गर्ने । जसरी तपाईं मापदण्ड ३-५ मा समेटिएका क्षेत्रमा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दै हुनुहुन्छ, मापदण्ड १ मा उल्लेख गरिए झैँ तपाइँले व्यक्तिगत र घरायसी आवश्यकतालाई सम्बोधन र मापदण्ड २ मा संकेत गरे जस्तै स्थानीय बजारलाई कमजोर नबनाई पुनर्लाभलाई प्रोत्साहन गर्दै हुनुहुन्छ भन्ने सुनिश्चित गर्नुपर्छ ।

## सम्पत्ति वितरणका मापदण्डहरु: १
# सम्पत्ति कार्यक्रमले पहिचान गरिएका आवश्यकताहरुलाई सम्बोधन गर्दछ

सबै सम्पत्ति कार्यक्रमले, संरक्षण, प्रतिस्थापन, वा जीविकोपार्जन विस्तारको लागि लाभकर्ताको आवश्यकताहरुलाई सम्बोधन गर्नुपर्छ ।

## मुख्य क्रियाकलापहरु

- व्यक्तिगत र घरायसी आवश्यकता, क्षमता, प्राथमिकता र आकांक्षाहरूको पहिचान गर्नुहोस ।
- तत्काल उपभोग, वा सहयोगी वस्तुहरूको बिक्री (जस्तै बिउहरु उपलब्ध गराइएको बेलामा उपकरणको बिक्री), सम्पत्ति बेचबिखनबाट बच्नका लागि तात्कालिक आधारभूत आवश्यकताहरू पर्याप्त मात्रामा पूरा भएको सुनिश्चित गर्नुहोस ।
- सम्पत्ति विनियोजन गर्ने बेलामा समुदाय भित्रका संकटासन्न समूहहरू (महिला, युवा, वृद्ध, अपाङ्गता भएका व्यक्तिहरु) लाई विशेष ध्यान दिईएको सुनिश्चित गर्नुहोस ।
- सबै व्यक्तिहरूले (पुरुष, महिला, केटा, केटी) कसले सम्पत्तिबाट प्रत्यक्ष लाभ पाइरहेको छ र किन भन्ने बुझेको सुनिश्चित गर्नुहोस । सरल र पारदर्शी सहभागी छनौट मापदण्ड र कार्यक्रमका उद्देश्यहरुको विकास र प्रचार गर्नुहोस ।
- व्यक्तिको भौतिक सुरक्षा, तिनीहरूको सम्पत्ति, र आयलाई सम्भावित वा जारी जोखिमलाई (कार्यक्रमको परिणामस्वरूप) न्यूनीकरण गर्नुहोस र यी जोखिमहरूलाई समाधान गर्न कदम चाल्नुहोस ।

## मुख्य सूचकहरु

- प्रदान गरिएको अथवा संरक्षित सम्पत्ति, व्यक्ति, घरपरिवारहरुको आधारभूत आवश्यकताहरू पुरा गर्नका लागि महत्वपूर्ण हुन्छ ।
- उत्पादनशील सम्पत्तिलाई समतामूलक तरिकाले पहिचान, संरक्षित, प्रतिस्थापन, र/वा मा वृद्धि गरिएको छ ।
- व्यक्ति र परिवारले सम्पत्ति कार्यक्रमको लक्ष्य र उनीहरु किन छानिए वा छानिएनन् भन्ने बारे भन्न सक्छन् ।
- सम्पत्ति कार्यक्रमले समुदाय वा घरपरिवारमा द्वन्द वा असमानता बढाएको छैन ।

# मार्ग-दर्शनका लागि टिपोटहरु

## १.आवश्यकताहरुको लेखाजोखा (Needs assessment)

उत्पादनशील सम्पत्तिको संरक्षण गर्न स्थानीय जीविकोपार्जनको ढाँचाहरू बुझ्नु जरुरी हुन्छ र घरपरिवारको खाद्य तथा आय श्रृंखलाहरूमा सबैभन्दा ठूलो असर पार्ने सम्पत्तिमा कार्यक्रमले ध्यान दिनुपर्छ। कृषि घरपरिवारहरुले वार्षिक खाद्य उपभोगको निश्चित प्रतिशत आफै उत्पादन गर्न सक्छ, तर यदि उत्पादन भन्दा धेरै खरिद भयो भने तत्काल बजारमा खानाको लागि पहूँचको व्यवस्था, र आय उत्पादन गर्ने श्रमको अवसरहरुमा ध्यान दिनुपर्छ । घरपरिवारको भित्री गतिशिलतालाई पनि अनिवार्य रुपले ध्यान दिनुपर्छः सम्पत्तिको प्रयोग सम्पूर्ण घरपरिवारलाई सहयोग गर्ने किसिमले प्रयोग भइरहेको, सम्पत्तिको व्यवस्थापनको लागि जिम्मेवार भएको व्यक्तिलाई जोखिममा नभएको, र त्यो सम्पत्तिले कुनै घरेलु हिंसा वा शोषणका मुद्दाहरू सृजना नगरेको सुनिश्चित गर्नुपर्छ।

## २.उपयुक्तता (Appropriateness)

लाभकर्ताहरु यदि तयार, सक्षम, र सम्पत्तिको उपयोग गर्नका लागि ईच्छुक छन र यो क्रियाकलापले उनीहरुको लागि एउटा टिकाउ जीविकोपार्जनको अवसर ल्याउँछ भने मात्र सम्पत्ति वितरण कार्यक्रमले काम गर्दछ । विशेष गरी प्राथमिकताहरुमा केन्द्रित हुँदै (जस्तैः उपकरणको आकार वा प्रकार) लेखाजोखाले सम्पत्तिको सम्भावित प्रयोगकर्ताहरुसंग छलफल गर्नुपर्छ  जसले व्यक्तिलाई सम्पत्तिको उपयोग गर्नबाट रोक्न सक्छ।

### उदाहरण

द्वन्दपछि, उन्नत गाईहरुलाई समुदायमा ल्याएर वृद्ध लगायत सबैभन्दा संकटासन्न समूहहरूलाई तिनीहरुको खाद्य सुरक्षा सुनिश्चित गर्न वितरण गरियो। वितरणको एक हप्ता पछि, एक हजुरआमाले आफ्नो गाई सम्हाल्नको लागी धेरै ठूलो भएको भन्दै परियोजनाको कार्यालयमा ल्याएर फिर्ता गरिन । सजिलैसंग व्यवस्थापन गर्न सकिने एउटा सानो स्थानीय गाई खरिद गर्नका लागि उनले यसलाई बेच्न सक्छिन् कि भनेर सोधिन्।

## ३.संकटासन्न समूहहरु माथि प्रभाव (Impact on vulnerable groups)

विशिष्ट समूहहरु (महिला, युवा, अपांगता भएका व्यक्तिहरु, वृद्ध, र वंचितिकरणमा परेका जातजातिहरु) लाई ध्यान दिईएको सुनिश्चित गर्नुहोस र विशेष गरी सरकारी मन्त्रालय र विभागहरुसंग काम गर्दा सांस्कृतिक भेदभाव वा द्वन्दलाई बढाउन सहयोग नगर्न ख्याल गर्नुहोस।

## ४.स्वामित्वको भावना सिर्जना (Creating a sense of ownership)

जीविकोपार्जन सम्पत्ति मानिसहरुको लागि सबैभन्दा मूल्यवान हुन्छ जब उनीहरुले सम्पत्तिलाई उपहारको रूपमा हेर्नु भन्दा पनि सम्पत्ति माथि वास्तविक स्वामित्वको महसुस गर्छन्। सहमति बढाउनलाई, कार्यक्रमद्वारा सहयोग गरिएको

सम्पत्तिमा लाभकर्ताहरुले केहि हदसम्मको सह-लगानी प्रदान गर्न कार्यक्रमलाई आवश्यकता हुन सक्छ, उदाहरणको लागी, सम्पत्तिको मूल्यको भागलाई योगदान गरेर, अन्य सामाग्रीहरु वा श्रममा लगानी गरेर, वा सम्पत्ति (नगद वा जिन्सीमा) फिर्ता दिएर । सह-लगानीको जिम्मेवारीको कारण व्यक्तिहरु अति बाध्य हुनबाट बच्नको लागि सावधानी अपनाउनु पर्छ । जहाँ वित्तीय संस्थाहरु (औपचारिक वा अनौपचारिक) विद्यमान छन्, यदि समुदायमा उधारो लिने स्तरको सम्बन्धमा पारदर्शिता छ भने उनीहरुको माध्यमबाट काम गर्नु पनि न्यूनीकरणका लागि एउटा रणनीति हुन सक्छ । यदि लक्षित घरधुरीहरु र उद्यमहरुले पहिले नै आँफैले सम्पत्तिमा लगानी गरीरहेका छन् भने प्रत्यक्ष सम्पत्ति प्रदान गर्नुको सट्टा कार्यक्रमहरुले यी प्रयासलाई पूरकता दिनलाई ध्यान दिनुपर्छ किनभने यसले यथार्थमा उनीहरुको सामना गर्ने संयन्त्रलाई कमजोर पार्न सक्छ । समुदायहरुलाई प्रणालीगत मुद्दाहरु सम्बोधन गर्ने व्यापक बजारका कार्यक्रमहरु उपलब्ध गराएर राम्रो सेवा दिन सकिन्छ । जोखिम उठाउँदा र संकटपूर्व जीविकोपार्जन विस्तार गर्न वा नयाँ जीविकोपार्जनहरु सिक्न थालेपछि लाभान्वित हुनेहरूको घरमा नियमित भ्रमण गर्नु पनि उनीहरूको आर्थिक हितको लागि ठूलो सहयोग हुन सक्छ । **"स्नातक कार्यक्रम"***ले परिवारहरुसंगको नियमित सम्पर्कको मूल्यको मनग्यै प्रमाण दिन्छ जब तिनीहरु आफ्नो स्थिति सुधार गन प्रयास गर्छन् ।

## उदाहरण

उत्तरी युगान्डामा एउटा कार्यक्रमले समुदायहरुको लागी छ वटा गोदामहरुको निर्माण गर्ने योजना बनायो र त्यसका लागि लक्षित समुदायहरुबाट निवेदनको माग गरे । निवेदकहरुबाट समूहको बनावट, गोदाम संचालन (एक पटक बने पछी) र गोदामको लागतमा समूहको योगदानको विवरण माग गरिएको थियो । यसमा वित्तीय योगदानको आवश्यकता थिएन । अन्ततः प्रतिस्पर्धा जित्ने एउटा समूहले गोदामको निर्माण गरे पश्चात मूल्यांकनकर्तालाई त्यहाँ गोदाम उनीहरुको आफ्नो परिश्रमले गर्दा भएकोमा धेरै गर्वित भएको कुरा बताए । अधिकांश समुदायलाई गै.स.स.बाट प्राप्त वित्तीय लगानीको बारेमा थाहा थिएन, उनीहरुलाई प्राविधिक सहयोग बारे मात्र थाहा थियो । त्यसैले तिनीहरु त्यो गोदामको निर्माण उनीहरु आफैले गरेका हौ" भनेर भनि रहेका थिए ।

## ५.सह-लगानीको मूल्यांकन (Valuing the co–investment)

एउटा साझा प्राविधिक प्रश्न भनेको सम्पत्ति प्राप्तकर्ताहरू देखि लिएर अनुरोध गर्ने सम्म सह-लगानीको स्तर कसरी निर्धारण गर्ने भन्ने हुन्छ । यसको लागि सम्भावित प्राप्तकर्ताहरुको आर्थिक अवस्थालाई (समुदाय भरि विशिष्ट होस् वा सामान्यीकृत) बुझ्न आवश्यक हुन्छ, जसलाई सर्वेक्षण वा अन्य जीविकोपार्जनको तथ्यांक, साथै राम्रो निर्णयबाट निकाल्न सकिन्छ । सुरुवात ५०/५० लागतको विभाजनबाट गर्न सकिन्छ, तर त्यो विभाजनले उत्पादनशील सम्पत्तिको प्राप्तकर्ताले सामना गर्ने जोखिमको स्तरलाई ध्यान दिदैन ।

*स्नातक कार्यक्रमले चरम गरिबीमा रहेका परिवारहरुलाई उनीहरुको दक्षता, आत्मविश्वास र दिगो आम्दानीका लागि आर्थिक सम्पत्ति र समग्र तालिम दिन्छ ।*

साधारणतया, जोखिम जति कम हुन्छ, प्राप्तकर्ताले त्यति नै बढी योगदान दिनुपर्छ । यद्यपि, संकटपछिको पुनर्निर्माण खर्चलाई ध्यान दिनु पर्छ, पहिले भनिए जस्तै, गरिएको लगानी र प्रतिबद्धताको स्तर बिच सम्बन्ध हुन्छ । लाभकर्ताले एउटा स्तरमा योगदान गर्नुपर्छ जसले सम्पत्तिलाई हालै सामना गर्नुपरेको कुनै पनि आघातबाट पुनर्लाभ प्राप्त गर्ने क्षमतालाई कमजोर नबनाई उत्पादनशील रूपमा प्रयोग गर्ने आफ्नो प्रतिबद्धतालाई सुनिश्चित गर्दछ ।

## ६.जोखिम लेखाजोखा (Risk assessment)

सम्पत्ति कार्यक्रमले अनजानमै भौतिक लगायत नगद र सम्पत्ति बोक्ने र भण्डारण गर्ने खतरा, लाभग्राही तथा अन्य समुदाय सदस्यहरु बीच सामाजिक द्वन्द, तथा योग्यता नभएका उद्यमहरूको व्यवस्थापन गर्दाको कारण आएको दिर्घकालिन समस्याहरुले विभिन्न जोखिमको दायरालाई बढाउन सक्छ । कार्यक्रमहरूले यस्ता जोखिम र संवेदनशीलतालाई ध्यानमा राख्नुका साथै सकेसम्म कम गर्नुपर्छ ।

**सचेतनात्मक कथा**

एउटा सम्पत्ति प्रतिस्थापनका लागि नगद वितरण कार्यक्रमले लाभग्राहीहरुलाई सामुदायिक फुटबल मैदानको पालमा आगामी शनिवार १० बजेबाट आफ्नो नगद अनुदान लिन सक्ने सार्वजनिक रूपमा घोषणा गऱ्यो । मानिसहरू बिना कुनै पनि सुरक्षा खुल्ला लाममा पर्खिरहेका थिए र रकम प्राप्त गरे पछि सीधै मुख्य सडकमा बाहिर निस्के । कसले नगद प्राप्त गर्छ भनेर उनिलाई सडकबाटै हेर्न धेरै सजिलो छ र पछिल्ला केही दिनहरूमा धेरै लाभग्राहीहरू लुटिन्छन् ।

**सचेतनात्मक कथा**

लेबनानमा शरणार्थीहरूलाई भौतिक सम्पत्ति वितरणलाई आथित्य प्रदान गर्ने समुदायले नकारात्मक रुपमा लियो । नगद सहायता वितरण गर्न ई-कार्ड पद्धतिको प्रयोग साधारणतःया सहायता प्रदान गर्ने मर्यादित तरिका भएता पनि, शरणार्थीहरुलाई आफ्नो पैसा निकाल्न एटीएमहरूमा लाम लागेको देख्दा यसले गलत धारणालाई बढायो र यसले आय तथा जीविकोपर्जनहरुमा सिरिया संकटका कारण पनि नकारात्मक असर परेको आथित्य प्रदान गर्ने समुदायसँग तनाव बढायो ।

# सम्पत्ति वितरण मापदण्डहरु २
# सम्पत्ति कार्यक्रमले स्थानीय बजारहरुलाई कमजोर नपारी पुनर्लाभलाई प्रोत्साहन गर्दछ ।

सबै सम्पत्ति वितरण कार्यक्रमले, सुरक्षा, प्रतिस्थापन होस्, वा जीविकोपार्जन विस्तार, पुनर्लाभलाई प्रोत्साहित गर्दै स्थानीय अर्थतन्त्रमा हुने प्रतिकूल प्रभाव (छोटो र दीर्घकालीन दुबै) लाई कम गर्नुपर्छ ।

## मुख्य क्रियाकलापहरु

जहिले सम्भव हुन्छ, स्थानीय बजार प्रणालीको माध्यमबाट सहायता उपलब्ध गराउने तरिकाहरू पत्ता लगाउन लेखाजोखाको निष्कर्षहरुको प्रयोग गर्दा बजारको पुनः स्थापनामा सहयोग गर्नुहोस (*लेखाजोखा र विश्लेषण मापदण्ड २* पनि हेर्नुहोस ।

- सम्पत्तिको योगदान समुदायको दृष्टिकोणबाट पारदर्शी छन् भनेर सुनिश्चित गर्नलाई सञ्चार योजना र रणनीतिहरु बनाउनु होस ।
- सबै महत्वपूर्ण सम्पत्ति हस्तान्तरणका लागि स्पष्ट स्वामित्व, संचालन र व्यवस्थापन योजनाहरु बनाउनु होस । यो विशेष गरी समूह, समुदाय, वा संस्थाहरूलाई सम्पत्ति हस्तान्तरण गर्दा महत्वपूर्ण हुन्छ ।
- कार्यक्रमलाई दीर्घकालीन क्रियाकलापहरुमा परिवर्तनका लागि योजना बनाउनु होस ।

## मुख्य सूचकहरु

- स्थानीय अर्थतन्त्रमा छोटो, मध्यम र दिर्घकालिन रुपमा कार्यक्रमले पार्न सक्ने सम्भावित प्रभावहरूलाई निर्धारण गर्न लेखाजोखाहरु प्रयोग गरिएको छ ।
- कार्यक्रमले समग्र बजार प्रणालीमा सकारात्मक वा तटस्थ प्रभाव पार्छ र यसले बजारमा कुनै गम्भीर विकृतिहरूको सृजना गर्दैन ।
- घरघुरी र/वा समुदायले बुझ्दछन र उपयुक्त हुँदा, सम्पत्ति व्यवस्थापनमा सहभागी हुन्छन ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

### १.स्थानीय बजारहरुमाथि प्रभाव (Effects on local markets)

लेखाजोखा गर्दा स्थानीय बजारहरूमा सम्पत्ति कार्यक्रमको प्रभावलाई केलाउनु आवश्यक हुन्छ र खरीद तथा सम्पत्तिको वितरणसँग (उदाहरणका लागि, स्थानीय खरीदले कसरी अन्य मानिसहरूको लागि वस्तुहरुको स्थानीय उपलब्धतालाई असर गर्न सक्छ) सम्बन्धित आपूर्ति-पक्षका विषयहरूको दायरालाई ध्यान दिनुहोस । यदि स्थानीय बजारहरुले

आधारभूत आवश्यकताहरू पूरा गर्न र घरधुरीका लागि आवश्यक उत्पादनशील सम्पत्तिहरू उपलब्ध गराउन सक्छन भने तिनीहरूलाई सम्पत्ति खरिदका लागि प्रयोग गर्नुपर्छ । तथापि, यी बजारहरूले मुद्रास्फीतिको चापबाट पिडित नभई बजार कार्यक्रमबाट बढेर आउने मागलाई अनिवार्य रुपले सम्बोधन गर्न सक्नुपर्छ, जसले मूल्य वृद्धि भई मानवीय कार्यक्रमको "हानि नगर्नुहोस" भन्ने सिद्धान्तलाई उलंघन गर्दै अरु घरपरिवारलाई पाखा लगाउन सक्छ । उपलब्ध मौज्दात, वर्तमान र मूल्य ईतिहास, यातायातको लेखाजोखा गर्दै र वस्तुहरुको आपूर्ति वृद्धिसँग सम्बन्धित बन्दोवस्तीका चुनौतीहरूले संस्थाहरूलाई वर्तमान र भविष्यमा बजारको क्रियाशीलतालाई सहयोग गर्ने खालका कार्यक्रमहरु तर्जुमा गर्नमा मद्दत गर्नेछन । वितरण वा खरीद गरिएका प्रमुख वस्तुहरुको अतिरिक्त नियमित बजार मूल्य अनुगमनबाट संस्थाहरूले मुद्रास्फीतिको प्रमाण देखिएमा तिनीहरूको कार्यक्रम रोक्न वा अनुकूलित गर्न सक्ने छन् ।

## उदाहरण

एउटा कार्यक्रमले स्थानीय थोक बिक्रेताबाट आधारभूत कृषि उपकरणहरू (जस्तैः कोदाली र एक चक्के ठेला) खरिद गर्दछ र बाढीमा हराएको कृषकहरूको औजारहरुलाई प्रतिस्थापन गर्न वितरण गर्दछ । यो ठूलो अर्डरले थोक बिक्रेतालाई अरु व्यापारिक सामानहरु पुनः भण्डारण गर्नलाई नगदको आवश्यकता हुन्छ, जसले प्रभावित क्षेत्रहरुमा सबै किसानहरूका लागि कृषि आपूर्तिको उपलब्धतालाई बढाउँछ ।

### सचेतनात्मक कथा

संकटपछि सरकारले प्रभावित किसान जनसंख्यालाई व्यापक रुपमा बीउ वितरण गर्छ । अब अहिले सबैसित सित्तैमा बीउ हुने भएकाले बीउको मूल्य स्थानीय कृषि पसलहरु घट्छ र स्थानीय बीउ उत्पादक, आयातकर्ता, थोक व्यापारी, ढुवानीकर्ता र खुद्रा व्यापारीहरूको आम्दानीमा नाटकीय ढंगमा कमी आएको छ । सरकारले के गर्छ भन्ने अनिश्चितताको बीच आयातकर्ताहरुले अर्को सिजनको लागि कम बीउ अर्डर गर्छन, र उपयुक्त मूल्यमा बीउका प्रजातिहरू बेच्न नसक्ने भएकाले तिनीहरूले धेरै मौज्दात राख्न चाहेको छैनन् जसको कारण नयाँ, खडेरी प्रतिरोधी प्रजातिका बिउहरूको आपूर्ति सीमित भएको छ ।

## २.अल्प, मध्यम र दिर्घकालिन प्रभावहरु (Short, medium, and long–term impacts)

धेरै सम्पत्ति पुनर्लाभ र संरक्षणका क्रियाकलापहरूको लक्ष्य तत्कालिक घरपरिवारहरुको आय आवश्यक्ताहरुलाई सम्बोधन गर्न जीविकोपार्जनको विस्तार, पुनःशुरु अथवा चाँडै शुरु गर्नु रहेको हुन्छ । तथापि, कार्यक्रमहरूले विभिन्न जीविकोपार्जनको दीर्घकालीन संभाव्यता, ती वस्तु र सेवाहरुका लागि व्यापक स्थानीय बजारमा उनीहरुको प्रभाव, स्थानीय श्रम बजारमा कुनै असर, र वातावरणमा पर्ने नतिजाको लेखाजोखा गर्ने प्रयास गर्नुपर्छ । रकम वा सामाग्री दिने कार्यक्रमहरु भएका संस्थाहरुले अन्य कार्यक्रमहरूसँग अनिवार्य रुपले समन्वय गर्नु पर्दछ (*मुलभूत मापदण्डहरु २* पनि हेर्नुहोस) । एउटै क्षेत्रका संस्थाहरुले भिन्न पद्धति अपनाएमा, खासगरी यदि यी पद्धतिहरूले प्राप्तकर्ताहरूबाट बढी

प्रतिबद्धताको माग गऱ्यो भने, त्यहाँ द्वन्द हुन सक्छ । कुनै निश्चित अवस्थामा, सम्पत्ति वितरण दीर्घकालीन पुनर्लाभ क्रियाकलापहरूका लागि एउटा कडी हुन सक्छ, उदाहरणका लागि, आफ्नो व्यवसाय पुनः शुरु गर्नका लागि साना उद्यमहरुलाई सक्षम पार्नु पर्छ ताकी तिनीहरू व्यापार विकासका क्रियाकलापहरुमा सहभागी हुन सकुन् । यदि तिनीहरूको वितरण शृंखला वा लक्षित गर्ने कार्य उचित छैन भने सम्पत्ति वितरणले पुनर्लाभका प्रयासमा बाधा पुऱ्याउन सक्छ । उदाहरणका लागि, बाह्य रूपमा खरिद गरिएका वस्तुहरूको व्यापक वितरणले ती उत्पादनहरूका स्थानीय आपूर्तिकर्ताहरुलाई (कार्यक्रमको संभावित अप्रत्यक्ष लाभग्राहीहरु) विकास गर्ने प्रयासलाई कमजोर बनाउन सक्छ ।

## ३.हस्तान्तरणका नमूनाहरु (Transfer modalities)

नगद हस्तान्तरण सामान्यतया प्रारम्भिक पुनर्लाभ कार्यक्रममा लचिलो र बजार-संवेदनशील तरिकाले सम्पत्ति सुरक्षा र आधारभूत आवश्यकताहरूलाई सम्बोधन गर्न प्रयोग गरिन्छ । प्रभावित घरपरिवारहरुसंग गरिएको संवाद मार्फत कार्यक्रमले जीविकोपार्जनलाई कायम गर्न सक्छ र नकारात्मक सामना गर्ने संयन्त्रलाई कम गर्न तथा उत्पादनशील सम्पत्तिहरुको बिक्रीलाई कम गर्न सक्छन् । यसको अतिरिक्त, कार्यक्रमले घट्दो उत्पादकत्व भएको सम्पत्तिको बिक्री वा सुरक्षा गर्ने बजारका समाधानहरुलाई समावेश गर्न सक्छ, उदाहरणका लागि, भाउ नबढे सम्म बाली भण्डारण गरि राख्ने वा दीर्घकालीन खडेरीलाई सम्बोधन गर्न पशुधन बेच्ने जस्ता क्रियाकलापहरु । अन्य पूरक कार्यक्रम विधिहरूले सम्पत्ति पुनर्लाभ र सुरक्षामा प्रत्यक्ष असर पर्न सक्छ । उदाहरणका लागि, संकटमा हराएको सम्पत्ति पुनर्स्थापना गर्न र बजारलाई पुनः क्रियाशील बनाउन तिनीहरूलाई उधारोमा पहूँच दिलाउन आर्थिक पहूँचको कार्यक्रमले साना उद्यमहरूलाई ऋणको प्रत्याभूति दिन सक्छ । जागिरको अभाव हुँदा, कामको लागि नगद कार्यक्रमले श्रमिकलाई सामुदायिक पूर्वाधारको पुनर्स्थापना गर्दै आय आर्जन गर्न सक्षम बनाउन सक्छ । धेरै दस्तावेजहरुले यी विधिहरूका लागि निर्देशिका र औजारहरु उपलब्ध गराएका छन् - विस्तृत विवरणका लागि अनुसूची हेर्नुहोस् ।

### उदाहरण

फिलिपिन्समा हाइयान आँधी पछि नगद वितरणका लागि बिना क्रमवद्ध नियन्त्रण परीक्षणले तीन भुक्तानीहरुको (समान कूल रकम) तुलनामा एकल रकम हस्तान्तरणको परिणाम स्वरूप साना उत्पादनशील सम्पत्तिहरुको स्वामित्व बढेको पत्ता लगायो । एकल भुक्तानी प्राप्त गर्ने घरपरिवारहरुले साना पशुधनमा बढी लगानी गरे (जस्तैः - घरपालुवा सुँगुर, बाख्रा र कुखुरा)। एकमुष्ट रकम प्राप्तिको कुनै पनि सम्भावित बेफाइदाहरुलाई अध्ययनको अवधीमा कार्यान्वयन गरिएन ।

# सम्पत्ति वितरणका मापदण्डहरु ३
# उत्पादनशील सम्पत्तिहरूलाई सुरक्षित गरिन्छ

उत्पादनशील सम्पत्तिको क्षति रोक्ने काम उपयुक्त र समय भित्रै गरिन्छ ताकी बिना हानि घरपरिवारहरुले आधारभूत आवश्यकताहरू पूरा गर्न सकुन, उपभोग वा सम्पत्तिको बिक्रीले तिनीहरुको पुनर्लाभलाई जोखिममा पार्न सक्छ। उत्पादनशील सम्पत्तिको सुस्तता वा नोक्सानी रोक्नु र सरक्षा दिनु संकट-प्रभावित मानिसहरूलाई पुनर्लाभ प्राप्त गर्न मदत गर्ने पहिलो कदम हो। सामान्यतःया, मानिसहरुले स्थायित्व हासिल गरेका छन् र संगठनहरूले हराएको सम्पत्ति प्रतिस्थापन गर्न तयार हुन शुरु गर्नु भन्दा पहिले नै तिनीहरू सबै जसो आधारभूत आवश्यकताहरू पूरा गर्न सक्षम भएको हुनुपर्छ।

## मुख्य क्रियाकलापहरु

- नकारात्मक सामना रणनीति र मौजुदा सम्पत्तिको ह्रासको निरन्तर प्रयोग रोक्न वा कम गर्न कार्यक्रमहरु पहिचान गर्नुहोस। यदि हरायो भने, कुन सम्पत्ति पुनर्लाभका लागि अपरिवर्तनीय परिणाम हुनेछ भन्ने कुरा थाहा पाई राख्नुहोस र यी कुराहरूको सुरक्षामा केन्द्रित हुनुहोस।
- विद्यमान र सम्भावित उपलब्ध गराउने संयन्त्र र स्थानीय बजारहरूमा उक्त अवधारणाको सम्भावित प्रभावमा (सकारात्मक वा नकारात्मक) आधारित सम्पत्ति सुरक्षाको लागि प्रयोग गरिएको अवधारणा निर्धारण गर्नुहोस (उदाहरणका लागि, नगद वितरण)।
- सम्पत्ति सुरक्षामा सहयोग गर्न सक्ने बजारका क्रियाशील निकायहरूको खोजी गर्नुहोस र नवप्रवर्तन गरिएका (innovative) समाधानहरूको विकास गर्न तिनीहरूसँग काम गर्नुहोस। उदाहरणका लागि, लगानीको आपूर्ति जोगाउन चाहने थोक बिक्रेताहरूले उधारोमा वा अग्रिम खरिद गर्न सक्छन।
- घरपरिवार स्तरको आवश्यकताहरु र त्यसको सामना गर्ने रणनीतिहरूको अनुगमन गर्नुहोस। यसलाई एउटा निरन्तर आधारमा र वस्तुहरूलाई सहयोगसंग सम्बन्धित प्रश्नहरूलाई समावेश गरेर (जस्तैः जनावरको लागि चारो) स्थानीय बजारको कुनै पनि अनुगमनसंगै (जस्तै मूल्य अनुगमन) गर्नुहोस।

## मुख्य सूचकहरु

- घरपरिवारहरुले तिनीहरूको स्वस्थ, सुरक्षित र आय आर्जन गर्ने भावी सम्भावनालाई कमजोर नबनाउने सामना रणनीतिहरु प्रयोग गरिरहेका छन्। केटाकेटीहरू विद्यालयमा बस्न सक्षम छन्।
- घरपरिवारहरुले तत्काल संकटको दौरान उत्पादनशील सम्पत्तिहरु कायम राख्छन्, अथवा आघातको तात्कालिक परिणाममा तिनीहरुको क्षतिलाई न्यून गर्छन्।

- सम्पत्ति सुरक्षा समाधान गर्नमा योगदान गर्न सक्ने बजारका क्रियाशील निकायहरू पहिचान गर्न बजार लेखाजोखालाई प्रयोग गरिन्छ ।
- सम्पत्तिहरु बीमाद्वारा सुरक्षित गरिन्छ ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

## १.आधारभूत आवश्यकताहरुको पूर्ति (Meeting basic needs)

संकटपछि खाद्यान्न, खानेपानी, स्वास्थ्य सेवा र आश्रय जस्ता आधारभूत आवश्यकता पूरा गर्ने कुराले प्राथमिकता पाउछन् । अझै सामान्य समयमा यी आधारभूत आवश्यकताहरू उपलब्ध गराउन उत्पादनशील सम्पत्तिले भूमिका खेल्दछ, र त्यसैले घरपरिवारहरुले उत्पादनशील सम्पत्ति उपभोग गर्न वा बेच्न बाध्य हुनुभन्दा पहिले नै कार्यक्रम शुरु गर्न अत्यावश्यक हुन्छ । यद्यपि केही प्रभावित जनसंख्याले संकटको तुरुन्तै पछि सम्पत्ति बेचेको हुन सक्दछ, कार्यक्रमहरुले थप सम्पत्ति ह्रास हुनबाट रोक्न सक्छ । कृषिजन्य कार्यक्रमहरु धेरै ढिलो भएमा नतिजाहरु गम्भीर र दीर्घकालिन हुन सक्छन, त्यसैले मौसमी पात्रोहरूमा अनिवार्य रुपले विशेष ध्यान दिनुपर्छ । नगद हस्तान्तरण, भाउचर, वा जिन्सी सहायतालाई आधारभूत आवश्यकताहरू पूरा गर्नमा लक्षित गर्नुपर्छ र यिनीहरु सुरक्षालाई प्रोत्साहन र निर्वाह गर्न, र, सम्भव भएसम्म उत्पादनमूलक सम्पत्तिको वृद्धि गर्न तर्जुमा गरिएको हुन्छ ।

### उदाहरण

आंधीको लगत्तै एक जना दर्जिनीले आफ्ना छोराछोरीको लागि खाना किन्न आफ्नो धागो र कपडा बेच्छिन् । यी वस्तुहरू वा पैसाको अभावमा अहिले तिनको लुगा सिउने मेसिन प्रयोग विहिन भएको छ । असुरक्षित घरपरिवारहरुले आवश्यक खाद्य तथा गैर-खाद्य वस्तुहरू किन्न सकोस् भनेर एउटा कार्यक्रमले नगद हस्तान्तरण गर्छ । समयमै नगद हस्तान्तरणको कारण तिनले सिलाइ मेसिन बिक्री गर्न बाध्य हुन्निन र तिनले आफ्ना छोराछोरीको लागि खाना किन्न र आफ्नो व्यवसाय पुनः शुरु गर्न कपडा र धागो खरीद गर्न सक्छिन ।

### उदाहरण

बाढी पछि एउटा कार्यक्रमले प्रभावित ग्रामीण घरपरिवारहरुलाई आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्न र कृषि मजदूरहरूलाई भुक्तानी गर्न नगद हस्तान्तरण गर्दछ । नगद हस्तान्तरणलाई पूरकता दिन, कार्यक्रमले दिगो सिँचाइ कुलो खन्नको लागि उचित प्रविधि सम्बन्धी प्रशिक्षण प्रदान गर्दछ । नगदले किसानहरूको आधारभूत आवश्यकताहरू पूरा गरिदिनुका साथै बीउ भण्डारको उपभोग गर्न पनि रोक्छ । प्रशिक्षण र श्रम सहयोगका अंगहरूले भविष्यमा आउने बाढी प्रति किसानहरुको संकटासन्नतालाई कम गर्नुका साथै भविष्यमा हुने आघातको प्रभावबाट सम्पत्ति र लगानीको सुरक्षा पनि गरिदिन्छ ।

## २.सामना रणनीतिहरु (Coping strategies)

उत्पादनशील सम्पत्तिलाई हालैको संकटको प्रभावबाट जोगाउन खोज्ने कार्यक्रमहरुले संकटपछिको वातावरणको वास्तविकतालाई स्वीकार्नु पर्छ । केहि कार्यक्रमले आघातको असरलाई कम गर्छ र नकारात्मक सामना रणनीतिको आवश्यकतालाई घटाउँछ, प्रभावित मानिसहरु अझै पनि उनीहरुको परिवर्तनसंग जुध्ने व्यवहारलाई बदल्न बाध्य हुन सक्छन । सम्पत्ति वितरण कार्यक्रमले यो वास्तविकतालाई सम्बोधन गर्नुपर्छ र उत्पादनशील सम्पत्तिलाई खतरामा पार्ने सामना रणनीतिहरूलाई निरुत्साहित गर्नुपर्छ, अथवा तिनीहरु अस्वस्थकर वा असुरक्षित हुन्छन् । घरपरिवारहरुले बालबालिकालाई विद्यालयमा भर्ना गर्नुपर्छ र आय आर्जन गर्ने क्रियाकलापमा सहभागी हुन तिनीहरुलाई विद्यालयबाट निकाल्न दिनु हुदैन ।

**उदाहरण**

खडेरी पछि, व्यापक प्रतिकार्य कार्यक्रमले सामुदायिक जागरुकता (sensitization)लाई समावेश गर्छ जसले ग्रामीण घरपरिवारहरुलाई बीउ भण्डार कायम राख्न प्रोत्साहित गर्नुका साथै र रोपाईको दीर्घकालीन महत्वलाई बल दिन्छ । घरपरिवारहरु बीउ भण्डार राख्ने कुरामा विश्वस्त भए पनि तिनीहरूले अझै पनि अन्य तरिकाले सामना गर्नु पर्ने हुन सक्छ, जस्तै, अर्को कटनी नहोउन्जेल सम्म सस्तो वा कम रुचिकर किसिमका खानाहरू खानु ।

## ३.सम्पत्ति धारणको मापन (Measure asset retention)

सिद्धान्ततः, सम्पत्ति कार्यक्रमको क्रियाकलापले उन्नत स्तरको सम्पत्ति कायम राख्न र भविष्यमा हुने संकट प्रति विकसित उत्थानशीलता हुन्छ भनेर देखाउन सक्छ । प्रभावको यो स्तर मापन गर्नका लागि धेरै सम्पत्ति कार्यक्रमहरु लामो समयसम्म चल्दैनन । जहाँ समुदायलाई लामो समयावधि सम्म हुने अनगिन्ति संकटहरूलाई सम्बोधन गर्न मद्दत गर्ने दीर्घकालीन कार्यक्रमहरू हुन्छन् (उदाहरणका लागि, समुदायलाई वार्षिक मनसुनको बाढी वा जलवायु परिवर्तन सम्बन्धी संकटसंग सामना गर्न मद्दत गर्ने कार्यक्रमहरू), त्यहाँ, यस प्रकारको प्रभाव मापन अत्यन्त महत्वपूर्ण हुन्छ ।

**उदाहरण**

चालू कार्यक्रमको अनुगमनले ससाना व्यवसायहरूलाई सहयोग गर्न विभिन्न किसिमका उपकरणहरू प्राप्त गरेका शरणार्थीहरुले वास्तवमा, ती सामानहरूलाई तेस्रो देशमा यात्रा गर्नका लागि पैसाको जोहो गर्न बेच्दै थिए भन्ने कुरा पत्ता लगायो । फलस्वरूप, कार्यक्रमलाई शरणार्थी र स्थानीय आतिथ्य प्रदान गर्ने समुदायहरूका सदस्यहरू बिच संयुक्त व्यापारिक उद्यमहरू बढाउने गरि समायोजन गरियो । यसले समुदाय बिचको सम्बन्ध सुमधुर भयो र व्यवसाय दर्ता गर्नमा सहजता भयो ।

# सम्पत्ति वितरण मापदण्डहरु ४
# सम्पत्ति प्रतिस्थापन निष्पक्ष र पारदर्शी हुन्छ

महत्वपूर्ण जीविकोपार्जनका सम्पत्तिहरु नष्ट भएमा त्यसलाई स्थानीय अर्थतन्त्रलाई कमजोर नबनाई घरपरिवारहरुको आर्थिक क्षमतालाई पुनर्लाभ र/वा बलियो बनाउन उनीहरूलाई सहयोग गर्दै निष्पक्ष र पारदर्शी तरिकाले प्रतिस्थापन गरिन्छ ।

## मुख्य क्रियाकलापहरु

- संकट पूर्वका जीविकोपार्जनका क्रियाकलापहरुलाई जारी राख्न वा पुनः नीरन्तरताको सम्भाव्यता र औचित्यको लेखाजोखा गर्नुहोस । (के जीविकोपार्जन अझै संभव छ ? के यो दिगो छ ?)
- संकटपूर्व स्थायी जीविकोपार्जनका क्रियाकलापहरूलाई पुनः नीरन्तरता दिन आवश्यक प्रमुख सम्पत्तिहरुमा भएको अन्तरलाई पहिचान गर्नुहोस र आवश्यक उत्पादनशील सम्पत्तिको लागत निर्धारण गर्नुहोस ।
- उपलब्ध गराईएको सहयोगलाई व्यक्तिको क्षमता, सीप र बजार अवसरहरुसंग मिलान गर्नुहोस ।
- 'समानता' सँधै निष्पक्ष हुँदैन भनेर बुझ्नु होस र त्यसको समाधान खोज्नु होस जसमा एकल परिस्थिति र संकटासन्नताहरूलाई सम्भव भए सम्म समावेश गर्नुहोस ।
- कार्यक्रमको प्रक्रियाको विषयमा घरपरिवार, अगुवा र समुदायहरुसँग स्पष्ट रूपमा कुराकानी गर्नुहोस ।
- नयाँ प्रकारको सम्पत्ति उपलब्ध गराउँदा आवश्यक तालिम पनि दिनुहोस ।
- सम्भव भएसम्म दीर्घकालीन बजारको विकास र आर्थिक सुधारका लक्ष्यहरू राख्दै अल्पकालिन कार्यक्रमहरुको तर्जूमा गर्नुहोस । दीर्घकालीन सोच भएका आर्थिक पुनर्लाभका क्रियाकलापहरूलाई कमजोर नबनाउनु होस ।

## मुख्य सूचकहरु

- बजार लेखाजोखाहरुलाई मध्यमदेखि दीर्घकालीन जीविकोपार्जनहरुको संभावना निर्धारण गर्न प्रयोग गरिन्छ ।
- लाभग्राहीले सम्पत्ति बिक्रीका थोरै घटना वा त्यसलाई अन्यत्र जान नदिन सोचे अनुसार सम्पत्तिको प्रयोग गर्छन ।
- आय, उत्पादन, वा सम्बन्धित क्रियाकलाप-विशेष सूचकहरू संकटपूर्व वा त्यो भन्दा उत्तम अवस्थामा फर्कन्छन र यो अवस्था मध्यम अवधिका (जीविकोपार्जन पुनर्लाभान्वित प्राप्त भएको सट्टा) लागि त्यहि स्तरमा दिगो रहने छन् ।
- घरधुरीहरुले कार्यक्रमको प्रक्रिया र तिनीहरु किन छनौट भए (भएनन) भन्ने कुरा बताउन सक्छन् ।
- कार्यक्रमहरुले नयाँ उपकरण वा प्रविधिहरुको प्रयोग गर्दा उपयुक्त प्रशिक्षण प्रदान गरिन्छ ।
- विशेष प्रकारले संकटासन्न घरपरिवारहरुलाई ध्यान दिईन्छ ।

# मार्ग-दर्शनका लागि टिपोटहरु

## १.घरपरिवारको आवश्यकता र क्षमताहरुलाई सम्मान (Respecting household requirements and abilities)

कार्यक्रमले व्यक्तिहरुको सीप, क्षमता र महत्वकांक्षाको सम्मान गर्नुपर्छ । संकटको तत्काल परिणाम पछिको सम्पत्ति कार्यक्रम वा लामो समयसम्म हुने व्यवधानले अल्प र दीर्घकालिन दुवैमा कार्यक्रमद्वारा लक्षित गरिएको आर्थिक क्रियाकलापहरुलाई कार्यान्वयन गर्न उनीहरुको क्षमतालाई अनिवार्यरुपले ध्यान दिनुपर्छ। यसका अतिरिक्त, कार्यक्रमले श्रम र आर्थिक बजारको बदलिँदो परिस्थितिलाई अनुकूलन गरिएका क्रियाकलापहरूमा ध्यान दिनुपर्छ । निश्चित प्रसङ्गमा, जस्तै- व्यापक विस्थापन भएको खण्डमा, पहिले देखि विद्यमान रहेका जीविकोपार्जनहरु थुप्रै कारणले गर्दा सक्षम नहुन सक्छन। यदि सन्दर्भ लेखाजोखाले यस्तो सङ्केत गऱ्यो भने, नयाँ क्रियाकलापमा मानिसहरूको विविधिकरण गर्नमा मदत गर्न यो उचित हुन सक्छ । यस्तो अवस्थामा राजनीतिक सन्दर्भ र अन्तरसामुदायिक गतिशिलतालाई “हानि नगर्नुहोस” को दृष्टिकोणबाट ध्यानमा राखिनु पर्छ । यी कार्यक्रमहरुका लागि थप मार्गदर्शन पछिल्लो मापदण्डमा राखिएको छ ।

**सचेतनात्मक कथा**

हिन्द महासागरको सुनामीपछि स्थानीय मानिसहरूलाई मत्स्य पालन पुनः सुरु गर्न सक्षम बनाउन भनेर हजारौं डुंगाहरू वितरण गरियो । वितरण गरिएका प्राय जसो डुंगाहरू साना थिए, स्थानीय मत्स्य पालकहरुले पहिले नै विशिष्ट माछा प्रजाति र भौगोलिक क्षेत्रहरुमा लक्षित धेरै प्रकार र आकार डुङ्गाहरूलाई समाविष्ट गरि सकेका थिए । खराब लक्षित गर्ने कार्य र उपयोग तथा प्रभावको अपर्याप्त विश्लेषणको कारण, धेरै डुङ्गाहरू उपयुक्त भएनन् र तिनीहरूलाई आफ्नो उद्देश्यको लागि कहिल्यै प्रयोग गरिएन । यसको बावजूद, उपलब्ध गराइएका थुप्रै डुंगाहरूले अत्यधिक माछा मार्ने कार्य गरेकोमा सरोकार उत्पन्न भयो ।

**सचेतनात्मक कथा**

सिरियाको संकटको प्रतिकार्य स्वरुप, केही अन्तर्राष्ट्रिय संगठनहरुले वास्तविक बजारको आवश्यकता भन्दा लाभग्राहीको प्राथमिकताको आधारमा सीप मूलक तालिम तर्जुमा गऱ्या, र महिलाहरूलाई केश बनाउने र सौन्दर्य देखभालमा प्रशिक्षित गऱ्यो, तर नगन्य संख्याका प्रशिक्षार्थीहरूले यी सीपहरूबाट कुनै पनि आय आर्जन गर्न सके ।

## २.परिवर्तन रणनीतिहरु (Transition strategies)

संकटको परिणाम पछिका कार्यक्रमहरूले प्राय उत्पादनशील सम्पत्तिहरूलाई पुर्नस्थापन गरेर घरपरिवारहरु तथा व्यक्तिहरुको द्रूत पुनर्लाभमा सहयोग गर्ने लक्ष्य राखेको हुन्छ र तिनीहरुको दीर्घकालीन स्थितिमा सुधार गर्न वा आर्थिक विकासमा जोड दिन सीमित प्रयासहरु गर्दछन् । यी तत्कालिक चरणहरुमा पनि, कार्यक्रमहरुले सम्पत्ति कार्यक्रमको

सम्भावित दीर्घकालीन प्रभावहरूलाई ध्यान दिनुपर्छ र वित्तीय सेवा वा उद्यम विकास जस्ता दीर्घकालीन कार्यक्रमहरुसँगको सम्भावित कडीहरूलाई पहिचान गर्न शुरु गर्नुपर्छ। यस्ता खाले कार्यक्रमहरूलाई त्यस क्षेत्रका अन्य संस्थाहरूले पनि प्रस्ताव गर्न सक्छन । (*वित्तीय सेवा मापदण्ड, उद्यम र बजार प्रणाली विकास मापदण्ड, र थप जानकारीको लागि मुलभूत मापदण्ड २* पनि हेर्नुहोस) । कार्यक्रमहरूले स्थानीय अर्थतन्त्र र स्थानीय क्रियाशील निकायहरूलाई सहयोग गर्न, सुदृढ पार्न र पुननिर्माण गर्नमा ध्यान केन्द्रित गर्नुपर्छ (*सम्पत्ति वितरण मापदण्ड १* पनि हेर्नुहोस) । द्वन्द पश्चात् वा प्राकृतिक विपद्को परिस्थितिमा केही क्षतिग्रस्त सामुदायिक सम्पत्तिहरू, विशेष गरी श्रम-संवेदनशील भग्नावशेषहरू हटाउने कार्य वा पुनर्वास कार्यक्रमलाई, पुनर्स्थापना गर्नमा लगानी गरेर पनि जीविकोपार्जनलाई पुनर्जीवित गर्न सकिन्छ। परिर्वतनका रणनीतिहरू स्थानीय तागत बढाउन र उपयुक्त रुपमा बाह्य क्रियाशील निकायहरूलाई बिस्तारै हटाउने प्रयास गर्नुपर्छ।

## उदाहरण

पूर्वाधारको पुननिर्माण गर्न *कामको लागि नगद* कार्यक्रम कार्यान्वयन गर्दै एउटा संस्थाले मजदूरहरुलाई अन्तर्निहित बचत विकल्पको प्रस्ताव गऱ्यो, जसमा संस्थाले तिनीहरूलाई हरेक हप्ता दिने तलबको थोरै अंश रोकेर राख्थे र निर्दिष्ट मितिको समाप्ति पछि फिर्ता दिईन्थ्यो । यसले गर्दा कामदारहरूले आफ्नो परिवारको तात्कालिक आवश्यकता पूरा गर्न केही रकम पाउन सक्थे, र पूर्वाधार परियोजना सम्पन्न भए पश्चात लगानी गर्नेलाई एउटा सानो एकमुष्ट रकम पनि पाउन सक्थे।

## ३.उत्थानशीलता वृद्धि (Increasing resilience)

सम्पत्ति सुरक्षालाई पूर्णरूपमा सम्बोधन गर्न, कार्यक्रमहरूले विपद जोखिम न्यूनीकरण रणनीतिलाई अनिवार्य रुपमा समावेश गर्नुपर्छ । प्रारम्भिक संकट पश्चातको कार्यक्रमहरुको प्रभावलाई सुदृढ पार्दै, कम्तिमा, कार्यक्रमहरूले भविष्यका संकटहरूको जोखिम घटाउन खोज्नुपर्छ। घरपरिवारहरु भविष्यमा आइपर्ने आघातहरूको प्रभावबाट आफ्नो सम्पत्तिलाई जोगाउन सक्षम हुन सक्नुपर्छ । यी कार्यक्रमहरूको दायरा, लक्षित व्यक्तिहरूको जीविकोपार्जनको आधारमा, सम्बन्धहरु सुदृढ पार्ने देखि सिँचाइ कुलोको पुनःस्थापना गर्न वित्तीय सेवा (जस्तैः बीमा वा सुरक्षित बचत) र माटो संरक्षण संरचनाको स्थापना गर्ने सम्मका हुन सक्छन् । उत्थानिलता निर्माणको अर्को तत्व भनेको प्रत्येक घरपरिवारहरु वा समूहले अलिक फरक स्थितिको सामना गरिरहेको छ भनेर पहिचान गर्नु हुन्छ, र सबैलाई समावेश गर्दै गरिने सम्पत्ति वितरण कार्य, यद्यपि यस्ता क्रियाकलापहरु समतामूलक त हुन्छन् तर यो सधै सही समाधान भने होइन । कार्यक्रमले जति धेरै विभिन्न समूहहरूले (जस्तैः महिला, विपन्न जातजातिहरु, अति गरिब घरपरिवारहरु) सामना गर्नु परेको विशिष्ट सुरक्षा, बजारमा पहूँच, ज्ञान, र शक्ति सम्बन्धी मुद्दाहरूको पहिचान गर्छन र पछि यी समूहहरूको आर्थिक अवसरहरू सुदृढ पार्नका लागि उत्पादनशील सम्पत्ति हस्तान्तरण गर्छन, त्यति बढी उत्थानशीलताको निर्माण हुनेछ।

# सम्पत्ति वितरण मापदण्ड ५
# सम्पत्ति विस्तार गरी जिविकोपर्जनलाई विविधिकरण गर्नुहोस

सम्पत्ति वितरण कार्यक्रमले घरपरिवारहरुलाई आर्थिक पुनर्लाभ, आफ्नो भविष्यको आर्थिक क्षमता बलियो बनाउन, र नयाँ आर्थिक अवसरहरुलाई विस्तार, अनुकूलन, वा नयाँ जीविकोपार्जनको विकास गरेर फाइदा लिने कार्यलाई आफ्नो नियन्त्रणमा लिन सक्षम बनाउँछ ।

## मुख्य क्रियाकलापहरु

- नयाँ जीविकोपार्जनको सक्षमतालाई सुनिश्चित गर्न बजारको अवस्था विश्लेषण गर्न बजार लेखाजोखाको प्रयोग गर्नुहोस (*लेखाजोखा र विश्लेषण मापदण्डहरू* पनि हेर्नुहोस) ।
- जीविकोपार्जनका क्रियाकलापहरू र थप सम्पत्तिको आवश्यकताको सम्भाव्यता बारेमा सूचित निर्णय गर्न मानिसहरूलाई सहयोग गर्नुहोस ।
- प्रविधि र अवधारणाहरुलाई आरम्भ गर्न निजी क्षेत्र र सरकारको प्रयासलाई सहायता गर्नुहोस ।
- नयाँ अभ्यास र प्रविधिहरू आरम्भ गर्दा भएको प्रभाव (आर्थिक र वातावरणीय) को लेखाजोखा गर्नुहोस र आएको जानकारीलाई समुदाय र अगुवाहरुसंग साझा गर्नुहोस ।
- नयाँ सम्पत्तिहरूको, जस्तै तालिम, वित्तीय सेवा र बजार सम्पर्कहरु, उपयोग गर्न घरपरिवार र उद्यमहरूलाई आवश्यक पूरक सेवा वा सहायतामा पहूँचको लागि सहजीकरण गर्नुहोस ।
- सामान्य, दोहोरीरहने, वा पूर्वानुमान गर्न सकिने आघात प्रति संकटासन्न प्रमुख सम्पत्तिहरुको पहिचान गर्नुहोस र यस (संकटासन्नता) लाई सम्बोधन गर्न वा न्यूनीकरण गर्न क्रियाकलापहरुको तर्जूमा गर्नुहोस ।
- अनुगमन ढाँचामा आर्थिक क्रियाकलापको मध्यम र दीर्घकालीन सक्षमता र दिगोपनाका उपायहरू समावेश गरि यो जानकारी घरपरिवारहरुसँग साझा गर्नुहोस ।
- सम्भव भएमा स्थानीय सरकारको साझेदारीमा व्यक्तिको जीविकोपार्जनसँग सम्बन्धित नियामक र बजार सूचनाको पहूँचमा सहजीकरण गर्नुहोस ।
- चालू आवश्यकताहरूलाई निर्धारण गर्न नियमित रूपमा लक्षित घरपरिवारहरु वा व्यवसाय हुने स्थानहरुमा जानुहोस, र मानिसहरूलाई थप सेवाहरूमा जोड्नुहोस र सम्पत्ति क्षयिकरणका कारण खोज्नुहोस ।

## मुख्य सूचकहरु

- नयाँ जीविकोपार्जनमा घरपरिवार र/वा उद्यमहरूले महत्वपूर्ण स्तरमा सह-लगानी गरिरहेका छन् ।

- परियोजनाका कारण घरपरिवारहरु र/वा उद्यमहरूको आयमा वृद्धि भएको छ।
- परियोजनाको कर्मचारी र घरपरिवारहरु द्वारा निर्णय गर्न बजारको जानकारीलाई प्रयोग गरिन्छ।
- नयाँ जीविकोपार्जनका क्रियाकलापहरूले भविष्यमा हुने आर्थिक अवसरहरूलाई कमजोर पार्दैन।
- घरपरिवारहरु तथा उद्यमहरूको उपयुक्त पूरक सेवाहरूमा पहूँच प्राप्त छ।
- पूर्वानुमानित आघातको कारण पुरानो वा हराउने उत्पादनशील सम्पत्तिको प्रतिस्थापनका लागि योजना तयार गरिएको छ। (उदाहरणका लागि, यदि सम्पत्ति एउटा दुध दिने बुढी गाई छ वा त्यसले खडेरीको समयमा उत्पादन गर्न सक्दैन भने, प्रतिस्थापनका लागि बचत खाता दीर्घकालीन योजनाको अंश हुन सक्छ।)
- उपयुक्त भएको खण्डमा, दस्तावेजीकरण र प्रणालीहरुमा दिगोपनाको उपायहरूलाई कार्यक्रममा समावेश गरिन्छ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

### १.जटिलता (Complexity)

जीविकोपार्जन विस्तारका कार्यक्रमहरु तात्कालिक सम्पत्ति प्रतिस्थापनका कार्यक्रमहरू (*उद्यम र बजार प्रणाली विकास मापदण्ड* पनि हेर्नुहोस) भन्दा जटिल हुन्छन्। घरपरिवारहरु प्रतिकार्य चरणको बाहिर भएकोले कार्यक्रम योजना र कार्यान्वयनमा सजिलै सहभागी हुन सक्ने फाईदा तिनीहरूसंग छ। यस प्रकारको कार्यक्रमलाई आफ्नो उद्देश्य प्राप्त गर्न सँधै पूरक सेवाहरू र प्राविधिक सहयोगको आवश्यकता पर्दछ किनकि तिनीहरूले बजारमा नीरन्तर परिवर्तनहरू गराउन सक्छन, सफल कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न दिर्घकालिन असरहरुलाई ध्यान दिनु महत्वपूर्ण हुन्छ। एउटा प्रणालीगत अवधारणालाई प्रयोग गर्नुपर्छ (*उद्यम र बजार प्रणाली विकास मापदण्ड ३* पनि हेर्नुहोस), र कार्यक्रम समाप्त भएपछि कुन सहयोगी सेवाहरूको आवश्यकता पर्नुका साथै बजार प्रणालीले त्यसलाई कसरी उपलब्ध गर्नेछ भन्ने कुरा कार्यक्रमहरूले निर्धारण गर्नुपर्छ (जस्तै ऋण र बचतमा पहुँच, आपूर्तिकर्ता र खरिदकर्ताहरूको जानकारी, उपयुक्त श्रममा पहुँच)। आँफैले सम्पत्ति उपलब्ध गराउँदा प्रायः त्यसबाट हुने प्रभावको प्रत्याभूति दिनलाई अपर्याप्त हुन्छ, र त्यसैले उत्पादनशील सम्पत्ति (जस्तै सीप तालिम, त्यसपछि काम सुरु गर्न सामाग्रीको प्रावधान) प्रदान गर्नु भन्दा पहिले वा प्रदान गरी सके पछि (जस्तैः प्रशिक्षण र सल्लाह दिने, व्यवसाय व्यवस्थापन तालिम) कार्यक्रमहरूले सेवाहरूको प्याकेज दिन तिर ध्यान दिनुपर्छ।

**उदाहरण**

एउटा कार्यक्रमले ग्रामिण घरपरिवारहरुलाई चाँडै विस्तार भैरहेको शहरको एउटा नयाँ बजारमा उत्पादन बेच्न मद्दत गर्न चाहन्छ। एउटा बजार विश्लेषणले देखाए अनुसार यातायात सेवा नियमित नभएको कारण घरपरिवारहरुले आफ्नो सामान बजारमा ल्याउन सकिरहेका छैनन्। उत्पादन बढाउन किसानलाई बढी सम्पत्ति प्राप्त गर्न मद्दत गर्नका अतिरिक्त, यातायात संचालनको तालिका बजार समयसँग मिलाउनका लागि कार्यक्रमले मिनिबस संघ र गाउँका समूह बीच कुराकानी गर्नमा सहजीकरण गर्दछ।

## २.सह-लगानी (Co–investment)

सह-लगानीले उत्पादनशील सम्पत्तिहरुको राम्रोसंग प्रयोग हुने सम्भावनालाई बढाउँदछ । नयाँ जीविकोपार्जनलाई विकास, विस्तार वा अनुकुलन गर्दा यो विशेष गरी महत्वपूर्ण हुन्छ किनभने यदि नयाँ आर्थिक क्रियाकलापहरु भइरहेको छ भने घरपरिवार वा उद्यमलाई व्यवहार परिवर्तनहरुको आवश्यकता हुन्छ। सम्पत्ति प्राप्तकर्ताहरुबाट आवेदन गर्नलाई सह-लगानीको स्तर निर्धारण गर्दा *सम्पत्ति वितरण मापदण्ड २* अन्तर्गतको मार्गदर्शनलाई पुनरावलोकन गर्नुपर्छ । यो घरपरिवार वा व्यवसायलाई हुने जोखिमको एउटा कारण हुनुपर्छ, र, हालै सामना गर्नु परेको कुनै पनि आघातबाट पुनर्लाभ लिन सक्ने क्षमतालाई कमजोर नबनाई आफ्नो प्रतिबद्धता सुनिश्चित गर्नका लागि तिनीहरूलाई एउटा स्तरमा योगदान गर्नका लागि भन्नुहोस ।

## ३.नयाँ प्रविधिहरु (New technologies)

सम्पत्ति उपलब्ध गराउँदा प्रविधिको प्रयोगले व्यक्तिहरुलाई बदलिँदो वातावरण र अवसरहरुसंग अनुकुलित हुनमा मद्दत गर्न सक्दछ । यदि व्यक्तिको आवश्यकताहरुको आधारमा थप सहयोग गर्न वर्तमान स्थितिसँग मेलखाने पर्याप्त लेखाजोखा भएको छैन भने जीविकोपार्जन, बजार र वातावरणमा अवाञ्छित प्रभाव पर्न सक्छ। घरपरिवारहरुको नयाँ सम्पत्तिलाई प्रयोग गर्न वा कायम राख्न सक्ने क्षमता एउटा महत्वपूर्ण प्रतिफल हो। नयाँ सम्पत्तिको आयको अल्प र दीर्घकालिन सम्भाव्यतालाई लेखाजोखा गर्न अत्यावश्यक हुन्छ । नयाँ प्राविधिक सीप वा सम्पत्तिको सम्भारका साथै जारी लागत र प्रतिस्थापन अंशहरूका लागि अनुसन्धानलाई बजारसँग जोड्न प्रशिक्षण आवश्यक हुन सक्छ।

**सचेतनात्मक कथा**

आँधीबेहरी आएको छ महिनापछि एउटा कार्यक्रमले एउटा क्षेत्रमा भएका सबै सूक्ष्म उद्यमहरूलाई आफ्नो पसलको लागि उपकरण वा मालसामान खरिद गर्न एउटा ५००० अमेरिकी डलर बराबरको भाउचर दिन्छ। सूक्ष्म उद्यमहरू आफूले चाहे अनुसार भाउचर प्रयोग गर्न स्वतन्त्र छन् र आफ्नो कुनै पनि योजना बनाउन वा कुनै पनि रकम लगानी गर्न आवश्यक छैन । धेरै उद्यमीहरूले यसलाई नयाँ उत्पादन र उपकरणको प्रकारसंग प्रयोग गर्ने अवसरको रूपमा देख्छन् । तथापि, सबै उद्यमीहरूलाई तिनीहरूको नयाँ व्यापारिक क्रियाकलापहरु कसरी व्यवस्थापन गर्ने भन्ने थाहा छैन। भाउचर वितरण भएको १२ महिना भित्र, ५० प्रतिशत उद्यमहरूले आफ्नो मौज्दातलाई खाली गरेका छन् र/वा नयाँ उपकरणलाई परित्याग गरेका छन् ।

## वित्तीय सेवाका मापदण्डहरु: मापदण्ड १

वित्तिय सेवाहरुको मागलाई बुझिएको छ

## मापदण्ड २

वित्तीय सेवाहरुको लागि स्थानीय आपूर्तिलाई सहयोग गर्नुहोस

## मापदण्ड ३

नगद हस्तान्तरणको लागि विद्यमान औपचारिक वित्तीय सेवा प्रदायकलाई प्रयोग गर्नुहोस

## मापदण्ड ४

स्थानीय नियमहरु, मान्यताहरुलाई बुझ्नुहोस् र कार्यसंचालनलाई सहयोग गर्नुहोस

## मापदण्ड ५

उपभोक्ता संरक्षण नियमावलीहरुलाई पालना गर्नुहोस

# ५.वित्तीय सेवाका मापदण्डहरु

वित्तीय समावेशिता भन्नाले, व्यक्ति र व्यवसायहरुसँग पहूँचका अवसरहरू र त्यसलाई प्रयोग गर्न सक्ने क्षमता हुँदा उपयुक्त वित्तीय सेवाहरूको विविध दायरा जिम्मेवार र दिगो रुपमा औपचारिक वित्तीय संस्थाहरुद्वारा प्रदान गरिन्छ । सम्पत्तिलाई सहयोग गर्न र बढाउन वित्तिय सेवाहरूले उत्पादन र औजारहरूको विस्तृत दायरा समेटेको हुन्छ, जुन एउटा निरन्तरतासंगै यसको दायरा शर्तरहित र सशर्त नगद हस्तान्तरण देखि औपचारिक वित्तीय उत्पादन सम्म फैलिएको हुन्छ । औपचारिक उत्पादनहरुमा ऋण (उधारो), बचत, बीमा, ठेक्का दिने, मनी ट्रान्सफर (जस्तै रेमिट्यान्स र व्यक्ति-व्यक्ति बीच भुक्तानी), र, हालैको कुरा गर्ने हो भने, मोबाइल पैसा र अदृश्य (virtual) वा ई-थैली आदि समावेश हुन्छ । त्यहि बेलामा, विभिन्न अनौपचारिक अभ्यासहरू जस्तै बचत समूहले संकटासन्न जनसंख्यालाई उनीहरूको दैनिक आर्थिक आवश्यकता पूरा गर्न मद्दत गर्न महत्वपूर्ण भूमिका खेलीरहेका हुन्छन । आर्थिक पुनर्लाभ प्रयासका लागि विभिन्न वित्तीय सेवाहरूमा पहूँच हुनु अत्यावश्यक हुन्छ, विशेष गरी अनौपचारिक बस्तीहरूमा जहाँ गरिबी, असुरक्षा र सामाजिक सहकार्यको अभाव जस्ता विशेषता भएका मानिसहरु हुन्छन । बजार-आधारित अर्थव्यवस्थाको लागि, खाना किन्न, घर पुननिर्माण गर्न, औषधोपचार गर्न, र संकट पछि व्यापारलाई पुननिर्माण ऋण सुविधामा पहूँच अत्यावश्यक हुन्छ ।

यसको अतिरिक्त, वित्तीय सेवाहरूको प्रयोगले व्यक्ति, घरपरिवार र उद्यमहरूलाई नयाँ आर्थिक अवसरहरुबाट लाभ लिन, आय सिर्जना र सम्पत्ति निर्माणमा मदत गर्न सक्छ, जसले व्यक्ति र समुदायको आघात प्रति उत्थान्शीलतामा वृद्धि गर्दै तिनीहरूलाई पुनःफर्किन (rebound) र चाँडै पुनर्लाभ गर्न दिन्छ । यदि यसलाई जिम्मेवार ढंगले उपलब्ध गराइएन भने, वित्तीय सेवाहरूले अति ऋणभारको रुपमा नयाँ जोखिमहरू सृजना गर्न सक्छ । यसकारण, जिम्मेवार वित्तीय व्यवस्था ग्राहकलाई शोषणबाट बचाउनका लागि आर्थिक पुनर्लाभ प्रयासहरुको आधारशिला हुनुपर्छ र निष्पक्ष, पारदर्शी, र ग्राहकको आवश्यकताहरु प्रति उत्तरदायी बजारको पुनर्लाभलाई सुनिश्चित गर्नुपर्छ । व्यापक दायराका सेवा प्रदायकले - औपचारिक वित्तीय संस्थाहरु देखि (जस्तै वाणिज्य बैंक, बीमा कम्पनीहरु, गैर-बैंक वित्तीय संस्था, र लघु वित्त संस्थाहरु) गैर नाफा मुलक संस्थाहरू र मोबाइल संजाल सञ्चालकहरू सम्म - लाई वित्तीय सेवाहरूको प्रस्ताव गर्छन । यसबाहेक, अनौपचारिक आर्थिक सेवाहरु जस्तै समुदाय वा समूहद्वारा व्यवस्थित बचत र ऋण समूह, घुम्ती बचत र ऋण संघ (ROSCAs), *हवाला* अथवा हुण्डी, र समान उधारो दिने खुद्रा पसलहरू समेत छन् । संकट पछि, प्रायः अनौपचारिक प्रदायकहरू, मुख्यतया व्यापारी र साहुकारहरु वित्तीय सेवाहरू शुरु वा पुनः आरम्भ गर्नमा पहिलो हुन्छन र प्राय तिनीहरू अनौपचारिक बस्तीहरूमा बढी फेला पर्ने भएकोले र ऋण लिनका लागि पुरा गर्नु पर्ने आवश्यकताहरू लघु वित्त संस्थाहरू (MFIs) वा वाणिज्य बैंकहरुको भन्दा कम कसिलो हुन्छ । संकटको समयमा घरपरिवारहरु र व्यक्तिको विविध र विकसित भैरहेको आर्थिक तथा सामाजिक आवश्यकताहरुलाई सेवा गर्न वित्तीय बजार प्रणालीलाई सहयोग गर्न क्रियाशील निकायहरु र बजार गतिशिलताको बुझाई महत्वपूर्ण हुन्छ । यो कुरा पुनर्लाभको अल्पकालीन आवश्यकता र दीर्घकालीन दृष्टिकोण दुवैको बुझाईबाट आउँछ जसले वित्तीय बजार

प्रणालीलाई भावी आघातहरू प्रति गरिब उपभोक्तालाई तिनीहरुको उत्थानशीलता पुननिर्माणमा सहयोग गर्न दिन्छ । किनकि संकटकालिन वातावरणहरु नीरन्तर प्रवाहको स्थितिमा हुन्छन, कार्यान्वयनकर्ताहरूलाई नीरन्तर सूचित गर्न एउटा जारी तथ्यांक सङ्कलन प्रक्रिया अनिवार्य रुपमा निर्माण गर्नुपर्छ र बदलिंदो परिवेशलाई सम्बोधन गर्न तिनीहरूको कार्यक्रमलाई अनुकूलन गर्न सक्षम पार्नु पर्छ । राम्रो अनुगमनले कार्यान्वयनकर्ताहरूलाई बजारमा हुने परिवर्तनलाई डोऱ्याउने कारकलाई (driver) पत्ता लगाउनमा मद्दत गर्दछ, त्यो परिवर्तनलाई उत्प्रेरित गर्नको लागि लाभ बिन्दू खोज्नु पर्छ, र प्रोत्साहनहरू सिर्जना गर्न वा परिमार्जन गर्न अवसरहरू पहिचान गर्नुपर्छ जुन कुरा बजारका क्रियाशील निकायहरूको व्यवहारलाई सकारात्मक रुपले प्रभाव पार्नमा आवश्यक हुन्छ । संकटजन्य वातावरणका लागि, वित्तीय क्षेत्रलाई विश्लेषण गर्ने स्व-मूल्यांकनका औजारहरु उपलब्ध छैनन् । तथापि, यदि निदान प्रक्रियामा आर्थिक सेवा विशेषज्ञहरू उपलव्ध छन भने हरेक परिस्थिति अनुसार समायोजन गर्न सकिने औजारहरू धेरै छन् । (*उपलब्ध लेखाजोखा औजारहरुको सूचीको लागि अनुसूची हेर्नुहोस्* ।)

वित्तीय कार्यक्रमको तर्जुमा गर्दा, तिनीहरुले स्थानीय संस्था वा उत्पादनहरुलाई प्रतिस्थापन नगर्ने वा अन्य तरिकाले वित्तीय सेवाहरू बजारमा हानिकारक विकृतिहरूको कारक नबन्ने सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ । स्थानीय वित्तीय सेवा प्रदायकहरू (FSPs) लाई पनि पहिचान गर्न जरुरी छ जो संकटको समयमा उपलब्ध सबै भन्दा समावेशी र कुशल भुक्तानी प्रणालीहरुलाई प्रयोग गर्दै उपयुक्त सेवा र उत्पादनहरु उपलब्ध गर्नमा सक्षम हुन्छन । यी प्रदायकहरूले जिम्मेवार वित्त अभ्यासहरूलाई पालन गर्नुपर्छ र तिनीहरूको उत्पादन र वितरण संयन्त्रहरु स्थानीय राजनैतिक, कानुनी र सामाजिक मापदण्डहरु अनुरूप छ भन्ने कुरा पनि देखाउनु पर्छ । स्थानीय वित्तीय सेवा प्रदायकहरू (FSPs) संग साझेदारी गर्ने कार्यक्रमहरू र ग्राहकको छनौटको सम्मान र आवश्यकताहरुसंग कार्यक्रम भन्दा बाहिर सकारात्मक प्रभाव सिर्जना गर्न सक्ने क्षमता हुन्छ । बजारको राम्रो जानकारी र व्यक्तिहरुका लागि पर्याप्त क्षमता-अभिवृद्धिको तालिम उपलब्ध छ र सेवा प्रदायकहरुले दीर्घकालीन अनि जीवन्त बजारको लागि आधार तयार गर्छन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

# वित्तीय सेवाका मापदण्ड १
# वित्तिय सेवाहरुको मागलाई बुझिएको छ

व्यक्तिगत आवश्यकता, रुचि, व्यवहार, र बाधाहरू लगायत वित्तीय सेवाहरुको लागि मागको स्तर र प्रकारलाई बुझिएको छ ।

यी मापदण्डहरूका लागि, 'माग'मा निम्न कुराहरु समावेश छः १) वित्तीय सेवा उत्पादनहरुको बारेमा सचेत व्यक्ति, घरपरिवार, र व्यवसायीहरु र तिनीहरु त्यसका लागि अनुरोध गर्दै छन् (मान्यता प्राप्तीको माग); र २) जो यी उत्पादनहरूको बारेमा सचेत छैनन् तर उनिहरुसंग वित्तीय सेवा उत्पादनहरुले पूरा गर्न सक्ने आवश्यकताहरु छन् र उचित तरिकाले तर्जुमा गरियो तथा यदि उपलब्ध भयो भने त्यसलाई उनिहरुले प्रयोग गर्ने सम्भावना छ (मान्यता नपाएका माग)।

## मुख्य क्रियाकलापहरु

- लक्षित घरपरिवार तथा उद्यमहरु माझ विभिन्न प्रकारका वित्तीय सेवाका प्रकारहरुका लागि माग (मान्यता प्राप्त र मान्यता नभएका दुबै)को मात्रालाई निर्धारण गर्नुहोस ।
- ग्राहकको कल्याण र/वा व्यवसायहरुमा संकटबाट परेको प्रभावको लेखाजोखा गर्नहोस र वित्तीय सेवाहरुको विद्यमान आवश्यकताहरु, प्राथमिकता, व्यवहार, र प्रयोगलाई निर्धारण गर्नुहोस ।
- औपचारिक वित्तीय सेवाहरूको पहुँच र प्रयोगमा हुने सम्भावित अवरोधहरूको पहिचान गर्नुहोस (जस्तैः, तपाईको ग्राहकलाइ चिन्नुहोस नियमहरु (KYC); र परिचय खुलाउने आवश्यक कागजातहरु लगायत पूर्वाधार; सांस्कृतिक मापदण्ड/प्रतिबन्ध; विनियमहरु) ।
- औपचारिक तथा अनौपचारिक वित्तीय सेवाहरुका लागि पूरक आवश्यकताहरुको पहिचान गर्नुहोस ।

## मुख्य सूचकहरु

- वास्तविक आवश्यकताहरुलाई निर्धारण गर्नका लागि वित्तीय सेवाहरूको मागको तथ्याङ्कलाई लेखाजोखा गरिन्छ ।
- विशिष्ट ग्राहकका हिस्साहरुलाई पहिचान गरिएको छ र सम्बन्धित वित्तीय सेवाहरु ग्राहकको वित्तीय क्षमताहरु अनुसार प्रदान गरिएको सुनिश्चित गर्न नियमित रूपमा लेखाजोखा गरिएको छ ।
- विभिन्न प्रकारका उपभोक्ताको आवश्यकता (जस्तैः आवास, स्वास्थ्य, उद्यम, घरपरिवार) र समय (जस्तै जीवन भरिको आवश्यकताहरु, संकट, पुनर्निर्माण, लगानी) लाई माग विश्लेषण भित्र एकीकृत गरिएका छन् ।
- उत्पादनहरुको मूल्य र नमूना लक्षित जनसंख्याहरुको लागि उपयुक्त छ ।

- लक्षित जनसंख्या द्वारा वित्तीय सेवाका नियम र शर्तहरु सजिलै बुझिएको छ, र तिनीहरूलाई विस्तृत कागजात, जमानी, प्रत्याभूति, वा अन्य ऋण सुरक्षाका आवश्यकताहरु, जस्तै अनिवार्य बचत योजनाहरु जस्ता कुरा देखाएर पाखा लगाइने छैन ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

## १.मांगको स्तर र प्रकारको बुझाई (Understand scale and nature of demand)

उपभोक्ताहरूले आफ्नो दैनिक जीवनलाई व्यवस्थापन गर्नका साथै आर्थिक अवसरहरुमा लगानी गर्न पनि वित्तीय सेवाहरूको प्रयोग गर्छन् । संकटको वातावरणमा औपचारिक वित्तीय सेवाहरू अवरुद्ध हुन सक्ने भए तापनि व्यक्तिको आर्थिक आवश्यकताहरु भने अवरुद्ध हुँदैनन । यसको लागि व्यक्तिहरू औपचारिकबाट अनौपचारिक सेवाहरु तिर मोडिन्छन र यदि कुनै आर्थिक विकल्प उपलब्ध भएन भने खाद्य वस्तुको सेवन कम गर्ने, उत्पादनशील सम्पत्तिहरु बिक्री गर्ने जस्ता नकारात्मक सामना गर्ने संयन्त्रको साहारा लिन्छन । संकट-प्रभावित घरपरिवार तथा उद्यमहरूलाई बचत, ऋण, भुक्तानी संयन्त्र, र बीमा लगायत विभिन्न क्षेत्रको वित्तीय सेवाहरूको आवश्यकता पर्दछ । यी आवश्यकताहरु समयसंगै विकास हुँदै जान्छ । उदाहरणका लागि, संकटको पश्चात लगत्तै, उपभोक्ताहरूलाई तिनीहरूको बचतमा तत्काल पहूँच प्राप्त गर्नु आवश्यक हुन्छ वा अप्रभावित क्षेत्रमा रहेका परिवार तथा साथीभाईबाट सहयोग प्राप्त गर्न रेमिट्यान्स सेवाहरूमा पहूँच आवश्यक हुन सक्छ । संकटपश्चात् वा दीर्घकालीन द्वन्दको वातावरणमा भित्रिएको रेमिट्यान्सहरुमा पहूँच प्राप्त गर्नु अत्यन्त महत्वपूर्ण आवश्यकता हुन्छ । साधारणतया, संस्थाहरुले संकटपछि तत्कालै भित्रिने रेमिट्यान्स र नगद हस्तान्तरणलाई प्राथमिकता दिनुपर्छ । त्यसपछि, तिनीहरूले बचत र बीमामा पहूँच बढाउन वित्तीय सेवा प्रदायकहरू (FSPs) संग काम गर्नुपर्छ । पुनर्निर्माण वा पुनर्लाभ चरणको दौरान, वित्तीय सेवा प्रदायकहरू (FSPs)ले वित्तमा पहूँचको लागि ग्राहकको मागको आधारमा ऋण उत्पादन पुनःप्रस्तुत (वा विस्तार) गर्न सक्दछन् । आकस्मिक ऋणले व्यावसायीहरुलाई उनीहरुको तत्कालिक आवश्यकताहरुलाई सम्बोधन गर्नमा मदत गर्न सक्छ, जबकि संकट कम भएपछि व्यवसाय र आवास पुनर्निर्माण र उद्यम विकासलाई सहयोग गर्न ऋणको आवश्यकता पर्नेछ । घरधुरीलाई प्राकृतिक प्रकोप विरुद्ध तयार गर्न र त्यस पछि भएको हानिसंग सामना गर्ने क्रममा रेमिटेन्सको सकारात्मक भूमिका हुने सुझाव बृहत र सूक्ष्म आर्थिक प्रमाणले दिन्छ । विदेशमा धेरै प्रवासीहरू भएको मुलुकहरुमा प्राकृतिक विपदपछि रेमिट्यान्स बढेर आउने कुरा मुलुकपार (cross–country) सूक्ष्म आर्थिक (Microeconomic) तथ्यांकको विश्लेषणले देखाउँछ । घरधुरी सर्वेक्षण तथ्यांकको विश्लेषणले बङ्गलादेशमा सन् १९९८ को बाढीपछि अरूको तुलनामा रेमिट्यान्स प्राप्त गर्ने परिवारमा प्रति व्यक्ति खपत बढी भएको कुरा देखायो । अन्तरराष्ट्रिय रेमिट्यान्स प्राप्त गर्ने इथोपियाली घरधुरीहरु नगद भण्डारणमा बढी भर परेको देखिन्छ र खडेरीसंग सामना गर्न घरेलु सम्पत्ति वा पशुपालन बेच्नमा कम । बुर्किना फासो र घानामा अन्तर्राष्ट्रिय रेमिट्यान्स-प्राप्त घरधुरीहरू, विशेष गरी उच्च आय भएका विकसित देशहरूबाट रेमिट्यान्स प्राप्त गर्नेहरू, माटोको सट्टा कंक्रिटको

घर बनाउने गर्छन्, र संचार उपकरणहरूमा अत्यधिक पहुँच छ तथा तिनीहरूले प्राकृतिक विपद विरुद्ध अझ राम्रो पूर्वतयारी गरेका छन ।

(रेमिट्यान्स र प्राकृतिक विपद्बाट प्राप्त अंश: विपद पश्चातको प्रतिकार्य र पूर्वतयारीमा योगदान, विपद् न्यूनीकरण र पुनर्लाभका लागि विश्वव्यापी सुविधा (GFDRR)

## २.मांगको नियमित लेखाजोखा (Assess demand regularly)

संकटको वातावरणहरु विशेष गरी लामो समयसम्म धेरै गतिशील हुन्छन् । यसको लागि व्यक्तिगत आवश्यकतालाई सम्बोधन गर्न, द्रूत गतिमा विकसित भैरहेको बजार र वातावरणीय अवस्थालाई पूरा गर्नलाई उत्पादन तथा सेवाहरू दिन, बजारका विभिन्न खण्डहरू (जस्तै युवा, महिला, किसान, अति गरिब)लाई बुझ्न वित्तीय सेवा प्रदायकहरू (FSPs)को आवश्यकता हुन्छ । वित्तीय सेवा प्रदायकहरूले नियमित रूपमा व्यक्तिहरुबाट पृष्ठपोषण लिनुपर्छ र बजारमा हुने परिवर्तनलाई सूक्ष्म तरिकाले अवलोकन गरिरहनु पर्छ । यसो गर्न तिनीहरूले पृष्ठपोषणको संयन्त्रलाई तिनीहरुको कार्यसंचालनमा एकीकृत गर्नु आवश्यक हुन्छ । यसका लागि वित्तीय सेवा प्रदायकहरूले पनि चालू बजारको लेखाजोखा गर्ने काम गर्नु पर्ने हुन सक्छ ।

### उदाहरण

श्रीलंकाका सुनामी प्रभावित क्षेत्रहरूमा सञ्चालित एमएफआई (MFI) ले कुल बचत सन्तुलन मार्च २००४ मा भन्दा मार्च २००५ मा धेरै भएको प्रतिवेदन दिए । बट्टिकालोआ जिल्लामा गरिएको एउटा लेखाजोखाले नगद अनुदान र कामको लागि नगद कार्यक्रमको करिब ३५ प्रतिशत प्राप्त भएको भुक्तानीहरु MFIs मा जम्मा गरिएको थियो ।

## ३.उत्पादनको रुपरेखा र वितरण समायोजन (Adjust product design and delivery)

संकटजन्य वातावरणलाई सामान्य अस्थिरता र चलिरहेको आर्थिक अवरोधसँग अनुकूलित हुने उत्पादनको रुपरेखा र वितरण संयन्त्रको लागि रचनात्मक समाधान आवश्यक हुन सक्छ । विपद्पछि, व्यक्तिहरु प्राय विपद् अघि बनाइएको तालिका अनुसार ऋण तिर्न असमर्थ हुन्छन् । वित्तीय संस्थाहरूको सबैभन्दा सामान्य प्रतिक्रिया भनेको ऋणलाई पुनर्संरचना वा पुन:तालिका गर्ने खालको हुन्छ । पुनर्संरचना विपद् पछि तुरुन्तै हुनुपर्छ र अत्यधिक प्रभावित भौगोलिक क्षेत्रहरूमा मात्र सीमित हुनुपर्छ । वित्तीय संस्थाहरूले व्यक्तिहरुसँग भेट्नुपर्छ र विपद् पछि उनीहरुको चुक्ता गर्ने क्षमताको लेखाजोखा गर्नुपर्छ । ऋण चुक्ता गर्नका लागि पुन:तालिका वा पुनर्संरचना गर्ने निर्णय व्यक्तिको आयको अस्थायी क्षतिको विस्तृत लेखाजोखामा आधारित हुनु पर्दछ । पुनर्वित्त (Refinancing), जसमा सामान्यतया अघिल्लो ऋणलाई बढि ऋणले प्रतिस्थापन गरिन्छ, विपद्मा आफूसंग भएको उत्पादनशील सम्पत्ति गुमाएका व्यक्तिहरूको लागि सबैभन्दा राम्रो विकल्प हुन सक्छ र यी सम्पत्तिहरूलाई प्रतिस्थापन गर्न धेरै ऋणको आवश्यकता पर्दछ । फेरि, पुनर्वित्त गर्नु पर्छ कि भनेर निर्धारण गर्न व्यक्तिगत नोक्सानीको विस्तृत लेखाजोखा अत्यावश्यक हुन्छ र, यदि त्यसो हो भने,

ऋणको रकम र शर्तलाई पनि हेरिनु पर्छ । ऋण खारेज गर्ने कार्य सँधै अन्तिम सहारा हुन्छ जसले वित्तीय संस्थाको पूँजी घटाउने र ऋण चुक्ता गर्ने संस्कृतिलाई झन् खराब बनाई दिन्छ । विपद्पछि, वित्तीय संस्थाहरु ऋणलाई खारेज गर्नु अघि ऋणीहरुलाई थप समय दिन स्थानीय विनियमावली बमोजिम तिनीहरूको सामान्य नीतिमा परिवर्तन गर्ने तिर विचार गर्न सक्छन् । वित्तीय संस्थाहरू मृत्यु, स्थायी अपाङ्गता, वा व्यक्तिहरू हराएका कारणले संकलन गर्न नसकिने ऋणहरू खारेज गर्न तयार हुनुपर्छ ।

## उदाहरण

सिरियामा लघुवित्तका लागि *आगा खान निकाय*ले आन्तरिक विस्थापनको समयमा व्यक्तिहरुका लागि आफ्नो बचत भण्डारण गर्न सुरक्षित स्थान र अन्तर शाखा स्थानान्तरण र निकासी सेवा दिने प्रस्ताव गऱ्यो । व्यक्तिहरुलाई तिनीहरूको परिस्थितिसँग भिन्न अनुपातमा आफ्नो बचतलाई ऋणको लागि जमानतको रूपमा प्रयोग गर्ने विकल्प पनि दियो । तिनीहरूले कुनै पनि समयमा आफ्नो मुद्दती निक्षेपबाट आफ्नो रकम बिना जरिवाना झिक्न पनि सक्थे । पहिलो लघुवित्त सिरिया (FMFI–S)ले आफ्नो वर्तमान ग्राहकहरुलाई व्यापार पुनर्निर्माण कर्जा दियो जसले संकटको बेला आंशिक वा उल्लेखनीय व्यापारिक सम्पत्तिको हानि व्यहोरेका थिए तर राजस्व उत्पादन जारी राख्ने क्षमता देखाएका थिए । साथै, FSP ले सम्पत्ति क्षति र नगद प्रवाह अनुमानको लेखाजोखा सहित ऋण पुनः तालिकाका लागि ग्राहकको योग्यता निर्धारण गऱ्यो । विभाग खराब हुन बाट बचाउन पुनःतालिका केस दर केस अनुसार तत्काल गरिएको थियो । व्यक्तिहरुलाई क्षमता पुनःनिर्माण गर्नका लागि ऋण कोषलाई उत्पादनशीलरुपमा प्रयोग गर्न छ महिनाको अवधि थप दिईयो । FMFI–S ले मृत्यु वा जीविकोपार्जनको अप्राप्य क्षतिको कारणले गर्दा ग्राहकले ऋण तिर्न नसकेको अवस्थामा ऋर्ण माफी गरिदियो । केस अनुसार ऋण माफी लागू गरियो र नैतिक खतरा र अन्य चिन्ताहरूबाट बच्न यसलाई गोप्य राखियो ।

# वित्तीय सेवाका मापदण्ड २
# वित्तीय सेवाहरुको लागी स्थानीय आपूर्तिलाई सहयोग गर्नुहोस

सम्भव भएसम्म, संकटको समयमा वित्तीय सेवाहरूको उपलब्धता जारी राख्ने क्षमता, स्तर, र उत्थानशीलता भएका स्थानीय बजारका क्रियाशील निकायहरूसँग साझेदारी गरिन्छ ।

## मुख्य क्रियाकलापहरु

- विश्वसनीय स्थानीय बजारका क्रियाशील निकायहरूको दायरा (औपचारिक र अनौपचारिक) तथा तिनीहरूको भौगोलिक दायरा, र कार्यक्षमताको मात्रा पहिचान गर्नुहोस ।
- नगद परिचालन, प्रतिवेदन, आपतकालीन योजना र तरलता व्यवस्थापन, जोखिम व्यवस्थापनको लागि बजारका क्रियाशील निकायहरूको आन्तरिक प्रणालीको लेखाजोखा गर्नुहोस ।
- अपेक्षित कार्यक्रमको लागि आवश्यक क्षमता पहिले नै पूर्वसंकटसंग सम्बन्धित संस्था वा बजारका क्रियाशील निकायमा विद्यमान छ भने वितरण संयन्त्र पुनः सिर्जना गर्नबाट बच्नुहोस ।
- पहुँच, सुरक्षा, र वितरणको दक्षता सुधार गर्न वित्तीय सेवाहरूका लागि वितरण सञ्जाल र वितरण संयन्त्रको लेखाजोखा र अनुकूलन गर्नुहोस ।
- सम्भव भएसम्म, दिगो जीविकोपार्जनलाई सहयोग पुऱ्याउन वित्तीय सेवामा दीर्घकालीन पहुँच र उद्धार कार्य बिचको सम्बन्धलाई प्रवर्द्धन गर्नुहोस ।

## मुख्य सूचकहरु

- फराकिलो भौगोलिक वितरण सञ्जाल र उपयुक्त वितरण माध्यमहरूले वित्तीय सेवा प्रदायकहरूले व्यक्तिहरुलाई प्रभावकारी सेवा गर्न दिन्छ । (वितरणका माध्यमहरूमा मोबाइल पैसा, अभिकर्ता वा डेबिट कार्डहरू समावेश हुन सक्छन्।)
- वित्तीय सेवा प्रदायकहरूले प्रभावित क्षेत्रमा समुदायहरूसंग सम्बन्ध स्थापित गरेका छन् ।
- संकटको समयमा संस्थागत उत्थानशीलतालाई सुनिश्चित गर्न विपद् व्यवस्थापन र आपतकालीन योजनाहरु विद्यमान रहेका छन् ।
- ऋण पुनःतालिका नीतिहरु लगायत संकटको समयमा संस्थागत जोखिम न्यूनिकरण गर्न वित्तीय तथा कार्य संचालन जोखिम व्यवस्थापन नीति तथा कार्यविधिहरु उपलब्ध छन् ।
- मानवीय संस्थाहरूसँगको साझेदारीमा गरिने राहत तथा पुनर्स्थापना सम्बन्धी क्रियाकलापहरुबाट मुख्य वित्तीय सेवाहरुलाई छुट्याउने नीति तथा कार्यविधि उपलब्ध छन् ।

# मार्ग-दर्शनका लागि टिपोटहरु

## १.सम्भावित साझेदारहरु (Potential partners)

गरिब र न्यून आय भएका जनसमुदायको सेवा गर्ने वित्तीय सेवा प्रदायकहरू (जस्तैः गैर-बैंकिंग वित्तीय संस्थाहरू, विशेष प्रकारका लघुवित्त बैंक, लघुवित्त संस्थाहरु (एमएफआइ), मोबाइल संजाल संचालक, स्वावलम्बन समूहहरु)ले विपद् प्रतिकार्य गर्दै जीविकोपार्जनमा सहयोग र स्थानीय अर्थतन्त्रलाई पुनः शुरु गर्नमा महत्वपूर्ण भूमिका खेल्दछन् । आफ्नो व्यक्ति वा सदस्यहरुको छवी (profile) को कारणले, तिनीहरूले देशको (विपद् र आघात प्रति धेरै संकटासन्न भएका) धेरै दुर्गम क्षेत्रमा पहिले देखि नै शाखा वा खुद्रा वितरण सञ्जाल मार्फत काम गरि रहेका हुन्छन । तिनीहरूले घरपरिवारहरु र समुदायसंग सम्बन्ध र विश्वासको आधार स्थापित गरि सकेका हुन्छन् जसबाट संकटको समयमा लाभ उठाउन सक्दछन । वित्तीय सेवा प्रदायकहरु (FSPs)ले पनि ग्राहकको आवश्यकता, प्राथमिकता, र सीमाहरुलाई राम्रोसंग बुझेका छन् । संकटको समयमा प्रतिकार्यको समय घटाउन पूर्वस्थापित सम्झौताहरू लागू भएको सुनिश्चित गर्न, सम्भव भएसम्म, आवधिक आधारमा सम्भावित वित्तीय सेवा प्रदायकहरु (FSPs)का साझेदारहरूको प्रतिष्ठा र क्षमताको लेखाजोखा (कम्तिमा वर्षमा एक पटक) गर्ने प्रयास गरिनु पर्छ । मिश्रित बजार प्रभावित क्षेत्रमा काम गर्ने वित्तीय सेवा प्रदायकहरु (FSPs) बारे जानकारी दिने राम्रो स्रोत हुन्छ । वित्तीय सेवा आपूर्तिकर्ताको कुनै पनि प्रस्ताव विश्लेषणलाई संकटअघि, त्यसको दौरान र पछि हेर्नुपर्छ । यसको अतिरिक्त, यसले भविष्यका संकटहरूको सामना गर्न र त्यसलाई प्रतिकार्य गर्न प्रदायकको क्षमतालाई उजागर गर्नु पर्छ । यसबाहेक, यसले वित्तीय सेवा प्रदायकहरु (FSPs) को व्यवहार र तिनीहरू बीचको गतिशीलतालाई डोऱ्याउने आधारभूत प्रोत्साहन पत्ता लगाउने लक्ष्य राख्नुपर्छ । अनौपचारिक आपूर्तिकर्ताबाट प्रत्यक्ष रूपमा उत्पादन, मूल्य निर्धारण, र अन्य तथ्यांकलाई उजागर गर्न अतिरिक्त विश्लेषण र उपभोक्ताहरूले के प्रयोग गरिरहेका छन् भन्ने पहिचान गर्नलाई मद्दत गर्न माग-पक्षले अनुसन्धानबाट सूचना हासिल गर्न अनौपचारिक आपूर्तिकर्ताहरूको बुझाई आवश्यक हुन्छ ।

## २.संस्थागत पूर्वतयारी (Institutional preparedness)

बारम्बार आइरहने संकट प्रभावित क्षेत्रहरूमा रहेका वित्तीय सेवा प्रदायकहरु (FSPs) द्वन्द वा विपद्को पुनरावृत्तिको लागि तयार हुन आवश्यक हुन्छ । संकटको पूर्वतयारीका लागि नीति तथा कार्यविधिहरु र कर्मचारी तथा बोर्डद्वारा बार्षिक संसोधनको समिक्षा सहित प्रतिकार्यलाई दस्तावेजीकरण गरिनु पर्छ । कर्मचारीको सुरक्षा र नीरन्तरता सुनिश्चित गर्ने प्रणालि सहित सङ्कटको अवस्थामा काम गरिरहेका कर्मचारीहरुका लागि तालिम कार्यक्रम सञ्चालन हुनुपर्छ । त्यस्तै, संकट भएको अवस्थामा प्रणाली सञ्चालनमा अन्य दस्तावेजीकरणका प्रक्रियाहरू संगै स्पष्ट सदृष्य र अदृष्य जगेडा राख्ने प्रक्रियाका साथ संस्थाहरुको सूचना व्यवस्थापन प्रणालीलाई विपद्को सामना गर्ने गरि तर्जूमा गर्नुपर्छ । यो नीतिले ग्राहक सूचनाको सुरक्षा र संस्थाको तथ्यांकमा पहूँच सुनिश्चित गर्नु पर्दछ । यसबाहेक, संकटको समयमा, एउटा संस्थाको तरलता व्यवस्थापन गर्ने क्षमता (समयमै आफ्नो सबै भुक्तानी दिने दायित्व पुरा गर्ने )मा

सम्झौता हुन सक्छ । व्यक्तिले कम बचत, सबै बचत बन्द, बचत निकाल्न, ऋण भुक्तानी छुटाउन, वा पूरक आपतकालीन ऋणको लागि अनुरोध गर्न सक्छ । यी सबैले वित्तीय सेवा प्रदायकहरु (FSPs)बाट भित्र र बाहिर जाने नगदको प्रवाहलाई कडा प्रभाव पार्छ, र तयार नभएका संस्थाहरूमा भने तरलतामा कमि हुन सक्छ । संकट प्रभावित वातावरणमा काम गर्ने वित्तीय सेवाका प्रदायकहरूले यो अस्थिरताबारे सचेत हुन र अनुमान गर्न आवश्यक हुन्छ त्यसैले तिनीहरूले मोबाइल पैसा सहितका विकल्पहरू दिन सक्षम हुन्छन्, जसले व्यक्तिहरूलाई संस्थाको दीर्घकालिन सक्षमतालाई सम्झौता नगरी यी अवस्थाहरुबाट बाहिर निकाल्नमा मद्दत गर्न सक्छ ।

## ३.वितरणका माध्यमहरु (Delivery channels)

प्रदायकहरूले तिनीहरू सेवाका लागि सबैभन्दा उपयुक्त र सुविधाजनक वितरणका माध्यमहरूलाई मूल्याङ्कन गर्दै छनौट गर्नुपर्छ । सम्भव भएसम्म, गोपनीयता र सुरक्षा बढाउँदै समय र लागत बचत गर्न प्रविधिको लाभ उठाउनुपर्छ । अभिकर्ता सञ्जाल, मोबाइल पैसा, व्यापार भुक्तान र डेबिट कार्ड लगायत, विद्यमान पूर्वाधारको क्षमता पुनरावलोकन गरेर विकास साझेदारहरूले सहयोग गर्न सक्छन् । ध्यान दिनुपर्ने कुरा के हो भने, गरिब र संकटासन्न मानिसहरुले विद्युतीय साक्षरता, आय र आवाशिय हैसियतको अभावले गर्दा प्रायः नयाँ विद्युतीय भुक्तानी प्रणालीलाई प्रयोग गर्नमा कठिनाइको सामना गर्दछन् । त्यसैले, उत्पादनहरू बारे बुझाई र प्रयोग गर्न व्यक्तिहरुका लागि भुक्तानी सेवाहरू सस्तो, सुलभ र पारदर्शीतालाई ढुक्क पार्न बनाइएको सुनिश्चित गर्न हरसम्भव प्रयास गर्नुपर्छ ।

## ४.कर्मचारी र ग्राहक सुरक्षा (Staff and client security)

कुनै पनि पुनर्लाभको क्रियाकलापमा ठूलो मात्रामा नगदको कारोवार गरेको र ग्राहकको गोप्य सूचनाको स्तरको कारण कर्मचारी र ग्राहकको सुरक्षालाई सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ, तर विशेष गरी यो वित्तीय सेवा कार्यक्रममा अत्यावश्यक हुन्छ । संस्थाहरूले मोबाइल पैसाको प्रयोग वा अन्य प्रकारका विद्युतीय स्थानान्तरण, या त मोबाइल संजाल सञ्चालक वा उपलब्ध हुँदा औपचारिक बैंकिङ सेवा मार्फत गर्नका लागि विकल्पहरूको खोजि गर्नुपर्छ । कुनै-कुनै अवस्थामा, संकटको लगत्तै यी कुराहरू सजिलै उपलब्ध वा संचालनमा नहुन सक्छन् । संस्थाहरूले उच्च जोखिम दोहोरिने अवधिको अनुमान गर्नुपर्छ र नगद व्यवस्थापन गर्ने र ग्राहक जानकारीको सुरक्षा गर्ने कार्यमा व्यक्ति र कर्मचारीहरुलाई हुने सम्भावित खतरालाई कम गर्न नीतिहरू बनेको हुनुपर्छ । (थप जानकारीको लागि *स्फियर हातेपुस्तिका मुलभूत मापदण्ड ६ः मानवीय कार्यकर्ताको कार्यसम्पादन* पनि हेर्नुहोस)

## ५.ग्राहकको आवाश्यकताहरुको चालू लेखाजोखा (Ongoing assessment of client needs)

वित्तीय सेवा संस्थाका ग्राहकहरुलाई विभिन्न तरिकामा संकटबाट असर पर्न सक्छ । कसै-कसैसित केही समयको लागि वा सधैंको लागि ऋण चुक्ता गर्ने क्षमता हुन सक्छ र त्यसकारण तिनीहरूलाई ऋण पुनःतालिका (resheduling) गर्नु पर्ने वा बचतमा पहूँच हुन आवश्यक हुन्छ । संकटग्रस्त वातावरणमा रहेका वित्तीय सेवाका प्रदायकहरूले अस्थिरतालाई बुझ्न र अनुमान गर्न आवश्यक हुन्छ, र व्यक्तिहरूलाई संस्थाको दीर्घकालिन सक्षमतालाई सम्झौता

नगरी यी अवस्थाहरुबाट निकाल्नमा मद्दत गर्न सक्छ । अनुत्पादक ऋणलाई व्यस्थापन गर्नमा प्रशिक्षित विशेष अशूलीकर्ता मार्फत संस्थाहरूले ग्राहकहरुको आवश्यकताको नीरन्तर लेखाजोखा गर्नुपर्छ । उद्यमलाई असफलताबाट सुरक्षा गर्न विपद् ऋण कोष, ऋण पुनर्गठनको लागि सर्वमान्य नीतिहरू, र जीवनबिमा कर्जाले पनि व्यक्तिहरुको बाँकी रहेको सम्पत्तिको सुरक्षा र विपद् आएको खण्डमा त्यसको सामना गर्न तिनीहरूको उत्थानशीलतालाई बढाउनमा मद्दत गर्न सक्छ ।

**उदाहरण**

संकटहरूको बारेमा वार्ता गर्न व्यक्तिहरुलाई मदत गर्न चाहने संस्थाहरूले ग्राहकको बचत यथाशीघ्र बिना जरिवाना उपलब्ध गराउने; थप पूंजी उपलब्ध गराउने; ऋण भुक्तानी पुनःतालिका गर्ने, निश्चित अवधिका लागि ढिलो भुक्तानीमा जरिवाना कम गर्ने; वा ऋणलाई ब्याज मुक्त बनाउन पुनःवार्ता गराउनमा निर्णय गर्न सक्छन् । तै पनि, वित्तीय संस्थाको लागि खास कर्जाको खारेजी एउटा विकल्प हुन्छ, ऋण चुक्ताको अपेक्षालाई कायम राख्दै ऋण दिन जारी राख्न संस्थाको क्षमताको लागि अत्यावश्यक हुन्छ र यसरी भविष्यमा ग्राहकहरूको पहूँच ऋणचक्रमा बढ्छ ।

## ६.दीर्घकालिन सेवाहरुमा पहूँच (Access to long–term services)

वित्तीय सेवाहरूको वितरण कार्य जटिल हुन्छ र दीर्घकालिन रुपमा यी सेवाहरु प्रदान गर्नलाई प्रतिबद्धताको आवश्यकता पर्छ । सेवा प्रदायकहरुसंग पर्याप्त प्राविधिक, संस्थागत र वित्तीय क्षमता हुनुपर्छ । तिनीहरु असल वित्तीय सेवा अभ्यास अनुरुप सेवा प्रदान गर्न प्रतिवद्ध हुनु पर्छ । सफल वित्तीय सेवा प्रावधानका लागि वित्तीय निरीक्षण वा जिम्मेवारी, लेखा विशेषज्ञता, लेखा परीक्षण, सुशासन, रणनीतिक योजना, र अन्य प्रतिबद्धताहरू आवश्यक हुन्छन । दीर्घकालमा पहूँचको विश्वसनीयता, राम्रो वित्तीय सेवाको एउटा मुख्य विशेषता हो । कुनै पनि स्थानीय वित्तीय सेवा प्रदायकहरु (FSPs) संग गरिएको साझेदारी व्यवस्था समुदायमा स्थायी रुपमा रहन्छ र त्यसले प्रारम्भिक प्रतिकार्य र पुनर्लाभको प्रयास पछि पनि सेवा जारी राख्ने दीर्घकालीन प्रतिबद्धतालाई देखाउनका लागि (उदाहरणका लागि, कोषको लगानी, समय, र विशेष विशेषज्ञता) महत्वपूर्ण हुन्छ । यदि यो प्रतिबद्धता रहेन भने, वैकल्पिक साझेदारहरूसँग काम गर्न सबै भन्दा राम्रो हुन्छ, जस्तै समुदायमा आधारित वित्तीय सेवाहरू जो आफ्नै बचत परिचालन, (जस्तैः ROSCAs र बचत समूह) वा समयको साथै बनेका स्वयंसेवकको सञ्जाल, वा गैर-वित्तीय सेवाहरुमा आधारित स्वयं सामुदायिक सदस्यहरूद्वारा व्यवस्थित र 'स्वामित्व' ग्रहण गरिएको हुन्छ ।

# वित्तीय सेवाका मापदण्ड ३
# नगद हस्तान्तरणको लागी विद्यमान औपचारिक वित्तीय सेवा प्रदायक प्रयोग गर्नुहोस

मानवीय क्रियाशील निकायहरूले दक्षता र सुरक्षा बढाउन विद्यमान औपचारिक भुक्तानी संयन्त्र र सामाजिक सुरक्षा प्रणालीको माध्यमबाट नगद हस्तान्तरण गर्छन् ।

वित्तीय सेवा प्रदायकहरूले आपतकालीन प्रतिकार्यमा विभिन्न भूमिका निर्वाह गर्न सक्ने भए तापनि (*वित्तीय सेवा मापदण्ड २* मा छलफल गरिए बमोजिम), यो मापदण्डले विशेष गरी नगद हस्तान्तरणका लागि औपचारिक वित्तीय सेवा प्रदायकहरुका (FSPs) प्रयोगलाई उल्लेख गर्दछ ।

## मुख्य क्रियाकलापहरु

- विश्वसनीय स्थानीय बजारका क्रियाशील निकायहरूको दायरा, तिनीहरूको भौगोलिक दायरा, वित्तीय क्षमता, भुक्तानी प्रणालीको समावशिता र संचालनको मात्रालाई पहिचान गर्नुहोस ।
- आपतकालीन हस्तान्तरणको वितरणलाई बढाउन विद्यमान सुरक्षा संजाल वा सामाजिक सुरक्षाका योजनाहरूलाई प्रयोग गर्न सकिन्छ कि सकिँदैन भनेर निर्धारण गर्नुहोस ।
- भुक्तानी प्रणालीको विद्यमान पहूँच र उपयोग सहित प्रापकहरूको वित्तीय अभ्यास र भुक्तानी व्यवहारको लेखाजोखा गर्नुहोस ।
- अपेक्षित कार्यक्रमको लागि आवश्यक क्षमता पहिले नै पूर्वसंकट सम्बन्धित संस्था वा बजारका क्रियाशील निकायसंग विद्यमान छ भने वितरण संयन्त्र पुनः सिर्जना गर्नबाट बच्नुहोस । सम्भव भएसम्म, सेवा वितरणको लागत घटाउन र सुरक्षा बढाउन विद्यमान भुक्तानी प्रदायकहरूसँग साझेदारी गर्नुहोस ।
- सम्भव भएसम्म, दिगो जीविकोपार्जनलाई सहयोग पुऱ्याउन वित्तीय सेवामा दीर्घकालीन पहूँच र उद्धार कार्य बिचको सम्बन्धलाई प्रवर्द्धन गर्नुहोस ।

## मुख्य सूचकहरु

- सक्षम वित्तीय संस्थाहरूले कार्यक्रम गर्ने क्षेत्रमा भौगोलिक रुपले समेट्ने काम गर्छन् ।
- संकटपछि तुरुन्तै लक्षित मानिसहरु समक्ष पुग्न भुक्तानी प्रणाली बलियो र पर्याप्त रुपले उत्थानशील छ ।
- भुक्तानी प्रणाली सक्षम र पारदर्शी छ (अर्थात व्यापारीहरूले डिजिटल भुक्तानी स्वीकार गर्छन, अभिकर्ताको सञ्जालले तिनीहरूको तरलतालाई व्यवस्थापन गर्न सक्छ, र बिक्रिको बिन्दू (point of Sale) को उपकरण र मोबाइल फोनको लागि सञ्जाल सम्पर्क पर्याप्त रुपमा विश्वसनीय छ) ।

- आपातकालीन प्रतिकार्य लक्षित गर्ने कार्यले सामाजिक सुरक्षाको लागि वस्तुस्थिति भार (caseload) समावेश गर्छ, र मानवीय प्रतिकार्यको लागि प्रयोग गरिने सामाजिक सुरक्षा हस्ताान्तरणका सेवाहरू दिनलाई पर्याप्त अन्तर-निकाय समन्वय स्थापित छन् ।
- सम्भव भए सम्म नगद हस्तान्तरण वित्तीय सेवाहरूमा दीर्घकालीन पहूँचसँग जोडिन्छ (जस्तैः मोबाइल थैली, सार्वजानिक बैंक खाता, र बचत उत्पादनहरु जो लागत-प्रभावी छन् र व्यक्तिहरूलाई मूल्य प्रदान गर्दछ) ।

# मार्ग-दर्शनका लागि टिपोटहरु

## १.नगद हस्तान्तरणको परिचय (Introduction to cash transfers)

जिन्सी वस्तुहरु (जस्तै, खाना, लत्ताकपडा र कम्बलहरु) लाई अझै पनि धेरैजसो मानवीय सहायतामा समावेश भएको हुन्छ, बढ्दो संख्याका संस्थाहरुले नगद हस्तान्तरण तथा भाउचर मार्फत सहयोग उपलब्ध गराउने गरेका छन् । लागत (चुहावट सहित) कम गर्न र ढुवानीसँग सम्बन्धित सुरक्षा चिन्ता लगायत मानवीय क्रियाशील निकायहरूले धेरै लाभ उपलब्ध गराउन विद्युतीय माध्यमहरु मार्फत नगद वितरण गर्दै नगद हस्तान्तरण वितरण गर्छन । सुविधा र छनौट ( हस्तान्तरण तत्काल हुन्छ र प्राप्तकर्ताहरूले कहिले र कहाँ खर्च गर्ने भनेर छनौट गर्न सक्छन); सुरक्षा (प्राप्तकर्ताले कहीँ पनि नगद लुकाउन पर्दैन); गोपनीयता; र मर्यादा (समुदायका अन्य सदस्यहरुको लागि कसले सहयोग पाइरहेको छ र कसले छैन भन्ने  थाहा पाउन अझ कठिन हुन्छ) प्रदान गर्दै विद्युतीय वितरणले हस्तान्तरण प्राप्तकर्ताहरूलाई लाभ पुऱ्याउन सक्छ । भौतिक नगदको तुलनामा विद्युतीय हस्तान्तरणले उल्लेखनीय लाभहरु उपलब्ध गराउन सक्छ, कार्यक्रम लेखाजोखाहरुले विद्युतीय वितरणका माध्यमहरू (जस्तै मोबाइल सञ्चालन प्रणाली र व्यक्तिगत पहिचान संख्या कार्डहरू (PINs) सञ्चालन गर्नलाई व्यक्ति र घरधुरीहरु सुपरिचित र सक्षम छन् भन्ने कुरालाई ध्यान दिनुपर्छ । यसको अतिरिक्त, विद्युतीय वितरणका लागि आवश्यक पूर्वाधार जुन भौतिक नगद वितरणका लागि जरूरी नपर्ने हुन्छ, जस्तै व्यापारीहरूले विद्युतीय भुक्तानी स्वीकार गर्छन, अभिकर्ताको सञ्जालले तिनीहरूको तरलतालाई व्यवस्थापन गर्न सक्छ, र बिक्रिको बिन्दू (point of Sale) को उपकरण र मोबाइल फोनको लागि सञ्जाल सम्पर्क पर्याप्त रुपमा विश्वसनीय छ । नगद कार्यक्रम सम्बन्धी विभिन्न प्रकारका औजारहरु "नगद सम्बन्धी सिकाई साझेदारी" (Cash Learning Parnership_ द्वारा उपलब्ध छन् ।

## २.विद्यमान सामाजिक सुरक्षा योजनाहरुमा प्रशासनिक प्रणालीको प्रयोग ("Piggyback" on existing social protection plans)

सामाजिक सुरक्षा योजनाले दीर्घकालीन गरिबी र संकटासन्न व्यक्तिहरूलाई सहयोग प्रदान गर्छ । यो सहयोग नियमित र पूर्वानुमानित हुन्छ, जसले आघातबाट सुरक्षा गर्नमा मद्दत गर्दछ, र सम्पत्ति निर्माणलाई प्रवर्द्धन गर्दछ । संकटले गर्दा यी व्यक्तिहरू झनै संकटासन्न हुन्छन् र सामाजिक सुरक्षा योजनाहरूलाई व्यापकरुपमा एउटा प्रणालीको रूपमा हेरिँदैछ जसबाट संकटको समयमा नगद हस्तान्तरणको स्तर बढाउनका लागि लाभ लिन सकिन्छ । मानवीय संस्थाहरू

र सरकारबीच साझेदारीको लागि सफल स्तरोन्नति गर्न निश्चित प्रक्रियाहरू बनाउनु आवश्यक हुन्छ: १) सामाजिक सुरक्षा-सन्जाल योजना र आपातकालीन प्रतिकार्यको लागि वस्तुस्थिति भार (caseload) उस्तै अनिवार्य हुनुपर्छ किनभने अभ्यासहरुले तेर्सो भन्दा (जस्तैः लाभग्राहीको संख्या बढाउने) उर्ध्व रूपमा स्तर बढाउन सजिलो भएको देखाएको छ (उदाहरणका लागि लाभस्तर बढाउने) । २) मानवीय र सरकारी विकास निकायहरू बीच उच्चस्तरीय अन्तर निकाय समन्वय हुन आवश्यक हुन्छ र यसको लागि सरकारी विभागहरूको दायरासंग नजिकको सम्बन्ध आवश्यक हुन्छ; र ३) लक्षित समूह वा व्यक्तिहरुको छनौट थुप्रै सामाजिक सुरक्षा-सन्जाल कार्यक्रमहरूलाई टेवा दिने राजनैतिक उत्प्रेरणाहरूबाट प्रभावित नभई उद्देश्यमूलक (Objective) र आवश्यकतामा आधारित हुन जरुरी हुन्छ । आपातकालीन प्रतिकार्यलाई थप सहयोग गर्न पूर्व-दर्ता र विद्युतीय हस्तान्तरण जस्ता सुविधाहरूलाई तर्जुमा गर्नुपर्छ ।

## ३.नगद हस्तान्तरण र वित्तीय समावेशिता बीच सम्पर्क (Linking cash transfers to financial inclusion)

संस्थाहरूले प्राप्तकर्ताहरूलाई बचत, भुक्तानी, रेमिट्यान्स, ऋण र बीमा लगायतका औपचारिक वित्तीय सेवाहरुसँग जोड्न विद्युतीय नगद हस्तान्तरणको प्रयोग गर्न सक्छन् । यो सम्बन्ध कसरी जोडिन्छ भन्ने (र कुन सेवाका लागि) कार्यक्रमको उदेश्य र स्थानीय सन्दर्भमा निर्भर हुन्छ । अत्यधिक विकसित मोबाइल पैसाको मंचहरु, र व्यापक सञ्जालको पहूँच भएका मुलुकहरूमा, नगद हस्तान्तरण कार्यक्रमले विद्यमान प्रणाली र प्राप्तकर्ताको मोबाइल थैलीमा प्रत्यक्ष हस्तान्तरण गर्ने मोबाइल संजाल सञ्चालकहरूसंग काम गरेर लाभ उठाउनु पर्छ । नगद हस्तान्तरण कार्यक्रमले "आफ्नो ग्राहक चिन्नुहोस" (KYC) भन्ने नियम बारे ध्यान दिनु पर्छ र प्रायः पहिचानको लागि आवश्यक कागजातहरु नभएका महिलाहरू लगायत सबै नगद हस्तान्तरण प्रापकहरूका लागि खाता खोल्न सम्भव छ कि छैन ध्यान दिनुपर्छ । औपचारिक संस्थामा रहेको खाताले विदेशबाट सजिलै र कम खर्चमा रेमिट्यान्स प्राप्त गर्ने अनुमति दिन्छ, जुनः प्राय संकटपछिको वातावरणमा घरपरिवारहरुको लागि महत्वपूर्ण जीवन रक्षा गर्ने उपाय हुन्छ । नगद हस्तान्तरण प्रापकहरूलाई वित्तीय सेवासँग जोड्न भुक्तानी प्रणाली न केवल अमूल्य, सुविधाजनक र सुरक्षित छ बरु तिनीहरूलाई अझ धेरै उत्थानशील बनाउन बाटो पनि देखाउँछन भनेर सुनिश्चित गर्न तिनीहरूको आर्थिक अनुभव, व्यवहार र रुचिका साथै शिक्षा र प्रशिक्षणको लेखाजोखा गर्न आवश्यक हुन्छ ।

### उदाहरण

केन्याको भोक सुरक्षा संजाल कार्यक्रम बिना शर्त नगद हस्तान्तरण कार्यक्रम हो जसले उत्तरी केन्याका गरिब घरधुरीहरूमा गरिबी, खाद्य असुरक्षालाई घटाउने र सम्पत्ति कायम र संचित गर्ने कार्यलाई प्रवर्द्धधन गर्ने लक्ष्य राखेको छ । यसको नमूना चरणमा ४९६,८०० व्यक्तिहरूलाई नियमित, विद्युतीय नगद हस्तााान्तरण गर्न यसले निजी क्षेत्रको भुक्तानी प्रदायक (इक्विटी बैंक) र औठाछाप छरितो कार्डको प्रयोग गरेको थियो । यो कार्यक्रमलाई उत्तरी केन्याको मन्त्रालयको मातहतमा गैरसरकारी संस्था र निजी-क्षेत्रका कार्यान्वयन गर्ने साझेदारहरुबाट लागू गरिएको थियो । कार्यक्रमलाई पछि १,००,००० व्यक्तिहरू थप गर्न स्तरोन्नति गरिएको थियो र थप २,७२,००० व्यक्तिहरूलाई एउटा

पूर्ण रूपमा लेनदेन गर्न सक्ने बैंक खाता र बैंक कार्डसंग जोडियो जसले संकटको समयमा स्तरोन्नति गर्न सक्ने सुरक्षा सन्जालको रूपमा कार्य गर्न सक्छ । परियोजनाले दूर्गमता, सानो बजार, र गतिशीलताको उच्च स्तर जस्तो विशिष्ट आर्थिक तथा भौगोलिक कार्यान्वयनका चुनौतीलाई परास्त गर्नमा सामाजिक सुरक्षा संजाल भुक्तानी गर्नका लागि यी वैकल्पिक प्रविधिहरू र संकटको समयमा खडेरीबाट नराम्ररी प्रभावित उप-जिल्लाहरूलाई पुनर्लाभको भुक्तानी वितरण गर्न त्यस्लाई स्तरोन्नति गर्न सकिन्छ भन्ने कुरा पत्ता लगायो । कार्यक्रमको शुरुवातको दुई हप्ता पनि नबित्दै ९०,००० प्रभावित मानिसहरू भन्दा बढी थप वस्तुस्थितिको भार (caseload) को झन्डै २० लाख अमेरिकी डलर बैंक खातामा विद्युतीय माध्यमबाट हस्तान्तरण गरियो ।

**सचेतनात्मक कथा**

विगतका अनुभवहरूले नगद हस्तान्तरण र वित्तीय सेवाहरू बीच सम्बन्ध सँधैं सफल भएका छैनन् भन्ने कुरा देखाएको छ । प्रापकहरूले प्रायः तिनीहरूको हस्तान्तरणलाई पूरै नगदमा निकाल्छन (cash out) र फेरि कहिल्यै पनि उक्त उत्पादहरुको प्रयोग गर्दैनन् (प्रिपेड कार्ड, खाता होस वा मोबाइल थैली), सम्भवतः तिनीहरूले यी सेवाहरुलाई त्यति काम लाग्ने मानेनन् वा कहिलेकाहीं मानवीय संस्थाहरूले तिनीहरूले पैसा सञ्चय गरेको देखेमा सहयोगको लागि अब योग्य हुने छैनन् भन्ने कुराले पनि चिन्तित हुन्छन । कुनै-कुनै अवस्थामा, यद्यपि, अंतर्ग्रहण (uptake) धेरै भएकोले प्राप्तकर्ताहरूले तिनीहरूको ई-थैली वा खातामा नगद हस्तान्तरणको भाग राख्ने निर्णय गर्छन । वस्तु र कार्यक्रम तर्जूमाले प्रस्ताव गरिएका कुराहरु प्रयोगकर्ताको लागि सान्दर्भिक र अमूल्य छन् भन्ने सुनिश्चित गर्न ग्राहकको आवश्यकता र व्यवहारहरुलाई ध्यान दिनुपर्छ ।

# वित्तीय सेवाका मापदण्ड ४
# स्थानीय नियमहरु, मान्यताहरुलाई बुझ्नुहोस् र कार्यसंचालनलाई सहयोग गर्नुहोस

कार्यक्रमहरुले राजनीतिक, कानुनी र सामाजिक मापदण्डको बुझाइलाई देखाउँछ, र वित्तीय सेवाहरूका लागि सहयोगी कार्यहरूलाई सुदृढ पार्छ ।

## मुख्य क्रियाकलापहरु

- राजनैतिक अर्थतन्त्र र तपाईंको कार्यक्रमहरु बीचको अन्तरसम्बन्धलाई बुझ्नुहोस (*मुलभूत मापदण्ड ४ : मार्गदर्शनका लागि टिपोटहरू* पनि हेर्नुहोस) ।
- सम्बन्धित वित्तीय नियमावली पहिचान गर्नुहोस र बुझ्नुहोस ।
- विद्यमान नियमअनुसार कार्यक्रमहरु सुनिश्चित वा कार्यक्रम सञ्चालन गर्न आवश्यक छूट प्राप्त गर्नुहोस ।

## मुख्य सूचकहरु

- वित्तीय उत्पादनले स्थानीय कानुन, नियम र नियमावलीहरूको पालना गर्छ ।
- तथ्यांक सङ्कलन बिधि, तथ्यांक प्रशोधन, र लाभग्राही सम्बन्धी जानकारी साझा गर्नका लागि वर्तमान नियमावली, कानुनहरु, र अन्तरराष्ट्रिय महासन्धिहरू पालना गर्न सुरक्षा संयन्त्रहरु स्थापित छन ।
- लेनदेन लागत कम गर्न, बजार सूचना सुधार गर्न सहयोगी कार्यहरू (functions) अवस्थित छन्, र प्रदायक र उपभोक्ताहरु दुवैको लागि क्षमता विकासमा पहूँच बनाउछन दिन्छन ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

### १.स्थानीय कानून, नियमावली र रीतिथितीहरु (Local laws, regulations, and customs)

धेरै जसो संकटग्रस्त वातावरणको एउटा परिभाषित विशेषता भनेको कानुनको शासनको अभाव हो । धेरै कार्यान्वयनकर्ताहरूले कार्यक्रमहरु तर्जूमा गर्नलाई यो शून्यताको प्रयोग गर्दछन र तर यसले विद्यमान ऐन तथा नियमावलीले सहयोग नगरी नै अन्य सन्दर्भमा काम गरेको हुन सक्छ । उदाहरणका लागि, जुन वातावरणमा बचत वा बीमा योजना समावेश भएका कार्यक्रमहरु हुन्छन्, त्यहाँ वित्तीय बिचौलिया वा बीमा प्रावधान माथि प्रतिबन्ध हुन्छ भने त्यस्तो अवस्थामा दीर्घकालीन स्थायित्वको सम्भावना कम हुन्छ । कार्यक्रमहरू विद्यमान स्थानीय ऐन, नियम र रीतिथितीहरुको जानकारीमूलक विश्लेषणलाई प्रयोग गरेर तर्जूमा गरिनु महत्वपूर्ण हुन्छ । कार्यक्रममा विनियममा परिवर्तन वा रीतिथितीमा परिवर्तनको आवश्यकता छ भने, त्यसपछि यी परिवर्तनहरूलाई कसरी सहजीकरण गरिन्छ

भन्ने कुरासंग जोडिएको एउटा स्पष्ट रणनीतिले कार्यक्रमलाई साथ दिन आवश्यक हुन्छ । त्यसबेला विद्यमान नियमावलीहरुमा अपवाद खोज्नु केही सन्दर्भमा सम्भब हुन सक्छ, संस्थाहरू यस्ता खाले बहिष्करणहरूले एकाधिकारमुखी व्यवहार वा प्रदायकहरूका लागि असमान चलखेल तर्फ डोऱ्याउँदैन भन्ने सुनिश्चित गर्नुपर्छ।

**उदाहरण**

उत्तरपूर्वी नाइजेरियामा व्यापारीहरूलाई आपतकालीन खानाको लागि विद्युतीय नगद अनुदान दिन सजिलो भएन किनभने तिनीहरूले यो कुरान अनुरूप नभएको महसुस गरे । नगद अनुदानको भुक्तानी गर्नुको साटो व्यापारीहरूले तिनीहरूको क्षेत्रमा सम्झौताको रूपमा विद्युतीय खानेकुराको भाउचरलाई प्रयोग गर्न राजी भए।

## २.सहयोगी कार्यहरु (Supporting functions)

वित्तीय सेवाको प्रकृतिलाई ध्यानमा राख्दै, सूचनाले वित्तीय सेवा प्रदायक र उपभोक्ताहरु बीच विनिमयलाई सहज तुल्याउन महत्वपूर्ण भूमिका खेल्दछ । कर्जा विभाग, उपभोक्ता अनुसन्धान, सार्वजनिक अभियान, र खुलासा ( Disclosure) विनियम मार्फत वित्तीय सेवा प्रदायकहरुले (FSPs) महत्वपूर्ण बजार जानकारीमा योगदान गर्दछन जसले उपभोक्तालाई वित्तीय उत्पादनहरुलाई बुझ्न र प्रदायकहरूलाई जानकारीमूलक निर्णय गर्नमा मद्दत गर्दछ। अन्य सहयोगी कार्यहरूले उपभोक्ता तथा प्रदायकहरुका लागि तालिम तथा क्षमता निर्माणलाई समावेश गर्दछ, जसले दुवै पक्षको ज्ञान र व्यवहार अवरोधलाई कम गर्न सक्छ। संकट प्रभावित मानिसहरुका लागि वित्तीय सेवा सहजीकरण गर्ने लक्ष्य राखेको कार्यक्रमले एउटा विशेष वित्तीय उप-बजार (जस्तै: बीमा, भुक्तानी, बचत) लाई सुधार गर्न आवश्यक सहयोग कार्यको प्रकारलाई बुझ्नु पर्छ। सोहि समयमा, प्रणाली अवधारणाको प्रयोग गरेर सहयोगी कार्यहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्ने कार्यक्रमहरू तर्जुमा गर्नुपर्छ (*उद्यम र बजार विकास प्रणाली मापदण्ड* पनि हेर्नुहोस)।

## ३.शरणार्थी/आन्तरिक विस्थापितहरुसंग काम (Working with refugees/IDPs)

शरणार्थी र आन्तरिक विस्थापितहरु (आइडिपिहरू) विशेष गरी संकटको बेला प्रभावित हुने जनसंख्याका हिस्साहरु हुन् । केही सन्दर्भमा, आतिथ्य प्रदान गर्ने समुदाय भित्र उपलब्ध वित्तीय सेवाहरूले माग पक्ष र व्यापक नियामक र यी हिस्साहरूलाई असर गर्ने सामाजिक विषयहरूलाई बुझ्दै शरणार्थी र आन्तरिक विस्थापित मानिसहरुका (IDPs) लागि उपयुक्त तरिकाले काम गर्न सक्छ; जो उनीहरूको आवश्यकतालाई सहयोग गर्न महत्वपूर्ण हुन्छन् । धेरै देशमा शरणार्थीलाई काम गर्ने अधिकार प्राप्त छैन, जसले तिनीहरूको माग र केही प्रकारको वित्तीय सेवालाई प्रयोग गर्ने क्षमतालाई असर गर्छ। केही देशमा, शरणार्थीलाई बैंक खाता खोल्न अनुमति हुँदैन। जुन देशहरूमा यी अधिकारहरू हुन सक्छन्, त्यहाँ शरणार्थीहरुसंग जागिर प्राप्त गर्न वा बैंकमा खाता खोल्न आवश्यक दस्तावेज नहुन सक्छ । शरणार्थीहरू आफ्नो देश छोडेर कहिले र कसरी गए भन्ने कुरा तिनीहरूको संकटासन्नतामा हुने नाटकीय अन्तर माथि निर्भर गर्न सक्छ । कोही-कोही शरणार्थीहरूको आफूले कमाएको सम्पत्ति माथि पहूँच हुन सक्छ र त्यसलाई

आफुहरूसँगै लैजान सक्छन्, जबकि अरूसँग आफूले बोकेको सामान बाहेक अरु केही नहुन सक्छ । शरणार्थीहरूले प्राय आतिथ्य प्रदान गर्ने समुदायको स्रोत साधनमा तनाव पैदा गराउने भएकोले शरणार्थीहरु बस्ने सामाजिक स्थानहरुको प्रसंग बुझेर थप तनाव नबढाउने कार्यक्रमहरू तर्जुमा गर्न महत्वपूर्ण हुन्छ । आन्तरिक विस्थापित मानिसहरु (IDPs) लाई प्रायः तिनीहरुको विस्थापित हैसियतको कारणले शरणार्थीहरूकै रुपमा हेरिन्छन, तिनीहरूले प्रायः सामना गर्ने नियम र सामाजिक बाधाहरू एकदम फरक हुन्छन् र यो हिस्साको सेवा गर्नमा इच्छुक कार्यान्वयनकर्ता र वित्तीय सेवा प्रदायकहरुद्वारा यो कुराहरु बुझ्नु आवश्यक हुन्छ । शरणार्थीहरू जस्तो नभई आन्तरिक विस्थापित मानिसहरु आफ्नै मातृभूमिमा हुन्छन, तर तिनीहरू द्वन्द वा प्राकृतिक विपद्का कारणले बसाइँ सर्न बाध्य भएका हुन्छन् । जबकि आन्तरिक विस्थापित मानिसहरुसँग आतिथ्य प्रदान गर्ने समुदायका अन्य बासिन्दाहरूको जस्तै अधिकार हुन सक्छ, तिनीहरू प्राय विशेष आघातबाट ग्रसित हुन्छन र उनीहरुलाई विशेष देखरेखको आवश्यकता हुन्छ । र जब रोजगारीको अवसर वा वित्तीय सेवामा पहूँच प्राप्त गर्न तिनीहरूसँग आवश्यक परिचय दिने खालको कागजात हुन सक्छ, उनीहरूसंग प्राय जमानी वा सामाजिक सञ्जालको अभाव र उनीहरू आतिथ्य प्रदान गर्ने समुदायहरुद्वारा शरणार्थीहरूलाई जस्तै गरिने भेदभाव प्रति अति संवेदनशील हुन सक्छन । जनसंख्याको यस्तो हिस्साको विशिष्ट आवश्यकताहरू र व्यापक सन्दर्भहरू बुझ्नु कार्यान्वयनकर्ताहरू र वित्तीय सेवा प्रदायकहरुको कर्तब्य हुन आउँछ, जसले शरणार्थी र/वा आन्तरिक रुपमा विस्थापित मानिसहरु (IDPs)ले वित्तीय सेवाको पहूँच र रोजगारी, स्वरोजगारको सम्बन्धमा के गर्न सक्छन् भनेर स्पष्ट गर्न सक्छ ।

# वित्तीय सेवाका मापदण्ड ५
# उपभोक्ता संरक्षण नियमावलीलाई पालन गर्नुहोस

कार्यक्रमहरूले सामाजिक कार्यसम्पादन व्यवस्थापन, व्यक्तिलाई जिम्मेवार ढंगले व्यवहार गर्नका लागि सर्वव्यापी मापदण्डहरूको पालन, र सबै स्थानीय उपभोक्ता संरक्षण कानून र नियमावलीहरुलाई पालना गर्दछ ।

## मुख्य क्रियाकलापहरु

- लक्षित मानिसहरुलाई उपलब्ध गराएको वित्तीय उत्पादनले अधिक ऋण सृजना गर्दैन भन्ने सुनिश्चित गर्नुहोस ।
- साझेदारहरूले मूल्य निर्धारणमा पारदर्शीता, व्यक्तिहरु प्रति निष्पक्ष र सम्मानजनक व्यवहार, र गुनासो समाधानको संयन्त्रका लागि असल अभ्यासहरूको प्रतिबद्धता जनाएको छ भन्ने कुरा सुनिश्चित गर्नुहोस ।
- तथ्यांक सुरक्षा र गोपनीयताको लागि उपलब्ध गराइएको वितरण माध्यमहरूलाई व्यक्तिहरुले राम्ररी बुझेको सुनिश्चित गर्नुहोस ।

## मुख्य सूचकहरु

- ऋण चुक्ता गर्न सक्ने र पहिले देखि नै ऋणमा नडुबेका ऋणग्राहीहरूलाई मात्र कर्जा दिन सकिने कुरा सुनिश्चित गर्न वित्तीय सेवा प्रदायकहरूसंग ठोस नीति र राम्रो दस्तावेजीकरणका प्रक्रियाहरु स्थापित छन् ।
- सबै वित्तीय उत्पादनको ब्याजदर, मूल्य, शुल्क र शर्तहरु व्यक्तिहरुलाई पारदर्शी ढंगले बुझ्न सकिने ढंगले मौखिक र लिखित दुबैमा व्याख्या गरिन्छ ।
- ऋण सङ्कलन गर्ने अभ्यासहरू आदरपूर्ण र जबरजस्ती वा दूर्व्यवहारपूर्ण छैनन् ।
- भ्रष्टाचार वा व्यक्तिहरुसंगको दूर्व्यवहार विरुद्ध लड्न आचारसंहिताहरु उपलब्ध र लागू गरिएको छ ।
- ग्राहकहरूको गुनासोलाई समयमा नै सम्बोधित र समाधान गरिन्छ ।
- प्राप्तकर्ताहरुले प्रस्ताव गरिएको सेवाहरूमा प्रभावकारीरुपले पहूँच र उपयोग गर्न सक्षम भएको सुनिश्चित गर्न तिनीहरुलाई नयाँ प्रविधि वा वितरण प्रणाली सम्बन्धी तालिम प्रदान गरिन्छ ।
- वित्तीय सेवा प्रदायकहरूले व्यक्तिको गोपनीयताको सम्मान गर्न, स्थानीय कानून र नियमहरू पालन गर्न, ग्राहक तथ्यांकहरु सुरक्षित र गोप्य राखिएको छ, र व्यक्तिको अनुमति बिना उनीहरुको तथ्यांकलाई प्रयोग वा वितरण गर्दैनन् ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

### १.अति ऋणबाट बचाउ (Avoiding over–indebtedness)

अभ्यासले देखाए अनुसार व्यक्तिहरुले प्राय संकटपछि तुरुन्तै ऋण प्रयोग गर्न सक्छन्, आर्थिक रूपमा सक्रिय नभएका व्यक्तिहरुको लागि यो उपयुक्त कार्यक्रम होइन । संरचित ऋणहरु उचित समयमा र सहि तरिकाले आर्थिक रूपमा सक्रिय व्यक्तिहरूलाई आफ्नो जीवन पुनर्निर्माणका लागि सहयोग गर्नमा महत्वपूर्ण हुन्छ । यसका लागि व्यक्तिलाई कर्जा आवश्यक त हुन्छ तर त्यो उसको ऋण चुक्ता गर्ने क्षमताभन्दा बढी हुनुहुदैन भन्ने सुनिश्चित गर्न कर्जा प्रक्रियामा सबै चरणहरूलाई (तर्जुमा देखि मूल्यांकन, अनुगमन, र रिपोर्टिङ सम्म) मिलान गर्न (align) आवश्यक छ । उपयुक्त र कानुनीरुपमा यसो गर्न सकिएमा, ग्राहकको कर्जा इतिहासलाई अन्य वित्तीय सेवा प्रदायकहरूसँग साझा गरेर एउटै ग्राहकलाई धेरै ऋण लिनबाट बचाउनमा मद्दत गर्नका साथै उसलाई हुने थप अति ऋणभारको सम्भावनालाई कम गर्न सकिन्छ ।

## २.असल अभ्यासहरुको पालन (Adherence to good practices)

व्यक्तिले प्रस्ताव गरिएका वित्तीय सेवाहरू नियम, शर्त र प्रक्रिया, साथै आफ्नो अधिकार र यी सम्झौताहरू अन्तर्गत भएको दायित्वहरुलाई बुझ्न आवश्यक हुन्छ । प्रदायकहरुले व्यक्तिलाई निष्पक्ष र आदरपूर्वक व्यवहार गर्नुपर्छ र भेदभाव गर्नु हुँदैन, र तिनीहरुले उठाएका व्यक्तिगत सरोकारहरुलाई समस्याको रूपमा समाधान गर्न, र गुनासो व्यवस्थापनका लागि प्रभावकारी संयन्त्रहरू स्थापित गर्नुपर्छ र त्यसका लागि उत्पादन र सेवा प्रस्तावहरुको सुधारमा काम गर्नुपर्छ ।

## ३.नयाँ प्रविधिहरुका लागि तालिम प्रदान (Providing training on new technologies)

मोबाइल फोन, विद्युतीय हस्तान्तरण, नगद मेसिन सेवा इत्यादिहरु मार्फत प्रदान गरिने विद्युतीय वित्तीय सेवाहरुले विशेष गरी नगद हस्तान्तरणको सन्दर्भमा क्षमता सिर्जना गर्ने, लागत र सम्भावित चुहावट कम गर्ने, र लक्षित कार्यक्रमहरुको बढ्दो सटिकताले मानवीय समुदायहरुको लागि ठूलो आशा राखेको छ । तथापि, उदियमान प्रविधिहरुमा नयाँ र प्राय जटिल, अन्तरपृष्ठहरु (Interfaces) र उल्झिएको प्रक्रियाहरू समावेश भएका हुन्छन् जसले प्रयोगकर्ताहरूलाई त्रस्त पार्न सक्छ र अंतर्ग्रहण (uptake) र प्रभावकारितालाई कम गर्न सक्छ । यो खास गरी साक्षरताको स्तर न्यून भएका गरिब र संकटासन्न मानिसहरु र प्राय विद्युतीय भुक्तानी प्रणालीको लागि नयाँ वा यो प्रणाली प्रति सहज नभएकाहरुको हकमा लागू हुने कुरा हो । त्यसैले, विद्युतीय वित्तीय सेवा प्रापकहरूले विस्तृत प्रशिक्षण प्राप्त तथा शुरु गर्नु अघि र पछि, नयाँ विद्युतीय वितरण प्रणालीको बारेमा कुराकानी गर्नु महत्वपूर्ण हुन्छ । न्यूनतम रूपमा, व्यक्तिहरुले तिनीहरूको भुक्तानी रकम र आवृत्ति, प्रणाली र भुक्तानी संयन्त्रले कसरी काम गर्छन र समस्याहरू परेमा कहाँ जाने भन्ने बारे थाहा पाउनुपर्छ ।

# रोजगारीका मापदण्डहरु

## मापदण्ड १

मर्यादित रोजगारी प्रवर्द्धन गरिएकोछ

## मापदण्ड २

कार्यक्रमहरु श्रम बजार आधारित छन्

## मापदण्ड ३

रोजगारीको दिगोपनालाई सहयोग गरिएकोछ

# ६. रोजगारीका मापदण्डहरु

रोजगारीका मापदण्डहरु मानवीय आर्थिक पुनर्लाभका परियोजनाहरू मार्फत रोजगारी सिर्जना गर्ने वा कामका लागि व्यक्तिलाई तयार पार्ने क्रियाकलापहरूसंग सम्बन्धित हुन्छ। कार्यक्रमहरू बाँच्नलाई ज्याला कमाउने व्यक्तिहरुका लागि मर्यादित र सुरक्षित काम गर्ने अवस्थाहरुलाई प्रवर्द्धन गर्ने कार्यमा केन्द्रित हुनुपर्छ। रोजगार कार्यक्रमले श्रम बजारको वास्तविकता र सामाजिक-सांस्कृतिक सन्दर्भलाई पनि ध्यान दिनुपर्छ । यसबाहेक, यस्ता कार्यक्रमहरूले नियमित मूल्यांकन गर्न र चलिरहेको श्रम बजार लेखाजोखा प्रति प्रतिकार्यात्मक भएको संशोधित कार्यक्रमलाई एकीकरण गर्न दिनुपर्छ । रोजगार कार्यक्रमले चलिरहेको सीप निर्माण र समान रोजगारीलाई प्रोत्साहन गर्नुपर्छ । उत्पादनमूलक रोजगारीको महत्वलाई संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य (SDG) ८ मा प्रकाश पारिएको छ, जसले 'दिगो आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने उद्देश्य र सन् २०३० सम्ममा सबै महिला र पुरुषहरूका लागि मर्यादित काम र पूर्ण र उत्पादनशील रोजगारी उपलब्ध गराउने गर्ने लक्ष्य राखेको छ।

रोजगारीका क्रियाकलापहरुमा निम्न कुराहरुलाई समावेश गर्न सकिन्छ;

- व्यवसाय सीप निर्माण वा व्यावसायिक तालिम
- सेवा कालिन प्रशिक्षणको अवसर र सिकाई सम्बन्धी कार्यक्रमको स्थापना
- पेशा सम्बन्धी परामर्श र रोजगारी खोजी दिने (job placement)
- कामका लागि नगद कार्यक्रमहरुमा पूर्वाधार पुनर्निर्माण गर्न अस्थायी रोजगारीको व्यवस्था
- व्यापार सदस्यता संघ र श्रमिक सहकारीको सृजना
- कार्यक्रमको तर्जुमा कार्यमा निजी क्षेत्रका रोजगारदाताहरुसंग साझेदारी र स्नातकहरूलाई रोजगारी र नियुक्ति लगानी मार्फत उद्यमहरुमा रोजगारीको सिर्जना
- सुरक्षित र मर्यादित कार्यस्थलको मापदण्ड बारे रोजगारदाताहरूलाई प्रशिक्षण ।

# रोजगारीका मापदण्डहरु १
# मर्यादित रोजगारीलाई प्रवर्द्धन गरिएकोछ

रोजगारीका अवसरले कार्यस्थल भित्र उचित आय आर्जन गर्न मर्यादित रोजगारी, भौतिक, भावनात्मक, र सामाजिक सुरक्षालाई प्रवर्द्धन गर्दछ र व्यक्तिगत र व्यावसायिक विकासका लागि संभावनाहरु उपलब्ध गराउँदछ । मर्यादित काम सम्बन्धी थप जानकारीको लागि शब्दावली र अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) हेर्नुहोस ।

## मुख्य क्रियाकलापहरु

- राष्ट्रिय तथा स्थानीय सरकारको नीतिका साथै श्रम बजारलाई नियन्त्रण गर्ने अनौपचारिक मापदण्ड र रीतिथितिहरूको लेखाजोखा गर्नुहोस ।
- स्थानीय नीतिमा अन्तरहरु (gaps) छन् भने संकटासन्न मानिसहरुको लागि अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को काममा अधिकार सम्बन्धी मापदण्डहरूलाई परियोजनाको योजनामा समावेश गर्नुहोस । लक्षित रोजगारी क्षेत्रहरुका लागि वर्तमान बजार यथार्थमा आधारित निष्पक्ष पारिश्रमिकको स्तरका लागि पैरवी गर्नुहोस । (निष्पक्ष ज्याला दरले प्रचलित ज्यालाको दर र कर्मचारीहरुलाई उनीहरुको आधारभूत आवश्यकताहरू पूरा गर्न दिईएको ज्याला बिचको कुनै पनि मतभेदहरुलाई समाधान गर्नुपर्छ ।)
- व्यवस्थापनले मर्यादित र समतामूलक कामको मापदण्ड र समावेशीरुपमा काममा लगाउने कार्यको प्रवर्द्धधनलाई बुझेको छ भन्ने सुनिश्चित गर्न उद्यमहरूसँग सहकार्य गर्नुहोस ।
- आफ्ना कामदारहरुको शारीरिक, भावनात्मक र/वा सामाजिक सुरक्षालाई स्तरोन्नति गर्न प्रतिबद्ध उद्यमहरूलाई प्राविधिक सहयोग गर्नुहोस ।

## मुख्य सूचकहरु

- प्रवर्द्धधन गरिएको कामले गुणस्तर, सुरक्षा र अन्तर्राष्ट्रिय "हानि नगर्नुहोस" मापदण्डहरू (जस्तैः अन्तर्राष्ट्रिय श्रम संगठन (ILO), स्फियर, दिगो विकास लक्ष्य/विश्व बैक, संयुक राष्ट्र संघ जलवायु परिवर्तन (UNFCCC) महासन्धि, बालश्रम कानुन) पालना गर्छ ।
- शरणार्थी र आन्तरिक रुपमा विस्थापित जनतालाई (आईडीपीएस) सहयोग गर्ने कार्यक्रमलाई संयुक्त राष्ट्र र अन्तर्राष्ट्रिय श्रम संगठन (ILO)को विस्थापित व्यक्तिहरूको सम्बन्धमा भएको (UN,1948M Article 23Ù आईएलओ, १९९८) आधारभूत "काममा अधिकार मापदण्डहरू" सँग मेल खाने गरि मिलाएको छ ।
- कार्यक्रमहरु समावेशी छ र कार्यक्रम लक्षित गर्ने कार्यले मर्यादित रोजगारीमा समतामूलक र निष्पक्ष पहूँचलाई सुनिश्चित गर्न संकटासन्न मानिसहरुको विशिष्ट आवश्यकताहरुलाई ध्यान दिन्छ ।

- रोजगार सिर्जना गर्ने क्रियाकलापहरु र निजी साझेदारीले रोजगारीको गुणस्तरलाई कायम राख्दै (uphold) प्रवर्द्धन गर्दछ ।
- कार्यक्रम र कामको अवस्थालाई आवश्यकता अनुसार सुधार गर्न सिफारिस, समर्थन र नियमित रूपमा लेखाजोखा गरिएको छ ।
- कामले मानिसहरूलाई कम से कम तिनीहरूको आधारभूत आवश्यकता पूरा गर्नमा जीविकाको लागि ज्याला दिन्छ । ज्याला दरले स्थानीय श्रम दर र कार्यक्रमको विशिष्ट उद्देश्य वा लक्ष्यलाई पनि ध्यानमा राख्दछ ।
- रोजगारदाताले मर्यादित र समतामूलक कामको मापदण्डलाई बुझेका छन् र समावेशीरुपमा काममा लगाउने अभ्यासहरूको प्रयोग गर्दछन ।
- जहाँ मानवीय संस्थाहरू रोजगारदाता हुन्छन, तिनीहरूले अन्य निकायहरू र निजी क्षेत्रसँग श्रम दरहरु एकनाशको हुन्छन् र त्यसले बजारलाई विकृत पार्दैन (*मुलभूत मापदण्ड २* पनि हेर्नुहोस) भन्ने सुनिश्चित गर्न नीरन्तर समन्वय गर्छन् ।

## मार्ग-दर्शनका लागि टिपोटहरु

### १.रोजगारको गुणस्तर (Quality of employment)

रोजगारीका अवसरहरु मर्यादित छन भनेर निर्धारण गर्दा निम्न कुराहरूलाई बिचार गर्नु पर्दछ :

- अन्तर्राष्ट्रिय निकायहरूद्वारा ज्याला दरको समन्वय र स्थानीय श्रम दरलाई ध्यानमा राख्दा पारिश्रमिकको स्तर उपयुक्त छ र यो राम्रो जीवनस्तरको लागि पर्याप्त छ । ज्यालादारी श्रमिकहरुको भुक्तानी तुरन्तै र नियमित हुनुपर्दछ । समान कामका लागि बजार दरभन्दा माथिको ज्याला दरले कामदारहरुलाई स्थानीय निजी क्षेत्र र कृषिका क्रियाशील निकायहरूबाट टाढा लग्छ र त्यसले दीर्घकालिन बेरोजगारी, व्यापार बन्द र अन्य नकारात्मक असरहरू देखा पर्छ भनेर सम्झनु जरुरी छ ।
- भय रहित, सुरक्षित काम गर्ने वातावरण उपलब्ध गराउन र प्रवर्द्धन गर्न आवश्यक कार्यविधिहरु स्थापित छन् । यसमा लैङ्गिकता, बालश्रम ऐन, जातीय पृष्ठभूमि, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा र अन्य संकटासन्न मानिसहरु (*INEE न्युनतम मापदण्डहरु, शिक्षा नीति मापदण्ड १: कानून र नीति निर्माण* पनि हेर्नुहोस) समावेश छन् ।
- रोजगारी मानवीय मर्यादाको सम्मान हो र यसले व्यक्तिगत तथा व्यावसायिक विकासका लागि अवसर प्रदान गर्छ । उदाहरणका लागि, कार्यक्रम रणनीतिले सुरक्षा, न्यूनतम काम गर्ने उमेरको सम्मान, र आफ्नो परिवारको हेरचाह गर्ने मानिसहरूको जिम्मेवारीलाई कमजोर नबनाउने कुरामा ध्यान दिनु पर्छ, (*स्फियर हातेपुस्तिका, खाद्य सुरक्षा - जीविकोपार्जन मापदण्ड २ : आम्दानी र रोजगारी* पनि हेर्नुहोस)।

- रोजगारी र रोजगार सम्बन्धी तालिमका अवसरहरु महिला र पुरुष, विभिन्न धार्मिक, जातीय र राजनीतिक पृष्ठभूमि भएका, काम गर्न उमेर पुगेका युवाहरू, अपांगहरू र वृद्धवृद्धा, र समुदायको सबै समूहलाई, (उपयुक्त भएमा) लगायत आतिथ्य प्रदान गर्ने समुदायका सदस्यहरु, आन्तरिक रुपमा विस्थपित मानिसहरु, शरणार्थी, स्वदेश फिर्ता भएका, र मुक्त लडाकूहरुका लागि समानरुपले पहूँच योग्य छ । सबै लक्षित समूहहरु एउटै व्यावसायमा प्रशिक्षित हुनेछन भन्ने यसको अर्थ होइन । यसको अर्थ तिनीहरूसंग रोजगारीमा पहूँच र प्रशिक्षण कार्यक्रमहरुको लागि बराबर अवसर छन् भन्ने हो ।
- रोजगारीले स्थानीय कानुन र रीतिथितिहरुको सम्मान गर्छ, जहाँ यिनीहरुले सूचीबद्ध गरिएको अन्तर्राष्ट्रिय मापदण्डहरु र गुणस्तर मापदण्डको उल्लङ्घन गर्दैनन् ।
- कार्यक्रम ढाँचाले सम्भव भएसम्म औपचारिक रोजगारीलाई प्रवर्द्धधन गर्दछ ।

**उदाहरण**

आफ्नो रोजगार कार्यक्रमको भागको रूपमा, पछि पूर्ण-कालिनमा परिणत हुन सक्ने रोजगारीको लागि सेवा कालिन प्रशिक्षण प्राप्त गर्न तिनीहरूलाई मद्दत गर्न, आफ्नो रोजगार प्रशिक्षण कार्यक्रमको स्नातकहरुका लागि केहि संख्याका स्थानीय रोजगारदाताहरूसंग एउटा गैरसरकारी संस्थाले सिकारुलाई रोजगारी दिन सुनिश्चित गर्दछ, प्रत्येक सिकारुलाई एउटा परिचयपत्र (Badge) जारी गरिन्छ र त्यसले तिनीहरूलाई एउटा 'आधिकारिक' सिकारुको रूपमा चिनाउँछ, र यदि तिनीहरूले काममा कुनै भेदभाव वा दूर्व्यवहारको सामना गर्न परेमा फोन गर्न त्यसको पछाडि तिनीहरूका लागि गोप्य हटलाइन नम्बर उपलब्ध छ ।

## २.कार्यसंचालनको वातावरण (Operating environment)

परियोजना ढाँचाले स्थानीय र राष्ट्रिय सरकारको नीतिका साथै श्रमबजारलाई नियन्त्रण गर्ने औपचारिक र अनौपचारिक मापदण्ड र शक्ति संरचनालाई ध्यान दिनुपर्छ । श्रम बजार लेखाजोखा सञ्चालन गर्दा यो प्रसङ्गलाई ध्यान दिनुपर्छ । बजारका क्रियाशील निकायहरूलाई शिक्षित बनाउन पैरवी गर्न र यी मुद्दाहरूलाई सम्बोधन गर्नमा नीति वा सामाजिक मापदण्डले अन्तर्राष्ट्रिय रोजगार मापदण्डको उल्लङ्घन गर्दछन् भने परियोजना तर्जूमा गर्दा यस तर्फ ध्यान दिनुपर्छ ।

**सचेतनात्मक कथा**

सरकारी नीतिले दीर्घकालीन शरणार्थीहरूलाई शिविर भित्र बस्न बाध्य पारेको छ र शिविर भन्दा बाहिर काम गर्न निषेध गरिएको छ । तैपनि, शिविरमा गाडीहरू कमै भएता पनि शिविरमा व्यावसायिक तालिम प्रदायक संस्थाले कार मिस्त्रीको तालिम दिन शुरु गऱ्यो । जब शरणार्थी युवा प्रशिक्षणबाट स्नातक भए, तिनीहरूले आफ्नो मिस्त्री सेवाको आवश्यकता भएका कुनै पनि रोजगारदाता फेला पार्न सकेनन र बेरोजगार नै रहिरहे ।

## ३.मानव पूँजीको विकास (Human capital development)

रोजगार आवश्यकताहरू पूरा गर्न जरुरी रोजगारीको लागि सक्षम विकल्पहरु, सीप, सहयोग र तालिमको पहिचान गर्दा यी प्रस्तावको सम्भावनालाई ध्यान दिनुपर्छ । कार्यक्रमहरूले पनि उपयुक्त मनो-सामाजिक सहयोग प्रदान गर्नुका अतिरिक्त साक्षरता, नेतृत्व र सञ्चार जस्ता जीवन कौशल सम्बन्धी तालिमको आवश्यकताको लेखाजोखा गर्नुपर्छ ।

## ४.लक्षित गर्ने कार्य (Targeting)

विशेष गरी रोजगारीको जरुरत भएका र संकटासन्न व्यक्तिहरूको लागि रोजगारीको आवश्यकता धेरै हुन सक्छ (जस्तैः अपाङ्गता भएका व्यक्ति वा महिलाहरूको हिंडडूलमा सीमित स्वतन्त्रता सम्बन्धी प्रसंग), त्यसकारण तिनीहरूलाई सर्वस्वीकार्य रोजगारी योजनाहरूमा समावेश गर्नु चुनौतीपूर्ण हुनसक्छ । यी समूहहरूलाई रोजगारीमा वैकल्पिक पहूँचका लागि सधैं सहजीकरणको आवश्यकता पर्दछ ।

**उदाहरण**

एक गैरसरकारी संस्थाद्वारा एउटा शहरी क्षेत्रमा सामुदायिक केन्द्र मार्फत उपलब्ध गराइने रोजगार प्रशिक्षण कार्यक्रमको स्थापना गरिएको छ । कार्यक्रमले पुरुष र महिला दुवैको लागि रोजगारको योग्यतामा सुधार गर्न खोज्दछ, तर महिलाहरूको उपस्थिति कम छ । लक्षित समूह छलफल सञ्चालन भए पछि, गैरसरकारी संस्थाले कक्षा सन्चालन भएको बेला महिलाहरूले अनिवार्य रुपले आफ्ना छोराछोरीलाई हेर्नुपर्छ भन्ने थाहा पाउँछ, त्यसैले उनिहरुले कक्षाको दौरानमा पनि बच्चालाई स्याहार गर्ने प्रबन्ध मिलाउँदछ जसले गर्दा धेरै महिलाहरू उपस्थित हुन सकुन ।

# रोजगारीका मापदण्ड २
# कार्यक्रमहरु श्रम बजारमा आधारित छन्

रोजगारीका कार्यक्रमहरु हालको बजार अवस्था, भविष्यको अवसरहरु, र मानिसहरुमा रहेको रोजगारीको क्षमताहरुमा आधारित छन् ।

## मुख्य क्रियाकलापहरु

- आर्थिक पुनर्लाभ (*लेखाजोखा र विश्लेषण मापदण्डहरू* पनि हेर्नुहोस) र मानवीय प्रतिकार्यको दौरान कार्यक्रम तर्जूमा गर्नमा तथ्यांक उपलव्ध गराउनको लागि पूर्वतयारीलाई बढाउन संकटपूर्व श्रम बजार लेखाजोखा संचालन गर्नुहोस ।
- बदलिँदो बजार र श्रमिकको अवस्थाहरु (*उद्यम र बजार विकास प्रणाली मापदण्ड ३* पनि हेर्नुहोस) पत्ता लगाउनका लागि कार्यक्रमलाई समायोजन गर्न श्रमको आपूर्ति र माग, उत्पादन, सेवा, र सुरक्षाको निरन्तर विश्लेषण गर्नुहोस र कार्यक्रमले पर्याप्तरुपमा चलायमान जनसंख्याको आवश्यकताहरुलाई पूरा गर्न सक्छ ।
- मानवीय प्रतिकार्य र कार्यक्रम तर्जूमा, र श्रम बजारको आघातहरुलाई पहिचान गर्नका लागि जानकारी दिन व्यापक बजार-नक्साङ्कन लेखाजोखा पूरा गर्नुहोस । कार्यक्रम कार्यान्वयन अवधिभर र संकटपछिको सन्दर्भमा नियमित रूपमा नक्शांकनलाई अद्यावधिक गर्नुहोस जसले गर्दा आएका निष्कर्षहरुलाई कार्यक्रममा समावेश गर्न सकियोस् ।
- लक्षित समूहहरुका लागि सीमा सिर्जना गर्ने मापदण्डहरू (नीति वा सामाजिक सांस्कृतिक) पहिचान गर्नुहोस । कार्यक्रम तर्जुमाका लागि औपचारिक र अनौपचारिक दुवै रोजगारको विकल्पहरुलाई ध्यान दिने कि भनेर निर्धारण गर्नुहोस ।
- मागमा भएको कामहरुलाई पहिचान गर्न निजी क्षेत्रका क्रियाशील निकायहरूसँग काम गर्दै (अर्थतन्त्रमा आवश्यक) र पहिचान गरिएको आवश्यकताहरु अनुसार कार्यक्रम तर्जुमा गर्नुहोस । कार्यक्रमहरु निर्माण गर्नका लागि एकरुपता, दिगो रोजगारीको अवसरहरुको खोजि गर्नुहोस ।
- परियोजनाले रोजेको रोजगार क्षेत्रले परिस्थितिगत, द्वन्दात्मक वा वातावरणीय मुद्दाहरुलाई अझ बिगार्दैन भन्ने सुनिश्चित गर्नुहोस ।

## मुख्य सूचकहरु

- संकट पूर्व र नियमित श्रम बजार नक्साङ्कन विश्लेषणले रोजगार कार्यक्रमको जानकारी (*मूल्यांकन र लेखाजोखा मापदण्डहरू* पनि हेर्नुहोस) दिन तथ्यांक उपलब्ध गराउँदछ ।

- बदलिँदो श्रम मागहरु र नयाँ तथ्यांकको आधारमा कार्यक्रमहरू नियमित रूपमा मूल्याङ्कन र समायोजन गरिन्छ। यसमा मात्र सीमित नभई मूल्याङ्कनमा रोजगार तालिम, ज्याला दर, र निजी-क्षेत्रहरुसंगको साझेदारी पनि समावेश छन्।
- कार्यक्रमका लाभग्राहिहरु प्रायः घरधुरीको आधारभूत आवश्यकताहरु पूरा गर्न पुग्ने ज्याला उपलब्ध गराउने रोजगारी खोज्न, त्यसलाई हासिल गर्न र धारण गरि राख्न सक्षम छन्।
- उद्यमहरूले बजारमा भविष्यका अवसरहरूलाई पहिचान गर्दछन र आफ्ना कर्मचारीको सीप र दक्षताको निर्माण गर्नमा लगानी गर्छन्।

# मार्ग-दर्शनका लागि टिपोटहरु

## १.बजार लेखाजोखाहरु (Market assessments)

कार्यक्रम रणनीति र कार्यक्रमहरु श्रम बजारको प्रवृत्तिमा भएको अनुसन्धानद्वारा सूचित हुनुपर्छ। श्रमको माग निर्धारण गर्न अनुसन्धान गर्दा यी कुराहरुलाई जाँचमा समावेश गर्नुपर्छ :

१) स्थानीय अर्थतन्त्रमा रोजगारीको वर्तमान र उदीयमान स्रोतहरू,

२) रोजगार कार्यक्रमको समाप्ति पछि प्रशिक्षार्थीलाई काममा लगाउन सकिने सम्भावना,

३) श्रम बजारमा प्रवेश गर्न प्रशिक्षार्थीहरुमा हुनु पर्ने क्षमताको स्तर र आवश्यक प्रमाणीकरणहरु,

४) श्रम बजार सीप र ज्ञानमा भएको कुनै अन्तर/खाडलहरु,

५) सार्वजनिक तथा निजी क्षेत्रहरुमा जनशक्ति विकासका लागि विद्यमान प्रणाली र स्रोतहरु,

६) लिङ्ग, जाति, उमेर वा अन्य पूर्वाग्रहरुले कसरी काममा लिने प्रकृया र रोजगारीको अभ्यासलाई प्रभावित पार्छ,

७) विभिन्न क्षेत्र र उप-क्षेत्रहरुका लागि प्रचलित ज्यालादर,

८) श्रमको मांगमा मौसमी असर (ग्रामीण र शहरी दुवैमा),

९) श्रम आपूर्तिलाई प्रभाव पार्ने बसाई सराईको ढाँचा, र

१०) श्रम बजारमा हुनसक्ने अप्रत्यासित घटनाहरू (जस्तैः जलवायुसंग सम्बन्धित घटनाहरु र राजनैतिक अशान्ति)लाई कसरी विपद् जोखिम न्यूनीकरण योजनाद्वारा कम गर्न सकिन्छ। (*INEE न्यूनतम मापदण्ड १, शिक्षण, सिकाई मापदण्ड १* पनि हेर्नुहोस्)

संकट पूर्व बजार नक्साङ्कन, सम्भव भएसम्म, संकट पछि लाभ लिन सकिने विद्यमान रोजगारीको अनुभव र क्षमताको पहिचान सहित समुदायमा उत्थानशीलता निर्माण गर्नलाई सञ्चालन र प्रयोग गर्नुपर्छ (*नमूना लेखाजोखाको औजारहरुका लागि लेखाजोखा र विश्लेषण मापदण्डहरु* पनि हेर्नुहोस)।

## २.श्रम बजार र रोजगारीको अनुगमन (Labor market and employment monitoring)

द्रुत गतिमा परिवर्तन भइरहेको संकट पछिको परिस्थितिमा कार्यक्रमहरूको उपयुक्तता सुनिश्चित गर्न श्रम बजार लेखाजोखा तथा रोजगार अनुगमनहरु पटक पटक गरिरहनु पर्छ । स्थानीय श्रम बजारहरु वस्तु वा सेवाको उपलब्धतामा भएको परिवर्तन, राजनीतिक स्थिरता, वा जलवायुसंग सम्बन्धित घटनाहरूबाट प्रभावित भएको छ कि छैन भनेर निर्धारण गर्नमा लेखाजोखाले मद्दत गर्छ र चलिरहेको जागिरको तालिम, रोजगारीको अवसर, श्रमको ज्याला र लाभग्राहीको सुरक्षालाई सुनिश्चित गर्न सक्छ । व्यावसायिक प्रशिक्षण कार्यक्रमहरूबाट कार्यक्रम पश्चात शिक्षार्थीहरुको अनुगमनले कार्यक्रम तर्जूमाको लागि बहुमूल्य पृष्ठपोषण प्रदान गर्न सक्छ। (*INEE न्यूनतम मापदण्ड, विश्लेषण मापदण्डहरु ३* पनि हेर्नुहोस्।)

## ३.निजी क्षेत्रको संलग्नता (Private–sector involvement)

विकसित गरिएका सीपहरुले बजारको माग पूरा हुने कुरा सुनिश्चित गर्न अनिवार्य रुपमा जानकारी गराउन र योजना बनाउने कार्यमा र कार्यक्रमको समाप्ति पछि जागिरको खोजी, सल्लाह, र चलिरहेको जनशक्ति विकासका लागि अवसरहरू उपलब्ध गराउनको लागि निजी क्षेत्रलाई संलग्न गराउनुपर्छ । लक्षित समूहहरु माथी भएको नीति वा व्यवहारिक सीमाहरूलाई पहिचान गरिए पश्चात अनौपचारिक रोजगारका विकल्पहरुलाई ध्यान दिन सकिन्छ, तर निजी क्षेत्रका क्रियाशील निकायहरूलाई सम्भव भए सम्म अझै पनि यसमा संलग्न गराउनु पर्छ । कार्यक्रम र वातावरणले मर्यादित रोजगारीका लागि मापदण्डहरूलाई (*रोजगार मापदण्ड १* पनि हेर्नुहोस) पूरा गरेको सुनिश्चित गर्न तालिम, सिकारुता (Apprenticeship), सल्लाह, रोजगारी प्रदान गर्ने निजी क्षेत्रका साझेदारहरु, र अन्य कार्यक्रमहरूलाई नियमित रूपमा मूल्यांकन गर्नुपर्छ र, एउटा गोप्य पृष्ठपोषणको परिपथ (loop) प्रशिक्षार्थीहरुका लागि उपलब्ध गराउनु पर्दछ ।

**उदाहरण**

आयोजनाको स्थापना चरणको दौरानमा, एउटा गैरसरकारी संस्थाले एउटा ठूलो कम्पनीसंग व्यवसाय र प्राविधिक सीपको लागि पाठ्यक्रम विकास गर्न साझेदारी गऱ्यो, कर्मचारीहरुको परिपथमा अभाव भएको भनी पहिचान गरिएको व्यक्तिहरुको व्यापारिक सञ्चार र ग्राहकलाई सेवा दिने सीप सुधार गर्नमा लक्षित मोड्युलहरू तर्जुमा गर्नमा मद्दत गर्दै, विशेष गरी, कम्पनीले केहि सुझावहरुको  योगदान गऱ्यो ।

# रोजगारीका मापदण्डहरु ३
# रोजगारीको दिगोपनालाई सहयोग गरिएको छ

रोजगारी कार्यक्रमले कामको स्थायित्व र दीर्घकालीन रोजगारीको अवसरहरुलाई सहयोग गर्छ । गतिशीलताको सन्दर्भमा, यी दिगो लक्ष्यहरुलाई अल्पकालिन र मध्यकालिन कार्यक्रमहरु मार्फत काम गरेर एउटा चरणबद्ध तरिका द्वारा हासिल गर्न सकिन्छ ।

## मुख्य क्रियाकलापहरु

- रोजगारीको अवसरहरू बजारका आवश्यकताहरुसँग मिलेको सुनिश्चितताका लागि निजी क्षेत्रसँग साझेदारी गर्नुहोस; यसले निजी क्षेत्रलाई कार्यक्रमको समाप्ति पछि लक्षित समूहहरुका लागि दीर्घकालीन अवसरहरूको सिर्जनामा धेरै सम्भव बनाउँछ ।
- क्रियाकलापहरु समाप्त भएपछि तिनीहरूको अनुभवबाट व्यक्तिहरुलाई लाभ उठाउनमा मद्दत गर्न माग अनुसारको सीपहरुमा वा वृद्धिको बलियो सम्भावना भएका क्षेत्रमा अल्पकालीन रोजगारीको कार्यक्रमलाई केन्द्रित गर्नुहोस ।
- लक्षित व्यक्ति वा समूहको क्षमता र प्राथमिकतालाई ध्यान दिने रोजगारका कार्यक्रमहरुको तर्जूमा गर्नुहोस ।
- श्रम बजारमा (जस्तै महिला, अपाङ्गता भएका व्यक्ति र युवा) पूर्णरुपले एकीकृत नभएका समूहहरूलाई थप सहयोग उपलब्ध गराउनुहोस र चक्रिय रोजगार सम्बन्धी विषयहरूको (जस्तैः बसाइँ सराइ) लागि सिर्जनात्मक समाधान खोज्नुहोस ।
- तालिम प्रमाणीकरण र कर्मचारी दर्ता संयन्त्रहरू स्थानीय राज्य वा गैर-राज्य संस्था मार्फत विद्यमान छ भनेर सुनिश्चित गर्नमा मद्दत गर्नुहोस ।

## मुख्य सूचकहरु

- कार्यक्रम कार्यान्वयनमा सार्वजनिक र निजी संस्थाहरु सक्रिय साझेदार हुन् र तिनीहरुलाई  परियोजना तर्जूमाको बेलामा ध्यान दिईन्छ ।
- कार्यक्रम तर्जूमाले लक्षित समूहहरुका लागि दिगो रोजगारी सिर्जना गर्न व्यक्तिगत र संस्थागत क्षमता-निर्माण दुवैलाई ध्यान दिन र सम्बोधन गर्नुपर्छ ।
- तत्काल आय प्रवाह उपलब्ध गर्न र सम्पत्ति पुननिर्माण गर्न प्रयोग गर्न सकिने कामका लागि नगद जस्ता अल्पकालिन रोजगार कार्यक्रमहरुलाई अनिवार्य रुपले रोजगारीको दिगो प्रवर्द्धन गर्ने दीर्घकालिन रोजगार रणनीतिसँग जोड्नु पर्छ ।

- जहाँ लागू हुन सक्छ, त्याहाँ "हानि नगर्नुहोस" (*मुलभूत मापदण्ड ४ पनि* हेर्नुहोस) अवधारणालाई लागू गर्दा त्यसलाई विद्यमान स्थानीय र राष्ट्रिय रणनीतिहरुसँग जोड्नु पर्छ ।
- विपद जोखिम न्यूनीकरण र लैङ्गिक मूलधार सहितको महत्वपूर्ण अन्तर-विषयक विषयवस्तुहरु कार्यक्रमको ढाँचामा एकीकृत गरिएका छन् ।
- प्रोत्साहन गरिएका रोजगारीका क्षेत्रहरुले जनसंख्या वा वातावरणमा नकारात्मक प्रभाव पार्दैनन् ।

# मार्ग-दर्शनका लागि टिपोटहरु

## १.निजीक्षेत्रसंग साझेदारी (Private–sector partnerships)

कार्यक्रम पश्चात रोजगारीको दिगोपना सुनिश्चित गर्न निजी क्षेत्रका क्रियाशील निकायहरूसँग साझेदारी गर्न जोडदार सिफारिस गरिन्छ । दिगो रोजगारी र राजस्वको स्रोतको सुनिश्चितता बाहेक, निजी क्षेत्रका साझेदारहरुले तालिम र प्रशिक्षण वा कार्य-अध्ययन कार्यक्रम मार्फत पनि सहयोग प्रदान गर्न सक्छन् । अन्तर्राष्ट्रिय तथा स्थानीय श्रम ऐन र रीतिथितिको पालना गर्न निजी क्षेत्रका साझेदारहरु सामाजिक रूपमा जिम्मेवार छन्, साथै बजारको माग पूर्ति गर्न आपूर्ति उपलब्ध गराउँदै जीविकोपार्जनको स्थिरतालाई सुनिश्चित गर्न सक्छ ।

## २.अल्प-कालिन कार्यक्रमहरु (Short–term interventions)

संकटकालीन वातावरणमा, अल्पकालिन रोजगारी प्रवर्द्धन गर्ने कार्यक्रमहरु (जस्तै कामको लागि नगद)लाई प्रायः साधनको रूपमा प्रयोग गरिन्छः

- संकटासन्न र/वा अस्थिर समूहहरूलाई काम गर्ने कार्यस्थलमा पुनःघूलमिल नहोउन्जेल काममा लगाउन,
- स्थानीय अर्थतन्त्रमा नगद भित्र्याउन,
- स्थानीय पूर्वाधारको पुनर्स्थापना गर्न ।

यी अल्पकालिन कार्यक्रमहरुलाई सहभागीहरूको भविष्यमा दीर्घकालीन रोजगारीका अवसरहरू पूरा गर्न सक्ने क्षमता बलियो बनाउनलाई प्रयोग गर्नुपर्छ । जनशक्तिको मांग अपूरो भएको बढ्दो उद्योगहरूमा सहभागीहरुको रोजगार क्षमतालाई सुधार गर्न अल्पकालिन कार्यक्रमहरुबाट सीप हस्तान्तरण, पहिचान, निर्माण गरी दीर्घकालीन रोजगारी प्राप्त गर्न सकिन्छ । साथै, कार्यक्रमले अन्य अवसरहरूको पहूँचमा प्रतिकूल असर पार्न वा पहिले देखि नै रहेको उत्पादनशील क्रियाकलापहरुबाट घरपरिवारहरुको स्रोतलाई अर्कैतिर मोड्न हुँदैन ( *स्फियर हातेपुस्तिका, खाद्य सुरक्षा - जिविकोपार्जन मापदण्ड २ : आम्दानी र रोजगारी* पनि हेर्नुहोस्) । साथै, अल्पकालीन रोजगारीको कार्यक्रमहरुले समुदायलाई वा दीर्घकालीन आर्थिक कल्याणका लागि महत्वपूर्ण वातावरणीय स्रोतहरूलाई शिथिल वा कमजोर बनाउन हुँदैन । दूर्लभ अवस्थामा जहाँ कार्यक्रमहरू छोटो समयलाई मात्र रोजगारी दिनलाई तर्जूमा गरिएको हुन्छ,

त्यहाँ दीर्घकालीन रोजगारीको अपेक्षाहरू व्यवस्थापन गर्न सहभागीहरूसंग यस्ता सीमाहरुबारे स्पष्ट रूपमा कुराकानी गर्नुपर्छ ।

**सचेतनात्मक कथा**

म्यानमारमा समुद्री आँधी नर्गिस पछि, गाउँलेहरूलाई आफ्नो घर र सम्पत्ति पुननिर्माण गर्नमा मद्दत गर्नलाई सहायता गर्ने निकायहरूले कामको लागि नगद कार्यक्रमहरूको आरम्भ गरे । मानिसहरूलाई चाँडै पुनर्लाभ लिनमा मद्दत गर्न ज्याला दर बजार दरभन्दा बढी तोकेका थिए । यसको अर्थ, स्थानीय किसानहरुले बाली कटानी गर्न कृषि श्रमिकहरुलाई काममा लगाउन सकेनन् किनभने मानवीय संस्थाहरूद्वारा प्रस्तावित परियोजनाको समय र ज्याला दरले तिनीहरूलाई किसानहरूसँग प्रत्यक्ष प्रतिस्पर्धामा राखे जसले गर्दा श्रमिकहरु धेरै महँगो भए ।

## ३.मानव पूँजीको विकास (Human capital development)

पहिले नै व्यावसायिक तालिम प्रदान र सेवाको गुणस्तर बढाउने र विविध दायराका सहभागीहरूको लागि समावेश गरि रहेका आयोजनाहरु सरकारी, शैक्षिक र निजी संस्थासँग जोडिनु पर्छ । पाठ्यक्रम सान्दर्भिक, अद्यावधिक, र बजार आवश्यकतासँग मिलाइएको छ भन्ने सुनिश्चित गर्न विद्यमान राज्य र निजी प्रशिक्षण संरचनाहरूसंग समन्वय गर्नुपर्छ । संकट भन्दा अघि देखि संकट पछिको अवस्थाबाट विकसित भएको परिस्थिति र यो समयसंगै परिवर्तन भै रहने भएकोले श्रमको मागलाई पूरा गर्न प्रशिक्षणका विषयहरू अनिवार्यरुपले निरन्तर अनुगमन गरिनु पर्छ । सम्भव भएसम्म, आधिकारिक रूपमा मान्यता प्राप्त प्रशिक्षण र प्रमाणपत्रहरू उपलब्ध गराउनाले प्रशिक्षार्थीहरूलाई पेशा वा रोजगारी खोज्न र अगाडि बढ्नमा सहयोग हुन्छ । रोजगार कार्यक्रम सन्चालन गर्दा परियोजनाका कर्मचारीहरूलाई काममा लिनु समावेश हुन सक्छ, जहाँ लाभग्राहि कर्मचारीहरूले हासिल गरेको सीपले तिनीहरूलाई भविष्यका गैरसरकारी संस्थाको रोजगारी सुरक्षित गर्नमा मदत गर्न सक्छ । सधैं जस्तै, कर्मचारीहरूको भूमिका मर्यादित कार्य मापदण्ड प्रति दृढ हुनुपर्छ ।

## ४.विपद् जोखिम न्यूनीकरण, अझ बलियो निर्माण, र शान्ति स्थापना Incorporating disaster risk reduction, building back better, and peace building)

उपयुक्त र व्यावहारिक भएमा रोजगार कार्यक्रमहरुले तिनीहरूको क्रियाकलापमा अन्य तत्वहरूलाई एकीकृत गर्नुपर्छ । उदाहरणका लागि, सामाजिक एकता, र शान्ति-निर्माणका सूचकहरू निश्चित परिस्थितिहरुमा महत्वपूर्ण हुन्छन । अन्य क्षेत्रमा, पुननिर्माणले ऐतिहासिक रुपमा घटित र भविष्यमा फेरि हुन सक्ने परिस्थितिहरुलाई (उपयुक्त तथ्यांकको अनुसन्धान मार्फत) ध्यान दिनु आवश्यक छ । धेरै क्षेत्रहरू प्राकृतिक प्रकोपको असर प्रति संवेदनशील हुन्छन्, र सम्भव भए सम्म आर्थिक कार्यक्रमहरुमा विपद् जोखिम न्यूनीकरणका कारणहरुलाई समावेश गर्नुपर्छ । सामना गर्ने क्षमताहरु

निर्माण गर्न रणनीतिक नीतिहरू कार्यान्वयन गर्दा, आर्थिक प्रणालीको उत्थानशीलता सुदृढ हुनुका साथै दिगो रोजगारीका अवसरहरु निर्माण गर्ने सम्भावना बढ्छ ।

## ५.सन्दर्भ, द्वन्द र वातावरण संवेदनशील रोजगारी (Context, conflict, and environment–sensitive employment)

रोजगारी कार्यक्रमले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुन र व्यक्तिको मर्यादित रोजगारका लागि मापदण्डहरूको पालना गर्नुपर्छ तर सामाजिक मापदण्ड, सामुदायिक तनाव, वातावरण लगायतका स्थानीय परिस्थितिलाई पनि ध्यान दिनुपर्छ । त्यसैले, कार्यक्रमहरू लक्षित व्यक्तिहरूको लक्ष्यमा केन्द्रित हुनुपर्छ, तर जलवायु चुस्त (climate smart) कार्यक्रम लगायत रोजगारी क्षेत्रको साम्प्रदायिक प्रभाव पनि हेर्नुपर्छ जसले अत्यधिक निष्कर्षण गर्ने उद्योग र प्रदूषणजन्य व्यापारहरुबाट बच्न सबै क्षेत्रका रोजगारदाताहरूलाई आफ्नो उद्योगहरूमा दिगो अभ्यासहरू अपनाउन प्रोत्साहित गर्दछ ।

सचेतनात्मक कथा

थुप्रै परम्परागत माछा मार्ने डुंगाहरू नष्ट गर्ने विपद् पश्चात, एउटा संस्थाले ती डूङ्गाहरूलाई आधुनिक डूंगाहरूबाट प्रतिस्थापन गर्दछ । माझीहरुको माछा मार्ने प्रविधिमा सुधार गर्न माझिहरुको सहकारी संस्थालाई क्षमता अभिवृद्धिको तालिम पनि प्रदान गर्दछ, तर वातावरणीय प्रभाव र दिगोपना बारे कुनै पनि छलफल गर्दैन । जसको फलस्वरूप, स्थानीय समुन्द्रि चट्टान र अत्यधिक माछा मार्ने काम निकै क्षतिग्रस्त भएको छ ।

A

**अनुसूची**

**लेखाजोखाहरुका लागि बजार सम्बन्धित औजार र कार्यढाँचाहरु**

| विषयवस्तु | औजार | प्रयोगहरु | औजारहरु कहाँ खोज्ने ? |
|---|---|---|---|
| बजार विश्लेषण मापदण्ड | बजार विश्लेषणको लागि न्यूनतम मापदण्ड (MiSMA) (स्फियर साझेदारी मापदण्ड) | मानवीय प्रतिकार्य र सम्बन्धित आपद्कालिन योजनाको गुणस्तर सुनिश्चित गर्न कुनै पनि बजार विश्लेषण अभ्यासका लागि निर्दिष्ट चिन्हहरू ( Benchmark) स्थापना गर्दछ<br>सबै भन्दा उपयुक्तः<br>मानवीय राहत; संकट केन्द्रित र आधारभूत आवश्यकताहरूको बजार लेखाजोखा | नगद सम्बन्धी सिकाइका लागि साझेदारी (CaLP): http://cashlearning.org/ > Resources and tools > search Misma |
| बजार विश्लेषण | आपतकालीन बजार नक्शांकन र विश्लेषण (EMMA) | संकटमा परेको विशिष्ट बजार प्रणालीको बजार प्रवृतिलाई बुझ्न उपयोगीः आर्थिक पुनर्लाभलाई कार्यक्रम अवधारणाको व्यापक दायरालाई बुझ्न उपयोगी हुन सक्छ.<br>सबै भन्दा उपयुक्तः आर्थिक पुनर्लाभको लागि विशिष्ट बजारहरुको लेखाजोखा, कार्यक्रमको विकल्पहरुको दायरा, पुनर्लाभको वातावरणहरु र संकटको दायरा | EMMA Toolkit: http://www.emma-toolkit.org/toolkit |
| | पूर्व-संकट बजार नक्शांकन र विश्लेषण (PCMA) | पूर्व-संकटको समयको लागि सिर्जना गरिएको EMMA को लागि अतिरिक्त मार्ग-दर्शन, बजार पुनर्लाभ रणनीति योजना बनाउन PCMA (संकट अघि)को | EMMA Toolkit: http://www.emma- |

| | | | |
|---|---|---|---|
| | | सूचनालाई EMMA बाट (यस अवधिमा संकट) आएको परिणामसंग तुलना गर्न सकिन्छ.<br>सबै भन्दा उपयुक्तः<br>आर्थिक पुनर्लाभको लागि विशिष्ट बजारहरुको लेखाजोखा, कार्यक्रमको विकल्पहरुको दायरा, चक्रिय र पूर्वानुमानित संकटहरु | toolkit.org/what-pcma |
| | बजारका लागि द्रूत लेखाजोखा (RAM) | श्रोत-संकट परिस्थितिको लागि हल्का बजार लेखाजोखा निर्देशिका, विशिष्ट बजारहरु भन्दा स्थानहरुमा केन्द्रित हुन्छ.<br>सबै भन्दा उपयुक्तः आधारभूत आवश्यकताहरु र खाद्य सुरक्षा (मानवीय राहत) संकट पश्चात ४८ घण्टा देखि ३ हप्ता | International Red Cross and Red Crescent Movement (ICRC): https://www.icrc.org > Resource Center |
| | बजार विश्लेषण निर्देशन (MAG) | पूर्ण कार्यक्रम चक्रको लागि निर्देशन समावेश हुन्छ, लक्षित क्षेत्रमा (EMMA वा MSD भन्दा कम गहन) धेरै प्रकारको/बहूविध बजार प्रणालीहरुलाई समेट्न सक्छ.<br>सबै भन्दा उपयुक्तः मानवीय राहत र आर्थिक पुनर्लाभ, संकट पछिको पहिलो वर्ष. | ICRC: https://www.icrc.org > Resource Center |
| | बजार सूचना र खाद्य असुरक्षा प्रतिकार्य विश्लेषण ( MIFIRA_ | बजार तर्जूमाको लागि - सचेतना, खाद्य सुरक्षाको लागि वितरणमा आधारित क्रियाकलापहरु.<br>सबै भन्दा उपयुक्तः | http://barrett.dyson.cornell.edu/MIFIRA/ |

| | | | |
|---|---|---|---|
| | | खाद्य सुरक्षा (मानवीय राहत), संकट केन्द्रित, पुनर्लाभको लागि पनि लागू गर्न सकिने. | |
| | व्यावसायिक तालिम र युवाको लागि बजार लेखाजोखा औजार किट | व्यावसायिक तालिम र युवा कार्यक्रमको लागि योजना बनाउनमा सघाउन श्रोत र क्रियाकलापहरु<br>सबै भन्दा उपयुक्तः<br>आर्थिक पुनर्लाभ र रोजगार कार्यक्रम, युवा केन्द्रित. | Women's Refugee Commission (WRC): https://www.womensrefugeecommission.org > Resources |
| | सहभागितामूलक बजार प्रणाली विकास (PMSD) अवधारणा | कसरी गर्ने- सहभागितामूलक नक्शांकन औजारहरु र प्रक्रियाहरु<br>सबै भन्दा उपयुक्तः<br>सिमान्तकृत क्रियाशील निकायहरुलाई संलग्न गराउने र सहभागितामूलक योजना निर्माण, पुनर्लाभका परिस्थितिहरु | Practical Action: http://www.pmsdroadmap.org/ |
| | गरिबहरुका लागि बजार संचालन अवधारणा कार्यसंचालन निर्देशिका (M4P) | कार्यक्रम रणनीतिलाई सूचित गन गहन विश्लेषणको लागि उपयोगी; दीर्घकालिन कार्यक्रम माथि लक्षित, (संकटको परिस्थितिमा कुनै खास ध्यान नभएको)<br>सबै भन्दा उपयुक्तः<br>विशिष्ट बजारहरुको छनौट र लेखाजोखा, सहजीकरणमा आधारित आर्थिक पुनर्लाभ, पुनर्लाभ र विकासका सन्दर्भहरु | Beam Exchange: https:// beamexchange.org/guidance/ m4pguide |
| राजनैतिक आर्थिक विश्लेषण | अन्तर्राष्ट्रिय विकास नियोग (DFID) राजनैतिक आर्थिक विश्लेषण; कसरी टिपोट गर्ने | कसरी शक्ति र श्रोतहरु विनियोजित गरिन्छ भन्ने बारे बुझ्नको लागि निर्देशिका, यसलाई अन्य बजार विश्लेषणमा सम्मिलित गर्न सकिन्छ.<br>सबै भन्दा उपयुक्तः | Overseas Development Institute: https://www.odi.org > |

| | | | |
|---|---|---|---|
| | | कार्यक्रमहरुको दायरा, लम्बिएको संकट, पुनर्लाभ र विकास | Publications |
| | नीति परिवर्तनको बुझाई: कसरी राजनैतिक आर्थिक अवधारणालाई अभ्यासमा लागू गर्ने. | राजनैतिक आर्थिकको तर्क र मूलभूत संयन्त्रहरुलाई प्रस्तुत गराउने र तिनीहरुको दैनिक विकाससँग सम्बन्धित कार्यहरुमा यी संयन्त्रहरुलाई पहिचान गर्न पाठकहरुलाई सिकाउने.<br>सबै भन्दा उपयुक्त:<br>राजनैतिक आर्थिक चिन्तनको समिक्षा | World Bank: https://www.worldbank.org > Publications |
| लैंगिकता र बजारहरु | मुल्य शृंखलामा लैंगिकता | लैंगिकताको लेन्सलाई EMMA, PCMA वा MSD जस्ता बजार लेखाजोखामा सम्मिलित गराउनका लागि औजार किट.<br>सबै भन्दा उपयुक्त:<br>बजार प्रणालिहरुमा लैंगिकतालाई समावेश गरिएको सुनिश्चित गर्न. | Agri Pro Focus: http://agriprofocus.com/intro > Knowledge Base |
| | लैंगिक हिंसाका कार्यक्रमहरुलाई मानवीय कार्यहरुमा सम्मिलित गराउने निर्देशिकाहरु | संकटबाट प्रभावित समुदाय र जीविकोपार्जनहरुका क्रियाशील निकायहरुलाई समन्वय, योजना बनाउन, कार्यन्वयन गर्न, अनुगमन गर्न र जीविकोपार्जनको क्षेत्र भरी लैगिक हिंसाको न्यूनीकरण र रोकथाम गर्नको लागि महत्वपूर्ण क्रियाकलापहरुको मूल्यांकन गर्न मद्दत गर्छ.<br>सबै भन्दा उपयुक्त:<br>कार्यक्रम चक्र भरी लैङ्गिक हिंसा सम्बन्धी मुद्दाहरुको सम्पूर्ण विचारहरुलाई सम्मिलित गर्ने . | Global Protection Cluster: http:// www.globalprotectioncluster. org/ > Tools and Guidance > Essential Protection Guidance and Tools > Gender-Based |

| | | | |
|---|---|---|---|
| | | | violence |
| | CLARA: सामूहिक जिविकोपार्जन र जोखिम विश्लेषण | सुरक्षित, लैङ्गिकता संवेदनशील जीविकोपार्जनका कार्यक्रमहरुमा पहूँच, तर्जुमा र अनुगमन गर्न चाहने फिल्ड अभ्यासकर्ताहरुको लागि निर्देशन र औजारहरु; लैंगिकता जोखिम विश्लेषण समेट्नलाई EMMA औजारहरुमा निर्देशिकाको अनुसुची ३ लाई विस्तार गर्छ.<br>सबै भन्दा उपयुक्त:<br>लैंगिकता सम्बन्धी तथ्यांकलाई संकलन र विश्लेषण गर्ने. | WRC: https://www.womensrefugeecommission.org/ > Resources > Livelihoods |
| बिउ बजारहरु | बिउ प्रणाली सुरक्षा लेखाजोखा | लागत केन्द्रित कार्यक्रमहरु वा खाद्य सुरक्षाको लागि गहन बिउ लेखाजोखाको लागि उपयोगी.<br>सबै भन्दा उपयुक्त:<br>बीउविजनहरु, संकट र पुनर्लाभ | Seed System: http://seedsystem.org > Assessment Tools |
| घरपरिवारहरुका आवश्यकताहको लेखाजोखा | घरपरिवार आर्थिक विश्लेषण (HEA) | घरपरिवार आवश्यकताहरुको गहन विश्लेषण; घरपरिवार तथ्यांक संकलन मार्फत लक्षित समूहहरुलाई जीविकोपार्जन पार्श्वचित्र र सम्पत्ति निर्माण गर्नमा सहायता.<br>सबै भन्दा उपयुक्त:<br>कार्यक्रम र परिस्थितिहरुको दायरा | Household Economy Approach: http://www.heawebsite.org/ about-household-economyapproach |
| परिस्थितिको अनुगमन (मूल्यहरू) | MARKiT | मूल्य अनुगमन गर्नका लागि आवश्यक निर्देशिका र खाकाहरु<br>सबै भन्दा उपयुक्त:<br>चालू बजार मूल्यको अनुगमन. परिस्थितिको दायरा | Catholic Relief Services:http:// www.crs.org/ > |

| | | | |
|---|---|---|---|
| | | | Research.& Publications > Emergency Response and Recovery |
| | WFP: बजार विश्लेषण र निर्देशिका | समयसंगै चलेको मूल्यको प्रवृत्ति माथि धेरै ध्यान केन्द्रित गर्दै बजार विश्लेषणमा केहि अनुभव भएका अभ्यासकर्ताहरुका लागि बजार विश्लेषण बारे सामान्य निर्देशिका र औजारहरु<br>सबै भन्दा उपयुक्तः<br>चालू बजार मूल्यको अनुगमन र खाद्य बजार लेखाजोखा; परिस्थितिहरुको दायरा | World Food Programme: http://www.wfp.org/content/ market-analysis-guidelines |
| अनुगमन र मूल्यांकन | DCED नतिजा मापनका लागि मापदण्ड | व्यवस्थित तरिकाले जटिल बजार प्रणालीमा अनुगमनका कार्यक्रमहरुका लागि उपयोगी | Donor Committee for Enterprise Development: http://www.enterprisedevelopment.org/measuringresults-the-dced-standard |
| बहू-क्षेत्रीय लेखाजोखा | बहू-समूह/क्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा (MIRA) | मानवीय संकटमा भएको सूचनाको अन्तर र प्रवृत्तिहरु, संकटासन्नता, जोखिमहरू, प्रभाव र स्थितिको आयामलाई समेट्छ. | Inter-Agency Standing Committee: https:// interagencys |

| | | | |
|---|---|---|---|
| | | | tandingcom mittee. org/> Resources |
| | विपद् पश्चातको आवश्यकताााहरुको लेखाजोखा ⁄ संयुक्त दूत आवश्यकताहरुको लेखाजोखा | सामाजिक र सामुदायिक सेवाहरु र जीविकोपार्जन, आवाससंग सम्बन्धित पुनर्लाभको आवश्यकताहरुलाई सम्बोधन गर्दै सर्वमान्य, विस्तृत विपद् पश्चातको लेखाजोखा | United Nations Development Programme: http://www.u ndp. org/> Publications > Climate change and disaster risk reduction |

## शब्दावली (Glossary)

यो शब्दसूचीले आर्थिक पुनर्लाभका लागि न्यूनतम मापदण्डमा सामान्य रूपमा प्रयोग गरिने शब्दावलीका लागि परिभाषाहरू उपलब्ध गर्दछ । यी परिभाषाहरू विचारशील छन्; यो साझा शब्दकोष आर्थिक विकास, लघुवित्त, उद्यम विकास, जीविकोपार्जन, बजार विकास, कृषि, र खाद्य सुरक्षासँग सम्बन्धित कार्यमा व्यापक रूपले स्वीकृत गरिएका परिभाषाहरूमा आधारित छ । अन्यथा उद्धृत नगरिएको खण्डमा, धेरै जसो यी परिभाषाहरू युएसएआइडीको (USAID) लघुवित्त विकास कार्यालयको वेबसाइटः www.microlinks.org बाट साभार गरिएका छन् । MERS को रूपमा उद्धृत गरिएका परिभाषाहरू आर्थिक पुनर्लाभका लागि न्यूनतम मापदण्डहरुको योगदानकर्ताहरूले विकास गरेका थिए ।

**पहूँच (Access)**: वित्तीय सेवामा, पहूँचलाई वित्तीय संस्थाको सूक्ष्म र साना उद्यमहरू सम्मको पुगाई (संख्याहरू) संगसंगै तिनीहरूले गर्न सक्ने उत्पादन र सेवाहरूको नाफामूलक ढंङ्गको प्रयोगले मापन गरिन्छ । यो परिभाषा उद्यम विकासमा पनि लागू हुन्छ, त्यसमा पहूँचलाई उद्यमहरूको संख्याद्वारा नापिन्छ र नाफामूलक तरिकाले उत्पादनहरु र बजार लगायत तिनीहरुको व्यवसायको लागि आवश्यक सेवाहरूमा पहूँच प्राप्त गर्न सकिन्छ ।

**लेखाजोखा (Assessment)**: 'लेखाजोखा' भन्नाले साधारणतया बजार प्रणाली, लाभग्राही, र आसपासको अवस्था ( MERS) मा आर्थिक पुनर्लाभ कार्यक्रमको दौरान आवधिक रुपमा, र अगाडी सञ्चालन गरिएको अनुसन्धान (व्यक्ति र द्वितीय दुबैमा)लाई जनाउँछ । (*मूल्याङ्कन* पनि हेर्नुहोस)।

**सम्पत्तिको सुरक्षा (Asset protection)**: यसले अक्सर नगद वा सम्पत्ति हस्तान्तरण (जस्तैः भाउचर, खाद्य सहायता) गरेर सम्पत्तिको बिक्री वा उपभोग रोक्ने क्रियाकलापलाई जनाउँछ तर प्राकृतिक तथा घरायसी सम्पत्तिको भौतिक सुरक्षा गर्ने र ठूलो परिमाणमा पहूँच सुनिश्चित गर्ने क्रियाकलापहरू वा समूहहरुको सम्पत्ति (जस्तैः भूमि, पानी, वा समूहबाट व्यवस्थित सुविधाहरू), साथै स्थानीय नियम र सांस्कृतिक मापदण्डले मानिसहरूको सम्पत्तिलाई खतरामा पार्दैन भन्ने सुनिश्चित गर्ने प्रयासहरुलाई पनि वर्णन गर्न सक्छ ।

**व्यवसाय (Business)**: नाफाको लागि *(उद्यम र लघुउद्यम* पनि हेर्नुहोस् ) आर्थिक क्रियाकलापमा संलग्न पेशा, व्यापार वा संस्था ।

**व्यवसायिक सम्बन्धहरु (Business linkages)**: व्यापारिक सम्बन्धहरु मूल्य श्रृङ्खला (तेर्सो)को समान तहमा वा शृंखला ((ठाडो) को विभिन्न तहमा समान स्तरका व्यवसायीहरू बीचको आपसी लाभदायी सम्बन्धहरू हुन् जसले जीत-जीतको सम्बन्धहरु(win–win relationships) लाई सहायता गर्न श्रृंखलाको सबै तहमा भएको

अवरोधलाई समाधान गर्दछ । व्यापारिक सम्बन्धलाई कहिलेकाहिं बजार सम्बन्धहरु पनि भन्ने गरिन्छ । (*तेर्सो सम्बन्धहरु र ठाडो सम्बन्धहरू* पनि हेर्नुहोस)।

**नगदमा आधारित कार्यक्रमहरु (Cash–based interventions[1])**: लाभग्राहीहरुलाई सिधै नगद (वा वस्तुहरु वा सेवाका लागि भाउचर) उपलब्ध गराइने सबै कार्यक्रमहरू । मानवीय सहयोगको प्रसङ्गमा, यो शब्दले सरकार वा अन्य राज्यका क्रियाशील निकायहरूलाई नभई व्यक्ति, घरपरिवार वा सामुदायिक प्रापकहरुलाई नगद वा भाउचरको प्रावधानलाई जनाउँदछ । नगदमा आधारित कार्यक्रमहरु (CBI) ले भाउचर लगायत नगदमा आधारित सहयोगको सबै ढाँचा (modality)हरूलाई समेटेको छ, तर मानवीय कार्यक्रमहरुमा विप्रेषण (Remittance) र लघुवित्तलाई भने समावेश गरेको छैन (लघुवित्त र रकम स्थानान्तरण गर्ने संस्थाहरु (money transfer)लाई भने नगदको वास्तविक वितरणको लागि प्रयोग गर्न सकिन्छ) । (*नगद हस्तान्तरण* पनि हेर्नुहोस्।)

**नगद हस्तान्तरण (Cash transfer[2])**: लाभग्राहीलाई (व्यक्ति, घरपरिवार वा समुदायहरु) रकमको रुपमा सहायताको प्रावधान (या त भौतिक मुद्रा/नगद वा विद्युतीय माध्यमबाट नगद प्रदान) । नगद हस्तान्तरणको ढाँचा भाउचर र जिन्सी सहयोग भन्दा फरक हुन्छ ।

**बाल श्रम (child labor[3]):** प्राय, केटाकेटीहरुलाई तिनीहरुको बाल्यकाल, क्षमता, र तिनीहरूको मर्यादाबाट वञ्चित गर्ने कामको रूपमा परिभाषित गरिन्छ र त्यो तिनीहरूको शारीरिक र मानसिक विकास लागि हानिकारक हुन्छ । यसले मानसिक, शारीरिक, सामाजिक वा नैतिक रूपमा केटाकेटीहरुको लागि खतरनाक र हानिकारक हुने कामलाई जनाउँछ र उनीहरूलाई विद्यालय जाने अवसरबाट वञ्चित गरेर तिनीहरूको पढाइमा हस्तक्षेप गर्छ; उनीहरूलाई समय नपुगी विद्यालय छोड्न बाध्य बनाउने; अथवा तिनीहरू विद्यालयमा उपस्थित हुने र अत्यधिक लामो र गाह्रो काम दुवै एकै पटक गर्नुपर्ने हुन्छ ।

**सहकारीहरू (Co–operatives[4]):** सहकारी एउटा संयुक्त स्वामित्वमा रहेको र प्रजातान्त्रिक ढंगले नियन्त्रित उद्यम मार्फत आफ्नो सामान्य आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता र आकांक्षाहरू पूरा गर्न स्वेच्छिक रूपमा संगठित मानिसहरूको स्वायत्त संस्था हो । उद्यमको सहकारी नमूनालाई कुनै पनि व्यापारिक क्रियाकलापमा लागू गर्न सकिन्छ । सहकारीहरू कृषि, मत्स्य पालन, उपभोक्ता र वित्तीय सेवा, आवास, र उत्पादन (कामदारको सहकारी) जस्ता आर्थिक क्षेत्रहरुमा परम्परागत रूपमा मौजूद छन् । तिनीहरु बाहन साझेदारी (car sharing), बाल सेवा, स्वास्थ्य र सामाजिक सेवा, अन्त्येष्टि, वादक समूह, विद्यालय, खेलकूद, पर्यटन, उपयोगी वस्तुहरु (जस्तैः बिजुली, पानी, ग्याँस), र यातायात (जस्तैः ट्याक्सी, बस). *(समूह सम्पत्ति र उत्पादक समूहहरू* पनि हेर्नुहोस) लगायतका क्षेत्रहरू र क्रियाकलापहरूको एउटा फराकिलो दायरामा पनि भेटिन्छन् ।

**प्रतिस्पर्धात्मकता (Competiveness)**: मूल्य, गुणस्तर, विशिष्टता, र/वा अन्य सामाजिक वा वातावरणीय रूपमा मूल्यवान मापदण्डको आधारमा अन्य व्यवसाय वा मुलुकहरूसँग सफलतापूर्वक प्रतिस्पर्धा गर्न सक्ने उद्यम वा देशको क्षमता । प्रतिस्पर्धालाई औसत नागरिकहरुको लागि जीवनस्तर सुधार गर्न उत्पादनशीलतामा दिगो वृद्धिको रुपमा पनि उल्लेख गरिएको छ । प्रतिस्पर्धात्मकता प्राप्त गर्न र त्यसलाई कायम राख्न नविन कार्य गर्ने क्षमतामा भर पर्छ । किनकि उद्यमको प्रतिस्पर्धात्मक लाभ व्यापार प्रणाली र नीतिगत वातावरणमा निर्भर गर्दछ जहाँ यिनीहरु संचालित हुन्छन र प्रतिस्पर्धा सबै तहहरूमा परस्पर रुपमा निर्भर हुन्छन । प्रतिस्पर्धात्मक कार्यसम्पादनलाई प्राप्त गर्नमा सफलता खाली उद्यमहरूको नविन कार्य गर्ने क्षमतामा मात्र होइन बल्कि तिनीहरूको आ-आफ्नो मूल्य श्रृङ्खलामा माथिल्लो (upstream) र तल्लो (downstream) कडीहरू दुवैको कार्यक्षमतामा पनि निर्भर गर्दछ ।

**सामना गर्ने रणनीतिहरु (Coping Strategies)**: घरपरिवारहरुले तिनीहरुको आयश्रोतमा हुने अवरोधहरुलाई सम्बोधन गर्न चालिने विशिष्ट कदमहरु । सम्भावित नकारात्मकता सामना गर्ने रणनीतिहरूका सामान्य उदाहरणहरूमा दैनिक खाना कम गर्ने; सस्तो खाना खाने; घरधुरीले लुगाफाटा, स्वास्थ्य उपचार र शिक्षा जस्ता आवश्यक वस्तुहरूमा खर्च कटौती गर्ने; र घरधुरीमा आश्रितहरुको संख्यालाई घटाउने जस्ता क्रियाकलापहरु पर्छन ।

**भ्रष्टाचार (Corruption[5])**: निजी लाभको लागि ठगी, घूसखोरी र कमिसन जस्ता आर्थिक भ्रष्टाचार लगायत सुम्पिएको शक्तिको दुरुपयोग । भ्रष्टाचारले लक्षित समूहमा नभएकाहरुलाई लाभ पुऱ्याउन मानवीय सहायताको हेरफेर वा त्यसलाई अन्यत्र जान दिने, यौनसम्पर्कको बदलामा राहत स्रोतहरु उपलब्ध गराउने, परिवारको सदस्य वा मित्रहरुलाई काममा लगाउने प्रक्रियामा सहायता गर्ने वा प्राथमिकता दिने, भ्रष्टाचारमा लिप्त हुन कर्मचारी वा लाभग्राहीको जबरजस्ती र धम्कीपूर्ण व्यवहार प्रति आँखा चिम्लने जस्ता गैरवित्तीय स्वरुपलाई पनि समेटेको छ ।

**मर्यादित काम (decent work[6])**: 'मर्यादित काम'ले मानिसको कार्यरत जीवनमा तिनीहरूको आकांक्षाहरुलाई समेट्छ । यसमा फलदायी र उचित आय आर्जन गर्ने कामका अवसरहरू समावेश हुन्छन्, कार्यस्थलमा सुरक्षा, र परिवारको लागि सामाजिक सुरक्षा; व्यक्तिगत विकास र सामाजिक एकीकरणका लागि उत्तम सम्भावनाहरू; मानिसहरूलाई तिनीहरुको जीवनलाई प्रभावित गर्ने निर्णयहरूमा भाग लिन र आफ्नो विचार व्यक्त गर्न, संगठित हुने स्वतन्त्रता; र सबै महिला र पुरुषको लागि अवसर र व्यवहारको समानता ।

**विपद जोखिम न्यूनीकरण (Disaster risk reduction[7])**: कारकहरूको विश्लेषण र व्यवस्थापन गर्न सूव्यवस्थित प्रयासहरू मार्फत विपद्को जोखिम कम गर्ने अवधारणा र अभ्यास । यसमा प्रकोप प्रति सम्मुखता कम गर्ने, मानिस र सम्पत्तिको संकटासन्नतालाई कम गर्ने, भूमि र वातावरण बुद्धिमत्तापूर्वक व्यवस्थापन गर्ने, र प्रतिकूल घटनाहरूको लागि पूर्वतयारीमा सुधार गर्ने जस्ता कुराहरु समावेश छन् ।

**आर्थिक विकास (Economic development):** एउटा व्यापक व्यवस्थाको रूपमा, आर्थिक विकासलाई तिनीहरूको लक्षित समूहहरु र अभ्यासको क्षेत्रहरुमा आधारित विभिन्न समूहहरूद्वारा परिभाषित गरिएको छ । शब्दावलीको परिभाषा यस प्रकार छः *'स्रोत प्रयोगको दक्षतामा सुधार हुनु जसले उस्तै वा धेरै सामान तथा सेवाहरूको उत्पादन प्राकृतिक, निर्मित, र मानव पूंजी'को साना प्रवाहहरुसंग गरिन्छ*[8] *र 'प्रक्रिया जहाँबाट सरल, कम आय भएका राष्ट्रिय अर्थ व्यवस्थाहरू आधुनिक औद्योगिक अर्थतन्त्रमा परिणत हुन्छन् । यो शब्दलाई कहिलेकाहीं आर्थिक वृद्धिको पर्यायवाची शब्दको रूपमा प्रयोग गरिने भए तापनि साधारणतया*[9] *यसलाई गुणात्मक साथसाथै परिमाणात्मक सुधारहरु संलग्न भएको देशको अर्थतन्त्रमा आएको परिवर्तनलाई व्याख्या गर्न प्रयोग गरिन्छ*[10] *'।*

**आर्थिक वृद्धि (economic growth[11]):** 'मुलुकको अर्थतन्त्रमा परिमाणात्मक परिवर्तन वा विस्तार । आर्थिक वृद्धिलाई एक वर्षको अवधिमा कूल ग्राहस्थ उत्पादन (GDP) वा कूल राष्ट्रिय उत्पादन (GNP)मा प्रतिशत वृद्धिको रूपमा परम्परागत हिसाबमा नापिन्छ । अर्थतन्त्र या त धेरै स्रोतहरुको प्रयोग गरेर 'विस्तृत रुपमा' (जस्तै भौतिक, मानव, वा प्राकृतिक पूंजी) वा 'गहन रुपमा' धेरै कुशलतापूर्वक (उत्पादनशील) स्रोतहरुको समान मात्रामा प्रयोग गरेर बढ्न सक्छ । गहन आर्थिक वृद्धिको लागि आर्थिक विकासको आवश्यकता पर्दछ ।'

**आर्थिक पुनर्लाभ (Economic recovery[12]):** निजी क्षेत्र र सार्वजनिक संस्थाहरुमा रोजगरी सिर्जना गर्दै, स्थानीय, राष्ट्रिय, क्षेत्रीय, र अन्तर्राष्ट्रिय बजारमा व्यापार र वाणिज्यको लागि आवश्यक पूर्वाधारको पुननिर्माण लगायत नयाँ र विद्यमान उद्यमहरूलाई सुदृढ पार्दै, बजारको विकास मार्फत एउटा क्षेत्रको स्थानीय अर्थतन्त्रको वृद्धिलाई प्रेरित गर्ने प्रकृया । द्वन्द वा विपद् पछिको आर्थिक पुनर्लाभ राम्रो र फरक तरिकाले निर्माणको परिवर्तनकारी प्रक्रिया हुनुपर्दछ, जसमा आत्मनिर्भर विकासको निर्माण गर्न 'दूरगामी आर्थिक, संस्थागत, कानुनी र नीतिगत सुधारहरुको मिश्रण'को आवश्यकता हुन्छ ।

**सहयोगी वातावरण (Enabling environment):** नीति, नियम, संस्थाहरु र समग्र आर्थिक सुशासनको वातावरण, जसले आर्थिक विकास गर्न  दिन्छ ।

**उद्यम (Enterprise[13]):** यसको कानुनी रूप जे भए पनि, उद्यम कुनै यस्तो संस्था हो जो आर्थिक क्रियाकलापमा संलग्न हुन्छ । उद्यम विकास कार्यक्रमहरु स्वरोजगार मानिसहरू, पारिवारिक व्यवसायहरू, साझेदारीहरू, वा नियमितरुपमा आर्थिक क्रियाकलापमा संलग्न सामूहिक व्यवसायहरू (उदाहरणका लागि संघसंस्थाहरू, सहकारी, अनौपचारिक समूह) मा केन्द्रित हुन्छन । (राजस्व र कर्मचारीको आकारमा आधारित सूक्ष्म, सानो र मध्यम उद्यमहरूको परिभाषाका लागि *लघूउद्यम* पनि हेर्नुहोस्।)

**उद्यम विकास (Enterprise development):** उद्यम विकासले औपचारिक वा अनौपचारिक रुपले व्यक्तिगत तथा व्यवसायीद्वारा स्वरोजगार देखि ठूला व्यापारिक संचालन सम्म हुने आर्थिक क्रियाकलापहरुमा सहयोग गर्नमा जोड दिन्छ । यो व्यवसायहरुलाई सहयोग गर्नमा सीधै संलग्न हुन सक्छ तर संगै यसले सम्पूर्ण बजार प्रणाली वा मूल्य श्रृङ्खलालाई अझ प्रभावकारी ढंगले मद्दत गर्ने कार्यक्रमहरुलाई पनि जनाउँदछ जसले आफ्नो आय बढाउन लक्षित लाभग्राहीलाई मद्दत गर्छ ।

**मूल्यांकन (Evaluation):** 'मूल्याङ्कन' भन्नाले साधारणतया कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको कार्यसम्पादन र प्रभावको निर्धारणलाई जनाउँछ, उदाहरणका लागि, नतिजा वा प्रभाव (MERS). (*मूल्यांकन* पनि हेर्नुहोस्।)

**बहिर्गमन रणनीति (Exit strategy):** बहिर्गमनका लागि योजना वा रणनीति निजी क्षेत्रमा दिगो सुधारहरुलाई छोडेर कार्यक्रमलाई दिंदै गरेको अनुदानबाट अलग हुने कार्यसँग सम्बन्धित छ ।

**सहजकर्ता (Facilitator):** यो एउटा निजी क्षेत्रको विकासमा अप्रत्यक्ष सहयोग गर्ने संस्था वा परियोजना हुन सक्दछ । सेवाहरु सिधै प्रदान गर्नुको सट्टा सहजकर्ताले विशेष गरी निजी क्षेत्रमा विद्यमान प्रदायकहरू मार्फत व्यावसायिक सेवा प्रदान गर्नका र/वा समाधानहरु (पुनरावृत्ति भैरहने अवरोधहरूका लागि)का लागि स्थानीय क्षमता निर्माण गर्ने कार्यक्रमको योजना बनाउछ (orchestrates) । सेवाहरू र/वा समाधानहरूले वित्तीय सेवा, सुधारिएको लागत, र/वा पैरवीका सेवाहरूसंग जोडिने बजार, उत्पादनको विकास/तर्जूमा, प्रविधिमा पहूँच, प्रशिक्षण, परामर्श सेवाहरुलाई समावेश गर्न सक्छन् ।

**उचित ज्यालाहरु (fair wages[14]):** यिनीहरु ज्यालाको स्तर र ज्याला निर्धारण गर्ने प्रणालीहरु हुन जसले कम्पनी भित्र सन्तुलित ज्यालाको विकास गर्नलाई नेतृत्व लिन (ज्यालामा असमानता, सीप, व्यक्तिगत तथा सामूहिक कार्यसम्पादनको सम्बन्धमा, र ज्यालासंग सम्बन्धित विषयमा पर्याप्त आन्तरिक सञ्चार र सामूहिक मोलमोलाई) र राष्ट्रिय पारिश्रमिक नियमावलीको पालना र उचित ज्याला समायोजनलाई सुनिश्चित गर्दै श्रमिकहरुलाई जीविका उपलब्ध गराउ"दछ ।

**वित्तीय लागतहरु (Financial costs):** यसलाई 'पूँजीको लागत' पनि भनिन्छ, यिनीहरु लघुवित्त संस्थाले आफ्नो ऋणहरुलाई भरपाई गर्न उठाइएको पूँजीका लागतहरु हुन् । परिस्थितिको आधारमा, यसले मुद्रास्फीतिको दर, वा दाता, सरकार वा परोपकारी संस्थाहरूबाट अनुदान वा नरम ऋणको रूपमा प्राप्त मौका पूँजीको लागत, निक्षेपकर्तालाई तिरेको ब्याज लागत र/वा अन्य वित्तीय लगानीकर्तालाई समावेश गर्न सक्छ ।

**वित्तीय समावेशिता (Financial inclusion**[15]): विभिन्न प्रदायकहरूबाट सबै आर्थिक रूपमा सक्षम भएकाहरुलाई गुणस्तरीय वित्तीय सेवाहरूको सम्पूर्ण प्रावधान ।

**वित्तीय सेवाहरु (Financial services**): उद्यम विकासको सन्दर्भमा, यी सेवाहरूमा ऋण, बचत, विप्रेषण ( Remittance), बीमा, भाडामा लगाउने र क्रेडिट कार्ड (*लघूवित्त* हेर्नुहोस) समावेश हुन्छन । यी सेवाहरूमा साधारणतःया कम आय भएका मानिसहरूलाई लक्षित गरिन्छ तर यसले कम आय भएका व्यक्तिहरुका लागि रोजगारीको अवसर सिर्जना गर्ने ठूलो उद्यमहरुलाई पनि समेट्न सक्छ ।

**वित्तीय दिगोपना (Financial sustainability**): कुनै संस्थाले सञ्चालन लागत, पूँजीको लागत (*वित्तीय लागतहरु* पनि हेर्नुहोस), र अपेक्षित घाटा लगायत यसका क्रियाकलापहरूको सम्पूर्ण खर्च बेहोर्न यसका सेवाहरूबाट सङ्कलन गर्ने राजस्वको मात्रा ।

**औपचारिक क्षेत्र/औपचारिक अर्थतन्त्र (Formal sector/formal economy**[16]**):** औपचारिक क्षेत्र वा औपचारिक अर्थतन्त्र भन्नाले विनियमित आर्थिक एकाइहरू (जस्तै, व्यवसायीहरु) र श्रमिकहरु जो विनियमित छन् र सुरक्षित गरिएकोहरुलाई जनाउदछ । अर्को शब्दमा भन्ने हो भने, औपचारिक क्षेत्रले आर्थिक गतिविधि र सरकारले नियमन गर्ने र/वा कर लगाउने उद्यमहरूलाई समेट्छ । (*अनौपचारिक क्षेत्र/अनौपचारिक अर्थतन्त्र* पनि हेर्नुहोस् ।)

**पूर्ण वित्तीय दिगोपना (Full financial sustainability):** एउटा अवस्था जहाँ संस्थाले ग्राहकहरुबाट आफ्नो क्रियाकलापहरुको (अवसर) लागत पूरा गर्न राजस्व श्रृजना गर्दछन, यसरी यो सरकार, दात्री निकाय वा परोपकारी संस्थाहरूको जारी सहयोग बिना नै स्थिर वा बढ्दो दरले निरन्तर सञ्चालन भई रहन्छ । यसलाई एउटा वित्तीय सेवा संस्थामा लागू गर्दा, पूर्ण वित्तीय दिगोपनाको लागि संस्थाले ऋणका लागि संकलन गरेको ब्याज र शुल्कहरु संस्थाको आफ्नो सञ्चालन र अवसर-लागत आधारमा पछिल्लोलाई गरिएको मूल्याङ्कनसंगै वित्तीय लागतको रकम बराबर वा सो भन्दा बढी हुनु आवश्यक हुन्छ ।

**सामूहिक सम्पत्ति (Group assests)**: एउटा व्यापारमा संगसँगै संलग्न व्यक्तिहरूको समूहद्वारा औपचारिक वा अनौपचारिक रूपमा स्वामित्वमा रहेको सम्पत्ति । सामान्य समूह-व्यवस्थित सम्पत्तिका उदाहरणहरू ड्रिप/फोहोरा मेसिन, सिँचाइ प्रणाली, प्याकेजिङ्ग उपकरण, गोदाम, र जेनेरेटरहरु हुन् । सामूहिक सम्पत्ति हस्तान्तरण व्यक्तिगत सम्पत्ति हस्तान्तरण भन्दा माप (मूल्य र आकार) मा ठूलो हुन्छ र एकै स्थानमा बढी केन्द्रित हुन्छ; तसर्थ, हस्तान्तरण गर्नु भन्दा पहिले स्थानीय बजार प्रभाव र असरको मूल्यांकन गर्नमा थप ध्यान दिनु पर्दछ ।

**तेर्सो सम्बन्धहरु (Horizontal linkages):** बजार प्रणालीमा (उदाहरणका लागि, बहूविध थोक बिक्रेताहरूको बीचमा) एउटै कार्यको कार्यसम्पादन गर्ने बजार र गैर-बजार अन्तरक्रियाहरु र व्यवसायी वा व्यक्तिहरु बिचको

सम्बन्धहरु । तेर्सो सम्बन्धहरू लामो अवधिका हुन्छन्, साझा लक्ष्यहरुलाई संयुक्त रूपमा पूरा गर्नका लागि श्रोतको संयोजन गर्न र अन्तरनिर्भरता, विस्वास समावेश भएका व्यवसायीहरु बिच सहकारी व्यवस्था । औपचारिक र अनौपचारिक दुवै तेर्सो सम्बन्धहरुले लेनदेनको लागत कम गर्न, मापनको अर्थ व्यवस्था सिर्जना गर्नमा मद्दत गर्न सक्छ, र एउटा क्षेत्रको बढ्दो दक्षता र प्रतिस्पर्धात्मकतामा योगदान गर्दछ । यस्ता सम्बन्धहरूले स्तरोन्नति र नवीनताको लागि सम्भाव्यता बढाउदै सामूहिक सिकाइ र जोखिम साझेदारीलाई सहजीकरण पनि गर्दछ ।

**अप्रत्यक्ष कार्यक्रमहरु (Indirect interventions)**: व्यापारी, थोक विक्रेता, पदाधिकारी वा नीति निर्माताहरूसँग संलग्न हुने कार्यक्रमहरु,- कुनै पनि समुदाय जो कार्यक्रमको अन्तिम लक्षित लाभार्थी होइन- र जसले अन्तिम लक्षित मानिसहरुसम्म लाभ पुऱ्याउँछ । अप्रत्यक्ष कार्यक्रमको एउटा उदाहरण भनेको संकट प्रभावित व्यक्तिहरूका लागि रोजगारी सृजना गर्न (MERS) र व्यापार बढाउनका लागि प्रमुख आधारभूत संरचना सम्बन्धहरूको पुनर्स्थापना हो ।

**प्रभाव (Impact)**: उद्यम वृद्धि वा घरपरिवारको आय जस्ता उच्च स्तरीय कार्यक्रम उद्देश्यमा अपेक्षित परिवर्तन । यसलाई परियोजनाको संगठित उत्पादकहरुको संख्या वा प्रदान गरिएको तालिमको संख्या जस्ता मध्यम प्रतिफलबाट छुट्ट्याइनु पर्छ ।

**प्रभाव लेखाजोखा (Impact assessment)**: भनेको परियोजनाको प्रभावको लेखाजोखा गर्नु र वास्तविक परिणामलाई प्रतितथ्यसँग तुलना गरेर यसको आधिकारिकताको प्रमाण दिनु हो - परियोजना कार्यान्वयन नभएको भए के हुने थियो होला भन्ने कुराको अनुमान । परियोजनाको प्रभावलाई लेखाजोखा गर्ने सबैभन्दा राम्रो तरिका भनेको तेर्सो (longitudinal) नमूना सर्वेक्षण मार्फत हो जसले परियोजना सहभागीहरूको नमूना सहभागी नभएको तर अन्यथा समान नियन्त्रित समूहसँग तुलना गर्न प्रयोगात्मक वा अर्ध-प्रयोगात्मक विधिको प्रयोग गर्दछ । प्रभावलाई कहिलेकाहीं सहभागी र/वा विशेषज्ञहरुको राय पक्षप्रचार (canvassing) द्वारा मापन गरिन्छ । त्यस्तो गुणात्मक सोधपुछले तेर्सो सर्वेक्षणलाई प्रभावकारी ढंगले पूरकता दिन सक्छ, यति हुँदाहुँदै पनि यो तेर्सो अवधारणाको सन्तोषजनक विकल्प भने होइन ।

**कार्यन्वयनका संस्था (Implementing organization)**: आर्थिक पुनर्लाभको सन्दर्भमा, कुनै पनि सरकारी वा गैरसरकारी संस्था जसले सिधै लघु उद्यमलाई सहयोग उपलब्ध गराउँदछ, वा लघु उद्यमको कार्यसम्पादनको लागि वातावरण सुधार गर्न अपेक्षित अन्य क्रियाकलापहरू गर्दछ ।

**अन्तर-व्यवसाय सहकार्य (Interfirm cooperation)**: विनिमय र/वा साझेदारी वा उत्पादनहरुको सह-विकास, प्रविधि, वा सेवाहरू; र लघु, साना, मझौला र ठूला उद्यमहरु बीचको विभिन्न व्यवस्थालाई समेट्दै, लाइसेन्स र उप-ठेक्काका सम्बन्धहरु, प्रविधि, बजार व्यवस्थापन, र रणनीतिक साझेदारीको अन्य रूपहरु समेत संलग्न भएका

दुई वा धेरै व्यवसायहरू बीच भएको रणनीतिक सम्झौताको रूपमा परिभाषित गरिन्छ । यस सहयोगको प्रमुख कारण भनेको प्रतिस्पर्धात्मक स्थिति बढाउनु वा बजार शक्ति, लेनदेन लागत घटाउनु, र संगठनात्मक ज्ञान र सिकाईमा पहूँच उपलव्ध गराउनु हो । अन्तर-व्यवसाय सहकार्य प्रविधि, उत्पादन र प्रक्रिया गुणस्तर सुधार, बजार व्यवस्थापन, र व्यवस्थापकीय ज्ञान, विशेष गरी लघु, साना, र मझौला उद्यमहरू जस्ता क्षेत्रमा क्षमता अभिवृद्धिका लागि प्रभावकारी संयन्त्र हुन सक्छ । (*व्यापारिक सम्बन्ध, सहकारी, र उत्पादक समूहहरू* पनि हेर्नुहोस ।)

**आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु (Internally displaced persons):** आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू भनेको जबर्जस्ती वा बाध्य भएर आफ्नो घर वा बस्ने ठाउँ छोड्ने व्यक्ति वा समूह हुन्, विशेष गरी सशस्त्र द्वन्दको प्रभावबाट बच्नको लागि वा परिणाम स्वरूप, सामान्यीकृत हिंसाको अवस्था, मानव अधिकारको उल्लङ्घन, वा प्राकृतिक वा मानव निर्मित विपदहरू, र जसले अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त राज्यको सीमाना पार गरेका छैनन् ।

**अनौपचारिक क्षेत्र/अनौपचारिक अर्थतन्त्र (Informal sector÷informal economy)**: अनौपचारिक क्षेत्र वा अर्थतन्त्र, जसलाई 'दोस्रो अर्थतन्त्र' पनि भनिन्छ, भन्नाले सरकारले नियमन नगरेको वा कर नलाग्ने कामलाई जनाउँछ । यसमा क्रियाकलापहरुको विविध र र रोजगारी र कामको लागि विभिन्न प्रकारका सम्बन्धलाई समेटिएको छ । अनौपचारिक क्षेत्रमा स्वरोजगार (आफ्नो स्वामित्व भएको क्रियाकलाप र पारिवारिक व्यवसायहरु), अनौपचारिक उद्यमहरूमा भएका पारिश्रमिक कामदार, औपचारिक क्षेत्रसंग अनौपचारिक दोस्रो आर्थिक क्रियाकलापहरु गर्ने कर्मचारीहरु, पारिवारिक व्यवसाय भित्र तलब नपाएका कामदारहरु, निश्चित मालिकहरु नभएका अनौपचारिक कामदारहरू, र औपचारिक वा अनौपचारिक उद्यमहरूसँग जोडिएका उप-करारनामा भएका कामदारहरू समावेश हुन सक्छन् । विश्वको अधिकांश ठूलो हिस्सामा सबैभन्दा गरिब लगायतका मजदूरहरु अनौपचारिक क्षेत्रमा छन्[१७] । (*औपचारिक क्षेत्र/ औपचारिक अर्थतन्त्र* पनि हेर्नुहोस।)

**लीन तथ्यांक (Lean data)**: परम्परागत मापन अवधारणा (MERS)को समय र लागत कम गर्दै कार्यसम्पादनमा दृष्टिकोण सुधार गर्न र जानकारी छिटो संकलन गर्न सही उपकरण प्रयोग गर्न कम्पनीको मुख्य व्यापारिक गतिविधिहरुमा अन्तर्निहित मापन तथा तथ्यांक संकलन गर्ने प्रक्रिया ।

**जीविकोपार्जन[१८] (Livelihoods)**: जीविकोपार्जनमा क्षमता, सम्पत्ति (भौतिक सहित र सामाजिक स्रोतहरू), र जीवन धान्नको लागि आवश्यक क्रियाकलापहरु समेटिएको हुन्छ । जीविकोपार्जन दिगो हुन्छ जब यसले विभिन्न तनाव र आघातरूलाई पार गर्न र पुनर्लाभ लिन सक्छ, र प्राकृतिक श्रोतको आधारलाई कमजोर नबनाई सम्पत्ति र क्षमताको संरक्षण वा वृद्धि गर्दछ । यूएनएचसीआरको परिभाषा अनुसार: "*जीविकोपार्जन यस्ता क्रियाकलापहरु हुन् जसले मानिसहरूलाई खाना, पानी, आश्रय र लुगाफाटाहरु जस्ता जीवनका आधारभूत आवश्यकताहरू सुरक्षित गर्न दिन्छ ।*

*जीविकोपार्जन क्रियाकलापहरूमा संलग्न हुनुको अर्थ ज्ञान, सीप सामाजिक सञ्जाल, कच्चा पदार्थ र गरिमाका साथ दिगो आधारमा व्यक्तिगत वा सामूहिक आवश्यकताहरु पुरा गर्न अन्य स्रोतहरू प्राप्त गर्नु हो''*[१९] ।

**बजार**[२०] (**Market**): 'बजार स्थल' पनि भनिन्छ, बजार कुनै पनि औपचारिक वा अनौपचारिक संरचना (भौतिक स्थान नहुन पनि सक्छ) जसमा क्रेता र बिक्रेताहरू नगद वा अन्य सामानको लागि वस्तुहरु, श्रम, वा सेवाहरूको विनिमय गर्छन् । 'बजार' शब्दको अर्थ केवल वस्तु वा सेवाहरुको विनिमय गरिने स्थान हुन सक्छ । बजारहरु कहिलेकाँही भौगोलिक स्थान भन्दा आपूर्ति र मागको दवावद्वारा परिभाषित हुन्छ, उदाहरणका लागि 'आयातित अनाजले बजारको ४० प्रतिशत हिस्सा ओगटेको छ।'

**बजार विश्लेषण**[२१] (**Market analysis**): एउटा बजार प्रणालीले कसरी मूल्य, उपलब्धता र पहूँचले कार्यसम्पादन गर्छ भन्ने मुख्य विशेषताहरुको लेखाजोखा र बुझ्ने प्रक्रिया र कसरी कार्यक्रम गर्ने भन्ने सम्बन्धमा निर्णयहरू बारे गरिने पूर्वानुमान । यो प्रक्रियालाई व्याख्या गर्न 'बजार मूल्याङ्कन' शब्दावलीलाई पनि प्रयोग गर्न सकिन्छ । -*मूल्य श्रृङ्खला विश्लेषण* पनि हेर्नुहोस्।)

**बजार लेखाजोखा**[२१] (**Market assessment**): यो एउटा निदानका लागि प्रयोग गरिने औजार हो जसले वर्तमानको, हालैको, र संकट पूर्व बजारको अवस्था र प्रवृत्ति; वस्तु तथा सेवाको आपूर्ति र माग; आपूर्ति र मूल्य श्रृंखलाको विशेषता र अवरोधहरु; बजारहरूमा संकटको असर; विभिन्न आय आर्जन गर्ने अवसरहरुको सम्भावना, पेशा र व्यवसायको विकास; र संकट प्रभावित मानिसहरुका लागि पहूँच र अवरोधको सीमालाई पहिचान गर्दछ ।

**बजारमा आधारित कार्यक्रम** (**Market–based programming**): 'बजारमा आधारित कार्यक्रमले स्थानीय बजारमार्फत काम गर्ने वा सहयोग गर्ने परियोजनाहरू बारे जानकारी दिन्छ । यसले राहत कार्यक्रमको कार्य देखि स्थानीय बजार प्रणाली वा बजार केन्द्रलाई सक्रिय रूपमा सुदृढ पार्ने र उत्प्रेरक बनाउनेसम्मको बजार प्रणालीसँग हुने सबै प्रकारका संलग्नतालाई समेट्छ ।

**बजार शृंखला** (**Market chain**): *उप-क्षेत्र, मूल्य शृंखला, र बजार प्रणाली* पनि हेर्नुहोस ।

**बजार विकास** (**Market development**): एसईईपी (SEEP) संजालको परिभाषा अनुसार बजार विकास, उद्यम-क्षेत्र विकासको उपक्षेत्र हो, जसमा विकास कार्यक्रमहरूले लघू र साना उद्यमहरूमा सहभागी हुन, र, विद्यमान र सम्भावित बजारबाट बढी लाभ लिनमा मद्दत गर्न खोज्दछन् जसमा तिनीहरूले व्यापार गर्छन् (लागत र सहयोग बजार साथै अन्तिम बजारहरु सहित) । लघू र साना उद्यमहरू अलग्गै सञ्चालन हुँदैनन् बरु ठूलो बजारको एउटा भाग हो भन्ने पहिचान गर्दै, बजार शक्ति र प्रवृत्तिलाई ध्यानमा राखी कार्यक्रमहरू कार्यान्वयन गर्नमा बजार विकास संलग्न हुन्छ । यसको लागि कार्यक्रमले एक्लो साना उद्यम वा घरधुरीहरुको स्तरमा मात्र नभई संलग्न हुने र

बजारलाई प्रभाव पार्ने ठूला उद्यम, संघ संस्था वा सरकारी संस्थासँग पनि काम गर्न आवश्यक हुन्छ। बजार विकास कार्यक्रमहरूको अन्तिम लक्ष्य भनेको दिगो आर्थिक वृद्धिलाई प्रोत्साहित गर्नु हो मुख्य रुपले साना उद्यमका मालिकहरू र तिनीहरूका कर्मचारीहरूले वृद्धिमा भाग लिने र उच्च प्रतिफलको प्राप्ति सुनिश्चित गर्ने जसले गरिबीलाई कम गर्छ।

**बजार एकीकरण (Market integration)**: बजार प्रणाली एकीकृत हुन्छ जब स्थानीय, क्षेत्रीय र राष्ट्रिय बजारका क्रियाशील निकायहरु बीच सम्बन्धहरूले राम्रो काम गरिरहेका हुन्छन। एउटा एकीकृत बजार प्रणालीमा, एउटा क्षेत्रमा भएको आपूर्ति र मांगको कुनै पनि असन्तुलनलाई अन्य नजिकको र क्षेत्रीय बजारबाट वस्तुहरुको तुलनात्मक रूपमा सजिलो ढुवानीद्वारा भरपाई गरिन्छ।

**बजार सम्बन्धहरु (Market linkages)**: *व्यवसाय सम्बन्धहरु, मूल्य शृंखला विश्लेषण र उप-क्षेत्र* पनि हेर्नुहोस।

**बजार दरहरु (Market rates)**: बजारमा प्रचलित व्याजदर वा शुल्क जसलाई सेवाको आपूर्ति र माग र सेवा उपलब्ध गर्न लाग्ने लागतको आधारमा प्रस्ताव गरिन्छ।

**बजार प्रणाली (Market system)**: मानिसहरूको जटिल जालो, व्यापारिक संरचना, र नियमहरू जसले कुनै खास किसिमको वस्तु वा सेवा कसरी उत्पादन गरिन्छ, कसरी प्राप्त हुन्छ र कसरी साटासाट गरिन्छ भन्ने कुरालाई निर्धारण गर्छ। यसलाई नियम र मापदण्डको प्रसङ्ग भित्र अन्तरक्रिया गर्दै तिनीहरूको व्यापारिक वातावरणलाई आकार दिने पूर्वाधार तथा सेवाहरुको विभिन्न प्रकारहरुबाट सहयोग प्राप्त बजारका क्रियाशील निकायहरुको संजालको रूपमा सोच्न सकिन्छ। (*मूल्य श्रृङ्खला र उप-क्षेत्र* पनि हेर्नुहोस्।)

**मध्यम उद्यम (Medium enterprise)** : हेर्नुहोस, *लघू उद्यम र साना र मध्यम उद्यमहरु.*

**लघू उद्यमहरु (Microenterprise)**: सामान्यतया अनौपचारिक क्षेत्रमा, लघूउद्यमी र कुनै पनि पारिश्रमिक नपाउने परिवारिक कामदार लगायत १० वा सो भन्दा कम कामदार भएको र गरिब व्यक्तिहरूको स्वामित्व र सञ्चालनमा रहेको एक दमै सानो उद्यम। यस्तो क्रियाकलापले परिभाषा (USAID) समेटेसम्म यसमा बाली उत्पादनलाई समावेश गर्न सकिन्छ। यसबाहेक, विश्व बैंकले *कूल सम्पत्ति १,००,००० अमेरिकी डलर सम्म र कूल वार्षिक बिक्री १,००,००० अमेरिकी डलरसम्म भएको उद्यमलाई लघू उद्यमको रूपमा परिभाषित गर्छ, (यी सङ्ख्याहरू धेरै अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूद्वारा प्रयोग गरिने संख्याहरुसंग व्यापक रूपमा मेल खान्छ, यो परिभाषा (वा कुनै अन्य)को छनौट माथि अत्यधिक निर्भर हुन्छ)*[२३]*। युरोपेली आयोगले लघू उद्यमलाई १० जना भन्दा कम मानिसहरुलाई रोजगारी दिने तथा त्यसको वार्षिक कारोबार र/वा कूल वार्षिक वित्तीय स्थिति विवरण २० लाख युरो भन्दा बढी नभएको एउटा उद्यमको रुपमा परिभाषित गर्छ*[२४], *(साना र मध्यम उद्यमहरूलाई* पनि हेर्नुहोस्।)

**लघू उद्यम विकास (Microenterprise development):** लघू र साना उद्यमहरूको गठन र/वा सुधारिएको मुनाफालाई प्रोत्साहन गर्दै गरिब जनताको जीवनमा सुधार ल्याउन दाता, आतिथ्य प्रदान गर्ने मुलुकको सरकार वा गैरसरकारी संस्थाले गर्ने कुनै पनि क्रियाकलाप ।

**लघू उद्यमी (Microenterpreneur):** एउटा लघूउद्यमको मालिक र सञ्चालक, कहिलेकाहीं एउटा व्यक्ति जो आर्थिक, सामाजिक, वा शैक्षिक रूपमा विपन्न छ, र जसलाई औपचारिक वाणिज्य बैंकिङ प्रणाली र परम्परागत व्यवसाय विकास सेवाहरूमा सामान्यतया पहूँच हु"दैन ।

**लघूवित्त (Microfinance):** न्यून आय भएको मान्छेको आवश्यकताहरु अनुसार वित्तीय सेवाको प्रावधान, जस्तै लघू उद्यमीहरु, विशेष गरी सानो ऋणको प्रावधान, साना बचत निक्षेपको स्वीकृति र मूलधारको वित्तीय सेवाहरूमा पहूँच हुन नसक्ने अन्य मानिस तथा लघूउद्यमीहरू द्वारा आवश्यक भुक्तानी सेवाको व्यवस्था ।

**लघूवित्त संस्था/संगठन (Microfinance institution/organization (MFI or MFO):** एउटा सङ्गठन जसको क्रियाकलापहरूले लधू उद्यमीहरुलाई वित्तीय सेवाहरूको प्रावधानको पूर्ण वा महत्वपूर्ण भागलाई समावेश गर्दछ ।

**ढाँचा**[२५] **(Modality)** : सम्पत्ति हस्तान्तरणका प्रकारहरु ( नगद, भाउचरहरु, जिन्सी वस्तुहरु वा दुवै)

**संचालन लागतहरु (Operational costs)** : वित्तीय सेवाको सन्दर्भमा, कार्यक्रमको लागतको अंश जसले कर्मचारी र अन्य प्रशासनिक खर्च, मुद्दती सम्पत्तिको मूल्यह्रास, र ऋण नोक्सानीलाई व्यहोर्छ ।

**संचालनको दिगोपना/आत्म-निर्भरता (Operational sustainability/self–suffiency)** : एउटा अवस्था जहाँ संगठनले यसका सबै संचालन लागतहरू व्यहोर्न ग्राहकहरूबाट पर्याप्त राजस्व श्रृजना गर्दछ ।

**अवसर लागत (Oppertunity costs)** : तिनीहरूको सर्वोत्तम वैकल्पिक प्रयोगमा निश्चित स्रोतहरुको मूल्य । आर्थिक पुनर्लाभ कार्यक्रम लाभग्राहीको सन्दर्भमा, यसले तिनीहरूले प्रश्नमा परेको सम्पत्तिसँग गर्न सक्ने अन्य उत्पादनको मूल्यलाई जनाउँछ (उदाहरणका लागि तिनीहरूले आफ्नो समयमा गर्न सक्ने अन्य क्रियाकलापहरू वा तिनीहरुले आफ्नो खेतमा अर्को बाली उब्जाउन सक्थे)।

**चरणबद्ध अवधारणा (Phased approach)** : सिद्धान्तमा आधारित एउटा कार्यक्रम अवधारणा जसमा कुनै पनि परियोजनालाई विभिन्न चरणहरुमा टुक्र्याउन सकिन्छ । प्रत्येक चरणको स्पष्ट शुरुआत गर्ने बिन्दू, केहि राम्रोसंग परिभाषित कार्यहरू, र परिभाषित अन्त्य बिन्दू हुन्छन ।

**निजी क्षेत्र**[२६] (**Private sector**) : यसले प्रायः मुनाफाको लागि उद्यमको माध्यमको रूपमा निजी, व्यक्तिगत वा समूहद्वारा सञ्चालित संस्थाहरुलाई समावेश गर्दछ । तुलनात्मक रुपमा, राज्यको अंश भएका उद्यमहरू सार्वजनिक क्षेत्रको अंश हुन्, र निजी, गैर-नाफामूलक संस्थाहरूलाई स्वेच्छिक क्षेत्रको अंशको रूपमा लिइन्छ (सरकारहरु, राज्य संचालित उद्यमहरु, र गैर-नाफामूलक संस्थाहरु विभिन्न बजार प्रणालीहरुमा संलग्न हुन्छन तैपनि उदाहरणको लागि, रोजगारदाताहरु, वस्तु र सेवाका क्रेताहरु, र कहिलेकाही वस्तु र सेवाहरुको प्रदायकको रुपमा) ।

**उत्पादक समूहहरु** (**Producer groups**) : समान उत्पादहरु उत्पादन गर्ने कार्यमा संलग्न व्यक्तिहरु जो बजार व्यवस्थापन क्षमताहरु वा उत्पादन र स्तरको अर्थतन्त्रहरुलाई प्राप्त गर्न संगठित भएका हुन्छन । उत्पादक समूह, लघू तथा साना उद्यममा संगठित भएर (सहयोग गर्दै) यिनीहरु प्रायः यी कार्यहरु गर्न सक्षम हुन्छनः १) थोक खरीद मार्फत कच्चा पदार्थको लागत घटाउने र तिनीहरूको पहूँच सुधार गर्ने; २) उत्पादनको सीप र स्रोतको साझेदारी गरेर तिनीहरूको दक्षता बढाउने; ३) साझा उत्पादन मापदण्डहरु र बजार-संचालित उत्पादनको विशिष्ट विवरणहरु मार्फत आफ्ना उत्पादनको गुणस्तर र बजारियता वा विक्रिलाई अभिवृद्धि गर्ने; ४) उपलब्ध वित्त व्यवस्थामा पहूँच बढाउने; ५) सम्मिलित वा सेवाका लागि शुल्क प्रणालीहरू मार्फत महत्वपूर्ण व्यापार सेवाहरू प्राप्त गर्ने; र ६) धेरै खरिदकर्ताले माग गर्ने उत्पादनको गुणस्तर, परिमाण र प्रकारहरु राख्दै आफ्नो बजार स्थितिमा सुधार गर्ने । *(सहकारी तथा अन्तरव्यवसाय सहकार्य* पनि हेर्नुहोस् ।)

**उत्पादनशील सम्पत्तिहरू** (**Productive assests**) : आय र मुनाफा कमाउन प्रयोग गरिने श्रोतहरुलाई उत्पादनशील सम्पत्तिको रूपमा परिभाषित गरिन्छ । मानिसहरूले दुई तरिकामा सम्पत्तिको प्रयोग गर्न सक्छन तिनीहरूले ति सम्पत्तिहरूलाई आफ्नो बनाउन वा प्रत्यक्ष नियन्त्रण सक्छन्, वा तिनीहरूले आफ्नो नभएका स्रोतमा पहूँच प्राप्त गर्न सक्छन् ।

**द्रूत लेखाजोखा**[२७] (**Rapid assessment**) : द्रूत लेखाजोखा मुख्य जानकारी दिने व्यक्ति र समूह अन्तरवार्ताहरू र कहिलेकाहीं सीमित संख्यामा घरधुरीलाई प्रश्नावली मार्फत प्राथमिक (नयाँ) तथ्यांक सङ्कलन गर्न स्थलहरूको केहि संख्यामा भ्रमण मार्फत गरिन्छ । यसको उद्देश्य आवश्यक परेको प्रतिकार्यको, यदि छ भने, समय, स्तर, प्रकारमा निर्णय गर्नको लागि पर्याप्त रुपमा स्थितिको बुझाईलाई प्राप्त गर्नु हो । यदि क्षेत्र सानो र/वा जनसंख्या समान छ भने द्रूत लेखाजोखाले प्रतिवेदन साधारणतया एक हप्ताभित्र सम्म तयार गर्छ, तर प्रभावित क्षेत्र वा जनसंख्या ठूलो वा बहूजातीय छ भने सो समय ६ हप्तासम्म लाग्न सक्छ ।

**विप्रेषण**[२८] (**Remittance**) : अन्य ठाँउमा बस्ने अन्य पक्षबाट व्यक्ति वा घरपरिवारहरुले पाउने आय वा वस्तु' भनी परिभाषित; विप्रेषणमा सामान्यतःया प्रवासीले विदेशमा कमाएको पैसा समावेश हुन्छ जसलाई उनीहरुले

औपचारिक स्थानान्तरण (अर्थात बैंक तथा स्थानान्तरण संचालक) वा अनौपचारिक हस्ताान्तरण (अर्थात सामाजिक वा अनौपचारिक माध्यमहरू)मार्फत घरमा भएका आफ्ना परिवारलाई पठाउँछन् ।

**उत्थानशीलता**[२९] (**Resilience**) : यो दीर्घकालीन जोखिम कम र समावेशी वृद्धिलाई सहजीकरण गर्न तथा आधात र तनावबाट पुनर्लाभ लिन र न्यून, अनुकूलन गर्न मानिस, घरपरिवार, समुदाय, देश, र प्रणालीको क्षमता हो ।

**संवेनदशील पारिस्थितिक प्रणाली सूची**[३०](**sensitive ecosystems inventories (SEIs**)) : पारिस्थितिक प्रणालीहरूको निरन्तर समग्रतालाई सुनिश्चित गर्ने भू-उपयोग सम्बन्धी निर्णयहरूलाई प्रोत्साहन दिने उद्देश्यका साथ संवेनदशील पारिस्थितिक प्रणाली सूची (SEIs)ले व्यवस्थित रूपमा कुनै निश्चित क्षेत्रमा जोखिममा रहेको पर्यावरणीय रूपमा संवेनदशील स्थलीय पारिस्थितिक प्रणालीहरूको पहिचान र नक्शांकन गर्दछ ।

**साना र मझौला उद्यमहरु (Small and medium enterpsises (SMEs**) : विश्व बैंकका अनुसार, सानो उद्यम भन्नाले ५० जनासम्म कर्मचारी भएको, ३० लाख अमेरिकी डलरसम्मको कूल सम्पत्ति, र जम्मा ३० लाख अमेरिकी डलरसम्मको बिक्री हुने, जबकी ३ सय जनासम्म कर्मचारी भएको, १.५ करोड अमेरिकी डलरसम्मको कूल सम्पत्ति, र कूल वार्षिक बिक्री १.५ करोड अमेरिकी डलरसम्म हुने मझौला उद्यमहरु हुन[३१]। युरोपेली आयोगका अनुसार ५० भन्दा कम मानिसहरूलाई रोजगार दिने र वार्षिक कारोबार र/वा कूल वार्षिक वित्तीय स्थिति १ करोड यूरो भन्दा बढी नभएकाहरु सानो उद्यम, जबकि २५० जना भन्दा कमलाई रोजगारी दिने, वार्षिक कारोबार ५ करोड यूरो भन्दा बढी नभएको, र/वा कूल वार्षिक वित्तीय स्थिति ४.३ करोड युरो भन्दा बढी छैन भने मझौला उद्यम हुन्छ३२। कहिले काँही MSME को रुपमा पनि संक्षिप्तिकरण गरिन्छ - लघू, साना, र मझौला उद्यमहरु (*उद्यम र लघूउद्यमहरु* पनि हेर्नुहोस) ।

**आधात (Shock**) : सामान्यतया अचानक हुने, अनियमित घटनाहरू जसले घरधुरीहरुको वा उद्यमको नियमित माध्यमबाट आय आर्जन गर्ने क्षमतालाई उल्लेखनीय रुपमा प्रभाव पर्छ । अर्थतन्त्र अथवा बजारको स्तरमा, आघात भनेको स्थापित व्यापारिक ढाँचा तथा प्रवृत्तिहरूमा बाधा पुऱ्याउने घटना हो । आधातको असरहरु घरधुरी, उद्यम र बजारहरूमा फरक-फरक ढङ्गले पर्छ ।

**सामाजिक उद्यमशीलता**[३३] (**Social enterpreneneurship**) : सामाजिक उद्यमीहरूले शिक्षा, स्वास्थ्य, वातावरण र उद्यम विकास लगायत विभिन्न क्षेत्रहरुमा सामाजिक नवप्रवर्तन र रुपान्तरणलाई प्रेरित गर्छन् । तिनीहरू परम्परागत प्रचलनहरू माथी विजय प्राप्त र नवप्रवर्तन गर्नको लागि गरिबी निवारणको लक्ष्यका साथ उद्यमशील जोश, व्यापार विधि, र साहसलाई पछ्याउँछन । एउटा सामाजिक उद्यमीले, व्यापारिक उद्यमी झैं, बलियो र दिगो सङ्गठनहरूको निर्माण गर्दछ, जसलाई गैर नाफामूलक वा कम्पनीको रूपमा स्थापना गरिन्छ ।

**उप-क्षेत्र**[३४] (**Sub–sector**) : उप-क्षेत्र भन्नाले अन्तिम उपभोक्ताहरुलाई उत्पादन वा सेवाहरूको एउटा विशेष संग्रहलाई आपूर्ति गर्नका लागि एक अर्काबाट खरिद र बिक्री गर्ने सबै व्यवसायीहरु हुन् । (*मूल्य श्रृंखला* पनि हेर्नुहोस्।)

**अनुदान** (**Subsidy**) : आर्थिक पुनर्लाभको सन्दर्भमा, एउटा वस्तु वा सेवाको लागतको सम्पूर्ण वा सानो हिस्सा जब प्रयोगकर्ता बाहेक अन्य व्यक्तिले तिरेको हुन्छ (जस्तैः गैर सरकारी संस्था वा सरकार) जसबाट अन्तिम प्रयोगकर्ताले पूरा मूल्य भुक्तानी गर्नु पर्दैन (MERS) ।

**अनुदान प्राप्त कर्जा** (**Subsidized credit**) : ती ऋणहरू उपलब्ध गराउनको लागि लामो समय सम्म लाग्ने पूरा खर्च बेहोर्न असफल ब्याजदर र शुल्कका आधारमा ऋणको प्रावधान ।

**दिगोपना** (**sustainability**) : परियोजना प्रभावको दिगोपनाको लागि पुनरावृत्ति भै रहने अवरोधहरूलाई समाधान गर्न स्थानीय क्षमता विकासको आवश्यकता पर्दछ । दोहोरिरहने मूल्य शृंखला अवरोधहरू नीति तथा/वा नियामक सुधार र सहायता गर्ने (व्यापार र वित्तीय) सेवाहरू र सुधारिएको लागतको व्यावसायिक समाधानहरुको प्रयासमा सम्बोधन गरिनु पर्दछ । यसबाहेक, कार्यक्रमहरु अस्थायी हुनुपर्छ र परियोजना क्रियाकलापहरूको समाप्ति पश्चातको दिगोपना सुनिश्चित गर्नु अगाडी (परियोजनाको अन्तमा होइन) नै स्पष्ट बहिर्गमन रणनीतिको विकास गरिनु पर्ने आवश्यक हुन्छ ।

**स्तरोन्नति** (**Upgrading**) : मानसिकतामा परिवर्तन, सीपमा सुधार, अन्तिम ग्राहकहरूको ज्ञानमा आधारित नयाँ ढाँचा वा उत्पादनहरूको विकास, नयाँ प्रविधिहरूको रोजगार, मूल्य श्रृङ्खला भित्र नयाँ कार्यहरूको अङ्गिकरण र अझ बढी प्रतिस्पर्धा हुने अन्य कार्यहरूलाई जनाउँदछ । स्तरोन्नतिले उत्पादन विकास, प्रविधि स्थानान्तरण, जनशक्तिको तालिम, आपूर्तिकर्ताहरुलाई प्रभावकारी पश्च सम्बन्धहरु (backward linkages), र नयाँ बजारहरुमा पहिचान गर्न र प्रतिस्पर्धा गर्न व्यवसायीहरुलाई सक्षम बनाउन सूचना प्रविधिको प्रयोगमा सँलग्न हुनसक्छ । आपूर्तिकर्ताहरुसंग प्रभावकारी पश्च सम्बन्ध स्थापना गर्न लघू तथा साना उद्यमहरुको आयोजना  प्रायः पहिलो चरण हुन्छ ।

**मूल्य अभिवृद्धि** (**Value added**) : *स्तरोन्नतिलाई* पनि हेर्नुहोस ।

**मूल्य श्रृंखला** (**Value chain**) : क्रियाकलापको पूरा दायरालाई व्याख्या गर्दछ जुन एउटा वस्तु अथवा सेवालाई यसको अवधारणा काल देखि यसको अन्तिम प्रयोगसम्म ल्याउनका लागि आवश्यक हुन्छ, र त्यस बाहेक यसमा प्रारूप, उत्पादन, बजार व्यवस्थापन, वितरण र अन्तिम उपभोक्तालाई सहयोग संलग्न छ । क्रियाकलापहरु जसले एउटा मूल्य श्रृङ्खलालाई सम्मिलित गर्छ त्यसलाई एकल उद्यम वा विभिन्न उद्यमहरूको बिचमा विभाजित भित्र समावेश गर्न सकिन्छ । मूल्य श्रृङ्खला क्रियाकलापहरूलाई एकल भौगोलिक अवस्थिति वा व्यापक फैलिएको क्षेत्र भित्र समाविष्ट गर्न सकिन्छ । विश्वव्यापी मूल्य श्रृङ्खलाहरू विभिन्न व्यवसायहरूमा विभाजित छन् र भौगोलिक स्थानको

फराकिलो भाग भरि फैलिएका छन् । प्रमाणहरूले देखाए अनुसार विश्वव्यापी मूल्य श्रृंखलाहरू धेरै प्रचलित भएर आएको थियो र बीसौं शताब्दीको अन्तसम्म विस्तार हुन्छ । आजको दिनहरुमा आर्थिक विकासको प्रक्रियालाई यी विश्वव्यापी प्रणालीबाट अलग गर्न सकिँदैन । यसको अर्थ भनेको व्यापक रूपमा सुदूर ठाउँहरुका कम्पनी तथा कामदारहरूले एकअर्कालाई विगतमा गरेका भन्दा बढी असर गर्छन् । यी मध्ये केही प्रभावहरू एकदमै सरल छन्, जस्तै जब एउटा देशबाट व्यवसायले अर्को देशमा नयाँ कारखाना वा इन्जिनियरिङ केन्द्र स्थापना गर्दछ । कुनै-कुनै धेरै जटिल हुन्छन्, जस्तै एउटा देशको व्यवसायले अर्को मुलुकमा रहेको व्यवसायीको स्वामित्वमा रहेको कारखानामा उत्पादन सहजीकरण गर्न तेस्रो मुलुकको कम्पनी, इत्यादिसंग सम्झौता गर्दछन (*उप-क्षेत्र* पनि हेर्नुहोस)।

**मूल्य श्रृंखला विश्लेषण** (**Value chain analysis**) : यो एउटा उत्पादनशील क्षेत्र भित्रको अन्तर सम्बन्धहरुको गतिशीलतामा केन्द्रित हुन्छ, विशेष गरी जुन हिसाबले कम्पनी र देशहरु विश्वव्यापी रूपमा एकीकृत छन् । जबकि यसले मूल्य श्रृङ्खलामा क्रियाशील निकाय र श्रृङ्खलासँगै अवरोधहरूको विश्लेषण (परम्परागत क्षेत्रगत विश्लेषणले गरे जस्तै) हरूको विवरणलाई समावेश गर्छ, एउटा मूल्य शृंखला विश्लेषणले परम्परागत विश्लेषणको एउटा महत्वपूर्ण कमजोरी माथि विजय हासिल गर्छ, जो स्थिर र राष्ट्रिय सीमासम्म सीमित हुने गर्दछ । मूल्य श्रृङ्खला विश्लेषणले अन्तरसम्बन्धहरुमा ध्यान दिन्छ र, यसो गरेर, यसले आर्थिक, सांगठनिक र विभिन्न क्षेत्र भित्रका, विश्वव्यापी स्तरमा समेत, उत्पादकहरु बिच जबर्जस्ती गरिने क्रियाकलापहरुको गतिशील प्रवाहलाई उजागर गर्दछ । (*बजार विश्लेषण* पनि हेर्नुहोस्।)

**ठाडो सम्बन्धहरु (Vertical linkages)** : एउटा मूल्य श्रृङ्खला वा बजार प्रणालीको विभिन्न स्तरमा क्रियाशील निकायहरू बिच सम्बन्धहरू, उदाहरणका लागि, क्रेता र विक्रेता । खरिद र बिक्री क्रियाकलापहरूका अतिरिक्त, ठाडो सम्बन्धहरुले ज्ञान, सूचना, प्राविधिक, वित्तीय, र व्यावसायिक सेवाहरू आदान प्रदान गर्ने व्यवस्था गर्दछ ।

**संकटासन्न समूहहरु (Vulnerable groups)** : संकटासन्न जनसंख्यालाई ती मानिसहरूको समूहको रूपमा परिभाषित गरिएको छ जो सामान्यतया तिनीहरु आर्थिक, वातावरणीय, सामाजिक वा सांस्कृतिक विशेषताहरुको आधारमा बहिष्कृत, विपन्न वा सिमान्तकृत भएका छन । धेरै समूहहरू यो विवरणसँग मिल्ने भएता पनि (जस्तै, अपाङ्गता भएका व्यक्तिहरू, एचआईभी भएका मानिसहरू, र शरणार्थी), धेरै गरिब जनसंख्या, विपन्न महिला र जोखिममा परेका युवा सामान्यतःया विकास कार्यक्रमहरूद्वारा लक्षित तीन समूहहरु हुन् । यी समूहहरू समान छैनन् र यी समूहहरू भित्रका सबै व्यक्तिहरू संकटासन्न हुन जरुरी छैन भन्ने कुरालाई ध्यान दिनु जरुरी हुन्छ । खासमा धेरै महिला र युवाहरु छन् जसको सामाजिक सन्दर्भ र व्यक्तिगत परिस्थितिले तिनीहरूलाई संकटासन्न बनाउँदैन ।

## टिपोटहरु


१. नगद संबन्धि सिकाई साझेदारी (CaLP): (no date) 'Glossary of cash transfer programme terminology', <http://www.cashlearning.org/resources/glossary>.

२. नगद सम्बन्धी सिकाई साझेदारी (CaLP): (no date) 'Glossary of cash transfer programme terminology', <http://www.cashlearning.org/resources/glossary>.

३. अन्तर्राष्ट्रिय श्रम संगठन (ILO): (2017) 'Topics', <http://www.ilo.org/global/topics/lang--en/index.htm>.

४. अन्तर्राष्ट्रिय सहकारी गठबन्धन (ICA): http://ica.coop/en/whats-co-op/ co-operative-identity-values-principles.

५. ट्रान्सपरेंसी इन्टरनेसनल : (2016) <http://www.transparency.org/>.

६. अन्तर्राष्ट्रिय श्रम संगठन (ILO): (2017) 'Topics', <http://www.ilo.org/global/topics/lang--en/index.htm>.

७. स्फियर परियोजना : (2011) 'Glossary', Humanitarian Charter and Minimum Standards in Humanitarian Response, <http://www.sphereproject.org/handbook/glossary/?l=D&page=2>.

८. युनेस्को , http://www.unesco.org/education/tlsf/extras/tlsf_glossary.html

९. ब्रिटान्निका विश्वकोष , Encyclopaedia Britannica, https://www.britannica.com/topic/economicgrowth>

१०. ब्रिटान्निका विश्वकोष , <https://www.britannica.com/topic/economicdevelopment>

११. Soubbotina, Tatyana P. (2004) Beyond economic growth: an introduction to Sustainable development. WBI learning resources series. Washington DC: World Bank, <http://documents.worldbank.org/curated/en/454041468780615049/Beyond-economic-growth-an-introduction-to-sustainable-development>.

१२. महिला शरणार्थी आयोग (WRC), (2009) Building Livelihoods: A Field Manual for Practitioners in Humanitarian Settings, New York: WRC.

१३. युरोपेली आयोग, (2003) 'Commission Recommendation of 6 May 2003 Concerning the definition of micro, small and medium-sized enterprises (notified under document number C(2003) 1422)', EUR-Lex, <http://eur-lex.europa.eu/LexUriServ/LexUriServ.do?uri=CELEX:32003H0361:EN:NOT>.

१४. उचित ज्याला संजाल, (no date) ‘Definition of fair wages’, <http://www.fair-wage. com/en/fair-wage-approach-menu/definition-of-fair-wages.html>.

१५. नगद सम्बन्धी सिकाई साझेदारी (CaLP): (no date) ‘Glossary of cash transfer programme terminology’, <http://www.cashlearning.org/resources/glossary>.

१६. Chen, M.A. (2007) ‘Rethinking the informal economy: linkages with the formal economy and the formal regulatory environment’, DESA Working Paper, no. 46, ST/ESA/2007/DWP/46, New York: UN Department of Economic and Social Affairs, <http://un.org/esa/desa/papers/2007/wp46_2007.pdf>.

१७. अनौपचारिक रोजगारीमा महिला , <http://www.wiego.org>, and the ILO (2017)‘Informal economy’, <http://ilo.org/global/topics/employment-promotion/informal-economy/lang--en/index.htm>.

१८. युएनडीपी, जीविकोपार्जन र पुनर्लाभ निर्देशिका, http://www.unisdr.org/files/16771_16771 guidancenoteonrecoveryliveliho.pdf

१९. शरणार्थीहरूका लागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त (UNHCR) (2014) Global Strategy for Livelihoods: A UHNCR Strategy 2014-2018, <http://www.unhcr.org/ 530f107b6.pdf>.

२०. अन्तर्राष्ट्रिय उद्धार समिति (IRC), (2016) Revised Pre-crisis Market Analysis (PCMA),<http://www.emma-toolkit.org/sites/default/files/bundle/ PMCA_FINAL_WEB.pdf>.

२१. Adapted from Albu, M. (2010) Emergency Market Mapping and Analysis Toolkit, Rugby and Oxford: Practical Action Publishing and Oxfam GB.

२२. युएनडीपी,संकटको परिस्थितिहरुमा जीविकोपार्जन आर्थिक पुनर्लाभ, http:// www.undp.org/content/dam/undp/library/crisis%20prevention/201302 15 UNDP%20LER_guide.pdf

२३. विश्व बैक, <http://documents.worldbank.org/curated/en/8191614687668 22276/pdf/multi0page.pdf>.

२४. युरोपेली आयोग , (2003) ‘Commission Recommendation of 6 May 2003 concerning the definition of micro, small and medium-sized enterprises (notified under document number C(2003) 1422)’, EUR-Lex, <http://eur-lex.

europa.eu/LexUriServ/LexUriServ.do?uri=CELEX:32003H0361:EN:NOT>.

२५. नगद सम्बन्धी सिकाई साझेदारी (CaLP): (no date) 'Glossary of cash transfer programme terminology', <http://www.cashlearning.org/resources/glossary>.

२६. विकिपिडीया (२०१६b) "निजी क्षेत्र" <http://en.wikipedia.org/wiki/Private_sector>.

२७. स्फियर परियोजना: (2011) 'Glossary', Humanitarian Charter and Minimum Standards in Humanitarian Response, <http://www.sphereproject.org/handbook/glossary/?l=D&page=2>.

२८. अनौपचारिक रोजगारीमा महिला, (2009) Building Livelihoods: A Field Manual for Practitioners in Humanitarian Settings, New York: WRC.

२९. संयुक्त राज्य अन्तराष्ट्रिय विकास नियोग (USAID), (2015) 'Resilience at USAID', <https://scms.usaid.gov/sites/default/files/documents/1867/06.30.2015%20-%20Resilience%20Fact%20Sheet.pdf>.

३०. वातावरण मन्त्रालय , (2016) 'Sensitive ecosystems inventories', British Columbia Government, <http://www.env.gov.bc.ca/sei/>.

३१. विश्व बैक, 'Small and Medium Enterprise Development', <http://www2.ifc.org/sme/html/sme_definitions.html>.

३२. युरोपेली आयोग, (2003) ‘Commission Recommendation of 6 May 2003 Concerning the definition of micro, small and medium-sized enterprises (notified under document number C(2003) 1422)’, EUR-Lex, <http://eur-lex.europa.eu/LexUriServ/LexUriServ.do?uri=CELEX:32003H0361:EN:NOT>.

३३. सामाजिक उद्यमशीलताको लागि स्वाब फाउन्डेसन , (no date) ‘What is a social entrepreneur?’,<http://www.schwabfound.org/content/what-social-ntrepreneur>.

३४. Lusby, F. and Panlibuton, H. (2004) Promoting Commercially Viable Solutions to Sub-Sector and Enterprise Development Constraints, Arlington, VA: Action for Enterprise.

## मापदण्ड विकास कार्यदल

न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरुको संशोधन र तेस्रो संस्करणको उत्पादन संशोधन प्रक्रियामा कुनै न कुनै तरिकामा संलग्न हुनु भएका सबै व्यक्तिहरूको समर्पण र कडा परिश्रम विना यो सम्भव हुने थिएन होला। हामी १५० भन्दा बढी अभ्यासकर्ता र प्रमुख विशेषज्ञहरूलाई व्यापक परामर्श प्रक्रियामा योगदान पुऱ्याउन र वासिङ्टन डिसी, जेनेभा, डाकार, पनामा सिटी, नयाँ दिल्ली, बेरुत र लन्डनमा सम्पन्न क्षेत्रीय परामर्श कार्यशालामा उपस्थित हुनु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छौं। MERS हाते पुस्तिकाको मस्यौदाबारे बहुमूल्य टिप्पणीहरु उपलब्ध गराउनु हुने विशेषज्ञ पाठकहरू प्रति आभार व्यक्त गर्न चाहन्छौं। अन्तमा, हामी निम्न व्यक्तिहरू प्रति कृतज्ञता व्यक्त गर्न चाहन्छौं र जसले तेस्रो संस्करणको विकास गर्नको लागि आफ्नो समय, ऊर्जा र विशेषज्ञताको योगदान दिनु भएर यस संसोधन प्रक्रियामा निर्णायक भूमिका खेल्नु भएको छ (ध्यान दिनुहोस्, यहाँ सूचीबद्ध केही व्यक्तिहरूले त्यसपछि सङ्गठनहरू छोडेका छन; तथापि, संगठनको प्रतिबद्धतालाई श्रेय दिन वहाँहरुलाई उल्लेख गरिएको छ ):

## प्राविधिक कार्यदल सदस्हरु (Technical wrking group members)

Kyhl Amosson, World Vision International

Nicholas Anderson, Save the Children

Ziad Ayoubi, UNHCR

Dina Brick, Catholic Relief Services

Deena Burjojee, Access Alliance LLC

Karri Byrne, Independent Consultant

Oscar Caccavale, World Food Program

Ruth Campbell, ACDI÷VOCA

Jerry Cole, Red Rose

Mayada El–Zoghni, CGAP

Alfred Hamadziripi, World Vision International

Nicole Hark, Lutheran World Relief

Shoshana Hecker, Hecker Consulting

Alison Hemberger, Mercy Corps

Christopher Herby, American Red Cross

Christine Knudsen, Sphere Project

Emma Jowett, Independent Consultant

David Leege, Catholic Relief Services

Meredith Maynard, Relief International

Scott Merrill, CARE

Lili Mohiddin, Independent Consultant

Jenny Morgan, the SEEP Network

Jan Morrow, SamaritanÚs Purse

Stefanie Plant, International Rescue

Committee

Zaki Raheem, DAI

Regina Saavedra, UNHCR

Tom Shaw, Catholic Relief Services

Barri Shorey, International Rescue

Committee

Eaw Sierzynska, Global Communities

Emily Sloane, International Rescue

Committee

Matthew Soursourian, CGAP

Louise Sperling, Catholic Relief Services

Alexa Swift, Mercy Corps

Alexi Taylor–Grosman, Trickle Up

**MERS निर्देशक समिति (MERS steering committee)**

Ziad Ayoubi, UNHCR

Karri Byrne, Independent Consultant

Alison Hemberger, Mercy Corps

Joseph Mariampillai, Relief International

Scott Merrill, CARE

Tom Shaw, Catholic Relief Services

Julien Schopp, InterAction

Lead FacilitatorM Sarah Ward, Independent Consultant

## SEEP को बारेमा

SEEP एक विश्वव्यापी सिकाइको सञ्जाल हो । हामी, संकटासन्न जनसंख्याहरु, विशेष गरी महिला र ग्रामीण क्षेत्रका गरिब, बजारहरुमा सहभागी भै आफ्नो जीवनको गुणस्तर सुधार गर्नका लागि नयाँ र राम्रो अवसरहरू सिर्जना गर्ने रणनीतिलाई सहयोग गर्दछौं ।

सन् १९८५ मा स्थापना गरिएको एसईईपी (SEEP) लघू कर्जा आन्दोलनमा अग्रणी थियो र यसले आजको वित्तीय समावेशी प्रयासको आधार निर्माण गर्नमा मदत गऱ्यो । बितेका तीन दशकहरुमा, हाम्रा सदस्यहरूले नवप्रवर्तनीय (Innovative) रणनीतिहरूको समावेशीकरण, प्रतिस्पर्धात्मक बजारहरुको विकासलाई प्रवर्द्धन र संसारका गरिबहरूको जीविकोपार्जन क्षमतालाई बढाउन परीक्षण स्थलको रूपमा काम गरिरहेका छन् ।

एसईईपी (SEEP) का ११८ सदस्य संगठनहरु विश्वका १७० भन्दा बढी देशमा सक्रिय छन् । तिनीहरूसँगै मिलेर र अन्य सरोकारवालाहरूसँग ज्ञानलाई परिचालन गर्न र नवप्रवर्तन, सार्थक सहकार्यको लागि अवसरको सिर्जना र सबैभन्दा मुख्य कुरा, प्रभाव मापनलाई प्रोत्साहन गर्न काम गर्छन् ।

## न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरु ( Minimum economic recovery standards)

मानवीय सहायताको क्षेत्रमा ठूलो परिवर्तन भएको छ । यो परिवर्तनमा आघातहरुबाट प्रभावित जनसंख्याहरुलाई पुनर्लाभका लागि सहयोग गर्न बजारले खेल्ने प्रमुख भूमिकाबारे बढी सजग हुनु पर्ने कुरा समावेश छ । संकटको दौरानमा अर्थव्यवस्थाले कार्य गरिरहँदा आपतकालीन प्रयासहरु संगसंगै आश्रय, पानी, भोजन र स्वास्थ्य सेवाका लागि आधारभूत मानव आवश्यकताहरू पूरा गर्न आर्थिक पुनर्लाभ सहायता आवश्यक हुन्छ । विगतमा आर्थिक विकासलाई राहत र विकासबीच खासै समन्वय नभएको पछिल्लो चरणको गतिविधिका रूपमा लिने गरिन्थ्यो । विभिन्न प्रकारका सहायता निकायहरूमा भएको आम सहमतिको आधारमा आज मानवीय क्रियाशील निकायहरूले प्रभावित जनसंख्यालाई जीविका चलाउन र आफ्नै आधारभूत आवश्यकताहरू पूरा गर्नमा मदत गर्न जीविकोपार्जन सहयोगलाई प्रवर्द्धन गरिरहेका छन् ।

९० भन्दा बढी निकायहरू र १७५ भन्दा बढी अभ्यासकर्ताहरूको संयुक्त प्रयासद्वारा विकसित र संशोधित न्यूनतम आर्थिक पुनर्लाभ मापदण्डहरुले मानवीय क्षेत्रका लागि आर्थिक पुनर्लाभमा उद्योगको आम सहमतिको प्रतिनिधित्व गर्दछ । संकट प्रभावित जनसंख्याको आर्थिक पुनर्लाभलाई सहायता गर्न काम गरिरहेका संस्थाहरूको प्रभावकारिता बढाउनलाई मुख्य क्रियाकलापहरु, मुख्य सूचकहरु तथा मार्गदर्शनका लागि टिपोट प्रदान गर्दै उद्योग मापदण्डको रूपमा मर्स (MERS) मान्य र स्वीकार्य भएको छ । यस मापदण्डले द्वन्द वा विपदबाट प्रभावित क्षेत्रहरूमा उद्यम र बजार प्रणाली विकास, सम्पत्ति वितरण, वित्तीय सेवा र रोजगारीलाई प्रवर्द्धन गर्ने रणनीतिलाई विशेष ध्यान दिन्छ ।

आज, मर्स (MERS)लाई मानवीय मापदण्डहरु साझेदारीको एक भागको रूपमा मान्यता दिईएको छ । यसमा स्फियर र यसका सहयोगी मापदण्डहरू समावेश छन् । यसले प्राविधिक मापदण्डहरू माझ पूरकतालाई सहकार्यपूर्वक प्रवर्द्धन गर्दछ र मानवीय प्रतिकार्यका विभिन्न क्षेत्रहरूमा प्रमाणमा-आधारित स्रोतहरु उपलब्ध गर्दछ ।

Humanitarian Standards Partnership

मानवीय मापदण्डहरु साझेदारी, यसलाई मानवीय प्रतिकार्यमा गुणस्तर र जवाफदेहितालाई सुधारको निमित्त प्रयोग गर्नलाई र प्रमाण, विशेषज्ञहरुको राय र उत्कृष्ट अभ्यासलाई उपयोग गर्न मापदण्डहरुको पहल, बीचको एउटा सहकार्य हो ।

PRACTICAL ACTION Publishing

seep Powering connections

ISBN 978-1-85339-957-2